# गोपीकृष्ण शर्माका समालोचनाहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
**विनोद अधिकारी**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षका विद्यार्थी **विनोद अधिकारी**ले **गोपीकृष्ण शर्माका समालोचनाहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उहाँले निकै परिश्रमपूर्वक तयार पार्नु भएको छ । यो शोधपत्र स्नातकोत्तर तहका लागि उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

सह-प्रा. भरतकुमार भट्टराई
(शोधनिर्देशक)
नेपाली केन्द्रीय विभाग
त्रि.वि, कीर्तिपुर, काठमाडौँ

मिति : २०६९/ /

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र **विनोद अधिकारी**ले त्रि.वि. नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नु भएको **गोपीकृष्ण शर्माका समालोचनाहरूको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधमूल्याङ्कन समिति

_________________________
प्रा.डा. देवीप्रसाद गौतम
(विभागीय प्रमुख)

_________________________
सह-प्रा. भरतकुमार भट्टराई
(शोधनिर्देशक)

_________________________
सह-प्रा. हेमनाथ पौडेल
(बाह्य परीक्षक)

मिति : २०६९/ /

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि मैले तयार पारेको हुँ । शोधपत्रको विषय स्वीकृत गरी शोधकार्य गर्ने अवसर दिने त्रि.वि. नेपाली केन्द्रीय विभाग तथा लेखन समयमा आइपरेका विभिन्न समस्याहरू समाधान गर्न आफ्ना विविध कार्यव्यस्ततालाई पन्छाएर समुचित निर्देशन गर्नु हुने श्रद्धेय शोध निर्देशक गुरु सह-प्रा. भरतकुमार भट्टराईज्यूप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोध शीर्षक छनोटमा सहयोग गर्नु हुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख तथा श्रद्धेय गुरु प्रा.डा. देवीप्रसाद गौतमज्यूप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु । शोधकार्यकै सन्दर्भमा यथासम्भव आवश्यक सामग्री र महत्त्वपूर्ण जानकारी उपलब्ध गराउने शोधनायक गोपीकृष्ण शर्माज्यूप्रति म पूर्णतः आभारी छु । आफ्नो अमूल्य श्रम पसिना खर्चिएर मलाई आशिर्वाद प्रदान गरी हौसला बढाइ दिनु हुने आदरणीय बुबा तुलसीप्रसाद अधिकारी तथा आमा पिङ्गलादेवी अधिकारीप्रति म आजीवन ऋणी छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइ दिने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यसरी नै प्रस्तुत शोधकार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने जीवन संगिनी पारु पन्थीप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । शोधकार्यका क्रममा सहयोग पुऱ्याउने मित्रहरू मित्र पौडेल, पुष्पा शर्मा, गोविन्द दुलाल, तारा महर्जनलाई पनि आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्रलाई होसियारपूर्वक शुद्धसँग टङ्कण गरिदिने वृष रावलप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।



शोधार्थी
विनोद अधिकारी
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर


मिति : २०६९/ /

# विषयसूची

*पृष्ठ*

## पहिलो परिच्छेद
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधपत्रको औचित्य | ३ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.७ | शोधविधि | ४ |
| १.८ | शोधपत्रको रूपरेखा | ४ |


## दोस्रो परिच्छेद
## समालोचनाको विधागत प्रकृति


| | | |
|---|---|---|
| २.१ | परिचय | ५ |
| २.२ | समालोचनाको व्युत्पत्ति र अर्थ | ५ |
| २.३ | समालोचनाको परिभाषा | ६ |
| २.४ | समालोचनाका विविध रूप र प्रयोग | ८ |
| २.४.१ | सैद्धान्तिक समालोचना | ९ |
| २.४.२ | व्यावहारिक (प्रायोगिक) समालोचना | १० |
| २.४.३ | विश्साहित्यमा प्रचलित व्यावहारिक समालोचनाका प्रमुख पद्धतिहरू | ११ |


## तेस्रो परिच्छेद
## गोपीकृष्ण शर्माको समालोचना यात्रा


| | | |
|---|---|---|
| ३.१ | परिचय | १६ |
| ३.१.१ | गोपीकृष्ण शर्माको व्यक्तित्वगत चिनारी | १६ |
| ३.१.१.१ | स्रष्टा व्यक्तित्व | १६ |
| ३.१.१.२ | द्रष्टा व्यक्ति | १८ |
| ३.१.१.३ | अन्य व्यक्तित्व | १९ |
| ३.२ | नेपाली समालोचनाको विकासमा गोपीकृष्ण शर्माको आगमन | २० |
| ३.३ | गोपीकृष्ण शर्माको समालोचना यात्रा | २१ |
| ३.३.१ | प्रथम चरण | २२ |
| ३.३.२ | द्वितीय चरण | २४ |
| ३.३.२.१ | प्रथम उपचरण (२०४१-२०५७) | ३२ |
| ३.३.२.२ | द्वितीय उपचरण (२०५८ देखि यता) | ३४ |
| ३.४ | निष्कर्ष | ३५ |

## चौथो परिच्छेद
## गोपीकृष्ण शर्माको समालोचना प्रवृत्ति र योगदानको मूल्याङ्कन


| | | |
|---|---|---|
| ४.१ | प्रथम चरणका समालोचना कृतिहरूको विश्लेषण | ३७ |
| ४.१.१ | सैद्धान्तिक विषयकेन्द्री समालोचना | ३७ |
| ४.१.२ | व्यावहारिक समालोचनाको विश्लेषण | ४२ |
| ४.१.२.१ | कविताकेन्द्री समालोचना | ४३ |
| ४.१.२.२ | नाटक केन्द्री समालोचना | ४४ |
| ४.१.२.३ | उपन्यास केन्द्री समालोचना | ४५ |
| ४.१.२.४ | जीवनीपरक समालोचना | ४९ |
| ४.२ | गोपीकृष्ण शर्माका प्रथम चरणका समालोचनाहरूको प्रवृत्तिगत वैशिष्ट्य | ४९ |
| ४.३ | द्वितीय चरणका समालोचना कृतिहरूको अध्ययन | ५१ |
| ४.३.१ | शर्माका समालोचनात्मक पुस्तकाकार कृतिको अध्ययन | ५१ |
| ४.३.१.१ | अवलोकन र विवेचन (२०४४) को अध्ययन | ५१ |
| ४.३.१.१.१ | कविता केन्द्री समालोचना | ५२ |
| ४.३.१.१.२ | नाटक केन्द्रीय समालोचना | ५४ |
| ४.३.१.१.३ | उपन्यास केन्द्री समालोचना | ५७ |
| ४.३.१.२ | संस्कृत साहित्यको रूपरेखा (२०५३) को अध्ययन | ५९ |
| ४.३.२ | गोपीकृष्ण शर्माका द्वितीय चरणका फुटकर समालोचनाहरूको अध्ययन | ६८ |
| ४.३.२.१ | सैद्धान्तिक समालोचनाहरूको अध्ययन | ६८ |
| ४.३.२.२ | व्यावहारिक समालोचनाहरूको अध्ययन | ७२ |
| ४.३.२.३ | मिश्रित समालोचनाहरूको अध्ययन | ११० |
| ४.३.२.४ | समालोचनाको सिद्धान्त सम्बन्धी समालोचना | ११४ |
| ४.३.२.५ | पत्रिका केन्द्री समालोचना | ११६ |
| ४.३.२.६ | अन्य विषय केन्द्री समालोचनाहरू | ११८ |
| ४.३.२.७ | भूमिका केन्द्री समालोचना | ११९ |
| ४.४ | गोपीकृष्ण शर्माका द्वितीय चरणका समालोचनाहरूको प्रवृत्तिगत वैशिष्ट्य | १२५ |
| ४.५ | गोपीकृष्ण शर्माको समालोचनात्मक योगदानको मूल्याङ्कन | १२८ |


## पाँचौँ परिच्छेद
## उपसंहार तथा निष्कर्ष


| | | |
|---|---|---|
| ५.१ | उपसंहार | १३१ |
| ५.२ | निष्कर्ष | १३२ |
| ५.३ | सम्भावित शोध शीर्षकहरू | १३३ |

**सन्दर्भग्रन्थ सूची**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अनु. | : | अनुवादक |
| आ.सं. | : | आठौँ संस्करण |
| एम्.ए. | : | मास्टर्स अफ आर्टस |
| चौ.सं. | : | चौथो संस्करण |
| छै.सं. | : | छैटौँ संस्करण |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |

## पहिलो परिच्छेद

# शोध परिचय

### १.१ विषय परिचय

गोपीकृष्ण शर्माको जन्म वि.सं. १९९७ साल माघ ८ गते तानसेन नगरपालिका वडा नं. १० गौरागाऊँ पाल्पा जिल्लामा भएको हो । नेपाली भाषा र साहित्यका क्षेत्रमा शर्माको चिनारी प्राध्यापक तथा लेखक दुवै रूपमा स्थापित भएको छ । वि.सं. २०१४ मा भारतको बनारसबाट प्रकाशित हुने 'छात्रदूत' पत्रिकामा 'नेपालको चहलपहल' नामक पद्य कविता लेखेर औपचारिक रूपमा लेखन क्षेत्रमा देखिएका शर्मा नेपाली साहित्य लेखनका क्षेत्रमा स्रष्टा व्यक्तित्वभन्दा बढी द्रष्टा व्यक्तिका रूपमा स्थापित रहेका छन् । उनको द्रष्टा व्यक्तित्वभित्र पनि दुई किसिमको लेखन पाइन्छ । पहिलो, विभिन्न पुस्तक कृतिहरूमाथि भूमिका लेखन तथा दोस्रो, पुस्तकाकार कृतिहरूलाई राम्ररी नियालेर त्यसको विवेचना गरी मूल्य निर्धारण गर्ने । वि.सं. २०२१ मा आफ्नो पहिलो समालोचनात्मक लेख 'नाटक साहित्य' उनले 'आलोक' नामक पत्रिकामा प्रकाशित गरेर आफू नेपाली समालोचनाका क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका हुन् । उनको समालोचनामा पूर्वीय तथा पाश्चात्य दुवै पद्धतिको मिसावट पाइए तापनि मूलतः उनी पूर्वीय समालोचना पद्धतिकै नजिक रहेर समीक्षा गर्ने समालोचक हुन् । नेपाली भाषा र साहित्यको संरक्षणमा सधैँ लागिरहने शर्मा विभिन्न सङ्घसंस्थाहरूप्रति पनि सम्बद्ध रहेर साहित्यमा योगदान पुऱ्याउने व्यक्ति हुन् ।

### १.२ समस्या कथन

अध्यापन पेसालाई आफ्नो प्रमुख पेसा बनाएर पनि नेपाली भाषा र साहित्यका क्षेत्रमा निरन्तर लेखिरहने शर्मा मूलतः समालोचक, निबन्धकार र कवि व्यक्तित्वका रूपमा स्थापित देखिन्छन् । उनको लेखन क्षेत्र विभिन्न भए पनि समालोचना क्षेत्रलाई सम्पूर्ण रूपमा चिनाउन नसक्नु मुख्य समस्या भएको छ । यही विषयवस्तुभित्रबाट केही समस्याहरूलाई बुँदागत रूपमा प्रस्तुत शोधपत्रमा उठान गरिएको छ ।

(१) गोपीकृष्ण शर्माको समालोचना यात्रा के कस्तो रहेको छ ?

(२) उनको समालोचना प्रवृत्ति र योगदान कस्तो रहेको छ ?

यिनै समस्याहरूमा केन्द्रित रही व्यवस्थित अध्ययन सहित समस्याको समाधानार्थ प्रस्तुत शोध केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

खासगरी शोध समस्याका क्रममा देखिएका प्रश्नहरूको समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हो । नेपाली समालोचनाका क्षेत्रमा लामो समयदेखि लेखिरहेका शर्मालाई हालसम्म पनि उनको समालोचनाको योगदान र मूल्यलाई स्थापित गरी चिनाउन नसक्नु प्रमुख समस्या भएकाले सोही समस्याको समाधानको प्रयास प्रस्तुत शोधपत्र हुने भएकाले यहाँ निम्न उद्देश्यहरू बुँदागत रूपमा निर्धारण गरिएको छ ।

(१) गोपीकृष्ण शर्माको समालोचना यात्राको अध्ययन गर्नु र

(२) उनका समालोचनाहरूको विश्लेषण गरी प्रवृत्ति र योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

गोपीकृष्ण शर्मा नेपाली समालोचनाका क्षेत्रमा वि.सं. २०२१ देखि विभिन्न पत्रपत्रिकाहरूमा समालोचनात्मक लेखहरू प्रकाशित गर्दै आएका हुन् । पुस्तकाकार रूपमा भने वि.सं. २०४० मा 'नेपाली निबन्ध परिचय' प्रकाशित गरी त्यसपछि निरन्तर रूपमा अघि बढेका देखिन्छन् । उनको समालोचनाले प्रायः कृतिभित्रको अध्ययनमा महत्त्व राखेको पाइन्छ । उनको समालोचनाका विषयमा विभिन्न विद्वान्हरूले पुस्तक, भूमिका तथा अन्यमा विभिन्न धारणा व्यक्त गरेका छन् । तिनै धारणालाई यहाँ पूर्वकार्यका रूपमा उल्लेख गरी तिनकै समीक्षा सहित प्रस्तुत शोध निष्कर्षतर्फ जानेछ । यसर्थ तिनै सार्वजनिक भएका विचारहरूलाई यहाँ पूर्वकार्यका रूपमा कालक्रमिक व्यवस्थापन गरिएको छ ।

शारदा खनाल (२०५५) ले 'गोपीकृष्ण शर्माको जीवन, व्यक्तित्व र कृतित्व' शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा शर्माको समालोचकीयतामाथि दिएको निष्कर्ष यस्तो रहेको छ, "शर्माको समालोचक व्यक्तित्व मूलतः पूर्वीय समीक्षा पद्धतिबाटै प्रभावित देखिन्छ भने पश्चिमी शैलीलाई पनि उनले पछ्याएका छन् । उनी गुणपक्षलाई बढी केलाउने, कृतित्वको राम्रो परिचय दिने र सम्बन्धित विषयको यथार्थ निरूपण दिने व्यक्ति हुन् ।"

घटराज भट्टराईले 'नेपाली लेखक कोश' (२०५६) पुस्तकमा समालोचक शर्माका बारेमा यस्तो धारणा व्यक्त गरेका छन् । "शर्मा मूलतः निबन्धकार र विवेचक हुन् ।"

राजेन्द्र सुवेदीले 'नेपाली समालोचना परम्परा र प्रवृत्ति' (२०६१) मा समालोचक शर्मालाई यसरी टिप्पणी गरेका छन्, "प्रभावपरक चिन्तनबाट समालोचनालाई मूल्य प्रदान गर्ने शर्मा नेपाली समालोचनामा बहुल पक्षलाई आफ्नो समालोचकीय चिन्तनमा प्रस्तुत गर्ने व्यक्तित्व हुन् ।"

दिपक न्यौपाने (२०६२) ले 'नेपाली समालोचनाको अध्ययन' शीर्षकको स्नातकोत्तर तहको शोधप्रबन्धमा पनि शर्माको समालोचना मूलतः विश्लेषणात्मक र विवेचनात्मक रूपमा प्रस्तुत भएको छ भनेर उल्लेख गरेका छन् ।

कृष्णप्रसाद पराजुलीले 'स्मृतिबिम्ब' (कविता सङ्ग्रह २०६७) को समीक्षात्मक लेखमा शर्माको लेखनबारे चर्चा गर्दै उनको समालोचनालाई सुनमाथिको सुगन्धको संज्ञा दिएका छन्, "सर्जक लेख्छन् समालोचक देख्छन् । लेख्नु र देख्नु दुवै महत्त्वपूर्ण विषय हुन् एउटै व्यक्तित्वका दुई पाटा भए भने त झन् सुनमा सुगन्ध भइहाल्यो । तात्पर्य के हो भने गोपीकृष्ण शर्मा कुशल समालोचक हुँदाहुँदै सर्जक पनि हुन् ।"

यसरी विभिन्न विद्वान्हरूद्वारा व्यक्त विचारहरूलाई हेर्दा शर्मा एक कुशल द्रष्टा व्यक्तित्व हुन् र उनको समालोचना बहुलवादी मान्यताको देखिन्छ । माथि प्रस्तुत भएका विचारहरूले प्रस्तुत शोधपत्रलाई उद्देश्यसम्म पुग्न थप आधार प्रदान गर्नेछन् । यी पूर्वकार्यहरू सामान्य चर्चाका रूपमा रहेकाले यिनबाट उनको समालोचना यात्रा र प्रवृत्तिको समग्र अध्ययन नहुने भएकाले यस शोधद्वारा सो प्रयोजन पुरा गर्ने प्रयास भएको छ ।

## १.५ शोधपत्रको औचित्य

शर्माको समालोचनामा केन्द्रित भई उनको समालोचना क्षेत्रको सुव्यवस्थित र प्रामाणिक अध्ययन गरिएको यस शोधपत्रबाट आउने पिँढीलाई शर्माको समालोचनाका बारेमा यथेष्ट जानकारी उपलब्ध हुनेछ । यो शोधपत्र शर्माको समालोचना यात्रा, प्रवृत्ति र योगदानमा आधारित हुनेछ र नेपाली समालोचनाको अध्ययनमा एउटा महत्त्वपूर्ण सामग्री तयार हुनेछ । यसर्थ नै यो शोधपत्रको औचित्य महत्त्व र उपयोगिता स्वतः उपलब्धिपूर्ण रहने देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

गोपीकृष्ण शर्माको समालोचकीयताको अध्ययन गरिने यस शोधपत्रमा उनका प्रकाशित समालोचनाहरूका बारेमा परिचयात्मक विश्लेषण प्रस्तुत गरिएको छ । यसका साथै हाल (२०६९ सालसम्म) प्राप्त उनका समालोचनालाई मात्र यहाँ अध्ययन गरिएको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार वा ढाँचा पर्दछन् । शोधप्रस्तावका अङ्ग अन्तर्गत आएका ती अवधारणा अनुसार यहाँ तिनीहरूको प्रयोग सम्बन्धी विधिको प्रस्ताव गरिएको छ ।

### (क) सामग्री सङ्कलन विधि

सामग्रीको सङ्कलन शोधकार्यमा अनिवार्य हुन्छ । प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत उपलब्ध सूचना तथा शोध नायक स्वयंसँगको साक्षात्कार रहेको छ अनि द्वितीयक स्रोत अन्तर्गत विभिन्न विद्वान्हरूका अनुसन्धानात्मक लेख, पुस्तकालय र खासगरी प्राध्यापक एवम् गुरुहरूसँग पनि यथोचित रूपमा परामर्श लिएर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

### (ख) सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्राथमिक र द्वितीयक दुवै स्रोतबाट प्राप्त सामग्रीहरूलाई वस्तुपरक, वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको प्रयोग गरेर प्रस्तुत गरिएको छ र शोधकार्य पुरा गरिएको छ खासगरी विश्लेषणात्मक पद्धतिको प्रयोग गरेर नै अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ । प्रस्तावित शोधपत्रको सङ्गठन यस प्रकारको रहेको छ :

**पहिलो परिच्छेद** : शोध परिचय

**दोस्रो परिच्छेद** : समालोचनाको विधागत प्रकृति

**तेस्रो परिच्छेद** : गोपीकृष्ण शर्माको समालोचना यात्रा

**चौथो परिच्छेद** : गोपीकृष्ण शर्माका समालोचनाहरूको अध्ययन, प्रवृत्ति र योगदानको मूल्याङ्कन

**पाँचौँ परिच्छेद** : उपसंहार तथा निष्कर्ष

### दोस्रो परिच्छेद

# समालोचनाको विधागत प्रकृति

## २.१ परिचय

प्रस्तुत परिच्छेदमा समालोचना र खास गरी समालोचनाका दुई प्रकारलाई छुट्टाछुट्टै चिनाएर व्यावहारिक समालोचना अन्तर्गत विश्वसाहित्यमा प्रचलित व्यावहारिक समालोचनाहरूलाई चिनाइएको छ । साहित्यिक कृतिको अध्ययन, आस्वादन र बोध गरेपछि समालोचना प्रस्तुत गरिन्छ । समालोचनाले साहित्यिक कृति तथा कृतिकारको साहित्यिक उचाइलाई ठम्याउने गर्दछ । साहित्य सिर्जनाको पाटोभन्दा समालोचना गर्ने पाटो फरक देखिन्छ । साहित्यिक मूल्यहरू समालोचनाले निर्धारण गरिदिने हुँदा समयको गतिसँगै साहित्य सिर्जना हुन्छन् अनि तिनै साहित्यको समीक्षा र समालोचना गर्ने पद्धतिहरू पनि विकसित हुँदै जान्छन् । यस परिच्छेदमा तिनै व्यावहारिक समालोचनाका प्रकारहरूलाई चिनाउने काम गरिएको छ ।

## २.२ समालोचनाको व्युत्पत्ति र अर्थ

समालोचना साहित्यिक कृतिहरूको अध्ययन, आस्वादन र बोध गरेपछि त्यसबारे व्यक्त गरिएको एक किसिमको प्रतिक्रिया वा विचार हो । विश्वमै सर्वप्रथम साहित्य सिर्जना भएको अनि त्यसपछि मात्र समालोचना कार्य भएको देखिन्छ । संस्कृत साहित्यमा समालोचनालाई सङ्केत गर्न नाट्यशास्त्र, काव्यशास्त्र, सौन्दर्य शास्त्र जस्ता शब्दहरू प्रयुक्त भएका देखिन्छन् । पूर्व पश्चिम दुबैतर्फ साहित्य सिर्जनापश्चात् नै उपर्युक्त विभिन्न विधासँग सम्बन्धित शास्त्र शब्दहरू आएका हुन् । अरस्तुको काव्यशास्त्र आउनुभन्दा पूर्व होमर, एस्किलस, सोफोक्लिज, युरिपाइडिज आदि कवि नाटककारहरूको साहित्य-सिर्जनाको लामो यात्रा पार भइसकेको देखिन्छ । पूर्वीय साहित्यमा पनि संस्कृत नाटककारहरूको रचना (इन्द्रध्वजोत्थानादि) पछि भरतमुनिको नाट्यशास्त्र देखिएको हो (शर्मा, २०५६/०५७ : १६) । यसरी साहित्यकै पृष्ठभूमिमा समालोचनाको निर्माण भएको देखिन्छ ।

नेपालीमा आलोचना, समीक्षा, विवेचना, मूल्यनिर्णय जस्ता शब्दहरू समालोचनाकै समानार्थी जस्ता देखिन्छन् । यसरी नै क्रिटिसिज्म, एप्रिएसन, रिभ्यू, ओपिनियन जस्ता अङ्ग्रेजी शब्दहरू परस्पर समानार्थी रूपमा देखिन्छन् (कँडेल,

२०५५) । संस्कृत व्युत्पत्ति अनुसार आलोचनाको अर्थ 'अवलोकन' अर्थलाई वहन गर्ने 'लुच्' धातुमा 'णिच्' प्रत्यय लागेर 'लोच' बनेपछि यस 'लोच' शब्दमा 'यू' प्रत्यय थपिएर 'अन' आदेश हुँदा 'लोचन' शब्द व्युत्पन्न हुन्छ । 'लोचन' शब्दमा समग्रबोधी 'आ' उपसर्ग र स्त्रीत्वबोधी 'आ' प्रत्यय लागेपछि 'आलोचना' शब्द व्याकरण सम्मत र सार्थक रूपमा निर्माण हुन्छ (सुवेदी, २०६१ : ८) । यही 'आलोचना' मा 'सम्' उपसर्ग थपिँदा 'समालोचना' शब्द बनेको देखिन्छ । 'समालोचना' शब्दको अर्थ 'नेपाली बृहत् शब्दकोश' (२०६० : १२-३५) मा निम्न तिनवटा रहेका छन् :

(१) कुनै विषयवस्तु वा कुराका राम्रा/नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम,

(२) कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना र

(३) कुनै ग्रन्थ, लेख, व्यक्ति आदिका गुणदोषको सम्यक् विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना, समीक्षा ।

उपर्युक्त तिन खालका अर्थहरूबाटै समालोचना शब्दको अर्थ प्राप्त गर्न सकिन्छ ।

## २.३ समालोचनाको परिभाषा

सिर्जनापछि समालोचना कार्य भए जस्तै समालोचनाको लेखन तथा प्रकाशन हुन थालेपछि समालोचनाको व्याख्या, विश्लेषण, टीका टिप्पणी हुन थाल्यो । यसपछि समालोचनामा निहित रहेका विशेषताहरूलाई आधार बनाएर समालोचनाको परिचय तथा परिभाषा दिने क्रम प्रारम्भ भयो । समालोचनाका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न धारणा राखेका छन् । उक्त समालोचना सम्बन्धी धारणाहरू नै समालोचनाको परिभाषा बन्न पुगेको देखिन्छ ।

पूर्वीय काव्यशास्त्रीहरूले समालोचना, शास्त्रका बारेमा विभिन्न लक्षण बताएका छन् । पूर्वीय काव्यशास्त्रको चिन्तन परम्परामा रचनाको पारख गर्ने कामलाई आलोचनाशास्त्र भन्ने गरियो । नाट्यशास्त्री भरतमुनिपछिका धेरै आचार्यहरूले यस आलोचना परम्परालाई गति दिने काम गरेका छन् । प्रायः रस, अलङ्कार ध्वनि, रीति, वक्रोक्ति र औचित्य जस्ता तत्त्वलाई काव्यरचना प्रक्रियामा स्थान र महत्त्व दिँदै पूर्वीय समीक्षा परम्परामा कल्पना, भाव र बुद्धिको प्रयोगलाई पनि आवश्यक ठानेको देखिन्छ (सुवेदी, २०६१ : १२) ।

पाश्चात्य चिन्तक र समालोचना शास्त्रीहरूले पनि समालोचनालाई परिभाषित गरेको देखिन्छ । 'इन्साइक्लोपेडिया ब्रिटानिका' ले समालोचनालाई साहित्य र ललितकला सम्बन्धी कुनै पनि वस्तुको गुण वा सौन्दर्यको मूल्याङ्कनको अर्थमा लिएको छ । यसबाट कृति विशेषका लेखकका उपलब्धि र प्राप्तिलाई प्रस्ट पार्ने साधन समालोचना हो भन्ने कुराको बोध हुन्छ (थापा, २०५८ : २६) । यसरी नै आलोचनाको पहिचान प्रस्तुत गर्ने क्रममा पाश्चात्य चिन्तक म्याथ्यु आर्नोल्ड (१८८८ : १८) ले समालोचनालाई यसरी चिनाएका छन्, "समालोचना संसारमा ज्ञात र विचरित सर्वोत्कृष्ट कुराको ज्ञान प्राप्त गर्ने र त्यसलाई अरुमा प्रचार गर्ने तटस्थ प्रयास हो ।" आर्नोल्डले समालोचनालाई शोधकार्य झैँ मानेका छन् अनि समालोचक समालोचना र पाठक तीनै पक्ष उत्कृष्ट र सक्रिय रहनु पर्ने कुरा बताएका छन् ।

नेपाली साहित्यका केही प्रसिद्ध समालोचकहरूले पनि समालोचना सम्बन्धी आ-आफ्नो विचार प्रस्तुत गरेका छन् । समालोचक यदुनाथ खनालले आफ्नो समालोचनात्मक कृति 'समालोचनाको सिद्धान्त' (२०२३ : ३) मा समालोचनालाई यसरी परिभाषित गरेका छन्, "पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा झन् विशेष कुरा जान्नु, उसको मूल खोज्नु समालोचना हो ।" खनालले समालोचनालाई एक किसिमको खोज अनुसन्धान मानेको देखिन्छ । यसै गरी रामकृष्ण शर्मा (२०२४ : ४१-४२) का विचारमा "सुख-दुःख, राम्रो-नराम्रो, मनपर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ ।" आलोचनकको मस्तिष्कमा सृजना-सामग्री प्रतिको विवेचनात्मक व्यावहार जब जन्मन्छ, तब समालोचकीय मूयले स्वरूप ग्रण गर्दछ भन्ने सङ्केत गरेको देखिन्छ । कृष्णचन्द्र सिंह प्रधान (२०२५ : ६) को समालोचना सम्बन्धी धारणा यस्तो रहेको छः "कृतिको आन्तरिक स्थितिको सूक्ष्म निरीक्षण गरेर त्यसका विशिष्ट गुणलाई प्रकाशमा ल्याई प्रत्येक दृष्टिकोणले परीक्षण गरेर निश्चित मूल्य निर्धारण गर्नु समालोचनाको कार्य हो ।"

यसरी नै समालोचक घनश्याम कँडेल (२०५५ : ग) ले समालोचनालाई यसरी चिनाएका छन्, "वास्तवमा समालोचना एकातर्फ साहित्यकारका कृतिको सहृदयता-पूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्गनिर्देशक पनि हो" । कृतिकार, कृति

र पाठकलाई ध्यानमा राखी वस्तुगत ढङ्गले गरिने व्याख्या विश्लेषण नै समालोचना हो भन्ने समालोचक कँडेलको आशय देखिन्छ । यसै गरी तारानाथ शर्मा (२०२४ : २४२) ले समालोचनालाई यसरी चिनाएका छन्, "आलोचना (समालोचना) फटाहालाई लाटो पारुन्जेल पोल्ने सिस्तु हो" । शर्माका विचारमा समालोचना निकै गहन र चुनौतीपूर्ण कार्य हो । समालोचक राजेन्द्र सुवेदी (२०६१ : १९) ले समालोचनालाई यसरी परिभाषित गरेका छन्, "सृजनाजगत्का विशाल भीडबाट कुनै खास स्रष्टालाई टिपेर उसका सृजनात्मक कर्मकै आधारमा स्रष्टाको स्थान ठम्याइदिनु र स्रष्टको मूल्य पहिल्याइदिनु समालोचना हो ।" समालोचक सुवेदीको उक्त परिभाषालाई हेर्दा कुनै पनि स्रष्टा वा सृष्टिको आगमन समयलाई हेरी मूल्य निरूपण गर्ने काम नै समालोचना हो ।

यसरी समालोचनालाई विभिन्न विद्वान्हरूबाट परिभाषित गर्ने अनेक प्रया भएका हुँदा यसका पनि विभिन्न परिभाषाहरू उपलब्ध रहेको कुरा उपर्युक्त सन्दर्भबाट स्पष्ट भएको छ । निष्कर्षमा कुनै पनि सिर्जनात्मक रचनाको अध्ययन, चिन्तन र मननपछि त्यसको वस्तुगत र कलात्मक वैशिष्ट्यको विवेचना तथा मूल्याङ्कन गर्ने कलालाई समालोचना भनिन्छ ।

## २.४ समालोचनाका विविध रूप र प्रयोग

'समालोचना' शब्दले विभिन्न अर्थलाई आफूमा समाविष्ट गरेको भए पनि साहित्यिक क्षेत्रमा समालोचना शब्दद्वारा कुनै स्रष्टा वा उसका कृतिका बारेमा वस्तुगत रूपमा गरिएको व्याख्या विश्लेषण एवम् मूल्याङ्कन भन्ने बुझिन्छ । स्थान, कार्य र समयले गर्दा समालोचनाका अनेक रूप देखिएका हुन् । प्रत्येक समालोचकको समीक्षाको आधार पृथक् पृथक् हुनाले र उक्त समालोचना कार्यमा समालोचकको वैयक्तिक प्रभाव समेत पर्नाले समालोचनाका विविध रूप देखिएका हुन् ।

कुनै एक समालोचकले पनि अनेक प्रकारका समालोचना लेखेको पाइन्छ । यस्तो हुनाको कारण के हो भने उसले कुनै समालोचना लेखमा सिद्धान्तलाई मूल आधार बनाएको हुन्छ भने कुनै लेखमा आफ्नो वैयक्तिक विचारलाई मूल आधार बनाएको हुन्छ । यसका कारण समालोचनामा विविधता आउँछ साहित्यका मूल्य र वैशिष्ट्यलाई सैद्धान्तीकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको जन्म हुन्छ ।

पश्चिममा अरस्तुको 'काव्य शास्त्र' र पूर्वमा भरतमुनिको 'नाट्यशास्त्र', आरम्भिक सैद्धान्तिक समालोचना कृति हुन् । पाठकले साहित्य सिर्जनाको पठन र आस्वादन गरेपछि पाठक वा समालोचकमा उक्त साहित्यिक कृतिप्रति कस्तो प्रभाव पर्छ त्यस आधारमा गरिएको समालोचना व्यावहारिक समालोचना हो । यस्तो समालोचना गर्दा समालोचकले कुनै सिद्धान्तको प्रयोग गरेर या प्रयोग नगरी स्वतन्त्र रूपमा गर्न सक्दछ । यस्तो व्यावहारिक समालोचनालाई प्रायोगिक समालोचना पनि भनिन्छ ।

### २.४.१ सैद्धान्तिक समालोचना

साहित्य सिर्जना थालिएपछि साहित्य सिद्धान्तको निर्माण हुन थाल्यो र यो परम्परा हालसम्म पनि चल्दै आएको देखिन्छ । सैद्धान्तिक समालोचनामा कृतिका वस्तु, रूप आदिलाई आधार बनाएर कृतिको व्यावहारिक समालोचना गर्नका सट्टा समालोचनाको मापदण्डका रूपमा सामान्य सिद्धान्तहरूको निर्माण गरिन्छ र तिनका आधारमा कृतिका वस्तु, रूप आदिलाई केलाउने एवम् कृतिका विशेषताहरूको निरूपण गर्ने प्रयास गरिन्छ (कँडेल, २०५५ : घ) । सैद्धान्तिक समालोचनामा कुनै स्थिर सैद्धान्तिक दृष्टिले साहित्यिक कृतिको वस्तुगत विवेचना गरिन्छ । साहित्यका मूल्य र वैशिष्ट्यलाई सैद्धान्तीकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको प्रारम्भ भएको देखिन्छ । पूर्वीय साहित्यमा भरतको 'नाट्यशास्त्र', भामहको 'काव्यालङ्कार', दण्डीको 'काव्यप्रकाश', आनन्दवर्द्धनको 'ध्वन्यालोक', कुन्तकको 'वक्रोक्तिजीवितम्', मम्मटको 'काव्यप्रकाश', विश्वनाथको 'साहित्यदर्पण' र जगन्नाथको 'रसगङ्गाधर' जस्ता ग्रन्थहरू सैद्धान्तिक समालोचनाका आदर्श नमुना हुन् । नेपाली साहित्यमा राममणि आदीको 'मानसालङ्कार' (२००२), सोमनाथ सिग्द्यालको 'साहित्य प्रदीप' (२०१५) आदि समालोचना कृतिहरू पूर्वीय सैद्धान्तिक समालोचनाका उदाहरण हुन् ।

पश्चिममा पनि साहित्य सिर्जनाको प्रारम्भ भएपछि नै उक्त साहित्यिक रचनाका बारेमा केही टीकाटिप्पणी, व्याख्या-विश्लेषण हुन थाल्यो । उक्त व्याख्या-विश्लेषण, टीका-टिप्पणीले एकातिर सिर्जनालाई सघाउ पुऱ्याउन थाल्यो भने अर्कातिर नवीन सिद्धान्त समेत प्रतिपादन हुन थाल्यो । एरिस्टोटलदेखि रिचर्ड्स्, इलियट जस्ताका साहित्य सम्बन्धी चिन्तनलाई पाश्चात्य जगत्मा मुख्य सिद्धान्त मानिन्छ । यिनै सिद्धान्तका मापदण्डका आधारमा गरिएका समालोचनाहरू नै पाश्चात्य सैद्धान्तिक समालोचना हुन् । एरिस्टोटलको 'काव्यशास्त्र' रिचर्डस्को 'साहित्यिक

समालोचनाको सिद्धान्त' जस्ता कृतिहरू मूलतः सैद्धान्तिक समालोचनाकै ग्रन्थ हुन् । यसैगरी नेपाली साहित्यमा वासुदेव त्रिपाठीको 'पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा', अभि सुवेदीको 'पाश्चात्य काव्य सिद्धान्त', ताराकान्त पाण्डेको 'प्रगतिवाद र कविता' जस्ता कृतिहरू पाश्चात्य सैद्धान्तिक कृति हुन् (थापा, २०५८ : ३२) ।

### २.४.२ व्यावहारिक (प्रायोगिक) समालोचना

पाठकले साहित्य सिर्जनाको पठन र आस्वादन गरेपछि सिद्धान्त सापेक्ष वा निरपेक्ष रहेर उक्त सिर्जनाबारे निजी प्रतिक्रिया, राय, विचार वा धारणा व्यक्त गर्न थालेपछि व्यावहारिक समालोचनाको जन्म भएको हो । सामान्यतया विश्वमा स्थापित सैद्धान्तिक समालोचनाका आडमा कुनै कवि वा उसका कृतिको चिरफार गरेर मूल्याङ्कन गर्ने काम व्यावहारिक समालोचना हो (पोखरेल, २०५६ : ८) व्यावहारिक वा प्रायोगिक समालोचनामा मूलतः कृति र कृतिकारको अध्ययन र मूल्याङ्कन गरिएको हुन्छ । यस्तो अध्ययन र मूल्याङ्कनका क्रममा शास्त्रीय सिद्धान्तहरू पृष्ठभूमिमा रहेका हुन्छन् ।

पूर्वीय काव्यशास्त्रमा राजशेखरको 'काव्यमीमांसा', अभिनव गुप्तको 'ध्वन्यालोक लोचनटीका' जस्ता काव्यकृतिहरू पूर्वीय व्यवहारिक समालोचनाका कृतिहरू हुन् । पूर्वीयका तुलनामा पाश्चात्य व्यावहारिक (प्रायोगिक) समालोचनाको सङ्ख्या अत्यधिक छ । जोन ड्राइडेनको 'लिटरेरी एसेज', म्याथ्यु आर्नोल्डको 'एसेज अन क्रिटिसिज्म' त्यस्तै टी.एस. इलियटको 'सेलेक्टेड एसेज' जस्ता कृतिहरू पाश्चात्य व्यावहारिक (प्रायोगिक) समालोचनाका केही उल्लेख्य कृति हुन् ।

एम.एच अब्राम्स (सन् १९९३ : ७) ले पाश्चात्य व्यावहारिक समालोचनाका चार प्रकारको चर्चा गरेका छन् । ती हुन् :

(१) अनुकरणात्मक समालोचना,
(२) अभिव्यञ्जनात्मक समालोचना,
(३) पाठक केन्द्रित समालोचना र
(४) निरपेक्ष वस्तुगत वा कृतिपरक समालोचना ।

उनका विचारमा जति पनि व्यावहारिक समालोचनाहरू छन् तिनलाई ४ प्रकारमा समेट्न सकिने देखिन्छ ।

व्यावहारिक समालोचनामा कृति, कृतिकार तथा साहित्यको कालक्रमिक अध्ययन गरिन्छ । यसर्थ व्यावहारिक समालोचनाका मुख्यतः तिन भेद देखिएका छन् । ती हुन् :

(क) कृतिपरक समालोचना,

(ख) स्रष्टापरक समालोचना र

(ग) साहित्येतिहासपरक समालोचना ।

कृतिपरक समालोचनाले कृतिको विश्लेषण गर्दा लेखकीय पृष्ठभूमि, मनोविज्ञान तथा त्यसले पाठकलाई पार्ने प्रभाव अथवा परम्पराका सापेक्षतामा त्यसका मूल्य आदिको चर्चा नगरेर केवल कृतिको वस्तुगत स्थितिलाई विश्लेषण गर्ने काम हुन्छ । यसले कृतिबाहिरको समाज, इतिहास आदिको विश्लेषण नगरे पनि कृतिभित्रका समाज तथा इतिहासको वस्तुगत एवम् तथ्यपरक अध्ययन गर्दछ (शर्मा र लुइँटेल, २०६१ : २२०) । यसै गरी स्रष्टा वा लेखकलाई मूल आधार बनाएर गरिने समालोचनालाई स्रष्टापरक समालोचना भनिन्छ । यस समालोचना पद्धतिलाई आधार मानेर जीवनीपरक समालोचनाको विकास भएको हो । व्यावहारिक समालोचनाकै तेस्रो भेद साहित्येतिहासपरक समालोचना हो । राष्ट्रिय साहित्यको परम्पराले एउटा निश्चित दिशा लिएपछि नै इतिहास निर्माणतर्फ विद्वान्हरूको ध्यान पुग्न जान्छ । ऐतिहासिक समालोचनाका लागि पनि यस्तै कालिक पृष्ठभूमिको आवश्यकता पर्दछ (श्रेष्ठ, २०६१ : ६५) ।

व्यावहारिक समालोचनाका उपर्युक्त भेदहरूको अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने व्यावहारिक समालोचनाको विश्लेषण प्रभावपरक र निर्णयात्मक गरी मूलतः दुई प्रकारले गर्न सकिन्छ । यसरी व्यावहारिक समालोचना अन्तर्गत विभिन्न प्रकारका समालोचना पद्धतिहरू देखिन्छन् । ती निम्न अनुसार रहेका छन् ।

### २.४.३ विश्वसाहित्यमा प्रचलित व्यावहारिक समालोचनाका प्रमुख पद्धतिहरू

(१) नीतिपरक समालोचना

(२) जीवनीपरक समालोचना

(३) समाजपरक समालोचना

(४) मनोविश्लेषणात्मक समालोचना

(५) आदिमतापरक समालोचना

(६) नयाँ समालोचना

(७) शैलीवैज्ञानिक समालोचना

(८) संरचनावादी समालोचना

(९) नारीवादी समालोचना

(१०) उत्तरआधुनिक समालोचना

**(१) नीतिपरक समालोचना**

नीतितत्त्वलाई केन्द्रमा राखेर साहित्य समालोचना गरिनुपर्छ, नीति तत्त्वकै आधारमा साहित्यको विश्लेषण एवम् मूल्याङ्कन गरिनुपर्छ भन्ने मान्यता राख्ने समालोचना पद्धति नै नीतिपरक समालोचना प्रणाली हो । यो आदर्शवादद्वारा अनुप्राणित रहेको छ । कुनै नैतिक आदर्शद्वारा वैयक्तिक र सामाजिक जीवनलाई मार्ग प्रदर्शन गर्नु नै नीतिपरक समालोचनाका मुटुमा रहेको आदर्शवाद हो (त्रिपाठी, २०४९ : १४५) । पाश्चात्य साहित्य जगत्मा नीतिपरक समालोचनाको प्रारम्भ गर्ने चिन्तक प्लेटो (इ.पू. ४२७/३४८) हुन् । यो समालोचना रूपपरक र समाजपरक समालोचनाको प्रभाव बढ्न थालेपछि क्रमशः केन्द्र भङ्ग हुँदै शिथिल बन्दै गएको देखिन्छ ।

**(२) जीवनीपरक समालोचना**

सामान्यतया जीवनी भन्नाले मानिसको जीवनको इतिवृत्त भन्ने बुझिन्छ । कविको जीवनीको उपयोग गर्दै उसका कृतिको जुन समीक्षा प्रस्तुत गरिन्छ त्यो जीवनीपरक समालोचना हो (गौतम, २०५० : ६०) । यो समालोचना लेखक केन्द्री परम्परित समालोचनाको एउटा प्रकार हो । कृतिकार र कृतिका बीच निकट सम्बन्ध रहन्छ, कृतिमा कृतिकारले आफ्नो जीवनदृष्टि व्यक्त गरेको हुन्छ । तसर्थ कृतिकारलाई केन्द्रमा राखी कृतिको अध्ययन गरिनुपर्छ भन्ने समालोचना प्रणाली नै जीवनीपरक समालोचना प्रणाली हो । वि.सं. १९४८ मा प्रकाशित मोतीराम भट्टको 'कवि भानुभक्ताचार्यको जीवनचरित्र' नामक कृति नै नेपाली समालोचनामा पहिलो जीवनीपरक समालोचना कृति हो ।

**(३) समाजपरक समालोचना**

सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना पद्धति भनिन्छ (शर्मा र

लुइँटेल, २०६१ : १२६) । व्यक्तिको आन्तरिक व्यक्तित्व सामाजिक सन्दर्भ र चापबाट निर्मित हुन्छ भन्ने मान्यता यस समालोचना पद्धतिले राख्दछ । यसको मूल आधार नै समाज र सामाजिकता भएकाले समाजपरक समालोचना नाम राखिएको हो । यसको सैद्धान्तिक आधार एउटै हुँदाहुँदै पनि धेरै वैयक्तिक मतभेदहरू देखिन्छन् । यसर्थ समाजपरक समालोचनाका दुई मुख्य हाँगा देखिन्छन् । एउटा सामाजिक यथार्थवादसँग सम्बन्धित रहेको छ र अर्को समाजवादी यथार्थवादसँग सम्बन्धित रहेको देखिन्छ । समाजवादी यथार्थवादलाई प्रगतिवाद पनि भनिएको पाइन्छ (पाण्डेय, २०५६ : ४२-४३) ।

**(४) मनोविज्ञानपरक समालोचना**

कृतिकार, कृति, कृतिगत चरित्र तथा पाठकको मानसिक-स्नायविक विश्लेषणलाई मनोविज्ञानपरक वा मनोविश्लेषणात्मक समालोचना भनिन्छ (शर्मा र लुइँटेल, २०६१ : १६२) । मनोविज्ञानपरक समालोचनाले साहित्यिक कृतिको विश्लेषण प्रत्येक कृतिलाई त्यसका कृतिकारको व्यक्तित्व तथा मानसिक अवस्थाको अभिव्यक्ति मानेर गर्छ । यस समालोचना सिद्धान्त अन्तर्गत कृति र कृतिकारका बीचमा के कस्तो सम्बन्ध रहेको छ भनेर केलाउने काम पनि गरिन्छ । यसले कृतिकारद्वारा सिर्जित पात्रहरू, कृतिमा प्रयुक्त भाषा तथा बिम्बहरूको विश्लेषण गर्छ । साथै यस समालोचना पद्धतिले पाठकमा पर्ने प्रभावको समेत अध्ययन गर्दछ । यस समालोचना पद्धतिको काम यौन विकृतिको प्रबलता, त्यसको दमन, निषिद्ध यौन प्रवृत्तिको जीवनमा प्रभाव, अचेतनको भूमिका, कुण्ठा मनोविकृति जस्ता तत्त्वहरूको साहित्यमा खोजमेल र अध्ययन गर्नु नै देखिन्छ (गौतम, २०५० : ६२) ।

**(५) आदिमतापरक समालोचना**

आदिमतापरक समालोचना भनेको कुनै साहित्यिक कृति विशेषमा प्रयुक्त आधारभूत ढाँचाहरू अन्य साहित्यिक कृतिहरूमा पनि सार्विक रूपमै पुनरावृत हुन्छन् भन्ने सन्दर्भबाट उक्त कृतिविशेषको वर्णन, व्याख्या र मूल्याङ्कन गर्ने पद्धति हो (शर्मा र लुइँटेल, २०६१ : १९६) । आदिमतापरक चिन्तक प्रथम दार्शनिक प्लेटोलाई मानिन्छ । उनले सत्यंशिवंसुन्दरं जस्ता आदर्श रूपहरू र दैवी आदिम प्रकारहरूको चर्चा गरेका छन् । आदिमतापरक समालोचनाले साहित्यमा मिथ प्रयोग सम्बन्धी

विशिष्ट अध्ययन गर्ने हुँदा यसलाई मिथीय समालोचना तथा कृतिलाई सांस्कृतिक सन्दर्भबाट अध्ययन गर्ने हुँदा सांस्कृतिक समालोचना पनि भनिन्छ । यसले खासगरी साहित्यमा आद्यढाँचा, मिथ, संस्कृति आदिको खोजी तथा तिनको विशिष्ट व्याख्या विश्लेषण गर्दछ ।

### (६) नयाँ समालोचना

रूपात्मक आलोचनाको बढी चल्तीको नाउँ नयाँ समालोचना वा नव समीक्षा हो । यसले ऐतिहासिक आलोचनाप्रति धारेहात लगाएर उभिन्छ । यो इङ्ल्यान्डमा जन्मेको र अमेरिकामा हुर्केको समालोचना पद्धति हो (शर्मा २०४० : ६५) । रसियाली रूपवादलाई सम्झाउने यो सिद्धान्त पनि इतिहासनिरपेक्ष नै देखिन्छ । रूपपरक समालोचनाका रूपमा पनि चिनिने नव समालोचनालाई ऐतिहासिक (स्वच्छन्दतावादी वा प्रभाववादी) समालोचनाको उग्र विरोध गर्ने आधुनिक समालोचना मानिन्छ ।

### (७) शैलीवैज्ञानिक समालोचना

रचनाभित्रै पाइने तथ्याङ्कका आधारमा विश्लेषण र मूल्याङ्कन गरिने भाषाकेन्द्रित समालोचनात्मक पद्धतिलाई शैलीवैज्ञानिक समालोचना पद्धति भनिन्छ । यसैलाई वस्तुवादी समालोचना पनि भनिन्छ (लुँइटेल, २०५७ : २१५) । यो समालोचना पद्धति पनि कृतिकेन्द्री हुँदै आएको देखिन्छ । भाषा विज्ञानका विभिन्न पद्धतिहरूबाट साहित्यको विश्लेषण गर्ने समालोचना शैलीविज्ञानलाई साहित्यिक कृतिहरूको अन्तरकुन्तर केलाएर रहस्योद्घाटन गर्न समर्थ समालोचनात्मक पद्धतिका रूपमा लिइन्छ । नेपाली समालोचनाका फाँटमा शैलीवैज्ञानिक समालोचना पद्धतिको प्रवर्तन मोहनराज शर्माबाट भएको हो (पृ. २१६) ।

### (८) संरचनावादी समालोचना

स्विट्जरल्यान्डका भाषाशास्त्री फर्डिनान्ड द ससुर (सन् १८५७-१९१३) को भाषासम्बन्धी सिद्धान्तबाट संरचनावादी समालोचना पद्धति प्रभावित रहेको छ । खासगरी दोस्रो विश्वयुद्ध पछि फ्रान्समा जन्मेको मानवतावाद र अस्तित्ववादका प्रतिक्रियाका रूपमा देखिएको एउटा पद्धति हो । सन् १९६० को दशकमा फ्रान्समा स्थापित संरचनावादले मानवशास्त्रदेखि साहित्यिक समालोचनासम्मका थुप्रै विषय क्षेत्रलाई ओगटेको छ (शर्मा र लुइँटेल २०६१ : ३५९) । यस पद्धतिले कृतिभित्रको

भाषा र त्यसको बनोटलाई सर्वाधिक महत्त्व दिई कृतिकेन्द्री अध्ययन विश्लेषण गर्दछ । यो समालोचना मात्यता विश्वमा एउटा शक्तिशाली सिद्धान्तका रूपमा स्थापित भई यसले धेरै विषय क्षेत्र ओगटेको देखिन्छ । संरचनावाद सन् १९६८ पछि उत्तर संरचनावादका रूपमा विकसित भएर अघि बढेको देखिन्छ । यो समालोचना मान्यताले परम्परावादी समालोचनाले महत्त्व दिएका विषयवस्तु र रूपको द्वैधतालाई स्वीकार गर्छ र अर्थ, भाषा र रूपका त्रिकोणात्मक अवधारणालाई समेत प्रत्यक्ष रूपमा मान्दैन । यसले साहित्यिक कृतिका संरचनाका विभिन्न तह र श्रेणीका बीचको सह-सम्बन्ध र व्यवस्थामा जोड दिन्छ ।

### (९) नारीवादी समालोचना

नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, शारीरिक र बौद्धिक शोषणकै क्रममा नारीहरू र नारीमुक्तिका पक्षधरहरूबाट नारीवादी तथा नारीमुक्तिको चिन्तन देखा परेको हो । वास्तवमा यो नै नारीवादी समालोचनाको पृष्ठाधार हो (बराल, २०५६ : ६४) । नारीवाद राजनीतिक समतामूलक विचार बोकेका र इ. १९६० को दशकमा सुरु भएको पुरुष-प्रधान समाजका विरुद्धको नारी आन्दोलन हो । इ. १९४९ मा प्रकाशित सिमोन द बुमाको 'द सेकेन्ड सेक्स' नामको कृतिले नारीवादी चिन्तनको बीजारोपण गऱ्यो (बराल र सुवेदी २०५८ : १२४) । नारीवाद मूलतः एउटा व्यावहारवादी (प्रयोगवादी) आन्दोलन हो । यसले सामाजिक सांस्कृतिक एवम् साहित्यिक पक्षमा रहेर उनीहरूका विचार मूल्य, मान्यता, आस्था आदिलाई अगाडि बढाएर नारी हितमा सघाउ पुऱ्याएको छ । नारीवादी समालोचनाले विभिन्न आरोप र प्रत्यारोप सहनुपरेको भए पनि यसले नारीको भावना, धारणा साथै नारीका सामाजिक, राजनैतिक, नैतिक आदि मूल्यको उपेक्षा भइरहेको सन्दर्भमा समाजको महत्त्वपूर्ण तर उपेक्षित वर्ग (नारी) लाई अगाडि ल्याएर नारीवादी समालोचनाको सैद्धान्तिक समस्याको समाधान गर्ने काम गरेको छ ।

**तेस्रो परिच्छेद**

# गोपीकृष्ण शर्माको समालोचना यात्रा

## ३.१ परिचय

गोपीकृष्ण शर्माको समालोचना यात्रालाई नियालेर त्यसको चरणगत विभाजन गर्नु यसको मुख्य उद्देश्य हो । शर्माको समालोचना लेखनको प्रारम्भ वि.सं. २०२१ बाट प्रारम्भ भएर हालसम्म निरन्तर अगाडि बढिरहेको सन्दर्भमा करिब पाँच दशक लामो समालोचना लेखन यात्रालाई विभिन्न आधारमा वर्गीकरण गरी मुख्य दुई चरणमा प्रस्तुत गरिएको छ र ती दुवै चरणमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका लेखहरूलाई कालक्रमिक रूपमा व्यवस्थापन गरी प्रस्तुत गरिएको छ । खास गरी वस्तुपरक समालोचना प्रस्तुत हुनु पूर्वको चरण प्रथम चरण तथा वस्तुपरक समालोचना प्रस्तुत भएपछि दोस्रो चरण गरी वि.सं. २०४० सम्मलाई प्रथम र २०४१ देखि हालसम्मलाई द्वितीय चरणमा राखी अध्ययन गरिएको छ ।

### ३.१.१ गोपीकृष्ण शर्माको व्यक्तित्वगत चिनारी

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माण स्वयंमा निहित गुण, सृजनशीलता अनि सामाजिक कार्यका उच्चताले निर्धारण गर्दछ । व्यक्तिमा अन्तरनिहित गुणले आन्तरिक व्यक्तित्वको निर्माण गर्दछ भने सृजनशीलता र सामाजिक कार्यले बाह्य व्यक्तित्वको निर्माण गर्दछ । गोपीकृष्ण शर्माको सृजनशीलताभित्रै देखिने समालोचकीय व्यक्तित्व चाहिँ यहाँ प्रमुख सन्दर्भ रहन गए तापनि उनको सृजनशीलतामा देखिने विविध व्यक्तित्वलाई संक्षेपमा प्रस्तुत गर्नु उपयुक्त ठानी उनको सृजनशीलतालाई विविध रूपबाट यहाँ देखाउने काम गरिन्छ ।

#### ३.१.१.१ स्रष्टा व्यक्तित्व

गोपीकृष्ण शर्मा वि.सं. १९९७ माघ ८ गते पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. १० गैरागाउँमा जन्मेका हुन् । पिता रुद्रनाथ तथा माता नन्द कुमारीका ज्येष्ठ सुपुत्र शर्माका एक दिदी एक बहिनी तथा दुई भाइहरू रहेका छन् । पिता रुद्रनाथ संस्कृत पाठशालाका गुरु भएकाले शर्मालाई बाल्यकालदेखि नै संस्कृत शिक्षा पढ्ने अवसर प्राप्त भयो । फलतः उनले वि.सं. २०१३ मा बनारसबाट लिइएको

पूर्वमध्यमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । यसपछि पनि उनको शिक्षाले निरन्तरता पाइरह्यो र उनले भारतकै सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट नव्यव्याकरणाचार्य पनि प्रथम श्रेणीमा उत्तीर्ण गरी स्वर्ण पदक प्राप्त गरे । शर्माले अध्ययन कार्यलाई निरन्तरता दिँदै अध्यापनको कार्य पनि गरे । यस क्रममा वि.सं. २०२८ मा त्रि.वि. बाट नेपाली विषयमा स्नातकोत्तर परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । यसरी उनको औपचारिक शिक्षा संस्कृतमा आचार्यसम्म तथा नेपालीमा स्नातकोत्तरसम्म रहेको देखिन्छ । अध्ययन कार्यलाई पुरा नगरीकन अध्यापन पेसा प्रारम्भ गरेका शर्माले विद्यालय तथा विभिन्न कलेज र विश्वविद्यालयमा उच्च शिक्षासम्म अध्यापन गरेको देखिन्छ । अध्ययन अध्यापनदेखि बाहेक साहित्य सिर्जना र समालोचना लेखन पनि शर्माको व्यक्तिगत परिचयसँग जोडिएको विषय हो । यसर्थ शर्माको सृजनशीलताभित्रका विभिन्न रूपहरूलाई तल चिनाउने काम गरिन्छ ।

### (क) निबन्धकार व्यक्तित्व

गोपीकृष्ण शर्माको सृजनशीलतामा परेको एक विधा निबन्ध हो । उनको निबन्धात्मक प्रथम कृति 'नेपाली निबन्ध परिचय' (२०४०) हो । उनको प्रस्तुत कृतिमा निबन्धको सैद्धान्तिक स्वरूप तथा केही मौलिक निबन्धहरू दुवै समावेश रहेको छ । यस सङ्ग्रहभित्रका उनका निबन्धहरू विद्यालय तथा विश्वविद्यालय स्तरका विद्यार्थीहरूका लागि उपयोगी रहेका छन् । यसैगरी उनको अर्को निबन्धात्मक कृति 'सरल निबन्ध परिचय' (२०४८) पनि प्रकाशित रहेको छ । निबन्धकार शर्मा आत्मपरक किसिमका नभई वस्तुपरक निबन्धको रचना गर्दछन् । अभिव्यक्तिका आधारमा हेर्दा उनका निबन्धहरू विवरणात्मक, वर्णनात्मक र विचारात्मक प्रकृतिका देखिन्छन् । थोरैमा धेरै व्यक्त गर्न सक्षम उनका निबन्धहरू सारगर्भित र पाठकप्रिय किसिमका रहेका हुन्छन् । यसले उनमा रहेको एक सफल निबन्धकार व्यक्तित्वको परिचय दिन्छ ।

### (ख) कवि व्यक्तित्व

गोपीकृष्ण शर्मा वि.सं. २०१४ मा बनारसबाट प्रकाशित हुने 'छात्रदूत' नामक पत्रिकामा 'नेपालको चहलपहल' शीर्षकको कविता प्रकाशित गरी पहिलो पटक नेपाली साहित्याकाशमा देखा परेका हुन् । यसपछि उनका केही फुटकर कविताहरू 'जुनेली' नवकविता जस्ता पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् ।

शर्मा साहित्यका क्षेत्रमा सर्वप्रथम कविता विधाबाटै चिनिए पनि पछि उनको लेखन सिर्जनाभन्दा समालोचनाको क्षेत्रमा प्रवृत्त भएको देखिन्छ । फाट्टफुट्ट विभिन्न पत्रिकामा फुटकर कविता लेखे बाहेक उनले कविताकै पुस्तकाकार कृति चाहिँ वि.सं. २०६८ मा 'स्मृतिबिम्ब' (कविता सङ्ग्रह) प्रकाशित गरेका देखिन्छन् । शर्माका कविताहरू गद्यभन्दा पद्य लयमा संरचना भएका देखिन्छन् । फुटकर कविता र केही लामा कविता पनि रचना गर्ने शर्माका कविताहरू बौद्धिक पाठकका लागि प्रिय लाग्ने किसिमका देखिन्छन् ।

**(ग) बालकथाकार व्यक्तित्व**

गोपीकृष्ण शर्माले विविध बालकथाहरू लेखेर बालहितका लागि ठुलो योगदान गरेका छन् । उनका बालकथाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । यसैगरी उनका बालकथासँगै सम्बन्धित पुस्तकाकार कृति 'पौराणिक बालकथा' (२०४४) रहेको छ । यो कथा सङ्ग्रह शर्माले श्रीमद्भागवत् महापुराण, महाभारत तथा रामायण जस्ता धार्मिक ग्रन्थलाई उपजीव्य बनाई आफ्नो मौलिकता समेत प्रस्तुत गरी सरल भाषाशैलीमा लेखिएको बालकथा सङ्ग्रह हो । यस सङ्ग्रहका कथाहरू पढेपछि बालबालिकाहरूमा साहसको बृद्धि गरी अनुशासनमा रहेर काम गर्ने बानी र निर्भीक भई हिँड्ने क्षमताको विकास हुन गई सत्यको विजय र असत्यको पराजय हुने जस्ता कुराको सकारात्मक सन्देश सम्प्रेषण हुने गर्छ । यसर्थ गोपीकृष्ण शर्मालाई एक बालकथाकार व्यक्तित्वका रूपमा चिनाउनु पनि उपयुक्त देखिन्छ ।

**३.१.१.२ द्रष्टा व्यक्ति**

गोपीकृष्ण शर्मा प्रारम्भमा कविता विधाबाट साहित्यमा प्रवेश गरेका भए पनि उनको सर्वाधिक लोकप्रिय र सफल भएको विधा भने समालोचना नै हो । उनका समालोचनाहरूले ऐतिहासिक परिप्रेक्ष्यण्लाई केलाउँदै सम्बन्धित विषयको जानकारी राम्रोसँग गराउने प्रयास गरेको हुन्छ । 'नेपाली निबन्ध परिचय' (२०४०) उनको पहिलो समालोचनात्मक पुस्तक हो भने 'नाटक साहित्य' (२०२१) उनको प्रथम फुटकर समालोचना लेख हो । 'नेपाली निबन्ध परिचय' पुस्तकमा प्रस्तुत निबन्धको परिचय र स्वरूपले उनलाई सैद्धान्तिक समालोचनातर्फ डोऱ्याएको देखिन्छ भने उनको 'अवलोकन र विवेचना' (२०४४) कृतिमा प्रस्तुत

समालोचनाहरू हेर्दा उनी व्यावहारिक समालोचक व्यक्तित्वका रूपमा देखिन्छन् । उनको समालोचना लेखनकै सबभन्दा महत्त्वपूर्ण र गहकिलो पुस्तक भने 'संस्कृत साहित्यको रूपरेखा' (२०५३) हो । प्रस्तुत पुस्तकले शर्मालाई नेपाली समालोचनाका क्षेत्रमा निकै उचाइ प्रदान गरेको छ । उनका समालोचनाहरू प्रारम्भमा प्रभावपरक किसिमका देखिएका छन् भने पछि गएर वस्तुपरक र बहुलवादी चिन्तनका आधारमा प्रस्तुत भएका देखिन्छन् । उनको समालोचना पूर्वीय समीक्षा पद्धतिबाट बढी प्रभावित रहेको देखिन्छ । उनले प्रस्तुत गरेका समालोचनाहरूमा कृति र कृतिकारको गुणपक्षलाई बढी महत्त्व दिएर प्रस्तुत गरेको देखिन्छ । सम्बन्धित विषयको यथार्थ निरूपण, भाषिक सरलता र मिठास अनि तर्कलाई संयोजित रूपमा प्रस्तुत गर्ने प्रवृत्ति उनका समालोचनामा पाइन्छ । उनका समालोचनाहरू कृतिकेन्द्री, प्रवृत्तिकेन्द्री र सिद्धान्त सापेक्ष देखिन्छन् भने उनको समालोचना शैली वर्णनात्मक र विश्लेषणात्मक किसिमको देखिन्छ । मोटामोटी रूपमा उनले हालसम्म तिन पुस्तकाकार कृति र १७० भन्दा बढी फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गराएबाट उनी एक सफल समालोचक व्यक्तित्व हुन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ३.१.१.३ अन्य व्यक्तित्व

गोपीकृष्ण शर्मा नेपाली साहित्यका सृजनशील तथा साधक व्यक्तित्व हुनाका साथै साहित्यसेवी व्यक्तित्व पनि हुन् । समालोचना, निबन्ध, बालकथा लगायत कविताका स्रष्टा शर्मा आफ्नो रचनाकारिताले मात्र नेपाली साहित्यको सेवा गर्ने व्यक्तित्व नभई साहित्यका सृजनशील प्रतिभाहरूलाई प्रकाशनमा ल्याउन विभिन्न पत्रपत्रिका तथा पुस्तकको सम्पादन गर्ने व्यक्तित्व हुन् । यस्ता कार्य गरेर उनले आफ्नो सम्पादक व्यक्तित्वको परिचय दिएका छन् । शर्माले वि.सं. २०२४ मा पाल्पा क्याम्पसमा अध्यापन गर्दा क्याम्पसको मुखपत्र 'आलोक' पत्रिकाको सम्पादन गरेका हुन् । वि.सं. २०३६ सालदेखि २०४१ सम्म 'पाठ्यक्रम विकास' त्रैमासिक पत्रिकाको पनि उनले सम्पादन गरेका हुन् । यसैगरी २०४५ सालमा उनले झपटबहादुर राणाका कविताहरूको दोस्रो सङ्ग्रहको सम्पादन गरी यसबाट झपट पुरस्कार (२०४५) पनि प्राप्त गरेका हुन् । वि.सं. २०४० मा नेपाल राजकीय प्रज्ञान प्रतिष्ठानबाट प्रकाशित 'बृहत् नेपाली शब्दकोश' को सहसम्पादन पनि शर्माबाट

भएको देखिन्छ । यसैगरी 'नेपाली निबन्ध भाग २', 'नेपाली एकाङ्की भाग १, २, ३' को पनि शर्माले सहसम्पादन गरेका छन् । यी सबै कार्य हेर्दा गोपीकृष्ण शर्माको व्यक्तित्वगत चिनारीका क्रममा उनी एक साहित्यसेवी व्यक्तित्व अर्थात् सम्पादक व्यक्तित्व पनि हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

## ३.२ नेपाली समालोचनाको विकासमा गोपीकृष्ण शर्माको आगमन

विश्व साहित्यकै इतिहासलाई नियालेर हेर्दा साहित्यका अन्य विधाहरूको तुलनामा समालोचनाको विकास धेरै पछि मात्र भएको देखिन्छ । नेपाली साहित्यको इतिहासमा पनि समालोचनाको थालनी मोतीराम भट्टद्वारा लिखित 'कवि भानुभक्त आचार्यको जीवनचरित्र' नामक पुस्तकबाट भएको हो (श्रेष्ठ र शर्मा, २०४९ : १६६) । भट्टको यो मूलतः जीवनीपरक कृति हो तापनि यसमा आलोच्य कवि र काव्यको विवेचना पनि गरिएकाले प्रभाववादी आलोचनाका केही टड्कारा झिल्काहरू देखा पर्दछन् (पृ. १६९) । यसरी मोतीराम भट्टले सुरु गरेको समालोचना पद्धतिलाई अगाडि बढाउने काम शम्भुप्रसाद ढुङ्ग्याल, सूर्यविक्रम ज्ञवाली, नरदेव पाण्डे आदिले गरेका हुन् । यसरी क्रमशः अगाडि बढिरहेको नेपाली समालोचनामा रामकृष्ण शर्मा, बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, रत्नध्वज जोशी आदि समालोचकहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

वि.सं. २००७ को राजनैतिक परिवर्तनपछि नेपाली साहित्यमा पनि यसको गहिरो प्रभाव पर्दै गयो । साहित्यका अन्य विधाहरूमा जस्तै समालोचनाका क्षेत्रमा पनि यस क्रान्तिले व्यापकता ल्याउने काम गऱ्यो । विभिन्न दर्शन चिन्तन तथा शैलीहरूले नेपाली समालोचनालाई प्रभाव पार्दै गएको देखिन्छ । ऐतिहासिक समालोचना, प्रगतिवादी समालोचना, व्याख्यात्मक समालोचना, मनोवैज्ञानिक समालोचना, शैलीवैज्ञानिक समालोचनाका साथै कतिपय लक्षण ग्रन्थहरूको प्रतिपादन गर्ने काम पनि यस पछि भएको देखिन्छ (अधिकारी, २०५१ : ८) ।

वि.सं. २००७ देखि २०१९ सम्म नेपाली समालोचनाका क्षेत्रमा बालचन्द्र शर्मा, ईश्वर बराल, चूडानाथ भट्टराय, कृष्णचन्द्रसिंह प्रधान, डिल्लीराम तिम्सिना, कमल दीक्षित, यज्ञराज सत्याल, श्यामप्रसाद शर्मा, धनुषचन्द्र गौतम, आनन्ददेव भट्ट आदि समालोचकहरूले प्रशस्त कलम चलाए र नेपाली समालोचनालाई निकै समृद्ध

तुल्याए । वि.सं. २०२० पछि नेपाली साहित्यमा नयाँनयाँ प्रयोगहरू हुँदै गए र समालोचनाका क्षेत्रमा पनि यस्तै नवीनताहरू देखा परे । यस समयमा इन्द्रबहादुर राई, शरदचन्द्र शर्मा, बालकृष्ण पोखरेल, केशवप्रसाद उपाध्याय, तारानाथ शर्मा, वासुदेव त्रिपाठी, मोहनराज शर्मा, ठाकुरप्रसाद पराजुली, घनश्याम कँडेल, राजेन्द्र सुवेदी जस्ता प्रखर समालोचकहरूले नेपाली समालोचनालाई गति प्रदान गर्दै अगाडि बढाए । यी बाहेक समालोचनाका क्षेत्रमा अन्य धेरै समालोचकहरू अघि बढेका देखिन्छन् । यही लहरमा आफ्ना समालोचनात्मक फुटकर लेखहरू सहित वि.सं. २०२१ पछि समालोचक गोपीकृष्ण शर्मा पनि देखा परेका हुन् र २०४० पछि अझ सशक्त रूपमा समालोचनाका क्षेत्रमा लागि परेका देखिन्छन् ।

## ३.३ गोपीकृष्ण शर्माको समालोचना यात्रा

कुनै पनि सर्जक समालोचकहरूका प्रवृत्तिको निर्क्योल गर्नका लागि उसको साहित्यिक यात्रामा देखिने मोडहरूलाई नियाल्नु पर्ने हुन्छ । यस्ता मोडहरू आउनुमा समय, परिस्थिति, सामाजिक अवस्था, राजनैतिक अवस्था, उमेरको परिपक्वता र अध्ययनको गहनता जस्ता कारणहरूले ठुलो प्रभाव पारेका हुन्छन् । कुनै पनि साहित्यकारको साहित्यिक यात्रालाई विभाजन गर्न जुन आधार लिइएको हुन्छ त्यही आधारले नै उसको समालोचना यात्रालाई पनि विभाजन गर्न सकिन्छ । खासगरी स्रष्टाका साहित्य लेखनका इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाहरूका परिमाण र गुणस्तर तथा साहित्यिक धारागत प्रवृत्तिहरूको अन्तर्विकासको आधार लिएर उसको साहित्यिक समालोचनात्मक यात्राको चरण विभाजन गरिएको देखिन्छ ।

गोपीकृष्ण शर्माको समालोचना यात्राको चरण विभाजन गर्ने क्रममा उनको पहिलो समालोचनात्मक लेख वि.सं. २०२१ मा 'आलोक' नामक पत्रिकामा 'नाटक साहित्य' शीर्षकमा प्रकाशित भएको हो । उनको वि.सं. २०२१ देखि हाल (२०६८) सम्मको करिब पाँचदशक लामो समालोचना यात्रामा विभिन्न मोड र प्रवृत्तिहरू देखिएकाले त्यसैलाई आधार बनाउँदै उनको समग्र समालोचना यात्रालाई दुई चरणमा विभाजन गर्नु उपयुक्त मानेर वि.सं. २०४० पूर्वलाई प्रथम चरण तथा वि.सं. २०४० पछिलाई द्वितीय चरणमा राखिएको छ र सोही आधारमा अध्ययन गरिएको छ :

(१) प्रथम चरण : वि.सं. २०२१ - २०४० र

(२) द्वितीय चरण : वि.सं. २०४१ - हालसम्म ।

### ३.३.१ प्रथम चरण

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरण वि.सं. २०२१ देखि वि.सं. २०४० सम्म करिब दुई दशक लामो रहेको छ । 'नाटक साहित्य' (२०२१) शीर्षकको फुटकर लेख नै उनको हालसम्म प्राप्त सूचना अनुसार पहिलो लेख रहेको छ । प्रस्तुत लेख पाल्पा बहुमुखी क्याम्पसको मुखपत्र 'आलोक' मा प्रकाशित भएको थियो । यसै लेखको प्रकाशनबाट प्रारम्भ भएर वि.सं. २०४० मा 'नेपाली निबन्ध परिचय' पुस्तकाकार कृति प्रकाशनसम्मको समयावधिलाई उनको समालोचना यात्राको प्रथम चरण मानिएको छ । उनको समालोचना यात्राको प्रथम चरणमा १ पुस्तकाकार कृति 'नेपाली निबन्ध परिचय' (२०४०) र करिब १५ ओटा फुटकर लेख विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । ती फुटकर लेखहरूलाई निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

| सि.नं. | शीर्षक | साल | प्रकाशित पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | विधा |
|---|---|---|---|---|---|---|---|
| १. | नाटक साहित्य | २०२१ | आलोक | - | - | - | नाटक |
| २. | गंगालालको चिता एक अध्ययन | २०२५ | आलोक | - | - | - | नाटक |
| ३. | फूलवारी एक अनुशीलन | २०२६ चैत्र | मधुपर्क | - | - | - | कविता |
| ४. | नेपाली कविता आधुनिक र अत्याधुनिक सन्दर्भमा | २०२९ वैशाख | श्रीनगर | - | - | - | कविता |
| ५. | मुलुकबाहिर घुम्दाघुम्दै | २०३० श्रावण | श्रीनगर | - | - | - | उपन्यास |
| ६. | एक चिहान खोतल्नपुग्दा | २०३० | श्रीनगर (पाल्पा) | - | - | - | उपन्यास |
| ७. | पल्लो घरको झ्याल एक विवेचना | २०३३ भाद्र | रूपरेखा | - | - | १८४ | उपन्यास |
| ८. | तेस्रो आयाम र नेपाली साहित्य | २०३४ | हाम्रो पुरुषार्थ | ५ | ६ | - | साहित्य |
| ९. | पूर्वीय काव्य लाक्षणिक सन्दर्भ | २०३५ | अरुणोदय | १५ | (१-२) | - | सिद्धान्त (कविता/काव्य) |
| १०. | तरङ्ग एक समीक्षा | २०३५ | श्रीनगर | ७ | - | २० | कविता |
| ११. | अनुराधा उपन्यास विवेचनात्मक अध्ययन | २०३५ | सङ्कलन | - | - | - | उपन्यास |
| १२. | जीउँदो लास नाटक विभिन्न पक्षीय अध्ययन | २०३७ | वाङ्मय | १ | १ | - | नाटक |
| १३. | आधुनिक नेपाली उपन्यास प्रमुख मोड र तिनका प्रवृत्ति | २०३८ | अरुणोदय | १८ | १ | - | उपन्यास |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | लङ्गडाको साथी यथार्थवादी प्रयोग | २०४० | मुस्कान | - | - | - | उपन्यास |
| १५. | नेपाली भाषा र साहित्यका चिर साधक उत्तम कुँवर | २०४० | रूपरेखा | २५ | १ | - | जीवनी |

समालोचक शर्माको समालोचना यात्राको प्रथम चरण करिब दुई दशक लामो रहेको छ । समयका हिसाबले दुई दशक लामो रहे पनि लेखनका हिसाबले गुणात्मक र परिमाणात्मक दुवैमा सामान्य र आभ्यासिक रहेको प्रतीत हुन्छ । समालोचना सिद्धान्तका आधारमा यस चरणमा उनका समालोचनाहरू सैद्धान्तिक र व्यावहारिक दुवै प्रकृतिका छन् । व्यावहारिक समालोचनाहरू पनि विभिन्न विषयकेन्द्री रहेका छन् । उनका यस प्रथम चरणमा सैद्धान्तिक समालोचना तीनवटा रहेका छन् भने अन्य लेखहरू व्यावहारिक समालोचनाहरू नै हुन् । व्यावहारिक समालोचनामा पनि उपन्यासकेन्द्री नाटककेन्द्री र कविताकेन्द्री रहेका छन् । सबैभन्दा बढी उपन्यास विधामा उनले यस चरणमा समालोचना प्रस्तुत गरेका छन् । उनका यस चरणका समालोचनाहरू सिद्धान्तका सापेक्षतामा रहेर प्रस्तुत भएका अनि कतिपय समालोचनाहरू कृतिभित्रको अध्ययन गरी प्रस्तुत भएकाले उनका प्रथम चरणका प्रायः समालोचनाहरू वस्तुपरक र यथार्थवादी नभएर प्रभावपरक किसिमका रहेका र सतही किसिमका देखिन्छन् ।

समालोचक शर्माको समालोचना यात्राको यो प्रथम चरणमा पाश्चात्य समालोचनाको प्रभाव खासै देखिँदैन । यद्यपि उनले पाश्चात्य साहित्यको अध्ययनमा भने सक्रियता देखाएको पाइन्छ । पाश्चात्य समालोचनालाई व्यावहारिक रूपमा प्रयोग गर्न भने उनले यो पहिलो चरणमा प्रयत्न नगरेको देखिन्छ । उनले पहिलो चरणको अन्त्यतिर प्रस्तुत गरेका समालोचनाहरूमा भने पाश्चात्य विद्वान्हरूले साहित्यका विभिन्न विधा र क्षेत्रमा दिएका परिभाषाहरूलाई समावेश गरेका छन् । उनको 'नेपाली निबन्ध परिचय' (२०४०) सैद्धान्तिक समालोचना अन्तर्गतको कृति हो । यसमा उनले निबन्धको परिचय र स्वरूप प्रस्तुत गर्ने क्रममा पाश्चात्य र पूर्वीय (नेपाली समेत) विद्वान्हरूका परिभाषाहरू समेटेका छन् र उनीहरूकै मान्यताका सापेक्षतामा निबन्धलाई साहित्यको एक प्रमुख गद्य विधाका रूपमा परिचय दिएका छन् ।

यसरी समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरण समयका हिसाबले लामो रहे पनि लेखन र त्यसको गुणात्मकताका हिसाबले आभ्यासिक रहेको देखिन्छ । यति भएर पनि उनलाई समालोचनाका क्षेत्रमा स्थापित गराउन यस चरणले महत्त्वपूर्ण आधार प्रदान गरेको हुँदा प्रथम चरण र यस अवधिका उनका समालोचनाहरू पनि सबल पृष्ठभूमि निर्माणका दृष्टिले महत्त्वपूर्ण नै रहेका छन् ।

### ३.३.२ द्वितीय चरण

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरण वि.सं. २०४१ देखि प्रारम्भ भई हालसम्म अघि बढिरहेको देखिन्छ । उनको दोस्रो चरणको समालोचना यात्रा हेर्दा प्रथम चरणकै लेखनलाई निरन्तरता दिनाका साथै विभिन्न नवीन पद्धतिहरू पनि यसमा देखा पर्दै गएका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उर्वर रहेको उनको समालोचना यात्राको दोस्रो चरण झन्डै तीन दशक लामो रहेको देखिन्छ । यस क्रममा उनको समालोचना लेखनले विभिन्न समालोचना पद्धतिहरूलाई पछ्याएको देखिन्छ । यसैगरी विषयगत विविधता पनि उनका यस चरणका समालोचनामा देखिन्छ । पूर्वीय तथा पाश्चात्य दुवै समालोचना पद्धतिको गहन अध्ययन गरी आफ्ना गहकिला र वस्तुपरक समालोचनाहरूको प्रस्तुति शर्माले यस चरणमा गरेका छन् ।

वि.सं. २०४१ देखि प्रारम्भ भएको गोपीकृष्ण शर्माको समालोचनाको दोस्रो चरणलाई प्रारम्भ गर्ने समालोचनात्मक फुटकर लेख 'वाङ्मय' वर्ष ५ मा प्रकाशित 'एक पालुवा अनेकौँ याम उपन्यासको पात्रविधान' हो । यो दौलतविक्रम विष्टको उपन्यासमा रहेका पात्रहरूलाई आधुनिक शैलीवैज्ञानिक समालोचना पद्धतिबाट शर्माले विश्लेषण गरी प्रस्तुत गरेको लेख हो । पाश्चात्य परम्परामा विकसित हुँदै अघि बढेको शैलीवैज्ञानिक समालोचना नेपाली साहित्यमा समालोचक मोहनराज शर्माले सर्वप्रथम प्रयोग गरेका हुन् । उक्त शैलीवैज्ञानिक पद्धतिलाई प्रयोग गरी समालोचक गोपीकृष्ण शर्माले आफ्ना समालोचनामा सर्वप्रथम प्रयोग वि.सं. २०४१ मा गरेका हुनाले यही समयलाई केन्द्रविन्दु मानेर उनको समालोचना यात्रा २०४१ पछिलाई दोस्रो चरणका रूपमा छुट्याइएको छ । यस चरणमा उनले पाश्चात्य समालोचना पद्धतिलाई अवलम्बन गरी अन्य थुप्रै समालोचनाहरू प्रस्तुत गरेका छन् ।

शर्माले आफ्नो समालोचना यात्राको दोस्रो चरणमा समालोचनाका दुई पुस्तकाकार कृति पनि प्रकाशित गरेका छन् । 'अवलोकन र विवेचना' (२०४४) उनको समालोचना यात्राको दोस्रो चरणमा प्रकाशित प्रथम पुस्तकाकार कृति हो भने 'संस्कृत साहित्यको रूपरेखा' (२०५३) दोस्रो पुस्तकाकार कृति हो । यी मध्ये पहिलो कृति उनका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका र केही नभएका फुटकर समालोचनाहरूको सङ्ग्रह हो भने दोस्रो कृति चाहिँ उनको गहन अध्ययन र चिन्तन पछि लेखिएको पुस्तक हो । यस कृतिले समालोचक शर्मालाई खास उचाइ प्रदान गरेको हो । साहित्येतिहासपरक समालोचना एकातिर यसमा प्रस्तुत भएको छ भने अर्कातिर विभिन्न कृति र प्रवृत्ति केन्द्री समालोचनाको पनि प्रयोग यसै कृतिमा पाइन्छ । यसरी विभिन्न समालोचनाहरूको प्रयोग गरेर लेखिएको उक्त कृतिको गुणवत् मूल्य पनि राम्रो रहेको छ । शर्माका यी दुई पुस्तकाकार कृतिदेखि बाहेक विभिन्न पत्रपत्रिका, पुस्तक, भूमिका आदिमा प्रस्तुत भएका फुटकर समालोचनाको सङ्ख्या करिब १५९ जति देखिन्छ । सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिकोणमा यो दोस्रो चरण महत्त्वपूर्ण तथा उर्वर रहेको देखिन्छ । समय अवधिकै हिसाबले हेर्दा पनि करिब तीन दशक जति लामो उनको यो चरण महत्त्वपूर्ण, परिपक्व र अनुसन्धानमूलक रहेको छ भन्न सकिन्छ ।

समालोचक गोपीकृष्ण शर्माका वि.सं. २०४१ पछिका फुटकर समालोचना लेखहरूलाई निम्न अनुसार कालक्रमिक रूपमा व्यवस्थापन गरिन्छ ।

| सि.नं. | शीर्षक | प्रकाशित पत्रिका | साल | वर्ष | अङ्क | पूर्णाङ्क | विधा |
|---|---|---|---|---|---|---|---|
| १. | एक पालुवा अनेकौं याम उपन्यासको पात्रविधान | वाङ्मय | २०४१ | ५ | ५ | ५ | उपन्यास |
| २. | तीन घुम्ती तीन निर्णय | मुस्कान (त्रैमासिक) | २०४१ | - | ११ | - | उपान्यस |
| ३. | खण्डकाव्यकार युद्धप्रसाद मिश्र | शृङ्खला (कवि मिश्र विशेषाङ्क) | २०४१ | ७ | - | १३ | कविता |
| ४. | बसाइँको सामाजिक पक्ष | चिप्लेटी | २०४३ | १ | १ | - | उपन्यास |
| ५. | अभिव्यञ्जनावाद र विसङ्गतिवाद अत्याधुनिक नाटकका सन्दर्भमा | गरिमा | २०४३ | - | - | ४४ | सिद्धान्त (नाटक) |
| ६. | माध्यमिक नेपाली व्याकरण र रचना अनुचित प्रयास अवाञ्छित कार्य | साङ्ग्रिला | २०४३ | ५ | - | १६ | भाषा |
| ७. | वैकुण्ठ एक्सप्रेसको वस्तुसंयोजन | गरिमा | २०४४ | - | - | ५० | नाटक |
| ८. | नाटककार भीमनिधि तिवारी | चिप्लेटी | २०४४ | २ | ३ | - | नाटक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | कुञ्जिनी खण्डकाव्यमा विषयवस्तु | दायित्व | २०४५ | २ | ५ | - | कविता |
| १०. | सहनशीला सुशीलाको रङ्गमञ्च विधान | गरिमा | २०४५ | ६ | ५ | ६५ | नाटक |
| ११. | रम्भापानी खण्डकाव्य | दायित्व | २०४६ | ३ | ७ | - | कविता |
| १२. | कवि पराजुलीका गीत र मुक्तकहरू | कवि कृष्णप्रसाद परा आस्थाका आयाम | २०४६ | - | - | १५ | कविता |
| १३. | कवि चेतबहादुर कुँवर र काव्यसाधना | कुँवर चेतना कविताका तीन सङ्गालाहरू | २०४६ | - | - | - | जीवनी |
| १४. | सचेतका धुनहरू हेर्दा | कविता सङ्ग्रह | २०४७ | - | - | - | कविता |
| १५. | नेपाली साहित्यको विकासमा साँ-ग्रिलाको योगदान | साँ-ग्रिला | २०४७ | - | - | - | लेख |
| १६. | भूपिको कवित्वमा लयसंयोजन | स्मृतिग्रन्थ | २०४७ | - | - | - | कविता |
| १७. | बालकथामा पौराणिक आख्यानको भूमिका | बालसाहित्य | २०४८ | - | - | - | बालसाहित्य |
| १८. | धर्तीको सुसेली नियाल्दा | दायित्व | २०४८ | - | १५ | - | कविता |
| १९. | कृष्णप्रसाद पराजुलीको गीतिकारिता | छिन्नलता गीत पुरस्कार समारोहमा प्रस्तुत | २०४९ | - | - | - | गीत/ कविता |
| २०. | कथाको नौलो संयोजन सुभद्रा बज्यै | उन्नयन | २०४९ | - | १० | - | कथा (लघु उपन्यास) |
| २१. | पाल्पामा शैक्षिक तथा साहित्यिक जागरण | पाल्पा दर्पण | २०४९ | ३ | - | - | लेख |
| २२. | विजय मल्लको नाटक 'जिउँदो लास' | रश्मि (वाङ्मय विशेषाङ्क) | २०४९ | - | - | - | नाटक |
| २३. | दायित्व र यसका कथाहरू | दायित्व | २०४९ | ६ | - | १७ | कथा |
| २४. | नेपाली गद्य कविताको भाषा | प्रज्ञा | २०५० | २२ | - | ७८ | कविता |
| २५. | खै खै का पिंडाली | उन्नयन | २०५० | - | १३ | - | निबन्ध |
| २६. | नरेन्द्र दाइ परिवेश र चरित्रको संयोजन | सञ्चिता | २०५० | १ | १ | - | उपन्यास |
| २७. | आज सूर्य विरामी छ प्रति एक दृष्टि | | २०५० | - | - | - | कविता |
| २८. | पूर्व एक नम्बर अनुकरणीय प्रकाशन | काभ्रेली | २०५० | - | - | - | लेख/गद्य |
| २९. | हलेसी खण्डकाव्य सरसर्ती हेर्दा | रत्नश्री | २०५० | ३१ | ४ | १६० | कविता |
| ३०. | पहाड र खोलामाथि नियाल्दा | दायित्व | २०५० | ७ | २१ | - | गद्य/पुस्तक |
| ३१. | पागल वस्ती वस्तु र शिल्पको नयाँ प्रयोग | गरिमा | २०५१ | १८ | ५ | १३७ | उपन्यास |
| ३२. | समसामयिक नेपाली कविताका प्रवृत्तिहरू | सुनकोसी सङ्ग्रह | २०५१ | - | - | - | सिद्धान्त कविता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३. | जीवन र दर्शनको सङ्गम जीवनस्मृति | जीवनस्मृति | २०५१ | - | - | - | ? |
| ३४. | यात्री कविताको भावभूमि | सनराइज स्मारिका | २०५२ | - | - | - | कविता |
| ३५. | नवरत्न कथ्य र प्रस्तुति | भारती खरेल सृजना र समीक्षा | २०५२ | - | - | - | गद्य/लेख |
| ३६. | गौचरनदेखि गौपूजासम्मको परिक्रमा गर्दा | भूमिका | २०५२ | - | - | - | भूमिका/ गद्य |
| ३७. | टीका : देशभक्तिपूर्ण एकाङ्की | रजनी | २०५२ | १ | १ | १ | नाटक |
| ३८. | पाल्पाका केही साहित्यकार र उनका प्रवृत्तिहरू | पाल्पादर्पण | २०५३ | - | ४ | - | लेख/गद्य |
| ३९. | कवि व्यथित र काव्य साधना | उन्नयन | २०५३ | - | २० | - | जीवनी |
| ४०. | चन्द्रप्रकाश न्यौपानेका दुई खण्डकाव्य | जनमत | २०५३ | १३ | ५३ | - | कविता |
| ४१. | कविता र यसका तत्त्वहरू | नवमञ्जरी | २०५३ | १ | १ | - | कविता |
| ४२. | केही नयाँ कृति संक्षिप्त समीक्षा | सुनकोसी सङ्ग्रह | २०५३ | - | - | - | गद्य/ समालोचना |
| ४३. | आलोचना र आलोचक | गोधूलि | २०५३ | - | - | ७ | समालोचना |
| ४४. | सङ्कल्प जीउँदो रहने छ शिल्प र कथ्य | समकालीन साहित्य | २०५३ | - | ४ | २४ | उपन्यास |
| ४५. | प्रत्यागमन खण्डकाव्यको नौलो प्रयोग | अभिव्यक्ति | २०५३ | - | - | - | कविता |
| ४६. | रणदुल्लभ कविता नाटक | पुष्पाञ्जली | २०५३ | - | २ | - | नाटक |
| ४७. | काशीबहादुर श्रेष्ठका दुई उपन्यास | स्मृतिग्रन्थ | २०५३ | - | - | - | उपन्यास |
| ४८. | गंगा प्रवास संक्षिप्त चर्चा | कुञ्जिनी | २०५३ | ४ | २ | - | कविता/ कथा |
| ४९. | प्रगति साहित्यिक पत्रिका र नारायण बाँस्कोटा | उदय | २०५४ | ६० | २ | - | जीवनी |
| ५०. | गत पच्चीस वर्षको नेपाली साहित्यको उपलब्धि | राष्ट्रभाषा | २०५४ | ७ | - | - | गद्य/ समालोचना |
| ५१. | समसामयिक नेपाली कविता अपेक्षा र प्राप्ति | जनमत | २०५४ | १४ | १२ | - | कविता |
| ५२. | भीमनिधि तिवारीको नाट्यकारिता | तिवारी साहित्य समिति | २०५४ | - | - | - | जीवनी/ नाटक |
| ५३. | कायाकल्पबारे मन्तव्य | | २०५४ | - | - | - | नाटक |
| ५४. | उपन्यासकार रुद्रराज पाण्डे र उनका प्रवृत्ति | सृष्टि र दृष्टि | २०५४ | - | - | - | जीवनी |
| ५५. | सिन्धुपाल्चोक जिल्लाको जीवन्त चित्र | सिन्धुमिलन | २०५४ | - | - | - | लेख |
| ५६. | लक्ष्यहीन एकाङ्की वस्तु र प्रस्तुति | कुञ्जिनी | २०५४ | ५ | ३ | - | नाटक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५७. | प्राथमिक कालीन नेपाली कविता र तिनका प्रवृत्ति | पुष्पाञ्जली | २०५४ | - | ३ | - | कविता |
| ५८. | ऋद्धिबहादुर मल्ल र नाट्रिङ्यामको कुम्भे | उन्नयन | २०५४ | - | २५ | - | जीवनी |
| ५९. | समसामयिक नेपाली कवितामा कथ्य र शिल्प | मधुपर्क | २०५५ | - | - | - | कविता |
| ६०. | पासाङल्हामु महाकाव्यको वस्तु संयोजन | जनमत | २०५५ | १५ | ११-१२ | - | कविता |
| ६१. | अन्तरध्वनि कविता सङ्ग्रहबारे | | २०५५ | - | - | - | भूमिका |
| ६२. | हाम्रो पुरुषार्थ गुल्मी परिचयाङ्क | हाम्रो पुरुषार्थ | २०५५ | २५ | २ | ३६ | समीक्षा |
| ६३. | कविता परम्परा र वर्तमान | कुञ्जिनी | २०५५ | ६ | ४ | - | कविता |
| ६४. | वर्तमान कटुयथार्थ र नयाँ सन्देश | श्रमिती तारादेवी पौडेल | २०५५ | - | - | - | भूमिका |
| ६५. | आधुनिक नेपाली समालोचना शिक्षण | वाङ्मय | २०५६ | ९ | ९ | ९ | समालोचना |
| ६६. | धुस्वाँ सांयमि र शब्दोका आकाश | जनमत | २०५६ | १७ | ३ | - | हिन्दी काव्य |
| ६७. | काव्यगुण र काव्यदोष सैद्धान्तिक चर्चा | गवेषण | २०५६ | १ | १ | - | सिद्धान्त |
| ६८. | भुपेन्द्र जङ्ग के.सी. बिर्सन नहुने प्रतिभा | पाल्पादर्पण | २०५६ | १७ | ५ | - | जीवनी |
| ६९. | कृति विवेचना : एक दृष्टि | सुनकोसी साहित्य प्रतिष्ठान | २०५६ | - | - | - | समीक्षा |
| ७०. | कमला देवकोटा र उनको शोककाव्य (कृष्णचन्द्र) | | २०५६ | - | - | - | काव्य/ भूमिका |
| ७१. | दुई कविका दुई महाकाव्य | सुनकोसी | २०५७ | - | ४ | - | कविता |
| ७२. | केही कथाकार र तिनका कथासङ्ग्रह | गोधूलि | २०५७ | - | - | - | कथा |
| ७३. | कविन्द्रमानसिंह र जीवन पथको घुम्तीबाट | प्रतिभा सामयिक सङ्कलन | २०५७ | - | २ | - | कथा |
| ७४. | अलङ्कार सिद्धान्त : काव्यको सौन्दर्य चिन्तन | कुञ्जिनी | २०५७ | ८ | ५ | - | सिद्धान्त |
| ७५. | भावभूतिको नाट्यकला | कुञ्जिनी | २०५८ | ९ | ६ | - | नाटक |
| ७६. | सम्झनाका तरेली एक साङ्गीतिक यात्रा | | २०५८ | - | - | - | भूमिका नियात्रा |
| ७७. | जय भ्रष्टाचार सामाजिक विकृतिको चिरफार | रमेश गौतम पाल्पाली | २०५८ | - | - | - | भूमिका निबन्ध |
| ७८. | नलदमयन्ती काव्यबारे | | २०५८ | - | - | - | भूमिका |
| ७९. | ध्रुवचन्द्र गौतम र भष्मासुरको नलीहाड | पुष्पाञ्जली | २०५८ | - | ७ | - | समीक्षा |
| ८०. | डा. टीकाराम पन्थी र घिड्किसो कथा सङ्ग्रह | डबली प्रेस बल्खु | २०५८ | - | - | - | कथा/ भूमिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८१. | सरुभक्त र विज्ञान नाटक इथर | पुष्पाञ्जली | २०५८ | - | - | - | नाटक |
| ८२. | भेटेका पुस्तक टिपेका कुराबारे | | २०५९ | - | - | - | भूमिका |
| ८३. | युगनायक महाकाव्य बारे | गोविन्दप्रसाद घिमिरे | २०५९ | - | - | - | भूमिका |
| ८४. | कवि माधवप्रसाद देवकोटा र उनको साहित्य साधना | गरिमा | २०५९ | २० | १२ | २४० | जीवनी |
| ८५. | जीवन र जगतको साँध उखान मिलेन | समालोचना सङ्ग्रह | २०६० | - | - | - | निबन्ध |
| ८६. | अश्वत्थामा गीतिनाटकमा मानवतावादी स्वर | कवि माधव घिमिरे अभिनन्दन ग्रन्थ | २०६० | - | - | - | समालोचना नाटक |
| ८७. | कुलमणि देवकोटा र उनको काव्यसाधना | स्मृतिग्रन्थ | २०६० | - | - | - | कविता |
| ८८. | निबन्धका सैद्धान्तिक स्वरूप | कुञ्जिनी | २०६० | ११ | ८ | - | निबन्ध |
| ८९. | पं. दधिराम मरासिनी र नेपाली भाषा श्लोक सङ्ग्रह | दधिराम मरासिनी स्मृति प्रतिष्ठान | २०६० | - | - | - | समीक्षा |
| ९०. | रमेश गौतम र एकमोहर कथा सङ्ग्रह | लुम्बिनी अफसेट कालिका स्थान | २०६० | - | - | - | कथा/ भूमिका |
| ९१. | नरेन्द्र दाइ उपन्यासको समाज मनोवैज्ञानिकता | पुष्पाञ्जली | २०६० | - | - | - | उपन्यास |
| ९२. | संचयिताको संरचना पक्ष | व्यथित सिन्धु प्रतिभा सम्मान कोश | २०६० | - | - | - | कविता |
| ९३. | भूभाषिकीमा पाइने भाषिक चर्चा | डा. विष्णुराज आत्रेय स्रष्टा र सृजनाका विविध आयाम | २०६१ | - | - | - | भाषा |
| ९४. | उत्तरवाहिनी गण्डकी र रानीघाट | पाल्पा दर्शन | २०६१ | - | - | - | स्थान परिचय |
| ९५. | छिन्नलताको गीतिकारिता | स्मृतिग्रन्थ | २०६१ | - | - | - | समालोचना कविता |
| ९६. | लक्ष्मीप्रसाद देवकोटाको तिप्लिङ्गी खण्डकाव्य | सुनकोसी | २०६१ | - | ५ | - | कविता |
| ९७. | युवराज शर्मा गौतम र तीर्थ पर्यटन | | २०६१ | - | - | - | भूमिका/ गद्य |
| ९८. | मेरा कथाहरूको कथाबारे | | २०६१ | - | - | - | संस्मरण भूमिका |
| ९९. | हरिहर प्रदीप र आस्था र आकाङ्क्षा | | २०६१ | - | - | - | कविता |
| १००. | अपाङ्ग कविता सङ्ग्रह | भूमिका | २०६१ | - | - | - | कविता/ भूमिका |
| १०१. | दायितवको साहित्य यात्रा स्वर्ण अङ्कसम्म | दायित्व | २०६१ | १८ | - | ५० | समीक्षा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०२. | भूसको आगोले देखाएको नारी आक्रोश | दोभान | २०६१ | ५ | २ | - | नाटक |
| १०३. | नेपाली कवितामा द्वन्द्वका चित्कारहरू | अयन | २०६१ | १ | २ | २ | कविता |
| १०४. | अझै खैजडी बजेको बज्यै छ | परिश्रम प्रकाशन | २०६१ | - | - | - | गीतिकाव्य |
| १०५. | कालिदासको काव्यकला | वाङ्मय | २०६२ | १२ | १२ | १२ | कविता |
| १०६. | प्रशान्तका छालहरूबाट नेपाल चियाउँदा | गरिमा | २०६२ | - | - | - | नियात्रा |
| १०७. | कालीगण्डकी खण्डकाव्य बारे | | २०६२ | - | - | - | समालोचना कविता |
| १०८. | विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग | | २०६२ | - | - | - | भूमिका/ नाटक |
| १०९. | कला साहित्यकी जीवन्त प्रतिभा भद्रकुमारी घले | वनिता | २०६२ | ६ | - | २४/ २५ | जीवनी |
| ११०. | बालकृष्ण सम र माटोको ममता एकाङ्की | पुष्पाञ्जली | २०६२ | - | - | - | नाटक |
| १११. | युवराज शर्मा गौतम र ऋतुदर्शन खण्डकाव्य | | २०६३ | - | - | - | भूमिका/ कविता |
| ११२. | काव्य चतुष्टय विमर्शः | भूमिका (संस्कृत भाषामा) | २०६३ | - | - | - | कविता/ भूमिका |
| ११३. | हिँड्दा हिँड्दै बाट चियाउँदा | | २०६३ | - | - | - | भूमिका |
| ११४. | घनश्याम राजकर्णिकारका दुई कृति | दायित्व | २०६४ | २१ | - | ६० | नियात्रा |
| ११५. | केही स्रष्टा केही सिर्जना बारे | दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोश | २०६४ | - | - | - | भूमिका |
| ११६. | सिरुमारानीको वस्तुविधान | मिर्मिरे | २०६४ | ३६ | ११ | २७० | नाटक |
| ११७. | 'जीवनका घुम्तीहरू' मा भ्रमण गर्दा | दायित्व वाङ्मय प्रतिष्ठान | २०६५ | - | - | - | भूमिका/ कथा |
| ११८. | वसन्तानन्दमा विचरण गर्दा | वसन्तानन्द | २०६५ | - | - | - | जीवनी |
| ११९. | छ दशकको सहयात्रामा दशरथ-मिथिला | | २०६५ | - | - | - | जीवनी/ भूमिका |
| १२०. | रहस्यमय भोगाइ | | २०६५ | - | - | - | कथा सङ्ग्रह (भूमिका) |
| १२१. | बालाराजा काशिराम महाकाव्य | अभिनव साहित्य समाज | २०६५ | - | - | - | भूमिका |
| १२२. | रापती किनारको रातमा विचरण गर्दा | इन्द्र पाण्डे | २०६५ | - | - | - | भूमिका संस्मरण |
| १२३. | संस्कृत साहित्य सिद्धान्त | | २०६५ | - | - | - | भूमिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२४. | साहित्यकार दधिराज सुवेदी | वनिता प्रकाशन | २०६५ | - | - | - | जीवनी |
| १२५. | लोक नाट्यको एक झलक | मिर्मिरे | २०६५ | ३७ | ८ | २७९ | लोकसाहित्य |
| १२६. | विजय मल्लको नाट्यकारिता | स्मृतिग्रन्थ | २०६६ | - | - | - | नाटक |
| १२७. | लक्ष्मीप्रसाद देवकोटा र लुनी गीतिकाव्य | शब्दयात्रा | २०६६ | - | - | - | कविता |
| १२८. | नेपाली शब्दसागर बृहत्तम नेपाली शब्दकोश | वैजयन्ती | २०६६ | - | - | - | कृति समीक्षा समालोचना |
| १२९. | महाकवि देवकोटा र उनको शाकुन्तल महाकाव्य | शब्दसिन्धु | २०६६ | - | - | - | कविता |
| १३०. | महाकवि देवकोटा र चम्पा उपन्यास | बगर | २०६६ | २८ | - | ८२ | उपन्यास |
| १३१. | विमर्शन एक अनुशीलन | दायित्व वाङ्मय प्रतिष्ठान | २०६६ | - | - | - | भूमिका |
| १३२. | मरुभूमिका पोथ्राहरू संक्षिप्त चर्चा | जुही | २०६६ | २९ | ३ | ६० | कथा |
| १३३. | मेनकाका अनुभूतिहरू | अभिनव साहित्य समाज | २०६६ | - | - | - | भूमिका |
| १३४. | सुरभि स्रष्टा परिचय एक सार्थक प्रकाशन | सुरभि साहित्य प्रतिष्ठान | २०६६ | - | - | - | भूमिका |
| १३५. | हातको तकियामा विचरण गर्दा | भरतराज पन्त स्मृति ग्रन्थ | २०६६ | - | - | - | समीक्षा |
| १३६. | वर्गद्वन्द्व र प्रगतिशीलताको गीतिनाट्य कृषिवाला | दायित्व | २०६६ | २३ | - | ६६ | गीतिनाटक |
| १३७. | रामशरण शर्मा अर्याल र केही संस्मरण | केही संस्मरण र त्यस भित्रका कथाहरू | २०६७ | - | - | - | जीवनी/ निबन्ध |
| १३८. | वनकुसुम महाकाव्यमा प्रकृति प्रयोग | मधुपर्क | २०६६ | - | - | - | कविता |
| १३९. | देश दर्शन भाग-२ एक दृष्टि | दायित्व | २०६७ | - | - | - | नियात्रा |
| १४०. | छरिएका मनहरूमा राम प्रसाद दाहाल | | २०६७ | - | - | - | जीवनी |
| १४१. | कवि खेमनाथ दाहाल र श्वेत पत्र महाकाव्य | | २०६७ | - | - | - | कविता/ भूमिका |
| १४२. | लक्ष्मीप्रसाद देवकोटा र मानवतावाद | कौशिकी | २०६७ | - | - | - | समालोचना |
| १४३. | ढुङ्गाको बीउ माथि अभिषेक | रचना | २०६७ | ५० | - | १०७ | |
| १४४. | बगर : महाकवि लक्ष्मीप्रसाद देवकोटा विशेषाङ्क : एक अनुशीलन | मिर्मिरे | २०६७ | २९ | १ | २९६ | पत्रिका समीक्षा |
| १४५. | नेपाली भाषामा वर्णविन्यासको स्थिति | गुरुकुल | २०६८ | १ | ४ | ४ | भाषा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४६. | फर्केर हेर्दा | वैजयन्ती | २०६८ | - | - | - | कविता |
| १४७. | नेपाली गद्य कविताको स्वरूप | वैजयन्ती | २०६८ | - | - | - | कविता |
| १४८. | अच्युतप्रसाद पौडेल चिन्तन र सम्झनाका क्षणहरू भाग पाँचमा प्रवेश गर्दा | मिर्मिरे | २०६८ | - | - | - | जीवनी |
| १४९. | पञ्चामृत उर्ध्वगामी चिन्तन | | २०६८ | - | - | - | गद्य/ भूमिका |
| १५०. | आज रमिता छ उपन्यास र विसङ्गतिवाद | शब्दसिन्धु | २०६८ | ३ | ९ | ९ | उपन्यास |
| १५१. | सूर्य सुवेदी र उनका कथाहरू | अभिव्यक्ति | २०६८ | ४२ | - | १५६ | कथा |
| १५२. | कवि डा. टीकाराम पन्थी र सुन्धर्मा संस्कृत खण्डकाव्य | टीकाराम पन्थी विशेषाङ्क | २०६८ | - | - | - | काव्य |
| १५३. | अर्धनारीश्वर काव्य भाव र विचारको अनुपम सङ्गम | रश्मि | २०६८ | २६ | ४ | १३ | कविता |
| १५४. | शब्दसिन्धुमहाकवि देवकोटा शतवार्षिकी विशेषाङ्क | वैजयन्ती | २०६८ | - | १३ | - | समीक्षा/ पत्रिका |
| १५५. | समीक्षक ठाकुर शर्मा र विमर्शन | वैजयन्ती | २०६८ | - | १२ | - | जीवनीपरक |

झन्डै तिन दशक लामो उनको समालोचनाको यो दोस्रो चरणलाई पनि अध्ययन गर्न सजिलो होस् भनी दुई उपचरणहरूमा विभाजन गरिन्छ ।

### ३.३.२.१ प्रथम उपचरण (२०४१-२०५७)

वि.सं. २०४१ मा पाश्चात्य समालोचनाको शैलीवैज्ञानिक पद्धतिमा आधारित भएर नेपाली उपन्यास एक पालुवा अनेकौं यामका पात्रहरूको विश्लेषण गर्ने काम समालोचक गोपीकृष्ण शर्माले गरेपछि उनको समालोचना प्रभावपरकबाट वस्तुपरक तर्फ मोडिएको हो । यही समयलाई आधार बनाएर उनको समालोचना यात्रामा दोस्रो चरण निम्त्याइएको हो । नेपाली साहित्यका विभिन्न विधामा लेखिएका कृतिहरूमाथि पाश्चात्य वाद र प्रणालीका सापेक्षतामा समालोचक शर्माले आफ्नो समालोचकीय दृष्टिकोण प्रस्तुत गरेका छन् र आफूलाई सफल समालोचकका रूपमा स्थापित गरेका छन् । उनले आफ्नो समालोचनालाई विषयगत व्यापकता दिने काम पनि यही समयमा गरेको देखिन्छ । यस समयभन्दा अघिल्लो चरणमा उनले कलम नचलाएका साहित्यका विधाहरू माथि पनि यस अवधिमा समीक्षा गरेका छन्, जस्तै : कथा, गीत र अन्य सिद्धान्त माथि समालोचना र समालोचनाकै पनि समालोचना जस्ता नव नव प्रवृत्तिहरू यस समयमा देखिएका छन् । 'अवलोकन र विवेचन' अनि 'संस्कृत साहित्यको रूपरेखा' जस्ता दुई महत्त्वपूर्ण समालोचनात्मक कृति तथा छ दर्जन भन्दा बढी फुटकर

समालोचना लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा यस समयमा प्रकाशित भएबाट उनको समालोचना यात्राले उचाइ प्राप्त गरेको हुनाले पनि यसलाई उर्वर समयका रूपमा हेर्न सकिन्छ । उनको समालोचनाले यस समयमा कथा, कविता, उपन्यास, नाटक, निबन्ध, जीवनी, समालोचना सङ्ग्रह र विभिन्न गद्य लेख रचनाहरूलाई विषयवस्तु बनाएको देखिन्छ । जसमध्ये कविताकेन्द्री समालोचनाहरू बढी देखिएका छन् । यसैगरी उनका यस समयमा ६ वटा सैद्धान्तिक समालोचना पनि प्रस्तुत भएका छन् बाँकी सबै व्यावहारिक समालोचनाहरू नै देखिएका छन् । करिब १६ वर्ष लामो यस समयावधिमा शर्माका उत्कृष्ट समालोचनाहरू आएकाले यस समयलाई उनको लेखनको उत्कर्ष समय मान्न सकिन्छ । विषयगत विविधता, विश्लेषणात्मक गहनता, निर्णयात्मक अभिव्यक्ति, वस्तुपरक विश्लेषण, पूर्वीय र पाश्चात्य समालोचना पद्धतिको अवलम्बन, परिमाणात्मक अधिकता, पुस्तकाकार कृतिको प्रकाशन, लेखनमा व्यवस्थितता, उमेरको परिपक्वता जस्ता विविध कारणहरूले पनि यस समयलाई समालोचक शर्माको समालोचना यात्राको उत्कर्ष अवधि मान्न सकिन्छ ।

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणको पूर्वार्द्धका १६ वर्षको लेखनलाई सरसर्ती हेर्दा वि.सं. २०४२ बाहेक हरेक वर्षमा उनका समालोचनाहरू प्रकाशित भएका छन् । वि.सं. २०४२ मा भने कुनै पनि समालोचना प्रकाशित भएको देखिँदैन । यसैगरी सबैभन्दा बढी समालोचना प्रकाशित भएको साल वि.सं. २०५३ हो । यसै वर्ष उनको समालोचनाको उत्कृष्ट कृति संस्कृत साहित्यको रूपरेखा पनि प्रकाशित भएको हो । यसरी २०४१ देखि क्रमशः उनको लेखन सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिमा माथि उठ्दै गएको कुरा विवरणहरूबाट पनि थाहा पाउन सकिन्छ । उनका यस अवधिका प्रायोगिक/व्यावहारिक समालोचनाहरूले कृति, स्रष्टा र साहित्येतिहास तिनवटै पक्षलाई समेटेको देखिन्छ भने कृतिकेन्द्री समालोचनाको पनि बहिरङ्ग र अन्तरङ्ग दुवै प्रकारका समालोचना यस चरणमा पाइन्छन् । उनका यस चरणका कृतिकेन्द्री समालोचनाहरू हेर्दा पाठात्मक समालोचना (टेक्स्ट्युएल क्रिटिसिज्म) नै बढी मात्रामा पाइएको छ । यसरी गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणको उत्तरार्द्धलाई हेर्दा प्रायः समालोचनाका सबै विधि र पद्धतिहरूको प्रयोग भएको पाइन्छ । सङ्ख्यात्मक गुणात्मक विभिन्न दृष्टिले उनको समालोचना यात्राको यो चरण सर्वाधिक महत्त्वको रहन पुगेको देखिन्छ ।

### ३.३.२.२ **द्वितीय उपचरण (२०५८ देखि यता)**

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरण करिब तिन दशक लामो रहेको हुँदा यसलाई अध्ययन गर्न केही सहज बनाउने उद्देश्य अनुसार वि.सं. २०५८ पछिलाई दोस्रो उपचरणमा राखिएको छ । वि.सं. २०५८ देखि उनको समालोचना लेखन भूमिका लेखनतिर प्रवृत्त भएको देखिन्छ । विभिन्न पुस्तकाकार कृतिहरू माथि भूमिका लेख्ने प्रवृत्तिलाई खास आधार बनाएर यस पछिको समयलाई समालोचना यात्राको दोस्रो चरणको उत्तरार्द्धका रूपमा राखिएको हो । वि.सं. २०५९ मा समालोचक शर्माको आफ्नो प्राध्यापन पेसाबाट अवकाश प्राप्त भएपछि उनको घरमै बसेर विभिन्न नयाँ प्रकाशोन्मुख कृतिहरूका पाण्डुलिपि पढ्ने र भूमिका लेख्ने काम अधिक मात्रामा भएको देखिन्छ । विभिन्न साहित्यकार व्यक्तित्वहरूका स्मृतिग्रन्थमा लेख लेख्नु पनि उनको यस समयको अर्को महत्त्वपूर्ण पक्ष हो । अवकाश प्राप्त जीवनमा लेखिएका उनका समालोचनाहरू सामान्य किसिमका बढी देखिन्छन् भने केही समालोचनाहरू अनुसन्धानमूलक र महत्त्वपूर्ण पनि रहेका छन् । जे होस् उनको समालोचना यात्राको पछिल्लो चरणको उत्तरार्द्ध पूर्वार्द्धका तुलनामा केही शिथिल नै रहेको देखिन्छ । यस समयका उनका अधिकांश समालोचनाहरू स्रष्टा र कृतितर्फ केन्द्रित रहेका छन् । चाहे त्यो भूमिकाका सन्दर्भमा होस् या स्मृति ग्रन्थका सन्दर्भमा । वस्तुपरक विश्लेषण निर्णयात्मक अभिव्यक्ति यथार्थमूलक समालोचनाको यस चरणमा अभाव देखिन्छ । यसर्थ उनको यस समय अवधिलाई शिथिलताको अवधि मानिएको हो । सङ्ख्यात्मक रूपमा हेर्दा पनि अधिक सङ्ख्यामा भूमिकाहरू बढी देखिएको यो चरण शर्माको समालोचना लेखनकै निरन्तरता जस्तो देखिन्छ । पछिल्लो समयमा पनि उनी प्रकाशोन्मुख कृतिमाथि भूमिका लेख्ने कार्यमा संलग्न रहेको कुरा शोधनायक स्वयं स्विकार्छन् । यसर्थ उनको यस चरणको समालोचनाको लेखकीय उपलब्धि भन्नु नै भूमिका लेखन देखिएको छ ।

शर्माको समालोचना यात्राको दोस्रो चरणको पूर्वार्द्ध समयका हिसाबले डेढ दशकभन्दा पनि बढी हो भने उत्तरार्द्ध मात्र एक दशक लामो हो । फुटकर लेखहरू लेखनमा पूर्वार्द्धकै हाराहारी देखिन गए पनि ती लेखहरू केवल सङ्ख्यात्मक रूपमा

मात्रै ठुलो आयाममा देखिएका हुन् गुणात्मकतामा ती लेखहरू पछाडि नै देखिन्छन् । व्यक्ति र उसका कृतिकेन्द्री देखिने यस समयका उनका समालोचना बहुलवादी भन्दा पनि प्रभाववादी किसिमका देखिन्छन् । एक दशक लामो यो अवधिलाई वार्षिक रूपमा प्रकाशित लेखहरूको सर्वेक्षण गर्दा २०५८, ०५९ र ०६० का वर्षहरूमा कम सङ्ख्यामा समालोचनाहरू प्रकाशित भएका छन् । २०६१ सालमा उनका समालोचनाहरू सर्वाधिक रूपमा प्रकाशित देखिन्छन् भने यसपछिका तिन वर्षहरूमा पनि थोरै सङ्ख्यामा समालोचना प्रकाशित देखिन्छन् । २०६५, ०६६, ०६७ र २०६८ मा उनको लेखन फेरि माथि उठेर गएको देखिन्छ । पछिल्लो वर्ष २०६८ मा पनि उनका १० भन्दा बढी समालोचनाहरू प्रकाशित भइसकेका छन् । यो सर्वेक्षणबाट पनि के देखिन्छ भने परिपक्व उमेरमा अर्थात् वृद्ध अवस्थामा पनि समालोचक शर्माको कलमले विश्राम पाएको छैन । यद्यपि समय अघि बढ्ने क्रममा उनको समालोचना लेखनमा केही मोड र प्रवृत्तिहरू भने अवश्य देखिएका छन् । पछिल्लो चरणलाई नियाल्दा उनी कृतिमा भूमिका लेखन गर्ने तथा विभिन्न स्मृति ग्रन्थहरूमा आफ्नो सान्दर्भिक लेख लेख्ने काम गरिरहेका देखिन्छन् ।

## ३.४ निष्कर्ष

नेपाली समालोचनाका क्षेत्रमा गोपीकृष्ण शर्मा एक उल्लेख्य व्यक्तित्व हुन् । वि.सं. २०२१ मा 'नाटक साहित्य' शीर्षकको लेख मार्फत् समालोचनाका फाँटमा उदाएका शर्माले हालसम्म करिब पाँच दशकको लेखन यात्रा पार गरिसकेका छन् । यस समयावधिमा उनले तिनवटा समालोचनात्मक पुस्तकाकार कृति प्रकाशित गरेका छन् भने १७० भन्दा बढी फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिका र पुस्तकका भूमिकामा प्रकाशित गरिसकेका छन् । उनको पाँच दशक लामो समालोचना यात्रालाई मोटामोटी रूपमा दुई खण्डमा वर्गीकरण गरिएको छ । वि.सं. २०२१ देखि २०४० सम्मलाई प्रथम खण्डका रूपमा तथा वि.सं. २०४१ देखि यता द्वितीय खण्डका रूपमा नामकरण गरी अध्ययन गर्ने काम गरिएको छ । उनको समालोचना लेखन यात्राको पहिलो खण्ड सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले प्रायः सतही तथा आभ्यासिक किसिमको रहेको देखिन्छ । यस चरणका उनका समालोचनाहरूले समालोचक शर्मालाई पृष्ठभूमिको लेखनको काम गरेका छन् । १५

वटा फुटकर समालोचना र एक पुस्तकाकार कृति प्रकाशित भएको यस चरणमा सैद्धान्तिक र व्यावहारिक दुवै प्रवृत्तिका समालोचनाहरूको लेखन उनीबाट भएको देखिन्छ । अधिकांश समालोचनाहरू हेर्दा यस प्रथम चरणमा प्रभावपरक र पाठात्मक किसिमका पाइन्छन् ।

शर्माको समालोचना यात्राको द्वितीय चरण वि.सं. २०४१ देखि यता प्रारम्भ हुन्छ । करिब तिन दशक लामो यो अवधिमा दुई पुस्तकाकार कृति प्रकाशित छन् भने १४० जति फुटकर लेखहरू पनि प्रकाशित भएका देखिन्छन् । यस चरणमा उनको लेखनमा दुई प्रवृत्ति पाइन्छ । पूर्वार्द्ध चरणमा वस्तुपरक समालोचना बढी पाइन्छ भने उत्तरार्द्ध चरणमा भूमिका लेखनको प्रवृत्ति पाइन्छ । यसर्थ २०५८ लाई केन्द्र मानेर त्यस अघिको पहिलो उपचरण र २०५८ देखि दोस्रो उपचरणमा प्रस्तुत गरी त्यसै अनुरूपमा चर्चा गरिएको छ । खासगरी गहकिलो लेखन र वस्तुपरक यथार्थ समालोचना उनको दोस्रो चरणको पूर्वार्द्धमा नै देखिन्छ । दुई पुस्तकाकार कृति र ६ दर्जन जति फुटकर लेखहरूको प्रकाशनले उनलाई समालोचनात्मक उचाइ प्रदान गरेको छ भने उतरार्द्ध चरणमा पनि सङ्ख्यात्मक रूपमा त्यतिकै हाराहारीमा लेखहरू प्रकाशित भए पनि सबै लेखहरू महत्त्वपूर्ण देखिँदैनन् । यसर्थ अधिकांश लेखहरू कृतिका भूमिका स्वरूप आएका देखिन्छन् । यसर्थ पछिल्लो समयलाई उनका लेखनको निरन्तरताको स्वरूप मात्र मान्न सकिन्छ । गुणात्मक उचाइ केही शिथिल बन्दै गएको देखिन्छ । यसरी समालोचक गोपीकृष्ण शर्माको करिब पाँच दशक लामो समालोचना यात्रामा पहिलो दशकमा ४ वटा लेख प्रकाशित भएका छन् भने दोस्रो दशकमा ९ वटा फुटकर लेखहरू प्रकाशित देखिन्छन् । तेस्रो दशकमा दुई पुस्तकाकार कृति र २३ जति फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । यसैगरी चौथो दशकमा उनको एक समालोचनात्मक पुस्तकाकार कृति र करिब पाँच दर्जन जति फुटकर लेख प्रकाशित भएका छन् । यसैगरी उनको समालोचना लेखन यात्राको पाँचौँ दशकमा पुस्तकाकार रूपमा समालोचनात्मक कृति प्रकाशित नभए पनि पाँच दर्जनकै हाराहारीमा फुटकर लेखहरू प्रकाशित भएका देखिन्छन् । यसर्थ लेखनगत निरन्तरता उनको हालसम्म चलिरहेको हुँदा भविष्यमा उत्कृष्ट समालोचनाहरू आउन सक्ने सम्भावनालाई कायमै राखी वि.सं. २०६८ सम्मका समालोचनाहरूलाई समेटी चरणगत रूपमा अध्ययन गरिएको छ ।

**चौथो परिच्छेद**

# गोपीकृष्ण शर्माको समालोचना प्रवृत्ति र योगदानको मूल्याङ्कन

## ४.१ प्रथम चरणका समालोचना कृतिहरूको विश्लेषण

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरण वि.सं. २०२१ देखि २०४० सम्म रहेको छ । यस समयावधिमा शर्माका १५ वटा फुटकर समालोचना र एक पुस्तकाकार कृति प्रकाशित भएका छन् । उनका फुटकर समालोचनाहरू विभिन्न समयका पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका समालोचनाहरू हेर्दा सैद्धान्तिक समालोचना र व्यावहारिक दुवै किसिमका देखिन्छन् । पहिलो फुटकर समालोचना 'नाटक साहित्य' सैद्धान्तिक समालोचना हो भने पहिलो पुस्तकाकार कृति 'नेपाली निबन्ध परिचय' पनि सैद्धान्तिक समालोचनाकै स्वरूपमा आएको देखिन्छ । उनको समालोचना यात्राको प्रथम चरणमा सैद्धान्तिक समालोचना सम्बन्धी दुईवटा फुटकर लेख तथा एक पुस्तकाकार कृति प्रकाशित भएको देखिन्छ । यसैगरी व्यावहारिक समालोचनामा भने उनका उपन्यास केन्द्री, कविता केन्द्री, नाटक केन्द्री र जीवनीपरक समालोचनाहरू देखिन्छन् । सैद्धान्तिक समालोचना भन्दा व्यावहारिक समालोचनाहरू बढी सङ्ख्यामा देखिन्छन् । सबैभन्दा बढी उपन्यास केन्द्री समालोचना उनका प्रथम चरणमा प्रकाशित भएका छन् । आनुपातिक रूपमा सैद्धान्तिक समालोचनाहरू कम सङ्ख्यामा रहे पनि गुणात्मक रूपमा भने राम्रा रहेका छन् । उनका प्रथम चरणका फुटकर समालोचनाहरूका आयामलाई हेर्दा धेरै लामा पनि छैनन् धेरै छोटा पनि छैनन् ठिक्क आयामका देखिन्छन् ।

समालोचक गोपीकृष्ण शर्माका प्रथम चरणका समालोचना कृति तथा फुटकर लेखहरूलाई सैद्धान्तिक तथा व्यावहारिक दुई वर्गमा विभाजन गरी तिनको अलग अलग चर्चा गर्नु उपयुक्त मानिन्छ ।

### ४.१.१ सैद्धान्तिक विषयकेन्द्री समालोचना

कुनै पनि कृतिहरूको सैद्धान्तिक विषयमा केन्द्रित भई लेखिएका रचना वा समालोचनालाई सैद्धान्तिक समालोचना भनिन्छ । सैद्धान्तिक समालोचनामा कुनै

स्थिर सिद्धान्तको दृष्टिले साहित्यिक कृतिको विवेचना गरिन्छ । त्यो एकल सिद्धान्त वा बहुल सिद्धान्त जे सुकै पनि हुन सक्छ (शर्मा, २०५६ : १८) ।

गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरणमा सैद्धान्तिक विषय केन्द्री फुटकर समालोचनाहरू दुईवटा तथा एक पुस्तकाकार कृति रहेको छ । उनका सैद्धान्तिक समालोचनाका फुटकर लेखहरू हुन् 'नाटक साहित्य' (२०२१) र 'पूर्वीय काव्य लाक्षणिक सन्दर्भमा' (२०३५) । यी मध्ये पहिलो लेख सूचनामा मात्र प्राप्त भएको र दोस्रो लेख चाहिँ उपलब्ध रहेको छ । यसैगरी उनको सैद्धान्तिक समालोचना अन्तर्गतको पुस्तकाकार कृति 'नेपाली निबन्ध परिचय' (२०४०) रहेको छ । यिनै फुटकर लेख र पुस्तकाकार कृति माथि यहाँ चर्चा गरिन्छ ।

गोपीकृष्ण शर्माको सैद्धान्तिक विषयकेन्द्री फुटकर समालोचना 'पूर्वीय काव्य लाक्षणिक सन्दर्भमा' वि.सं. २०३५ को 'अरुणोदय' वर्ष १५ मा प्रकाशित भएको समालोचनात्मक लेख हो । प्रस्तुत लेखमा समालोचक शर्माले काव्यलाई पूर्वीय लक्षणहरूका आधारमा चिनाउँदै काव्य सम्बन्धी आफ्नो निष्कर्ष प्रस्तुत गरेका छन् । उनले यस क्रममा पूर्वीय आचार्यहरूमा काव्यलाई हेर्ने दुई फरक दृष्टिकोण रहेको र ती दृष्टिकोण देहवादी र आत्मवादी दृष्टिका रूपमा महत्त्वपूर्ण रहेको कुरा पूर्वीय विद्वान्हरूका काव्य परिभाषाहरूलाई अध्ययन गरी प्रस्तुत गरेका छन् । शर्माले पूर्वीय विद्वान्हरूमा भामह, दण्डी र रुद्रट देहवादी आचार्य तथा भरत, आनन्दवर्द्धन, मम्मट, विश्वनाथ र जगन्नाथ जस्ता विद्वान्हरू आत्मवादी आचार्यहरू हुन् भन्ने चर्चा गरेका छन् । देहवादीहरू काव्यलाई शरीर रूप मान्दछन् भने आत्मवादीहरू काव्यलाई प्राण रूप मान्दछन् भन्ने शर्माको बुझाइ रहेको छ । उनले आचार्य भामहदेखि जगन्नाथसम्मका काव्य मान्यता सम्बन्धी धारणाहरूका आधारमा यस्तो निष्कर्ष प्रस्तुत गरेका हुन् । शर्माले उक्त समालोचना लेखको अन्त्यमा ती काव्य मान्यताहरूकै अध्ययन गरी यस्तो काव्य परिभाषा प्रस्तुत गरेका छन्, "चमत्कार पूर्ण शब्द र अर्थको राम्रो संयोजन काव्य हो जसमा रसको परिपाक भएको होस् अभिव्यञ्जनामूलक समायोजन होस् यथासम्भव दोषहीन हुँदै रसको पोषकको रूपमा काव्य गुण रहेको होस् र प्रायः अलङ्कृत पनि होस् ।"

समालोचक गोपीकृष्ण शर्माको प्रस्तुत सैद्धान्तिक समालोचना आफैमा महत्त्वपूर्ण समालोचना हो । उनले वस्तुगत रूपमा, तार्किक रूपमा एवम् बौद्धिक

रूपमा यसलाई प्रस्तुत गरेका छन् । यो समालोचना विश्लेषणमूलक देखिन्छ । यसले गोपीकृष्ण शर्माको समालोचकीय व्यक्तित्वलाई दर्शाएको छ ।

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरणमा लेखिएको पुस्तकाकार कृति 'नेपाली निबन्ध परिचय' (२०४०) हो । यो पुस्तक पूर्णरूपमा समालोचनात्मक कृति त होइन तर पनि यस पुस्तकको प्रथम खण्डमा शर्माले निबन्धको सैद्धान्तिक स्वरूपलाई प्रस्तुत गरेको हुँदा यो कृति उनको सैद्धान्तिक समालोचनाहरूको अध्ययनमा पर्ने भएकाले यसलाई चर्चा गर्नु आवश्यक देखिन्छ ।

'नेपाली निबन्ध परिचय' (२०४०) पुस्तक बाह्य संरचनामा हेर्दा २०० पृष्ठको आयाममा रहेको देखिन्छ । यो रत्नपुस्तक भण्डारबाट सर्वप्रथम वि.सं. २०४० मा प्रकाशित भएको हो । यस कृतिको आन्तरिक संरचनालाई हेर्दा यसमा दुई खण्डहरू रहेका छन् । द्वितीय खण्डमा समालोचक गोपीकृष्ण शर्माका केही मौलिक निबन्धहरू रहेका छन् । जुन विद्यालय तथा विश्वविद्यालय स्तरका पाठकहरूका निम्ति उपयोगी किसिमका देखिन्छन् अनि यस पुस्तकको प्रथम खण्डमा भने निबन्धको परिचय तथा स्वरूप र नेपाली साहित्यमा निबन्धको अध्ययन जस्ता विषयलाई शीर्षकीकरण गरी शर्माले समालोचनात्मक ढङ्गमा प्रस्तुत गरेका छन् । यहाँ उक्त पुस्तकको प्रथम खण्डमा रहेका छुट्टाछुट्टै दुई शीर्षकहरू माथि केही चर्चा गरिन्छ ।

### (क) निबन्ध परिचय तथा स्वरूपको अध्ययन

'नेपाली निबन्ध परिचय' (२०४०) को प्रथम खण्डको रूपमा रहेको प्रस्तुत शीर्षकमा समालोचक गोपीकृष्ण शर्माले निबन्धको सैद्धान्तिक परिचय दिँदै निबन्धका प्रकार, विशेषता, तत्त्वहरू र हास्यव्यङ्ग्य निबन्ध जस्ता कुराहरूलाई केलाउने काम गरेका छन् ।

निबन्धको परिचय दिने क्रममा समालोचक शर्माले निबन्ध गद्यमा लेखिएको छोटो छरितो र सारगर्भित विधाका रूपमा चिनाउँदै यसबाट कुनै पनि लेखक वा चिन्तकको सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबीको नापजोख गर्न सकिन्छ भन्ने कुरा शर्माले गरेका छन् । यस क्रममा शर्माले निबन्धलाई यसरी चिनाएका छन्, "निबन्ध एक छोटो छरितो गद्य विधा हो र मनका कुरा पोख्ने माध्यम पनि हो ।

लेखक यसमा आफू मिसिएर आत्मपरक रूपमा वा तटस्थ रहेर विषयपरक रूपमा वर्णन गर्न सक्ने स्थिति रहन्छ । धुलाको कणदेखि विशाल ब्रम्हाण्डसम्म विषयवस्तु लिएर लेख्न सकिने निबन्ध निरन्तर साधनाबाट राम्रो बन्दै जान्छ र कहिले काहीँ कथा, कविता र नाटकको छाप पनि पाइने प्रस्तुतिमा नयाँ नयाँ शैलीगत चमक भएको हुन्छ । संरचनात्मक रूपले पनि आदि, मध्य र अन्त्यको सङ्गठन निबन्धमा हुन्छ" (शर्मा, २०४० : ४) ।

शर्माले निबन्धको सुरुवात पाश्चात्य साहित्यमा इसाको सोह्रौं शताब्दीबाट भएको र यसका सर्वप्रथम प्रयोगकर्ता फ्रान्सेली विद्वान् मोन्तेन हुन् भन्ने कुरा उल्लेख गर्दै उनको निबन्ध सम्बन्धी परिभाषा पनि प्रस्तुत गरेका छन् । फ्रान्सेली विद्वान् मोन्तेनले प्रारम्भ गरेको निबन्ध विधालाई थप उचाइ प्रदान गर्ने काम बेलायतका फ्रान्सिस बेकनले गरेका हुन् तर मोन्तेन आत्मपरक निबन्धकार थिए भने बेकन उसको ठीक विपरीत वस्तुपरक निबन्ध लेखनमा देखिएको कुरा पनि शर्माले यहाँ चर्चा गरेका छन् । अहिले पनि विश्वमा आत्मपरक निबन्ध र वस्तुपरक निबन्ध दुई प्रकृतिका निबन्धगत धाराहरू प्रचलित रहेको उनले चर्चा गरेका छन् । यसरी पाश्चात्य साहित्यमा निबन्धका क्षेत्रमा योगदान दिने प्रमुख मोन्तेन, बेकन, अब्राहम, काउली, चार्ल्स ल्याम्ब, थोमस कार्लाइल, मैथ्यु आर्नोल्ड आदिको नाम उल्लेख गर्दै सोह्रौँ शताब्दीबाट प्रारम्भ भएको निबन्ध विधा विचारबाट भावतर्फ भावबाट भावुकतातर्फ र भावुकताबाट व्यक्ति प्रतिष्ठातर्फ निबन्धकारको दृष्टि बढ्दै गएको कुरा शर्माले उल्लेख गरेका छन् ।

समालोचक शर्माले निबन्धको विकास पाश्चात्य साहित्यबाट हुँदै नेपाली साहित्यमा पनि निकै अगाडि बढेको र नेपाली साहित्यमा निबन्ध विधालाई माथि उठाउने कार्यमा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, बदरीनाथ भट्टराई, बालकृष्ण पोखरेल, तारानाथ शर्मा आदिले योगदान गरेको कुरा उल्लेख गरेका छन् । यसका साथै निबन्धको अनुच्छेद लेखन र टिप्पणी लेखनका बिच भएको भिन्नतालाई पनि शर्माले औँल्याएका छन् ।

शर्माले निबन्धको वर्गीकरण गर्ने क्रममा विषयका आधारमा निबन्धहरू वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी ४ किसिमका हुने उल्लेख गरेका छन् । यसैगरी निबन्धको व्याख्या विवेचना गर्ने क्रममा शर्माले हास्यव्यङ्ग्यका

तत्त्वहरूको बारेमा समेत चर्चा गरेको पाइन्छ । शरीरदेखि मनसम्म कुतकुत्याउने हल्का हाँसो, मानवीय दुर्बलताप्रति तीखो छेडपेच, निजी आक्रोश, ईर्ष्या र प्रतिशोधको साधारणीकरण, समाजका विसङ्गति र विडम्बनाहरूको उद्घाटन मानवीय व्यक्तित्व, समाजका अन्तर्विरोधको परिक्रमा अन्तरविधात्मक उपस्थिति अनि प्रबल हास्य तथा तीखो व्यङ्ग्य हास्यव्यङ्ग्यका तत्त्वहरू रहेको शर्माले उल्लेख गरेका छन् (पृ. २८) । यसरी निबन्ध विधामै हास्यव्यङ्ग्य प्रधान निबन्धहरू पनि समाविष्ट गर्न सकिने निष्कर्ष निबन्धको परिचयका क्रममा शर्माले दिएका छन् ।

नेपाली निबन्ध परिचयको प्रथम खण्डमा समालोचक शर्माले निबन्धलाई स्वरूपगत रूपमा चिनाउँदै यसको मौलिक परिभाषा सहित निबन्धलाई विषयका आधारमा वर्गीकरण गरेका छन् । यसरी नै निबन्धलाई साहित्यको एउटा महत्त्वपूर्ण विधा मान्दै यसमा विचारलाई सशक्त रूपमा अभिव्यक्त गर्न सकिने र ती विचारहरू हास्यव्यङ्ग्यात्मक रूपमा निबन्धात्मक स्वरूपमा प्रस्तुत भएमा तिनीहरूलाई निबन्ध नै मान्न सकिने निष्कर्ष प्रस्तुत गरेका छन् ।

**(ख) नेपाली साहित्यमा निबन्धको अध्ययन**

नेपाली भाषाको आरम्भ इसाको एघारौँ शताब्दीदेखि भएको भए पनि नेपाली साहित्यको प्रारम्भिक काल नेपाल एकीकरण पछिको समयलाई मानिएको छ भन्ने कुरा समालोचक शर्माले यस सन्दर्भमा उठाएका छन् । यस क्रममा वि.सं. १९४१ देखि १९९१ सम्मको नेपाली साहित्यको माध्यमिक काल साहित्य सृजनाका दृष्टिले अत्यन्त उर्वर रहेको भन्ने तर्क शर्माको रहेको छ र यही माध्यमिक काल नै नेपाली निबन्धको आरम्भ समय हो भन्ने समालोचक शर्माको धारणा रहेको छ । नेपाली साहित्यको प्राथमिक कालमा गद्यका विधागत भिन्नताहरू त्यति नपाइएको र माध्यमिक काल आएपछि मात्र विधागत विभिन्नताहरू स्पष्ट रूपमा देखिएको चर्चा यसमा गरिएको छ । यस बखतमा नेपाल भित्र र बाहिरबाट विभिन्न विद्वान्हरू मोतीराम भट्ट, राममणि आ.दी., सूर्यविक्रम ज्ञवाली आदिको सम्पादकत्वमा गोरखापत्र, गोर्खा, भारत जीवन, सुन्दरी, माधवी, गोर्खाली, चन्द्रिका, गोर्खा संसार, नेपाली साहित्य सम्मेलन, जन्मभूमि जस्ता प्रशस्त पत्रपत्रिकाहरू प्रकाशित भए र यिनमा विविध विधाका रचनाहरू प्रकाशित हुन थालेको कुरालाई शर्माले यसमा उल्लेख गरेका छन् । समय समयमा अन्य विधाका साथै निबन्ध विधाले पनि

यथोचित हुर्कने र मौलाउने अवसर प्राप्त गरेको हो भन्ने धारणा समालोचक शर्माले अगाडि सारेका छन् ।

आज नेपाली साहित्यमा निबन्ध विधा जुन रूपमा देखा परिसकेको छ प्रथम चरणका अवधिमा त्यति सुगठित हुन नसकेको कुरा शर्माले निबन्धको स्वरूप र प्रवृत्तिको चर्चाका क्रममा पनि स्पष्ट पारेका छन् । उनका अनुसार प्रारम्भका निबन्धमा संरचनागत शिथिलता तथा भाषिक स्थिरताको अभाव देखिन्छ भने तिनमा वर्णन र विवरण दिनमै बढी केन्द्रित रहने प्रवृत्ति देखिन्छ । वर्णन केन्द्रित, आत्मकथात्मक, विचार प्रधान, शैलीगत परिष्कार र अनुभूतिको घनत्वको अभाव, वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चताको अभाव, नेपाली जनताको स्वतन्त्रताप्रतिको छटपटी, स्थूल वर्णन र आधुनिकताको पूर्वाभ्यास जस्ता प्रवृत्ति प्रारम्भिक नेपाली निबन्धहरूमा पाइन्छन् भनी समालोचक शर्माले यस समयका निबन्धगत विशेषताको उल्लेख गरेका छन् ।

यसरी समालोचक शर्माले नेपाली साहित्यमा निबन्ध अन्य विधाहरूसँगै काँधमा काँध मिलाई अघि बढ्न नसके पनि यस निबन्ध यात्रामा सगरमाथा चढ्ने धेरै नेपाली स्रष्टाहरूले प्रयास गरेका र केही प्रतिभाहरू मात्र चुचुरोमा पुग्न सफल भएको कुरा उल्लेख गरेका छन् । निबन्ध विधाबाटै आफ्नो नाम शीर्ष स्थानमा पुऱ्याउने नेपाली साहित्यका स्रष्टा शङ्कर लामिछाने भएको निष्कर्ष शर्माले प्रस्तुत सन्दर्भमा दिएका छन् ।

निष्कर्षमा समालोचक शर्माको प्रस्तुत कृति सैद्धान्तिक समालोचना अन्तर्गत रहेको छ । निबन्धलाई साहित्यको एक महत्त्वपूर्ण गद्य विधाका रूपमा चिनाउँदै नेपाली साहित्यमा पनि यसले पारेको प्रभाव र यसको विकासमा योगदान दिने स्रष्टाहरूबारे गरिएको चर्चाले समालोचक शर्माको समालोचकीयतालाई थप खार्ने काम गरेको छ । मूलतः विश्लेषणात्मक र विवरणात्मक देखिने प्रस्तुत समालोचना प्रभावपरक किसिमको देखिन्छ ।

### ४.१.२ व्यावहारिक समालोचनाको विश्लेषण

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरण वि.सं. २०२१ देखि वि.सं. २०४० सम्मको जम्मा १९ वर्षको रहेको छ । यस समयावधिमा

शर्माका सैद्धान्तिक तथा व्यावहारिक दुवै किसिमका समालोचनाहरू प्रकाशित भएका छन् । ती मध्ये व्यावहारिक समालोचनाको सङ्ख्या तुलनात्मक रूपमा बढी रहेको छ । उनका यस चरणका व्यावहारिक समालोचनाहरू कविता केन्द्री, उपन्यास केन्द्री, नाटक केन्द्री आदि गरी विभिन्न विधामा केन्द्रित रहेका छन् । सबै समालोचना लेखहरू उपलब्ध हुन नसकेकाले उपलब्ध समालोचना लेखहरूलाई विधा केन्द्रित गरी यहाँ चर्चा गरिएको छ ।

### ४.१.२.१ कविताकेन्द्री समालोचना

गोपीकृष्ण शर्माले आफ्नो समालोचना यात्राको प्रथम चरणमा कविताकेन्द्री तिन समालोचनाहरू लेखेका छन् । ती मध्ये दुईवटा मात्र उपलब्ध भएकाले यहाँ उनका दुईवटा कविताकेन्द्री समालोचनाको चर्चा गरिन्छ ।

शर्माको कविताकेन्द्री पहिलो समालोचना 'फूलबारी एक अनुशीलन' शीर्षकको हो । प्रस्तुत लेख वि.सं. २०३६ चैत्रको 'मधुपर्क' मा सर्वप्रथम प्रकाशित भएको हो पछि उनको 'अवलोकन र विवेचन' (२०४४) पुस्तकमा सङ्कलित भएको हो । शर्माले प्रस्तुत लेखमा साहित्यबारे शास्त्रीय लक्षणबाट परिपक्व कवि माधवप्रसाद देवकोटाका सत्तरीवटा कविताको सङ्ग्रह 'फूलवारी' को सङ्क्षिप्त समीक्षा गर्दै देवकोटालाई पारखी माली र यसभित्रका कवितालाई फूलको संज्ञा दिएका छन् । यस सङ्ग्रहमा कवि देवकोटाले सरल भाषा, स्पष्ट शैली र प्रसाद गुणको प्रयोग गरी भक्तिवादी कविताबाट सृजनाको सुरु गरी अध्यात्मवादी कवितामा अन्त्य गरेको कुरा शर्माले उल्लेख गरेका छन् । यस सङ्ग्रह भित्रका कवितामा विविध छन्दको प्रयोग पाइने चर्चा गर्दै दीनदुःखी माथि ठालु भनाउँदाहरूको शोषण, राष्ट्रप्रेम, नैतिकता आदिको बारेमा पनि उनले चर्चा गरेको पक्षलाई कविताको उत्कृष्ट पक्ष रहेको समालोचक शर्माले बताएका छन् ।

समालोचक गोपीकृष्ण शर्माको कविताकेन्द्री अर्को समालोचनात्मक लेख 'नेपाली कविता आधुनिक र अत्याधुनिक सन्दर्भमा' शीर्षकमा रहेको छ । यो लेख वि.सं. २०२९ को 'श्रीनगर' पत्रिकाको वैशाख अङ्कमा प्रकाशित भएको हो । प्रस्तुत लेखमा समालोचक शर्माले नेपाली कविताको आधुनिक युगलाई लेखनाथ पौड्याल र धरणीधर कोइरालाले प्रारम्भ गरेको र यस युगलाई बालकृष्ण सम र लक्ष्मीप्रसाद

देवकोटाले हुर्काउने बढाउने कार्य गरेको उल्लेख गर्दै लक्ष्मीप्रसाद देवकोटाको अवसानसँगै वि.सं. २०१६ मा यसको अन्त्य भएको र वि.सं. २०१७ को 'रूपरेखा' पत्रिकाको प्रकाशन भएपछि नेपाली कविताको इतिहासमा अत्याधुनिकता प्रारम्भ भएको चर्चा गरेका छन् । यस युगलाई विजय मल्ल तथा भूपि शेरचन जस्ता कविहरूले सेतुको काम गरी कविता विधालाई अघि बढाएको कुरा दर्शाएका छन् । शर्माले भाव र विचारको मौलिकता, रोमान्टिक प्रभाव, परिष्कृत शब्द संयोजन र देश प्रेम जस्ता तत्त्वहरू परम्परागत नेपाली साहित्यमा आधुनिकताका आमन्त्रक तत्त्व बनेको कुरा उल्लेख गरेका छन् । यसरी प्रस्तुत समालोचनात्मक लेखमा शर्माले कविताको इतिहासलाई रेखाङ्कन गरी विभिन्न उदाहरण र कारण सहित नेपाली कविताको आधुनिक र अत्याधुनिक समयलाई औंल्याउने काम गरेका छन् । नेपाली कविताको आधुनिककालको प्रारम्भको कुरा भने विवादास्पद नै रहेको भए पनि शर्माको प्रस्तुत लेखमा एउटा मौलिक अवधारणा भने देखा परेको छ ।

प्रस्तुत समालोचनामा शर्माको वर्णनात्मक, विवरणात्मक र निर्णयात्मक धारणा प्रस्तुत भएको छ । नेपाली कविताको इतिहास अध्ययनका लागि यो महत्त्वपूर्ण मानिन्छ । व्यावहारिक समालोचनाको यो लेख शर्माको कविता केन्द्री भएर पनि ऐतिहासिकता निकट रहेको देखिन्छ । शर्माको समालोचना यात्राको प्रथम चरणमा आएका यी कविता केन्द्री समालोचना वस्तुपरक र यथार्थवादी खासै देखिँदैनन् । यिनमा प्रभावपरकता र सतही प्रवृत्ति देखिन्छ ।

### ४.१.२.२ नाटक केन्द्री समालोचना

गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरणमा नाटक केन्द्री फुटकर समालोचनाहरू तिनवटा रहेका भए पनि ती मध्ये एक समालोचना उपलब्ध भएकाले सो समालोचनाको मात्रै व्याख्या गरी उनका नाटक केन्द्री समालोचनालाई हेर्ने काम यस प्रथम चरणमा गरिएको छ । शर्माको 'जीउँदो लास नाटकको विभिन्न पक्षीय अध्ययन' शीर्षकको नाटक केन्द्री समालोचना वि.सं. २०३७ को 'वाङ्मय' प्रथम अङ्कमा प्रकाशित भएको छ । उनका प्रथम चरणका समालोचनात्मक फुटकर लेखहरूमध्ये प्रस्तुत लेख निकै महत्त्वपूर्ण मानिन्छ । 'अवलोकन र विवेचन' (२०४४) पुस्तकको नाटक खण्डमा सङ्कलित भएको यो लेख अनुसन्धानमूलक समालोचना मानिन्छ ।

शर्माले यस लेखमा विजय मल्लको नाटक 'जीउँदो लास' को शिल्पपक्ष, संरचना, भाषा, अङ्कविधान, वस्तु र पात्र अनि द्वन्द्व जस्ता पक्षलाई उपशीर्षक दिएर व्याख्या गरेका छन् । करिब १० पृष्ठ लामो आयामको प्रस्तुत लेख नाटकको विश्लेषणमा उपयोगी साबित भएको छ । यसमा शर्माले आधुनिक नेपाली नाट्यजगत्मा पाश्चात्य नाटकबाट परेको प्रभाव खासगरी पाश्चात्य समस्या नाटकबाट प्रभावित नाटककार विजय मल्ल समको नाट्य प्रवृत्ति भन्दा फरक धारमा रहेको कुरा उल्लेख गरेका छन् । उनको 'जीउँदो लास' नाटकले नाटकीय प्रभावकारिता र समस्या नाटकलाई प्रतिनिधित्व गरेको, नाटकका अङ्कहरूलाई दृश्यमा विभाजित गर्ने परम्परालाई तोडेको र भाषिक माध्यमबाट विभिन्न मनोवृत्तिको चित्रण गरेको कुरा शर्माले टिप्पणी गरेका छन् । द्वन्द्वका दृष्टिमा पनि यो नाटकको प्रमुख नारी पात्रमा दुई प्रकारको द्वन्द्व रहेको कुरा उल्लेख गर्दै आन्तरिक द्वन्द्वका कारण पात्रहरूका बिच वैचारिक उत्तेजना र नाटकीय प्रभावमा तीव्रता आउने जस्ता पक्ष यसका पात्रहरूमा देखिएको कुरा उल्लेख गरेका छन् । यसरी द्वन्द्वका दृष्टिमा पनि आधुनिक यथार्थवादी नाटक 'जीउँदो लास' बन्न पुगेको निष्कर्ष शर्माले दिएका छन् ।

यसरी आधुनिक नाट्य इतिहासमा विजय मल्ल एक सफल आधुनिक यथार्थवादी नाटककार हुन् भन्ने चर्चा गर्दै उनको 'जीउँदो लास' नाटकमा मनोविश्लेषणको खुराकलाई पस्केर समाजलाई नौलो उपहार मल्लले एकातिर दिएका छन् भने अर्कातर्फ तत्कालीन सङ्क्रमण कालको वस्तुबोध गराउँदै व्यावहारिकतातर्फ उन्मुख हुनुपर्ने तथ्यलाई मल्लले सङ्केत गरेका छन् भन्ने समालोचक शर्माको निष्कर्ष रहेको छ । विश्लेषणात्मक रूपको यो समालोचना शर्माको कृतिकेन्द्री व्यावहारिक किसिमको देखिन्छ र नाटकको अध्ययनका लागि यो महत्त्वपूर्ण पनि रहेको छ ।

### ४.१.२.३ उपन्यास केन्द्री समालोचना

गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरणमा उपन्यास सम्बन्धी समालोचनाहरू प्रस्तुत भएका छन् । शर्माको प्रथम चरणमा सर्वाधिक ६ वटा समालोचना उपन्यास विधामा केन्द्रित भएर प्रस्तुत भएका छन् । ती समालोचनाहरूलाई यहाँ सङ्क्षिप्त रूपमा चर्चा गर्ने काम गरिन्छ ।

शर्माको उपन्यास केन्द्री पहिलो समालोचना वि.सं. २०३० को 'श्रीनगर' पत्रिकामा प्रकाशित 'एक चिहान खोतल्न पुग्दा' शीर्षकको हो । हृदयचन्द्रसिंह प्रधानको सामाजिक यथार्थवादी उपन्यास 'एक चिहान' लाई शर्माले आफ्नो समालोचकीय दृष्टि प्रस्तुत गरेर केही ऋणात्मक पक्ष हुँदाहुँदै पनि 'एक चिहान' उपन्यास प्रगतिवादी सुधारात्मक दृष्टिकोण भएको सामाजिक उपन्यास हो भन्ने निष्कर्ष दिएका छन् । उनले समाजको यथार्थ प्रतिबिम्ब उतार्ने काम हुनु यस उपन्यासको प्रशंसनीय पक्ष मान्दै उपन्यासको वर्णनमा देखिएको विस्तारपना, मिठास पक्षको अभाव र गतिशीलताको अभाव जस्ता पक्ष यसका कमजोरीहरू हुन् भन्ने चर्चा गरी यस उपन्यासका धनात्मक तथा ऋणात्मक पक्षको तुलना गरी धनात्मक पक्षले नै ऋणात्मकतालाई छोपेको हुँदा प्रस्तुत उपन्यास नेपाली उपन्यास परम्परामा भएका कुण्ठा, शोषण, उत्पीडन जस्ता कुराहरूलाई छर्लङ्ग पार्दै अपहेलित वर्गको एउटा अँध्यारो पक्षलाई चित्रण गरी शोषणविहीन स्वस्थ समाजको अस्तित्व देख्न चाहेको कुरा उपन्यासको महत्त्वपूर्ण पक्ष हो भन्ने शर्माको हेराइ रहेको छ । प्रस्तुत लेख शर्माको कृतिकेन्द्री समालोचना हो । यसमा वर्णनात्मक र व्याख्यात्मक समालोचकीय दृष्टि शर्माको रहेको देखिन्छ । उपन्यासको तथ्यपरक र ऐतिहासिक अध्ययनमा यो उपयोगी हुने देखिन्छ ।

उपन्यास विधामै केन्द्रित समालोचक शर्माको अर्को फुटकर समालोचनात्मक लेख 'पल्लो घरको झ्याल एक विवेचना' (२०३३) हो । प्रस्तुत लेख 'रूपरेखा' पूर्णाङ्क १८४ भदौमा प्रकाशित भएको हो । गोविन्दबहादुर मल्ल गोठालेको मनोवैज्ञानिक उपन्यास 'पल्लो घरको झ्याल' (२०१६) माथि समालोचक शर्माले अन्य समीक्षकहरूका टिप्पणीहरूलाई पनि समाविष्ट गरी निष्कर्षात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा गोठालेको उक्त उपन्यासमा मुख्य रूपमा निहित रहेको मनोविज्ञानको पक्षलाई शर्माले अन्तर कुन्तरसम्म केलाउने काम गरेका छन् ।

शर्माले प्रस्तुत उपन्यास बाह्य आयामका दृष्टिले लघु उपन्यास रहेको मानेका छन् । आन्तरिक रूपमा भने यस उपन्यासकी नारी चरित्र (मिसरी) को अवचेतनगत यौन असन्तुष्टि र कुण्ठालाई मूर्त रूप दिँदै उपन्यासको कथानक अघि बढेको र मिसरी नारी चरित्रकै केन्द्रीयतामा उपन्यासको कथानक उनिएको कुरा शर्माले उल्लेख गरेका छन् । मिसरी पति परायणा हुनु उसभित्रको चेतन मन निर्णय

जुन नेपाली संस्कारमा यथार्थ रूपमा बाँचेको हुन्छ भन्ने कुरा शर्माले अघि सारेका छन् । मिसरीले गुन्डाहरूसित गएर यौन सन्तुष्टि पाउनु उसको आवेगजन्य निर्णय अचेतन मनको निर्णय हो । यसलाई उसको जवानीसँगै हुर्केको अस्वस्थ परिवेशले बल दिएको हो भन्ने कुरा औंल्याउँदै दुई विपरीत मनस्थितिका चापमा परेर मिसरी दुर्घटित बन्न पुगेकी हो भन्ने शर्माको टिप्पणी रहेको छ । प्रस्तुत उपन्यासले नेपाली जनजीवनको सामाजिक पक्षलाई स्पर्श गरेको कुरा उल्लेख गर्दै मनस्तात्विक विश्लेषण गरेर लेखिएको प्रस्तुत उपन्यासले युवा चरित्रको भित्री पार्श्वलाई चस्स छोएको तथा जस्तोसुकै संस्कार र इज्जत भए पनि मान्छे आखिर मान्छे नै हो र उसका प्रशस्त कमजोरीहरू हुन्छन्, समय समयमा मनको दोसाँधबाट उब्जिएका आवेगहरूलाई मान्छेले दबाउन नसक्ने र सोच्दै नसोचेको बाटोतर्फ ऊ डोरिन पुग्ने निष्कर्ष शर्माको रहेको छ (शर्मा, २०४४ : १२२) ।

उपन्यास विधामै केन्द्रित भएर लेखिएको शर्माको अर्को समालोचनात्मक लेख 'लङ्गडाको साथी यथार्थवादी प्रयोग' शीर्षकको रहेको छ । वि.सं. २०४० को 'मुस्कान' दसौं अवतारमा प्रकाशित उक्त लेखमा उपन्यासकार लैनसिंह वाङ्देलको यथार्थवादी उपन्यास 'लङ्गडाको साथी' (२००८) माथि शर्माले समीक्षा प्रस्तुत गरेका छन् । यसमा शर्माले 'लङ्गडाको साथी' उपन्यासमा घटेका सबै घटनाहरू यथार्थ हुन् र लङ्गडो उपल्लो वर्गबाट जति उपेक्षित भएको छ यो पनि हाम्रो समाजको सफा दर्पण नै हो भनेका छन् । सामाजिक आर्थिक विषमताको चापमा कुँजिएको एउटा अति निम्न वर्गको चरित्रलाई पशुसहकर्मी गराएर यसका घटनालाई यथार्थ रूपमा उपन्यासकारले प्रस्तुत गरेका छन् भन्ने समालोचक शर्माको दृष्टिकोण रहेको छ । दार्जिलिङको एक परिवेशमा तयार भएको प्रस्तुत उपन्यासका कतिपय घटना सन्दर्भहरूले यसलाई अतियथार्थवादी उपन्यास बनाएको निष्कर्ष शर्माले दिएका छन् । वर्णनात्मक प्रवृत्तिको प्रस्तुत समालोचना शर्माको चिन्तनशील र गहन रूपका नदेखिएर प्रभावपरक र सतही किसिमको रहे पनि उपन्यासको अध्ययनका क्रममा यो महत्त्वपूर्ण रहने देखिन्छ ।

गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरणमा नै देखिएको उपन्यास विषयसँग सम्बन्धित अर्को समालोचना 'आधुनिक नेपाली उपन्यास प्रमुख मोड र तिनका प्रवृत्ति' शीर्षकमा रहेको छ । प्रस्तुत समालोचना २०३८ को 'अरुणोदय' वर्ष

१८ अङ्क १ मा प्रकाशित भएको हो । प्रस्तुत लेखमा समालोचक शर्माले नेपाली उपन्यासको आधुनिक काललाई विभिन्न उपन्यास कृतिहरूका प्रवृत्तिगत भिन्नताका आधारमा पाँच मोडहरूमा विभाजन गरेका छन् । यस क्रममा उनले आधुनिक नेपाली उपन्यासको पहिलो मोड वि.सं. १९९१ को रुद्रराज पाण्डेको 'रूपमती' उपन्यासबाट प्रारम्भ भएको मान्दै यसले आदर्शोन्मुख यथार्थवादलाई प्रस्फुटन गरेको कुरा औंल्याएका छन् । शर्माका अनुसार 'मुलुक बाहिर' (२००४) सामाजिक यथार्थवादलाई लिएर देखा परेपछि आधुनिक नेपाली उपन्यासमा दोस्रो मोड आएको हो । त्यसैगरी हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' (२०११) बाट तेस्रो मोड देखापरेको हो । यस उपन्यासले प्रगतिवादी यथार्थवादलाई अँगाल्दै परम्परागत मान्यताप्रति विद्रोह वैचारिक क्रान्तिकारिता र स्थापित सामाजिक मूल्यप्रति आक्रोश व्यक्त गर्दछ भन्ने चर्चा शर्माले गरेका छन् । यसै क्रममा मनोवैज्ञानिक अध्ययन र मनोविश्लेषणात्मक तथ्यको विश्लेषणबाट नेपाली उपन्यासमा चौथो मोड प्रारम्भ भएको र यसमा मल्ल दाजुभाइको सक्रियता रहेको कुरा पनि शर्माले गरेका छन् । आधुनिक नेपाली उपन्यासमा वि.सं. २०२२ पछि पारिजातको 'शिरीषको फूल' उपन्यास प्रकाशित भएसँगै पाँचौं मोड देखिएको कुरा शर्माले प्रस्तुत लेखमा उल्लेख गरेका छन् । यसरी विभिन्न समयावधिमा प्रकाशित भएका उपन्यासहरूले नेपाली उपन्यासमा फरक फरक प्रवृत्ति र विचारको उठान गरेको हुँदा तिनै उपन्यास कृति र तिनको प्रकाशनको समयलाई आधार बनाएर आधुनिक नेपाली उपन्यासमा विभिन्न मोड र प्रवृत्तिलाई छुट्याउने काम गरिएको कुरा शर्माले निष्कर्षित गरेका छन् । प्रस्तुत समालोचना शर्माको सैद्धान्तिक तथा व्यावहारिक दुवै समालोचनाको मिश्रित रूपमा देखा पर्दछ । यसले उपन्यास विधाको ऐतिहासिकताको सन्दर्भलाई पनि उठाएको देखिन्छ । तथ्यपरक, विवरणात्मक तथा विश्लेषणात्मक किसिमको प्रस्तुत समालोचना शर्माको एक महत्त्वपूर्ण समालोचना मानिन्छ ।

यसरी समालोचक गोपीकृष्ण शर्माले उपन्यास विधासँग निकट रहेर गरेका समालोचना लेखहरू मध्ये 'मुलुक बाहिर घुम्दा घुम्दै' र 'अनुराधा उपन्यास विवेचनात्मक अध्ययन' शीर्षकका समालोचनाहरू पनि उनको समालोचना यात्राको प्रथम चरणभित्रै रहेको सूचना प्राप्त छ । तर यी लेखहरू विश्लेषण गर्नका लागि उपलब्ध हुन नसकेको हुँदा यहाँ उक्त लेखहरूलाई विवरणमा मात्रै समाविष्ट

गरिएको छ । उपन्यास विधाकेन्द्री शर्माका प्रथम चरणका समालोचनाहरू कृतिकेन्द्री प्रायः देखिन्छन् भने मिश्रित प्रकृतिको पनि एउटा लेख पाइएको छ । यसरी समालोचना यात्रामा उनका यी लेखहरूले सफल समालोचनातर्फ शर्मालाई अघि बढ्न थप आधार प्रदान गरेको देखिन्छ ।

### ४.१.२.४ जीवनीपरक समालोचना

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको पहिलो चरणमा एउटा जीवनीपरक समालोचना प्रस्तुत भएको देखिन्छ । 'नेपाली भाषा र साहित्यका चिर साधक उत्तम कुँवर' शीर्षकको समालोचना 'रूपरेखा' (२०४०) को उत्तम कुँवर विशेषाङ्कमा प्रकाशित भएको हो । दुई पृष्ठ तथा तिन अनुच्छेदको छोटो आयामको प्रस्तुत समालोचनामा नेपाली भाषा तथा साहित्यका क्षेत्रमा उत्तम कुँवरलाई चिनाउने काम शर्माबाट भएको देखिन्छ । यस क्रममा 'रूपरेखा' पत्रिकासँग उत्तम कुँवर पर्यायवाची जत्तिकै रहेको शर्माले उल्लेख गरेका छन् । उनी साहित्यिक पत्रकार, अन्तर्वार्ताकार र साहित्यिक टिप्पणीकारका रूपमा पनि सफल रहेको उल्लेख गरेका छन् । नेपाली साहित्यमा प्रयोगवादी कविताको प्रकाशमा ल्याउने दायित्व वहन पनि कुँवरले गरेको चर्चा गर्दै 'रूपरेखा' को संचालनमा सक्रिय सहभागी कुँवर साहित्यसेवी व्यक्तित्व हुन् भन्ने उल्लेख गरेका छन् । काठमाडौँ बाहिर पाल्पाबाट प्रकाशित हुने 'पाल्पादर्पण' का प्रथम सम्पादक समेत भएर क्षेत्रीय स्तरमा पनि साहित्यसेवा गर्ने जस्तो अविस्मरणीय काम गर्ने कुँवर नेपाली साहित्यलाई सधैँ माथि उठाउन पहल गरिरहने साधक रहेको कुरा यस प्रसङ्गमा शर्माले उल्लेख गरेका छन् । शर्माको प्रस्तुत समालोचना व्यावहारिक भएर पनि प्रवृत्ति केन्द्री रहेको प्रभावपरक समालोचना हो । यसमा उनले आलोचना भन्दा गुण पक्षको प्रशंसा गरेकाले यस लेखबाट पनि समालोचक शर्मा गुणान्वेषी समालोचकका रूपमा देखिएका छन् ।

## ४.२ गोपीकृष्ण शर्माका प्रथम चरणका समालोचनाहरूको प्रवृत्तिगत वैशिष्ट्य

गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रथम चरण वि.सं. २०२१ देखि २०४० सम्म करिब १९ वर्ष लामो रहेको देखिन्छ । समयका हिसाबले लामो देखिए पनि लेखनका हिसाबले न्यून रहेको शर्माको समालोचना यात्राको यो प्रथम चरणमा

एक पुस्तकाकार कृति र १५ वटा फुटकर समालोचना प्रकाशित भएका देखिन्छन् । उनका प्रथम चरणका समालोचना प्रवृत्तिहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ ।

- शर्माका यस चरणमा देखिएका समालोचनाहरू कृतिकेन्द्री (गंगालालको चिता एक अध्ययन, फूलवारी एक अनुशीलन, मुलुक बाहिर घुम्दा घुम्दै, एकचिहान खोतल्न पुग्दा, पल्लो घरको झ्याल एक विवेचना, तरङ्ग एक समीक्षा, अनुराधा उपन्यास विवेचनात्मक अध्ययन, जीउँदो लास नाटक विभिन्न पक्षीय अध्ययन र लङ्गडाको साथी यथार्थवादी प्रयोग), प्रवृत्ति केन्द्री (नेपाली भाषा र साहित्यका चिर साधक उत्तम कुँवर, आधुनिक नेपाली उपन्यास प्रमुख मोड र तिनका प्रवृत्ति), साहित्येतिहास (नेपाली कविता आधुनिक र अत्याधुनिक सन्दर्भमा) र सिद्धान्त केन्द्री (तेस्रो आयाम र नेपाली साहित्य, नाटक साहित्य र पूर्वीय काव्य लाक्षणिक सन्दर्भमा) रहेका छन् ।
- सङ्ख्यात्मक रूपमा कृतिकेन्द्री समालोचनाहरू बढी देखिएका र सैद्धान्तिक समालोचनाहरू कम देखिएका छन् ।
- सबै समालोचनाहरू मध्ये एउटा समालोचनात्मक लेख (जीउँदो लास नाटकको विभिन्न पक्षीय अध्ययन) मात्र अनुसन्धानमूलक र गहन किसिमको रहेको अन्य सबै लेखहरू सतही र प्रभावपरक समालोचनाहरू हुन् ।
- 'नेपाली निबन्ध परिचय' (२०४०) मा निबन्धको सैद्धान्तिक पक्षलाई चिनाउँदै नेपाली साहित्यमा यसको विकासको चर्चा गरेर सैद्धान्तिक तथा साहित्येतिहासपरक समालोचना एउटै कृतिमा प्रस्तुत गर्ने प्रवृत्ति पनि शर्मामा देखिन्छ ।
- सैद्धान्तिक, व्यावहारिक र मिश्रित किसिमका समालोचना लेख्ने प्रवृत्ति यस चरणमा पाइन्छ ।
- व्यावहारिक समालोचनामा विधा, प्रवृत्ति र साहित्येतिहासलाई समेट्ने प्रवृत्ति छ ।
- उनका प्रथम चरणका समालोचनाहरूलाई हेर्दा अधिकांश गुण पक्षलाई केलाउने प्रवृत्ति देखा पर्दछ ।
- सरल र परिष्कृत भाषाशैलीको प्रयोग गरी समालोचनाहरू प्रस्तुत गर्ने प्रवृत्ति छ ।
- उनका समालोचनामा कृति भित्रको अध्ययन गरी पाठात्मक समालोचना प्रस्तुत गर्ने प्रवृत्ति ।

- प्रवृत्ति केन्द्री समालोचना भएर पनि जीवनीगत सन्दर्भलाई प्रस्तुत गरिएकाले 'नेपाली भाषा र साहित्यका चिर साधक उत्तम कुँवर' शर्माको जीवनी परक समालोचना रहेको छ ।
- उनका प्रवृत्ति केन्द्री समालोचनाहरूमा पनि प्रायः गुण पक्षलाई उधिनेर प्रस्तुत गर्ने प्रवृत्ति पाइन्छ ।
- अध्ययन, अध्यापन तथा लेखन तिन पक्षबाट लिएका अनुभवहरूलाई उनका समालोचनामा समाविष्ट गरिएकाले समालोचनाहरू सरल, सहज तथा आस्वाद्य रहेका छन् ।
- शर्माको समालोचना यात्राको पहिलो फुटकर लेख पनि सैद्धान्तिक समालोचनाको रहेको छ भने पहिलो पुस्तकाकार कृति 'नेपाली निबन्ध परिचय' पनि सैद्धान्तिक समालोचनामा केन्द्रित भएर लेखिएको छ ।

## ४.३ द्वितीय चरणका समालोचना कृतिहरूको अध्ययन

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरण वि.सं. २०४१ देखि प्रारम्भ भई हालसम्म निरन्तर रहेको पाइन्छ । वि.सं. २०४१ देखि २०६८ सम्म उनले समालोचनाका क्षेत्रमा लेखेका समालोचनात्मक कृति तथा फुटकर लेखहरूलाई विश्लेषण गरी तिनकै आधारमा समालोचक शर्माका समालोचना प्रवृत्तिहरू निर्क्योल गरी उनको योगदानको मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । शर्माको यस चरणमा दुई पुस्तकाकार कृति र अन्य करिब १५० को हाराहारीमा फुटकर लेखहरू प्रकाशित भएका छन् । उनका पुस्तकाकार कृतिको व्याख्या सर्वप्रथम गरी अनि मात्र फुटकर लेखहरूको चर्चा यहाँ गरिन्छ ।

### ४.३.१ शर्माका समालोचनात्मक पुस्तकाकार कृतिको अध्ययन

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा दुई पुस्तकाकार कृति प्रकाशित भएका छन् । ती हुन्- 'अवलोकन र विवेचन' (२०४४) तथा 'संस्कृत साहित्यको रूपरेखा' (२०५३) ।

#### ४.३.१.१ अवलोकन र विवेचन (२०४४) को अध्ययन

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा प्रकाशित पहिलो पुस्तकाकार कृति 'अवलोकन र विवेचन' हो । रत्नपुस्तक भण्डारले प्रकाशन गरी

बजारमा ल्याएको यो पुस्तक १३५ पृष्ठको बाहिरी आयाममा विस्तारित भएको छ । खासगरी शर्माको यस अघि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका लेखहरू र केही अप्रकाशित समालोचनात्मक लेखहरूलाई सङ्कलन गरी सङ्गो कृतिका रूपमा 'अवलोकन र विवेचन' पुस्तक आएको हो । यस पुस्तकमा शर्माका सैद्धान्तिक र व्यावहारिक दुवै किसिमका समालोचनाहरूको प्रस्तुति पाइन्छ । यस पुस्तकमा शर्माका फुटकर लेखहरूलाई तिन खण्डमा वर्गीकरण गरी व्यवस्थापन गरिएको छ । ती तिन खण्डहरू हुन् । कविता खण्ड, नाटक खण्ड र उपन्यास खण्ड । कविता खण्डमा शर्माका पाँच लेखहरू छन् । यी लेखहरू यस अघि नै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका हुनाले यहाँ सङ्कलनको काम मात्र गरिएको छ । त्यसैगरी दोस्रो नाटक खण्डमा जम्मा ६ वटा लेखहरू रहेका छन् जसमा तिन लेखहरू यस अघि प्रकाशित भइसकेका र तिन अप्रकाशित लेखहरू रहेका छन् । तेस्रो खण्ड उपन्यास खण्ड हो जसमा ७ लेखहरू सङ्कलित छन् । ती मध्ये पाँच लेखहरू पहिले नै प्रकाशित भइसकेका हुन् भने दुई लेख अप्रकाशित रहेका छन् । यसरी पहिले प्रकाशित तथा अप्रकाशित दुई थरी लेखहरूलाई सङ्कलन गरी 'अवलोकन र विवेचन' पुस्तक लेख सङ्ग्रहका रूपमा आएको छ र यस भित्र तिन विधाका समालोचनात्मक लेखहरू रहेका छन् । ती तिन विधाका लेखहरूलाई अलग अलग रूपमा यहाँ चर्चा गरिन्छ ।

#### ४.३.१.१.१ कविता केन्द्री समालोचना

'संचयिताको संरचनापक्ष' शीर्षकको कविता केन्द्री समालोचनात्मक लेख 'व्यथा' वर्ष ७ अङ्क ३ (२०४४) मा प्रकाशित भएको लेख हो । प्रस्तुत लेखमा गोपीकृष्ण शर्माले कवि केदारमान व्यथितको प्रौढ कवित्वको उपज 'संचयिता' कविता सङ्ग्रहको समीक्षा गर्ने कार्य गरेका छन् । यस कविता सङ्ग्रहको संरचना पक्षमा जोड दिँदै लयात्मक गद्य कविताहरूको सँगालो संचयिताको संरचना पक्षलाई हेर्दा यसमा भूमिका अंशबाहेक ६ वटा खण्ड रहेको कुरा शर्माले उल्लेख गरेका छन् । मात्रिक लयले गर्दा छन्दगत आस्वाद र गद्यात्मक समायोजनाले भावप्रधान कविता धर्मलाई सँगसँगै समाहित गरिएको प्रतीत हुन्छ भन्ने यसमा शर्माको भनाइ रहेको छ । कविले प्रौढ अवस्थामा कविता लेखेका हुनाले यो कविता सङ्ग्रह अति उत्कृष्ट भएको र व्यथितको काव्य भण्डार नेपाली साहित्यको अमूल्य निधि हो भन्ने कुरा

व्यक्त गर्दै शर्माले केदारमान व्यथितलाई नेपाली काव्य साहित्यका विशिष्ट प्रतिभा तथा अविजेय साहित्यकार हुन् भन्ने कुराको दाबी गरेका छन् ।

'अवलोकन र विवेचन' पुस्तकमा रहेको अर्को कविता केन्द्री समालोचना 'भाव र भाषाको सङ्गम - सय थुँगा फूल' शीर्षकको रहेको छ जो 'उत्साह' पूर्णाङ्क २३, २०४४ प्रकाशित छ । यस लेखमा शर्माले नेपाली साहित्यका उज्ज्वल प्रतिभा कृष्णप्रसाद पराजुलीका मुक्तकहरूको सङ्कलन 'सय थुँगा फूल' को समीक्षा गरी यसमा भाव र भाषाको सन्तुलित सङ्गम भएको कुरा उल्लेख गरेका छन् । एक-एक सय मुक्तकहरूका दुईवटा अंश भएको प्रस्तुत सङ्कलनमा पहिलो अंशको पहिलो नै मुक्तकबाट भावबिम्ब र साङ्गीतिक चेतनाको सहारा लिइएको कुरा शर्माले व्यक्त गरेका छन् । उनका अनुसार जीवनका मृदु कटु व्यवहार र वनस्पतिका वासन्ती शिशिर अवस्था कवि पराजुलीका भाव ग्रहण गर्ने दुई महत्त्वपूर्ण शैली हुन् । सय थुँगा फूलको मूल्याङ्कनका क्रममा कवि पराजुलीले मुक्तकहरूबाट घनीभूत भावलाई थोरै शब्दमा अभिव्यक्त गर्न सकेको कुरा उल्लेख गर्दै शर्माले कवि पराजुलीका मुक्तकमा भाव र भाषाको सन्तुलनयुक्त सङ्गम निर्विवाद रहेको कुरा यस लेखमा चर्चा गरेको पाइन्छ । यसरी भावानुसारी भाषा र भाषानुसारी भावको सन्तुलन नै सय थुँगा फूल हो भन्ने समालोचक शर्माको निष्कर्ष रहेको छ ।

समालोचक शर्माको कविता केन्द्री अर्को समालोचना लेख 'खण्डकाव्यकार युद्धप्रसाद मिश्र' शीर्षकमा रहेको छ । प्रस्तुत लेख कविता विधा अन्तर्गत रहेर पनि प्रवृत्ति केन्द्री देखिन्छ । युद्धप्रसाद मिश्रको कवित्व भित्र विकसित भएको खण्डकाव्यकारिता माथि समालोचक शर्माले समीक्षा प्रस्तुत गरेका छन् । खण्डकाव्यकार मिश्र र उनका दुई खण्डकाव्य 'मुक्तिरामायण अरण्यकाण्ड' र 'मुक्त सुदामा' माथि विशेष चर्चा गर्दै उनका काव्यगत प्रवृत्ति तथा योगदानको सन्दर्भलाई शर्माले आफ्नो लेखनको केन्द्र बनाएका छन् । खास गरी खण्डकाव्यकार मिश्रको लेखन प्रारम्भमा स्वच्छन्दतावादी चेतबाट अभिप्रेरित रहेको र पछि यो लेखन प्रगतिशीलतातर्फ ढल्कँदै गएको कुरा शर्माले उल्लेख गरेका छन् । काव्यकार मिश्र मानवीय संवेदनाका र करुणाका कवि, यसै गरी रोमान्टिक प्रगतिवादी कवि, शास्त्रीय छन्दका कवि र देश भक्त कवि हुन् भन्दै शर्माले खण्डकाव्यकार मिश्रलाई कवि सिद्धिचरण श्रेष्ठका समकालीन समयका

कविका रूपमा स्थापित गरेका छन् । यसरी समालोचक शर्माले काव्यकार मिश्रका काव्यगत वैशिष्ट्य र तिनको मूल्याङ्कन प्रस्तुत लेखमार्फत् प्रदान गरेका छन् । शर्माको यो प्रवृत्ति केन्द्री समालोचना काव्यकारकै कृति भित्रबाट अध्ययन गरी प्रस्तुत गर्ने काम शर्माले गरेका छन् ।

यसरी 'अवलोकन र विवेचन' पुस्तकका कविता खण्डमा राखिएका कविता केन्द्री समालोचनाहरू हेर्दा ती समालोचना कृति केन्द्री (फूलवारी एक अनुशीलन, संचयिताको संरचनापक्ष र भाव र भाषाको सँगम सय थुँगा फूल) र प्रवृत्ति केन्द्री (खण्डकाव्यकार युद्धप्रसाद मिश्र र नेपाली कविता आधुनिक र अत्याधुनिक सन्दर्भमा) दुई किसिमका देखिएका छन् र तिनका आ-आफ्नै महत्त्व रहेको देखिन्छ ।

### ४.३.१.१.२ नाटक केन्द्रीय समालोचना

समालोचक गोपीकृष्ण शर्माको 'अवलोकन र विवेचन' कृति समालोचनात्मक लेखहरूको सङ्ग्रह हो । यसमा सङ्कलित कतिपय लेखहरू उनको समालोचना यात्राको प्रथम चरणमा नै व्याख्या गरिसकेको हुँदा ती बाहेकका लेखहरूको मात्र यहाँ चर्चा गरिन्छ । यस सन्दर्भमा उनका ६ वटा नाटक केन्द्रीय समालोचनाहरूमध्ये एकको मात्र अघिल्लो चरणमा चर्चा गरिएको हुँदा बाँकी पाँचवटाको यहाँ चर्चा गरिन्छ ।

शर्माको 'अभिव्यञ्जनावाद र विसङ्गतिवाद अत्याधुनिक नाटकका सन्दर्भमा' शीर्षकको लेख नाटक विधासँग निकट भएर पनि सैद्धान्तिक समालोचनाका रूपमा देखिन्छ । प्रस्तुत लेख 'गरिमा' पूर्णाङ्क ४४, २०४३ मा प्रकाशित भइसकेको हो । ६ पृष्ठको आयाममा रहेको उक्त लेखमा समालोचक शर्माले अत्याधुनिक नाटकका सन्दर्भमा आएका अभिव्यञ्जनावाद र विसङ्गतिवादको बारेमा चर्चा गर्ने कार्य गरेका छन् । शर्माका अनुसार नाट्यवस्तु र नाट्य शिल्पमा नयाँ नयाँ आयामहरू थप्दै जाने क्रममा मार्क्स, नित्से र फ्रायडका जीवन दृष्टि तथा इब्सेन, शा र चेखबका संरचना सन्दर्भहरू पाश्चात्य नाट्य साहित्यमा पर्याप्त देखा परेपछि प्रयोगधर्मी नाट्य रचनाहरूको सूत्रपात हुन गई नाटकका क्षेत्रमा पनि शिल्पगत अभिव्यञ्जनावाद र वस्तुगत विसङ्गतिवादको प्रारम्भ भएको हो र आजका नाटकमा समेत यसको गहिरो प्रभाव छ । यसै गरी शर्माले यसमा अभिव्यञ्जनावाद र विसङ्गतिवादलाई अँगालेर नाटक लेख्ने विश्वका मुख्य नाटककार र तिनीहरूका

मुख्य मुख्य नाट्य रचनाहरूको बारेमा चर्चा गर्दै विश्वनाटकको आधुनिक उन्मेषको प्रभावमा नेपाली नाट्य क्षेत्रमा पनि अभिव्यञ्जनावाद र विसङ्गतिवादलाई अंशतः आत्मसात् गर्दै नाटक रचना गर्ने नाटककारहरू विजय मल्ल, ध्रुवचन्द्र गौतम तथा मोहनराज शर्मा आदिको नाम लिएका छन् ।

समालोचक गोपीकृष्ण शर्माका नाटक केन्द्री समालोचनाहरूमा माथि प्रस्तुत लेखदेखि बाहेक सबै लेख व्यावहारिक समालोचनाका र कृति केन्द्री देखिन्छन् । यसर्थ अब तिनीहरूको चर्चा तल गरिन्छ ।

'नाटककार विजय मल्ल र कोही किन वर्वाद होस्' शीर्षकको समालोचना सर्वप्रथम यसै कृति 'अवलोकन र विवेचन' मा प्रकाशित लेख हो । आयामका दृष्टिले यो १० पृष्ठ लामो रहेको छ । यसभित्र समालोचक शर्माले विभिन्न ६ उपशीर्षकहरू दिएर नाटकको चर्चा गरेका छन् । उनले नाटककार 'विजय मल्ल र उनको कोही किन वर्वाद होस्' नाटकको विषयवस्तु, द्वन्द्वविधान, शैलीशिल्प, मञ्चन, अङ्क विभाजन जस्ता पक्षमा यो नाटक उत्कृष्ट रहेको चर्चा गर्दै यो नाटक बालमनोविज्ञान सहित प्रस्तुत भएको सामाजिक नाटक हो भन्ने चर्चा गरेका छन् । उनले मानसिक ग्रन्थिले रुग्ण भएका पात्रहरूको अन्तरमनलाई चिरफार गरेर तिनका मनका असन्तुष्टि, कुण्ठा र उत्पीडनलाई यथार्थ ढङ्गले स्पष्ट गर्ने विजय मल्ल सफल नाटककार हुन् भन्ने निष्कर्ष दिएका छन् ।

शर्माको अर्को नाटक केन्द्री समालोचना 'मुकुन्द इन्दिरामा देशप्रेम' शीर्षकको रहेको छ । ७ पृष्ठको आयाम भएको यो पनि यसभन्दा अघि अप्रकाशित रहेको लेख हो । आधुनिक नेपाली नाटकको थालनी गर्ने नाटककार बालकृष्ण समको काव्यात्मक नाटक 'मुकुन्द इन्दिरा' मा केन्द्रित यो समालोचनामा राष्ट्रप्रेमलाई नाटकभित्र केलाउनु यसको मूल मर्म हो । नेपाली नाट्य साहित्यको बहुचर्चित सामाजिक संयोगान्त नाटक 'मुकुन्द इन्दिरा' मा देशप्रेमको भावना नाटककारका मुख पात्र भवदेवबाट प्रकट भएको कुरा शर्माले यसमा उल्लेख गरेका छन् । आफ्नै देश, माता, पिता तथा विवाहिता पत्नी सबैलाई त्यागेर विदेशमा अल्झिएको मुकुन्दलाई देशप्रेमको चेतना दिई स्वदेश फर्काउने काम गर्नु नाटककार समको देशप्रेमको ज्वलन्त उदाहरण हो भनी शर्माले टिप्पणी गरेका छन् । यसरी 'मुकुन्द इन्दिरा' नाटक देशप्रेमको भावनालाई तीव्र पार्ने मौलिक सामाजिक पद्य नाटक हो र

यसले धेरै पाठकहरूमा देशप्रेमको भावना विकास गर्ने काममा ठूलो भूमिका खेलेको छ भन्ने समालोचक शर्माको निष्कर्ष रहेको छ ।

शर्माको अर्को नाटक केन्द्री समालोचना 'वैकुण्ठ एक्सप्रेसको वस्तु संयोजन' शीर्षकमा रहेको छ । प्रस्तुत लेख 'गरिमा' पूर्णाङ्क ५५ (२०४४) मा यस अघि नै प्रकाशित भएको हो । नाटककार मोहनराज शर्माको प्रस्तुत नाटक जनसाधारणको बोलचालको भाषामा सृजना गरिएको तथा वस्तु र शिल्प दुवै पार्श्वबाट नयाँ प्रयोगका रूपमा आएको कुरा शर्माले औंल्याएका छन् । वस्तु संयोजनका दृष्टिले यस नाटकले समसामयिक युगबोध र त्यसको त्रास पूर्ण परिणतिलाई कथ्यको रूपमा अँगालेको अनि ऐस आरामको शाश्वत शिखरमा पुग्न लालायित आजको भौतिक मानव सभ्यता विभिन्न बिसौनीको अनुभव गर्दै आइरहेको कुरा पनि शर्माले उल्लेख गरेका छन् । यस नाटकमा प्रयुक्त सम्पूर्ण पात्रहरू सांसारिक जीवनका पाटा हुन् भन्दै शर्माले विकासवादी सिद्धान्त अनुसार पाशविक प्रवृत्तिबाट सभ्यताको सिंढी चढ्दै प्रकृति माथि नै विजय हासिल गर्ने उद्देश्य बोकेको आजको सचेत मान्छे पनि आफ्नै असावधानीले अन्ततोगत्वा पशुपुरमा पुग्न बाध्य भएको छ भन्ने उल्लेख गरेका छन् । यसरी शर्माले सुख सुविधापूर्ण शान्तिको चाहना र दुर्गति पूर्ण त्रासद परिणाम यस नाटकका दुई पार्श्व हुन् र यो नाटक नेपाली नाट्य परम्परामा नयाँ हस्ताक्षर हो भन्ने निष्कर्ष समालोचक शर्माको रहेको छ । वस्तुपरक वर्णन र कृतिपरक विश्लेषणका कारण शर्माको यो समालोचना उत्कृष्ट रहेको देखिन्छ । नाटकको अध्ययन गर्नेहरूका लागि यो त्यतिकै महत्त्वपूर्ण पनि रहेको छ ।

गोपीकृष्ण शर्माको नाटक केन्द्री अर्को समालोचना 'चौतारा लक्ष्मीनारायणको विवेचना' शीर्षकमा रहेको छ । यो यसभन्दा अघि अप्रकाशित समालोचना हो । ७ पृष्ठको आयाम रहेको यो लेख नाटककार भीमनिधि तिवारीको नाटक 'चौतारा लक्ष्मीनारायण' (२०२३) माथि विवेचना गर्दै प्रस्तुत गरिएको हो । ऐतिहासिक नाटक चौतारा लक्ष्मीनारायण पूर्वीय नाट्य मान्यतामा आधारित भएको कुरा उल्लेख गर्दै शर्माले यसले ऐतिहासिक तथ्य बोध र नाट्य संरचना दुवै पक्षको समन्वय गर्ने चेष्टा गरेको देखिन्छ भन्ने चर्चा गरेका छन् । यसरी शर्माले प्रस्तुत नाटक ऐतिहासिक अन्वेषणको नाटकीय रूपान्तरण हो भन्ने कुरा निष्कर्ष दिएका छन् ।

यसरी गोपीकृष्ण शर्माले 'अवलोकन र विवेचन' को नाटक खण्डमा ६ वटा नाटक केन्द्री समालोचनात्मक फुटकर लेखहरू प्रस्तुत गरेका छन् । तिनमा एक सैद्धान्तिक समालोचनासँग निकट रहेको छ भने बाँकी पाँच लेखहरू व्यावहारिक समालोचनामा कृति केन्द्री भएर प्रस्तुत गरिएका छन् । यी सबै लेखहरू वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अनुसार प्रस्तुत गरिएका छन् भने अनुसन्धानात्मक प्रकृतिका नभएर सतही र प्रभावपरक प्रकृतिका रहेका छन् । यद्यपि नाटकको अध्ययनका लागि भने यी महत्त्वपूर्ण मानिन्छन् ।

### ४.३.१.१.३ उपन्यास केन्द्री समालोचना

'अवलोकन र विवेचन' पुस्तकको तेस्रो खण्ड उपन्यास खण्ड हो । यसमा ७ लेखहरू सङ्कलित रहेका छन् । जसमा पाँच लेखहरू पहिले नै प्रकाशित भएका हुन् भने दुई लेख अप्रकाशित रहेका लेखहरू हुन् । उपन्यास खण्डका ७ लेखहरूमध्ये ४ को अघिल्लो चरणमा चर्चा भइसकेको हुँदा यहाँ बाँकी तिन समालोचनाहरूको चर्चा गरिन्छ ।

'बसाइँको सामाजिक पक्ष' शीर्षकको समालोचना 'चिप्लेटी' १-१ जन जागृति साहित्य परिषद् बाँके २०४३ मा प्रकाशित भएको हो । यस समालोचनामा समालोचक शर्माले बसाइँ उपन्यास भित्र घटित घटनाहरू हाम्रो नेपाली समाजसँग दुरुस्तै मिल्ने खालका छन् भन्दै यस उपन्यास भित्रका शोषक र शोषित वर्ग, रिकुटे जस्ता दुष्ट व्यक्तिहरूबाट ठगिएका नेपाली चेलीहरूको व्यथा तथा आर्थिक विपन्नता र बाध्यताले गर्दा मधेस झर्ने वा मुग्लान पस्ने जस्ता अवस्था हाम्रो नेपाली जन जीवनका यथार्थ पक्ष हुन् भन्ने उल्लेख गरेका छन् । लीलबहादुर क्षेत्रीको 'बसाइँ' उपन्यासले निम्न वर्गीय नेपालीको कारुणिक र मार्मिक पक्षलाई उद्घाटन गर्नुका साथै उपल्लो वर्गका व्यक्तिहरूले तल्लो वर्गका व्यक्तिहरूलाई गरेको शोषणको घोर भर्त्सना गरेको कुरा शर्माले उल्लेख गरेका छन् । यस उपन्यासका सामाजिक समस्या भनेका हाम्रो समाजका निम्न वित्तीय जनताका सामाजिक समस्या हुन् तसर्थ बसाइँको सामाजिक पक्ष संवेदनशील र सबल भएको निष्कर्ष समालोचक शर्माले दिएका छन् ।

'सुम्निमामा कथानक योजना' शीर्षकको समालोचना शर्माको उपन्यास केन्द्री अर्को समालोचना हो । यस अघि अप्रकाशित रहेको प्रस्तुत लेखमा शर्माले

विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' उपन्यासको चर्चा गर्दै कथा र कथानकका बिच स्पष्ट अन्तर देखाएका छन् । शर्माका अनुसार उपन्यास गद्य आख्यान हो र कथानक, चरित्र, परिवेश, संवाद, भाषाशैली, उद्देश्य आख्यानका अति आवश्यक तत्त्व हुन् । 'सुम्निमा' उपन्यासको कथानक पक्षलाई दृष्टि केन्द्र बनाएर विश्लेषण गर्ने काम शर्माले यसमा गरेका छन् । जसरी आत्माविना शरीरको कल्पना गर्न सकिँदैन त्यसै गरी कथानकलाई अन्य पक्षबाट अलग्याएर हेर्न सकिँदैन । आत्माविनाको शरीर मुर्दामा परिणत भए जस्तै पात्र, संवाद र परिवेशविनाको कथानक कथा मात्रै हुन जान्छ भन्ने कुरा यहाँ समालोचक शर्माले छर्लङ्ग पारेका छन् । आलङ्कार शैली, स्वाभाविक संवाद, दृश्यमय परिवेश र नाटकीय प्रस्तुतिले सिँगारिएको 'सुम्निमा' उपन्यास अतीत तर्फको सांस्कृतिक यात्रा गराउने नेपाली उपन्यासको अनन्य उपलब्धि हो भन्ने निष्कर्ष शर्माले दिएका छन् । यस समालोचनामा कृतिको गुण पक्षलाई समालोचकले विश्लेषणात्मक शैलीमा माथि उठाएका छन् ।

समालोचक शर्माको 'अवलोकन र विवेचन' कृतिमा सङ्ग्रहित उपन्यास केन्द्री अन्तिम समालोचना 'उपन्यासकार दुर्गाप्रसाद श्रेष्ठ र वाग्मती साक्षी छ' शीर्षकको रहेको छ । यो अप्रकाशित लेख शर्माले प्रस्तुत कृतिमा सङ्ग्रहित गरेका हुन् । प्रवृत्ति र कृति केन्द्री मिश्रित किसिमको यो समालोचनामा शर्माले सबल र दुर्बल पक्षको तुलनात्मक समीक्षा प्रस्तुत गरेका छन् । ७ पृष्ठको आयाममा रहेको यो समालोचनामा शर्माले 'वाग्मती साक्षी छ' उपन्यास संस्मरणात्मक शैलीमा लेखिएको उत्तम पुरुष प्रधान उपन्यास हो भन्ने उल्लेख गरेका छन् । यो उपन्यासले २००७ सालको सङ्क्रमण कालीन नेपालको दरबारिया समाजको चित्रण गरेको छ भन्दै शर्माले वाग्मती शब्दले निम्न वर्गीय नेपाली जनताको स्थितिको सङ्केत गर्ने प्रतीकको काम पनि गरेको उल्लेख गरेका छन् । उनका अनुसार 'वाग्मती साक्षी छ' उपन्यास उच्च आदरार्थी वाक्य प्रयोगमा कतै पद सङ्गतिको अनुशासन नभएको र कतै आन्तरिक द्वन्द्व र सङ्घर्षलाई गम्भीरता दिन नसकेको दुर्बल पक्ष हुँदाहुँदै पनि सहज र सरल प्रस्तुतिमा राणाकालीन दरबारिया समाजको प्रभावपूर्ण चित्रण र आम जनताको उदासीन प्रवृत्तिको उद्घाटन गर्न सक्नु यसको सफलता हो । यसरी समालोचक शर्माले 'वाग्मती साक्षी छ' उपन्यासलाई नेपाली ऐतिहासिक उपन्यास परम्पराको महत्त्वपूर्ण शृङ्खला हो भन्ने निष्कर्ष दिएका छन् ।

यसरी समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा प्रकाशित पहिलो पुस्तकाकार कृति 'अवलोकन र विवेचन' एक समीक्षात्मक लेखहरूको सङ्ग्रह हो र यसमा मुख्य गरी तिन विधाहरूमा केन्द्रित समालोचनाहरू रहेका छन् । ती मध्ये एउटा सैद्धान्तिक समालोचना हो भने अन्य दुईवटा लेख 'नेपाली कविता आधुनिक र अत्याधुनिक सन्दर्भमा', 'आधुनिक नेपाली उपन्यास प्रमुख मोड र तिनका प्रवृत्ति' साहित्येतिहाससँग सम्बन्धित मिश्रित किसिमका रहेका छन् अनि बाँकी सबै लेखहरू कृति केन्द्री समालोचनाहरू हुन् । यी समालोचनाहरू तथ्यपरक, वर्णनात्मक, विश्लेषणात्मक कहीँ कहीँ तुलनात्मक आदि पद्धति अनुसार प्रस्तुत भएका देखिन्छन् भने अधिकांश समालोचना बहुलवादी चिन्तन सहितका प्रभावपरक रूपमा देखिन्छन् ।

### ४.३.१.२ संस्कृत साहित्यको रूपरेखा (२०५३) को अध्ययन

कुनै पनि कृतिको रचना केही न केही प्रयोजनद्वारा निर्देशित हुन्छ । नेपाली भाषामा संस्कृत साहित्यको मोटामोटी जानकारी दिने र प्रमुख प्रतिभालाई चिनाउने प्रयोजनले गोपीकृष्ण शर्माले प्रस्तुत अनुसन्धानमूलक पुस्तक 'संस्कृत साहित्यको रूपरेखा' को रचना गरेका हुन् । यस कृतिमा वैदिक युगदेखि लौकिक युगसम्मको संस्कृत साहित्यको विकासक्रम, त्यसका चरण उपचरण र उपलब्धिहरूलई संक्षिप्त र सारगर्भित रूपमा वर्णन गरिएको छ । नेपाली भाषाका माध्यमबाट संस्कृत साहित्यको परिचय तथा ज्ञान दिने ग्रन्थहरूको अभाव खड्केको परिस्थितिमा यो पुस्तक एक महत्त्वपूर्ण र उपयोगी कृतिका रूपमा रहेकाले यसको आफ्नै महत्त्व रहेको छ ।

प्रस्तुत कृति 'संस्कृत साहित्यको रूपरेखा' वि.सं. २०५३ मा अभिनव प्रकाशन ज्ञानेश्वर काठमाडौँबाट प्रकाशित भएको हो । बाहिरी आयाममा हेर्दा यसमा १५७ पृष्ठ रहेका छन् । यो पुस्तक स्नातकोत्तर तह मानविकी सङ्काय अन्तर्गत दोस्रो वर्षको आठौँ पत्रमा संस्कृत विषयको पाठ्यांशका लागि विशेष उपयोगी हुने हेतुले तयार पारिएको हुनाले यसको उपयोगिता अझै बढेको छ । धर्म संस्कृतिप्रति विश्वास राख्ने र स्वतन्त्र अध्ययन गर्ने पाठकहरूका लागि पनि यो कृति ज्ञानवर्द्धक रहेको छ । यस कृतिलाई वस्तुपरक, आधिकारिक र विश्लेषणात्मक तुल्याउनका लागि लेखकको अध्ययन, मनन र निष्कर्ष प्रतिपादन निकै सक्षम रहेको देखिन्छ ।

प्रस्तुत कृतिका भित्री आयामलाई हेर्दा यसमा जम्मा तिन अध्याय रहेका छन् । ती प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी समालोचक शर्माले विवेचनाका क्रममा विषय र प्रस्तुतिको अर्थपूर्ण संयोजन गरेका छन् । कृतिको पहिलो अध्याय 'वैदिक साहित्य' शीर्षकमा रहेको छ । अध्याय दुई 'रामायण, महाभारत र पौराणिक साहित्य' शीर्षकमा तथा अध्याय तीन 'महाकाव्य, नाटक र गद्य' शीर्षकमा रहेको छ । प्रत्येक अध्यायलाई यहाँसङ्क्षिप्त रूपमा छुट्टाछुट्टै चर्चा गरिन्छ ।

### (अ) वैदिक साहित्य

'संस्कृत साहित्यको रूपरेखा' पुस्तकको पहिलो खण्डमा रहेको प्रस्तुत उपशीर्षकमा संस्कृत भाषा विश्वकै प्राचीन आर्यभाषा र समृद्ध रूपमा रहेको हुँदा वैदिक साहित्यको अधिकतम महत्त्व भएको कुरा औंल्याउँदै समालोचक शर्माले संस्कृत भाषालाई आर्यहरूको आदिम लोकभाषाका रूपमा वर्णन गरेका छन् । साथै संस्कृत भाषा देवभाषा पनि रहेको कुराको उल्लेख उनले यहाँ गरेका छन् । संस्कृत भाषाको लामो विकास यात्रालाई वैदिक संस्कृत र लौकिक संस्कृत गरी दुई भागमा बाँडिएको र साहित्य निर्माणका दृष्टिले अध्ययन गर्दा अझ स्पष्टताका लागि संस्कृत भाषाको विकासलाई युग सङ्क्रमणका हिसाबले तिन युगमा विभाजन गरिएको छ :

(क) वेद र वैदिक साहित्यको युग ४५००-८०० इ.पू.,

(ख) स्मृति, पुराण र काव्यको युग ८०० इ.पू. - ८०० इ. र

(ग) भाष्य र प्रकीर्ण रचनाको युग ८००-१५०० इ. ।

यसरी संस्कृत भाषा विश्वकै जेठो भाषा हो भन्ने कुरा पाश्चात्य विद्वान्हरूले संस्कृत वाङ्मयका वैदिक तथा लौकिक साहित्यलाई अङ्ग्रेजी, जर्मन आदि भाषामा अनुवाद गरेको हुनाले एकातिर संस्कृत भाषाको गरिमा विश्वभरि फैलियो भने यो भाषा सर्वाधिक प्राचीन थियो भन्ने कुरा पनि प्रमाणित हुँदै गएको कुरा शर्माले यसमा प्रस्ट पारेका छन् र वेद नै संस्कृत भाषाको सर्वप्राचीन ग्रन्थ भएको कुरा बताएका छन् ।

यस पुस्तकमा 'वेद' शब्दको व्युत्पत्तिगत अर्थ र यसद्वारा सङ्केतित ज्ञान पक्षको उल्लेख गरिएको छ । यसमा एक वेदका रूपमा ऋग्वेद, त्रिवेदका रूपमा ऋक, यजु र साम अनि चतुर्वेदका रूपमा ऋक, यजु साम र अथर्व आदि रहेको कुरा स्पष्ट गरिएको छ । त्यसै गरी वैदिक संहिताहरू ऋग्वेद संहिता, यजुर्वेद संहिता,

सामवेद संहिता र अथर्ववेद संहिता रहेका र तिनका पनि शाखा प्रशाखाहरूको बारेमा समेत शर्माले चर्चा गरेका छन् । संहिता भनेको मन्त्रहरूको समूह हो । यसकारण ती समूहका मन्त्रहरूबाट अझ स-साना मन्त्रहरूलाई छुट्याउँदै जान सकिने हुँदा संहिताका पनि शाखा तथा प्रशाखा हुने कुरा शर्माले चर्चा गरेका छन् ।

समालोचक शर्माले यसै खण्डमा 'वैदिक साहित्यका केही पक्ष' उपशीर्षकमा वेदका कतिपय उल्लेख्य विशेषताहरूलाई ऋग्वेदको काव्यात्मक अभिव्यक्ति, वैदिक संवाद सूक्तः काव्यबीज र नाट्यबीजका सन्दर्भमा उषः सूक्तको शिल्प सौन्दर्य र भाव व्यञ्जना आदि विभिन्न शीर्षकहरूबाट वेदका साहित्यिक मूल्यहरूलाई ठम्याउने काम गरेका छन् । उषा सूक्त ऋग्वेदको प्रकृतिपरक स्मृतिग्रन्थ हो र यसमा उषाको शुद्ध प्रकृतिका रूप र मानवीय आचरणका रूप गरी दुई पाटा देखिन्छन् । यसबाट वैदिक युगमा नै आलम्बक र उद्दीपक प्रकृतिको चर्चा हुन थालेको कुरा शर्माले केलाउने काम गरेका छन् । यसै गरी सृष्टिको उत्पत्तिका रहस्यमूलक सूक्त नासदीय सूक्तको वैचारिक उचाइको बारेमा पनि यस कृतिको यसै सन्दर्भमा उल्लेख गरिएको छ । यसै क्रममा ब्राह्मण ग्रन्थहरू पनि वेदकै भाष्य हुन् र यिनमा चारवटै वेदको व्याख्या विवेचना पाइन्छ भन्ने कुरा शर्माले उल्लेख गरेका छन् । वेदको कर्मकाण्डपरक मान्यतालाई ब्राह्मण ग्रन्थले अझ स्पष्ट पारेको छ भन्ने तथ्य यहाँ उल्लिखित छ । अभिव्यक्तिका दृष्टिले ब्राह्मण ग्रन्थहरू गद्य आख्यानका प्रारम्भिक स्रोतका रूपमा रहेका छन् भन्ने शर्माको निष्कर्ष रहेको छ ।

उपनिषद् ग्रन्थहरूका बारेमा पनि परिचय दिँदै उपनिषद्लाई विचारमूलक वैदिक साहित्यका रूपमा चर्चा गरेका छन् । वेदको कर्मकाण्डको व्याख्या उपनिषद्हरूबाट भयो भन्ने समालोचक शर्माको ठनाइ रहेको छ । यस उपनिषद्ले अवतारवादलाई छाडेर निर्गुण चैतन्य स्वरूप ब्रह्मतत्त्व र आत्मतत्त्वको विवेचना गरेको उल्लेख यसमा गरिएको छ । यसैमा उपनिषद्हरूको धेरै सङ्ख्यामा चर्चा विभिन्न ग्रन्थहरूमा भएको उल्लेख गर्दै चर्चामा आएका १२ उपनिषद्हरूलाई पनि परिचित गराउने काम गरेका छन् । शर्माले यस क्रममा गीतादर्शन जस्तो पूर्वीय चिन्तनको सबभन्दा महत्त्वपूर्ण विषय पनि उपनिषद्बाटै अनुप्राणित रहेको छ र उपनिषद् शब्दको अर्थले नै गुरुको समीपमा बसेर ब्रह्मतत्त्वको चिन्तन गर्ने प्रक्रियालाई प्रस्ट पार्ने कुरा पनि उल्लेख गरेका छन् ।

समालोचक शर्माले यस पुस्तकको प्रथम खण्डको अन्त्यतिर 'वेदाङ्ग र वैदिक साहित्यको रचनाकाल' भन्ने उपशीर्षकमा वेदका अङ्गहरू शिक्षा, कल्प, व्याकरण, ज्योतिष, निरुक्त र छन्द रहेको उल्लेख गरेका छन् । वैदिक साहित्यको रचना समयका बारेमा शर्माले पाश्चात्य विद्वान्हरू र पूर्वीय आचार्यहरूका फरक फरक मतलाई उल्लेख गरी त्यसैका पृष्ठभूमिमा वैदिक साहित्यको निर्माण समय इसापूर्व ६,५०० वर्षदेखि ४००० वर्ष बिचमा रहेको मान्न सकिने स्थिति उल्लेख गरेका छन् (शर्मा, २०५३ : ५६) ।

यसरी समालोचक शर्माले 'संस्कृत साहित्यको रूपरेखा' समालोचनात्मक कृतिको प्रथम खण्डमा संस्कृत साहित्यको महत्त्वलाई प्रस्ट पार्दै वैदिक संस्कृत युगका विभिन्न चरणहरूको उल्लेख गरी वैदिक साहित्य भित्रका उषा सूक्त र नासदीय सूक्त बारेको महत्त्वलाई चिनाएका छन् । यसै गरी ब्राह्मण ग्रन्थ अनि उपनिषद् ग्रन्थ र वेदाङ्ग जस्ता विषयलाई पनि समेट्दै ती ग्रन्थहरूको महत्त्व संस्कृत साहित्य चिन्तनमा आधारित रहँदै प्रस्ट पारेका छन् । यसमा समालोचक शर्माको वर्णनात्मक, व्याख्यात्मक, तुलनात्मक, ऐतिहासिकका साथै निर्णयात्मक समालोचकीय दृष्टि प्रस्तुत भएको देखिन्छ । यसर्थ शर्माको गहन अध्ययन, अनुभव र चिन्तन सहितको यो खण्डको प्रस्तुति आफैमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

### (आ) रामायण, महाभारत र पौराणिक साहित्य

'संस्कृत साहित्यको रूपरेखा' कृतिको अध्याय दुईमा लौकिक संस्कृत ग्रन्थका नामले चिनिने विश्वकै प्राचीन आर्ष महाकाव्य रामायण महाभारत तथा पौराणिक साहित्यका बारेमा समालोचक गोपीकृष्ण शर्माले चर्चा गरेका छन् । यस क्रममा रामायण र महाभारत दुई महत्त्वपूर्ण ग्रन्थहरू वैदिक संस्कृत युग र लौकिक संस्कृत युगका सन्धिकालीन प्रतिनिधि ग्रन्थका रूपमा रहेको कुरा शर्माले उल्लेख गरेका छन् । संस्कृत महाकाव्य परम्परामा यी दुई महाकाव्य आरम्भिक काव्यकृति हुन् र यिनले उत्तरवर्ती काव्य रचनालाई विभिन्न कोणबाट ऊर्जा र प्रेरणा प्रदान गरेको कुरा शर्माले यसमा प्रस्तुत गरेका छन् ।

रामायण र महाभारत मध्ये रामायणलाई संस्कृत साहित्यको आदिकाव्य र रामायणका रचनाकार वाल्मीकिलाई आदिकवि मानिएको कुरा स्पष्ट्याउँदै भाषा

भाव, छन्द, रचनाविधान र रस व्यञ्जनाका दृष्टिले रामायणलाई उत्कृष्ट कलात्मक पद्यकाव्य मान्न सकिने कुरा यस अध्यायमा इङ्गित गरिएको छ । हाल प्राप्त रामायणको स्वरूप इ.पू. ५००, ६०० तिर निर्धारण भइसकेको हो र यसमा वाल्मीकिले रामलाई मानवका रूपमा उपस्थापन गर्दै मर्यादापुरुषोत्तमको आदर्श प्रतिष्ठापित गरेको प्रसङ्ग समेत शर्माले औंल्याएका छन् । रामायण र यसका रचयिता वाल्मीकिको परिचय दिने क्रममा आदिकवि वाल्मीकिको समेत चर्चा उल्लेख शर्माले यसमा गरेका छन् ।

रामायण पछि दोस्रो महाकाव्यका रूपमा महाभारत रहेको कुरालाई शर्माले विभिन्न सन्दर्भहरू दिएर पुष्टि गरेका छन् । विश्वसाहित्यकै इतिहासमा सबैभन्दा ठूलो महाकाव्यको रूपमा चिनिने महाभारत पूर्वीय उज्ज्वल ज्ञान परम्पराको अमर स्मारकका रूपमा स्थापित भइसकेको छ भन्ने शर्माको धारणा रहेको छ । यस सन्दर्भमा महाभारतका रचयिता व्यासको परिचय महाभारतको रचनाकाल उपजीव्य ग्रन्थका रूपमा महाभारत अनि रामायण र महाभारतको तुलनात्मक अध्ययन जस्ता उपशीर्षकहरूलाई राखेर शर्माले ती पक्षहरूलाई पुष्टि गर्न विभिन्न विवरणहरू सहित व्याख्या गरेका छन् । यस क्रममा समालोचक शर्माले महाभारतको विकासका प्रमुख तिन चरण मानिएको चर्चा गर्दै ती तिन चरण जय, भारत र महाभारत रहेको उल्लेख गर्दै महाभारत महाकाव्यमा सबै रसहरूको समुचित परिपाक पाइने साथै यसमा रोचक संवाद र आकर्षक वर्णनहरू भएको शर्माले उल्लेख गरेका छन् ।

संस्कृत साहित्यका लौकिक ग्रन्थहरूकै विश्लेषण गर्ने क्रममा गोपीकृष्ण शर्माले भागवत् गीतालाई उच्चकोटिको दर्शनका रूपमा उपस्थापन गरेका छन् । यसमा निहित ज्ञानयोग, भक्तियोग र कर्मयोगबाट सांसारिक प्रपञ्चमा फसेका मानिसहरूलाई कर्तव्य पथमा लाग्न र भक्ति तथा ज्ञानका माध्यमबाट जीवनको सार्थकता हासिल गर्न थप ऊर्जा प्राप्त भएको तथ्यलाई शर्माले औंल्याएका छन् । संसारको क्षण भङ्गुरता र जीवनको नश्वरतालाई दर्शाएर ज्ञानको प्रकाश फैलाउने र निष्काम कर्ममा प्रवृत्त गराउने महत्त्वपूर्ण मार्गदर्शन गीतामा रहेको यथार्थ समेत यसमा उल्लिखित छ । यस क्रममा स्थित प्रज्ञको सन्देश चाहिँ सन्तोष र शान्ति प्रदान गर्न सक्ने विश्वकै उच्चकोटिको जीवन दर्शन हो भन्ने समालोचक शर्माको धारणा रहेको छ ।

संस्कृत साहित्यको परम्परित इतिहासमा रामायण र महाभारत पछि पौराणिक वाङ्मय युगको सूत्रपात भएको हो र पुराणका आख्यानहरू अवतारवादका विविध पक्षहरू हुन् भन्ने शर्माको धारणा रहेको छ । यसका साथै भक्ति ज्ञान र कर्मका विभिन्न आयामहरूलाई ऋषिकुल र राजकुलका आरोह अवरोहका आख्यानबाट पनि स्पष्ट पारिएको छ । पौराणिक वाङ्मयमा उपलब्ध पक्षहरू मध्ये तीर्थ र व्रतहरू दार्शनिक चिन्तन, ऐतिहासिक परिस्थिति तथा विभिन्न धार्मिक सम्प्रदाय गरी वर्णन गर्न सकिने कुरा पनि समालोचक शर्माले यस प्रसङ्गमा उल्लेख गरेका छन् ।

यसरी 'संस्कृत साहित्यको रूपरेखा' कृतिको दोस्रो अध्यायमा समालोचक गोपीकृष्ण शर्माले रामायण महाकाव्यको परिचय सहित यो एक उपजीव्य काव्य भएको र यस काव्यमा प्रयुक्त काव्यशिल्पको चर्चा कृतिपरक विश्लेषणका आधारमा गरेका छन् । यसै गरी महाभारत महाकाव्य पनि विश्वप्रसिद्ध आर्ष महाकाव्य रहेको भन्दै यसका प्रमुख तिन चरण, यस महाकाव्यका रचनाकारको उल्लेख, यस काव्यमा प्रयुक्त शिल्पका साथै दुवै रामायण तथा महाभारत काव्यको समीक्षात्मक अध्ययन र तुलनात्मक अध्ययन प्रस्तुत गरी महत्त्वलाई दर्शाएका छन् । यसै अध्यायको अन्त्यतिर श्रीमद्भागवत गीता पूर्वीय दर्शनकै उच्च कोटिको दर्शन भएको उल्लेख गरी यसका विशिष्ट पंक्तिको व्याख्या समेत शर्माले गरेका छन् । पौराणिक वाङ्मय अन्तर्गत १८ पुराणहरू पुराणको स्वरूपका बारे चर्चा गर्दै प्रस्तुत अध्यायको समापन गरेका छन् । यसर्थ यस अध्यायमा शर्माले समालोचनाको वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक र निर्णयात्मक पद्धतिहरूलाई प्रयोग गर्दै प्रस्तुत गरेका छन् । यो आफैमा महत्त्वपूर्ण रहन गएको देखिन्छ ।

**(इ) महाकाव्य, नाटक र गद्य**

'संस्कृत साहित्यको रूपरेखा' कृति अध्याय तिनमा संस्कृत साहित्यका प्रमुख महाकाव्य, विशिष्ट नाटक र उत्कृष्ट गद्यबारे केन्द्रित रहेको छ । संस्कृत महाकाव्य परम्परालाई ललित महाकाव्य र विचित्र मार्गी महाकाव्य गरी दुई वर्गमा विभाजन गरिएको छ । संस्कृत ललित महाकाव्य परम्पराको पृष्ठभूमिबारे उल्लेख गर्ने सन्दर्भमा ललित महाकाव्यको बीज आदिकाव्य रामायण भएको बताउँदै कलात्मक महाकाव्य शृङ्खलामा पाणिनि, अश्वघोष र कालिदास रहेको उल्लेख शर्माले यस

प्रसङ्गमा उल्लेख गरेका छन् । यसै गरी विचित्र मार्गी महाकाव्य शृङ्खलामा भारवि, माघ र श्रीहर्ष जस्ता विशिष्ट प्रतिभाहरूले संस्कृत साहित्यको उच्च गरिमालाई महाकाव्यिक कृतिहरूबाट स्थापित गरेको कुरा शर्माले यसमा चर्चा गरेका छन् (शर्मा, २०५३ : ७१) ।

ललित महाकाव्य परम्पराका पहिला कवि प्रसिद्ध वैयाकरण पाणिनि रहेका र उनको महाकाव्य जाम्बवतीविजय (कृति अप्राप्त, पछिका विद्वान्हरूले उद्धरण गरेका कतिपय श्लोकबाट मात्र ठम्याइएको) को सामान्य चर्चा गरिएको छ । कतिपय प्राप्य उद्धरणबाट पनि कवि पाणिनिको कवित्व शिल्प र अलङ्कार योजना चमत्कारपूर्ण रहेको र उनले उत्कृष्ट योगदान दिएको चर्चा शर्माले यस रचनामा गरेका छन् । साथै संस्कृत ललित महाकाव्य परम्पराकै अर्का विद्वान् महाकवि अश्वघोष र उनको बुद्धचरित र सौन्दरानन्द नामक दुई महाकाव्यका कवित्व, भाव व्यञ्जना, अलङ्कारविधान आदि बारे पनि छोटो मीठो पारामा स्पष्ट उल्लेख गर्ने कार्य शर्माले गरेका छन् । अश्वघोषका महाकाव्यहरू आर्ष महाकाव्य ललित महाकाव्यका परम्पराका बिचका सेतु अथवा सन्धिकालीन विशिष्ट साहित्यिक रचना हुन् भन्ने धारणा उनको रहेको छ । अश्वघोष पछिका विशिष्ट प्रतिभा महाकवि कालिदासको परिचय, उनको महाकाव्यकारिता, उनका प्रसिद्ध दुई महाकाव्य कुमार संभव र रघुवंशको मोटामोटी परिचयात्मक वर्णन यस कृतिमा गरिएको छ । कालिदासको काव्य कलामा भावपक्ष र कलापक्षको सन्तुलित संयोजनका साथै काव्यगत विशेषताहरूको चर्चा गर्दै समालोचक शर्माले उनलाई पूर्वीय संस्कृत महाकाव्यको विकास क्रममा दोस्रो चरणका कलात्मक काव्य रचनाका विशिष्ट प्रतिभा तथा पूर्वीय संस्कृत साहित्यका नै अद्वितीय कवि प्रतिभाका रूपमा निर्विवाद लिन सकिने तथ्यलाई विभिन्न उदाहरण र कृतिगत प्राप्तिबाट पुष्टि गर्ने काम गरेका छन् ।

विचित्र मार्गी महाकाव्य परम्पराको चर्चा गर्ने क्रममा समालोचक गोपीकृष्ण शर्माले शास्त्रीय धाराका विचित्र मार्गी महाकाव्य परम्परा र यस परम्परालाई पछ्याएर महाकाव्य लेख्ने प्रसिद्ध महाकाव्यकारहरू भारवि, माघ र श्रीहर्षको पाण्डित्य प्रदर्शन गर्ने होडबारे सोदाहरण उल्लेख गरेका छन् । क्षीण कथावस्तु, शाब्दिक आडम्बर र भावपक्षको न्यूनता र बौद्धिक आडम्बरको प्रदर्शन आदि विचित्र मार्गी महाकाव्यहरूका पहिचान हुन् भन्दै समालोचक शर्माले भारविको किरातार्जुनीय, माघको शिशुपालवध

तथा श्रीहर्षको नैषधीय चरित महाकाव्यहरूका कथावस्तु, पात्रविधान, रस, छन्द, अलङ्कार प्रयोग, प्रकृति चित्रण आदि विविध पक्षको चर्चा गरेका छन् ।

शर्माले संस्कृत नाटकको परम्परा र विकास भन्ने यसै अध्यायको अर्को शीर्षकमा भास, कालिदास र शूद्रकका कलात्मक नाट्यधाराको कालक्रमिक चर्चा गर्दै लौकिक संस्कृत साहित्यको थालनीसँगै संस्कृत नाटक परम्पराको पनि थालनी भएको कुरा उल्लेख गरेका छन् । संस्कृत नाट्य परम्पराका पहिला तथा प्रसिद्ध नाटककार भास हुन् र यिनका नाटकहरू संस्कृत नाट्य जगत्मा निकै चर्चित छन् । यस क्रममा नाटककार भासको परिचय, उनका पूर्णाङ्की र एकाङ्की नाट्य कृतिहरू, तिनको स्वरूप, कथावस्तुको ढाँचा, स्रोत सन्दर्भ र नाटकीय प्रस्तुति तथा नाट्यशिल्प कवित्व, चरित्रचित्रण, रस र अलङ्कार आदिको चर्चा पनि यस सन्दर्भमा शर्माले गरेका छन् । यस क्रममा भासको बहुचर्चित 'स्वप्नवासवदत्त' नाटक र यसमा विशिष्ट पंक्तिहरूको कलात्मक व्याख्या प्रस्तुति पनि यस कृतिको प्रस्तुत अध्यायमा शर्माले गरेका छन् ।

संस्कृत काव्यजगत्का विशिष्ट प्रतिभा कालिदास नाट्य क्षेत्रमा पनि त्यतिकै सिद्धहस्त भएको चर्चा गर्दै शर्माले उनका तिनवटा नाटक 'मालविकाग्निमित्र', 'विक्रमोर्वशीय' र 'अभिज्ञानशाकुन्तलम्' को परिचयात्मक प्रस्तुति दिएका छन् । नाट्यतत्त्वका दृष्टिले कालिदासका नाटकहरूको अध्ययन गर्ने क्रममा उनका नाटकहरूमा पाइने कथावस्तुको स्रोत, संस्कृत नाट्य परम्परामा उनको काव्य शिल्प, नाट्यवस्तु संयोजन, चरित्रको विन्यास, नाट्यशैली र नाटककार कालिदासका मुख्य मुख्य प्रवृत्तिहरूको समेत व्याख्या गर्ने कार्य यस अनुसन्धानमूलक कृतिमा गरिएको पाइन्छ । यसै परम्पराका अर्का मूर्धन्य नाटककार शूद्रकको परिचय दिँदै उनको 'मृच्छकटिक' नाटकको विभिन्न पक्षीय अध्ययन गरेर शूद्रकको नाट्य कौशललाई पनि यसमा समालोचक शर्माले स्पष्ट उल्लेख पारेका छन् ।

संस्कृत नाट्य परम्परामा नाटककार भवभूतिले पूर्ववर्ती भास, कालिदास र शूद्रकका ललित वा कलात्मक नाट्य परम्परामा नयाँ मोड ल्याएको र भवभूतिको यस क्षेत्रमा आगमन हुँदा शास्त्रीय नाट्यधाराको सूत्रपात गरिएको तथ्यलाई यहाँ उल्लेख गरिएको छ । यस सन्दर्भमा भवभूतिले आरम्भ गरेको शास्त्रीय नाट्य परम्परालाई उत्तरवर्ती नाटककार श्रीहर्ष र विशाखदत्तले परम्परित गरेको तथ्य

शर्माले औंल्याएका छन् । यसै क्रममा नाटककार भवभूतिको परिचय सहित उनका तिनवटा नाटक 'महावीर चरित', 'मालतीमाधव' र 'उत्तररामचरित' को नाट्यकलाको व्याख्या विवेचना समेत यसमा गरिएको छ । भावभूति पछि शास्त्रीय नाट्य परम्पराका अर्का प्रसिद्ध नाटककार श्रीहर्षको परिचय र उनले लेखेका तिनवटा नाटक 'प्रियदर्शिका', 'रत्नावली' र 'नागानन्द' को समेत प्रस्तुत कृतिमा सङ्क्षिप्त चर्चा गरिएको छ । त्यसै गरी शास्त्रीय नाट्य परम्पराका नाटककारहरूको चर्चा गर्ने क्रममा शर्माले नाटककार विशाखदत्तको परिचय दिँदै उनको नाटक मुद्राराक्षसको पनि विभिन्न नाट्यतत्त्वका कोणबाट उल्लेख गरेका छन् ।

संस्कृत नाटकको परम्परा र विकास पछि समालोचक शर्माले संस्कृत गद्य साहित्यको बारेमा यस समालोचनात्मक कृतिमा चर्चा गरेका छन् । संस्कृत वाङ्मयहरू गद्य र पद्य दुवै ढाँचामा वैदिक कालदेखि नै रचना भएको सन्दर्भ केलाउँदै शर्माले कथा साहित्यको आदि बीजका रूपमा बृहत् कथाको सोदाहरण उल्लेख गरेका छन् । संस्कृत गद्य साहित्यका मूलतः दुई धारा कथा साहित्य र गद्यकाव्य रहेको र सुबन्धुको 'वासवदत्ता', दण्डीको 'दशकुमारचरित' तथा वाणको 'कादम्बरी' संस्कृत साहित्यका उत्कृष्ट गद्य काव्यका रूपमा रहेको तथ्यलाई यहाँ औंल्याइएको छ । संस्कृत गद्य जगत्मा उपलब्ध 'पञ्च तन्त्र', 'हितोपदेश' जस्ता नैतिक र उपदेशमूलक गद्य आख्यानहरू सरल, सहज संस्कृत भाषामा रचिएका उल्लेख्य कथा साहित्य हुन् भन्ने शर्माको धारणा रहेको छ ।

**(ई) निष्कर्ष**

वैदिक साहित्यदेखि थालिएको संस्कृत साहित्य परम्परामा देखिएका प्रमुख मोड, तिनका उपलब्धि, विशेषता र निजी पहिचान जस्ता विभिन्न पक्षलाई यस समालोचनात्मक कृतिमा सटीक वर्णन गरिएको छ । संस्कृत र हिन्दी सन्दर्भ ग्रन्थलाई आधार मानेर विवेचना गरिएको र विवेचनामा समालोचक शर्माको मौलिकता समेत थप गरी तयार पारिएको प्रस्तुत कृति नेपाली भाषामा प्रस्तुत गरिएको यस खालको नौलो कृति हो । यसमा संस्कृत भाषाको महत्त्व र वैदिक साहित्यको विश्लेषणात्मक वर्णन रहेको छ । वैदिक र लौकिक संस्कृतका प्रत्येक युग, तिनका चरण, उपलब्धि र निष्कर्षलाई ठम्याउँदै सिङ्गो संस्कृत साहित्यको समालोचना गरिएकाले पनि यसको महत्त्व खास रहेको छ । विषयवस्तु बारे स्पष्ट

दृष्टि, विवेचनात्मक प्रस्तुति, सरल सहज भाषा र सम्प्रेष्य अभिव्यक्ति यस कृतिका खास विशेषता हुन् । यथार्थमा यस कृतिले संस्कृत साहित्यको सिङ्गो रूपरेखा प्रस्तुत गरेको छ । यसमा शर्माले साहित्येतिहासपरक, कृतिपरक, प्रवृत्तिपरक, तुलनात्मक तथा निर्णयात्मक समालोचना पद्धतिको प्रयोग गरी नेपाली साहित्यका पाठकहरूलाई सिङ्गो संस्कृत साहित्य सम्बन्धी पूर्ण जानकारी प्रदान गर्ने काम गरेकाले यो अत्यन्त उपयोगी सामग्री बनेको छ । यस अर्थमा समेत प्रस्तुत कृतिको मूल्यवत्ता रहेको स्पष्ट हुन्छ ।

### **४.३.२ गोपीकृष्ण शर्माका द्वितीय चरणका फुटकर समालोचनाहरूको अध्ययन**

समालोचक गोपीकृष्ण शर्माको द्वितीय चरणको समालोचना यात्रामा विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका तथा पुस्तकका भूमिकाका रूपमा प्रकाशित उनका फुटकर समालोचनाहरू माथि अध्ययन गरी उनका समालोचनात्मक प्रवृत्तिहरूको निर्क्योल गर्ने काम यस प्रसङ्गमा गरिने छ । शर्माका २०४१ देखि २०६८ सम्म २७ वर्षको समय अवधिमा करिब १२ दर्जन जति फुटकर समालोचनाहरू प्रकाशित भएका देखिन्छन् । ती समालोचनाहरू सैद्धान्तिक, व्यावहारिक तथा मिश्रित किसिमका देखिन्छन् । विषयगत रूपमा हेर्दा ती लेखहरू कविता केन्द्री, नाटक केन्द्री, उपन्यास केन्द्री, निबन्ध केन्द्री, कथा केन्द्री, जीवनीपरक, भाषा सम्बन्धी र समालोचनाकै समालोचना सम्बन्धी गरी विविध रहेका छन् । सङ्ख्यात्मक रूपमा अधिक रहेका तथा धेरै लामो समय अघिदेखि नेपालका विभिन्न ठाउँबाट प्रकाशित हुने पत्रिकाहरूमा समेत ती कतिपय समालोचनाहरू प्रकाशित भएकाले उक्त लेखहरू हालको अध्ययनमा उपलब्ध गर्न नसक्नु यसको सीमा मान्दै प्रत्येक विधा अन्तर्गतका खास गरी महत्त्वपूर्ण तथा उपलब्ध हुन सम्भव भए जति समालोचना लेखहरूलाई यहाँ सङ्क्षिप्त रूपमा अध्ययन गरिएको छ । प्रत्येक विधालाई अलग अलग रूपमा प्रस्तुत गरी तिनका समालोचना लेखहरू यहाँ चर्चा गरिन्छ ।

#### **४.३.२.१ सैद्धान्तिक समालोचनाहरूको अध्ययन**

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको प्रस्तुत दोस्रो चरणमा सैद्धान्तिक समालोचना सम्बन्धी आठवटा लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । ती लेखहरूलाई निम्नानुसार चर्चा गरिन्छ ।

'कविता र यसका तत्त्वहरू' शीर्षकको लेख समालोचक शर्माको 'नवमञ्जरी' वर्ष १ अङ्क १ (२०५३) मा प्रकाशित भएको छ । प्रस्तुत लेखमा समालोचक शर्माले साहित्यका विभिन्न विधाहरूमध्ये कविता एक महत्त्वपूर्ण प्राचीन विधा भएको उल्लेख गर्दै यो विचार अभिव्यक्त गर्ने सशक्त माध्यम भएको विधा हो भन्ने चर्चा गरेका छन् । कवितामा प्रस्तुत भएका विभिन्न संरचना, भाव व्यञ्जना, लय, कथन पद्धति जस्ता तत्त्वहरूले कवितालाई अझ व्यवस्थित र उत्कृष्ट पार्ने कुरा पनि यसमा शर्माले चर्चा गरेका छन् । कविता भाव, भाषा र लयको त्रिआयामिक संयोजन हो । यसको प्रस्थान विन्दु मुक्तक हो भने अन्तिम विश्राम महाकाव्य हो र कविताले मान्छेलाई चरम आनन्द प्रदान गर्ने साहित्यको उत्कृष्ट विधा भएको निष्कर्ष शर्माले दिएका छन् । प्रस्तुत समालोचना १० पृष्ठको आयाममा विस्तार भएको र यसमा शर्माले वर्णनात्मक, विश्लेषणातमक, तुलनात्मक तथा निर्णयात्मक पद्धतिमा समीक्षा प्रस्तुत गरेका छन् ।

'कविता परम्परा र वर्तमान' शीर्षकको अर्को समालोचना 'कुञ्जिनी' वर्ष ६ अङ्क ४ (२०५५) मा प्रकाशित शर्माको सैद्धान्तिक समालोचना हो । ६ पृष्ठको आयाम रहेको प्रस्तुत समालोचनामा शर्माले ६ उपशीर्षकहरू दिएर ती उपशीर्षकहरू माथि वर्तमान सन्दर्भमा कवितालाई हेर्ने दृष्टिकोण बारे समीक्षा प्रस्तुत गरेका छन् । पहिलो 'पृष्ठभूमि' उपशीर्षकमा कविता के हो, यो कहिलेदेखि लेखियो र यसको इतिहास कति लामो छ भन्ने जस्ता कुराहरूको बारेमा उनले उल्लेख गरेका छन् । यसै गरी दोस्रो उपशीर्षकमा पूर्वीय चिन्तनमा कवितालाई कसरी चिनाइएको छ भन्ने कुरा पूर्वीय आचार्यहरूका काव्य परिभाषालाई आधार बनाएर केलाउने काम गरेका छन् । यसै गरी पाश्चात्य चिन्तनमा कविता भन्ने तेस्रो उपशीर्षकमा पश्चिमी विद्वान्हरूले कविता विधामा दिएको परिभाषा र व्याख्यालाई शर्माले यसमा समेटेका छन् । चौथो 'कविता अध्ययनका प्रमुख आधार' उपशीर्षकमा शर्माले कविताको अध्ययनका मुख्य तिन आधार स्रष्टा, सृष्टि र भावक हुन् भन्ने चर्चा गरेका छन् । पाँचौं उपशीर्षकमा कविताका प्रमुख अङ्गहरूका बारेमा शर्माले उल्लेख गर्दै 'उपसंहार' अन्तिम शीर्षक दिएर कविता सम्बन्धी आफ्नो निष्कर्षात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् र कवितालाई मानव जीवनको आन्तरिक सन्तोष प्रदान गर्ने एक सिर्जना हो भनेका छन् ।

गोपीकृष्ण शर्माको सैद्धान्तिक समालोचनाको अर्को महत्त्वपूर्ण समालोचना 'काव्यगुण र काव्यदोष सैद्धान्तिक चर्चा' शीर्षकको हो । प्रस्तुत समालोचना 'गवेषण' वर्ष १ अङ्क १ (२०५६) मा प्रकाशित भएको छ । प्रस्तुत समालोचनात्मक लेखमा शर्माले काव्यगुण र काव्यदोष दुई विषयलाई छुट्टाछुट्टै उपशीर्षकहरूमा राखेर तिनका सैद्धान्तिक पक्षको चर्चा गहन किसिमले गरेका छन् । पूर्वीय काव्य मान्यतामा देहवादी र आत्मावादी दुई फरक दृष्टि रहेको र दुवै दृष्टिमा काव्य गुणलाई उपादेय रूपमा ग्रहण गरी काव्य दोषलाई त्याज्य मानिने कुरा शर्माले यस सन्दर्भमा प्रस्तुत गरेका छन् । यस समालोचनामा समालोचक शर्माले पूर्वीय आचार्य भरतदेखि विश्वनाथसम्मका काव्यगुण र काव्यदोषलाई हेर्ने दृष्टिकोणहरूलाई प्रस्तुत गरी निष्कर्ष स्वरूप काव्यगुणको परिभाषा प्रस्तुत गरेका छन् "गुणहरू काव्यका उत्कर्ष साधक ती तत्त्वहरू हुन् जो मुख्य रूपले रसका र गौण रूपले शब्दार्थका धर्म हुन्" (शर्मा, २०५६ : ?) । यसै गरी उनले काव्यदोषहरूको पनि चर्चा गर्ने क्रममा मुख्य दोष दुई प्रकारका हुन्छन् । ती शब्ददोष र अर्थदोष अनि शब्दगत दोषमा पनि तिन उपभेद छन् । ती पदगत, पदांशगत र वाक्यगत दोष र वाक्यार्थगत दोष हुन् भन्ने कुरा यसमा प्रस्तुत गरेका छन् । यसरी शर्माको प्रस्तुत समालोचना पूर्वीय साहित्य चिन्तनसँग सम्बन्धित रहेको छ । यसमा शर्माले वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक तथा निर्णयात्मक पद्धतिको समीक्षा प्रस्तुत गरेका छन् ।

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा देखिएको सैद्धान्तिक समालोचनाको अर्को महत्त्वपूर्ण फुटकर समालोचना 'अलङ्कार सिद्धान्त काव्यको सौन्दर्य चिन्तन' शीर्षकमा रहेको छ । प्रस्तुत समालोचना 'कुञ्जिनी' वर्ष ८ अङ्क ५ (२०५७) मा प्रकाशित भएको छ । ८ पृष्ठको आयाम रहेको प्रस्तुत लेख शर्माको पूर्वीय समालोचना सिद्धान्तसँग सम्बन्धित रहेको देखिन्छ । प्रस्तुत लेखको प्रारम्भमा शर्माले अलङ्कारलाई साहित्यको सौन्दर्य विधायक तत्त्व मानिने कुरा उल्लेख गरेका छन् । अलङ्कार सम्बन्धी पूर्वीय चिन्तनमा सर्वप्रथम आचार्य भरतमुनिले उनको नाट्यशास्त्रमा चर्चा गरेको कुरा गर्दै शर्माले भामहदेखि रुद्रटसम्मको समयलाई अलङ्कारको स्वर्णकाल मानेका छन् । यसै गरी पूर्वीय चिन्तनमा नै रस ध्वनिवादीहरूको आगमन भएपछि अलङ्कारको स्थान गौण बन्दै गएको कुरा पनि यसै सन्दर्भमा शर्माले चर्चा गरेका छन् । उनले पूर्वीय विद्वान्हरूका अलङ्कार

सम्बन्धी परिभाषाहरूको चर्चा गर्दै अलङ्कारको वर्गीकरणलाई समेत प्रस्तुत लेखमा समेटेका छन् र गुण र अलङ्कारले सम्पन्न कृति नै विद्वान्हरूद्वारा आस्वाद्य हुने र काव्यको सौन्दर्यको संयोजन गर्नका लागि अलङ्कारको विशेष महत्त्व रहने कुरा यसमा शर्माले निष्कर्ष दिएका छन् । प्रस्तुत समालोचना शर्माको वर्णनात्मक, विवरणात्मक र निर्णयात्मक किसिमको रहेको साथै पूर्वीय समालोचना सिद्धान्तको अध्येताहरूका लागि महत्त्वपूर्ण रहेको देखिन्छ ।

सैद्धान्तिक समालोचनाहरूकै चर्चा गर्ने क्रममा समालोचक शर्माको अर्को महत्त्वपूर्ण फुटकर समालोचना 'निबन्धको सैद्धान्तिक स्वरूप' शीर्षकमा रहेको छ । प्रस्तुत लेख कुञ्जिनी साहित्यिक समालोचना विशेषाङ्क (वर्ष ११, अङ्क ८, २०६०) मा प्रकाशित रहेको छ । दुई पृष्ठ लामो प्रस्तुत लेख शर्माको निबन्धको सैद्धान्तिक पक्षसँग सम्बन्धित रहेको छ । प्रस्तुत समालोचनामा शर्माले निबन्ध आधुनिक साहित्यमा एक आकर्षक विधाका रूपमा स्थापित भएको चर्चा गर्दै यसको महत्त्व पनि उतिकै बढ्दै गएको उल्लेख गरेका छन् । विश्व साहित्यमा नै निबन्धलाई सर्वप्रथम चिनाउने पाश्चात्य विद्वान् मोन्तेन हुन् अनि उनीपछि निबन्धका क्षेत्रमा काम गर्ने जोन मरे, डाक्टर जोन्सन, चार्ल्स ल्याम्ब आदि विभिन्न विद्वान्हरू अविस्मरणीय छन् र उनीहरूले निबन्ध सम्बन्धी उपयुक्त परिभाषा पनि प्रस्तुत गरेको कुरा यस सन्दर्भमा शर्माले चर्चा गरेका छन् । विश्व साहित्यबाट साहित्यको एउटा विधाका रूपमा स्थापित हुँदै आएको निबन्ध नेपाली साहित्यमा पनि स्थापित हुँदै गएको र यस क्रममा लक्ष्मीप्रसाद देवकोटाले र शङ्कर लामिछानेले फरक फरक किसिमका निबन्धहरू प्रस्तुत गरी निबन्धका दुई धारलाई नेतृत्व गरेको कुरा शर्माले प्रस्तुत गरेका छन् । यसरी शर्माले निबन्ध साहित्यको एक सशक्त गद्य विधा हो, यसका निजात्मक र परात्मक दुई धारा रहेका न्, निजात्मक धारामा भावात्मक र विचारात्मक उपधाराहरू रहेका छन् भन्ने निष्कर्ष प्रस्तुत लेखमा प्रस्तुत गरेका छन् ।

यसरी गोपीकृष्ण शर्माको समालोचना यात्राको द्वितीय चरणमा सैद्धान्तिक समालोचना सम्बन्धी महत्त्वपूर्ण समालोचनाहरू प्रकाशित भएका देखिन्छन् । विषयवस्तुका दृष्टिले हेर्दा उनका सैद्धान्तिक समालोचनाहरूले कविता सम्बन्धी विषयलाई बढी मात्रामा वरण गरेको देखिन्छ । यसै गरी पूर्वीय समालोचना सिद्धान्तबाट प्रभावित उनका यी समालोचनाहरू पूर्वीय साहित्यको गहन अध्ययन र

चिन्तन गरी शर्माले प्रस्तुत गरेका छन् । कविताका अतिरिक्त नाटक र निबन्धलाई पनि शर्माले सैद्धान्तिक आधारबाट विश्लेषण गर्ने काम गरेका छन् । साहित्य सिर्जना भन्दा साहित्य सिद्धान्तको लेखन गर्न कठिन भए जस्तै कुनै विषयवस्तुमा केन्द्रित भएर समालोचना प्रस्तुत गर्न भन्दा समालोचनाको सिद्धान्तको लेखन गर्न अवश्य पनि गाह्रो हुन्छ । यसर्थ सैद्धान्तिक समालोचनाहरू कम लेखिनु स्वाभाविक देखिन्छ । यस सन्दर्भबाट हेर्दा समालोचक गोपीकृष्ण शर्माका समालोचना यात्रामा लेखिएका समालोचनाहरू हेर्दा व्यावहारिक समालोचनाहरू नै बढी सङ्ख्यामा रहेका र सैद्धान्तिक समालोचनाहरू कम सङ्ख्यामा रहेको देखिन्छ । सङ्ख्यात्मक रूपमा थोरै देखिए पनि गुणवत् मूल्यका दृष्टिले हेर्दा यी समालोचनाहरू उच्च किसिमका देखिन्छन् । साथै सैद्धान्तिक समालोचना लेखनमा शर्माको समालोचकीयता उच्च किसिमको रहेको प्रतीत हुन्छ ।

### ४.३.२.२ व्यावहारिक समालोचनाहरूको अध्ययन

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा व्यावहारिक समालोचना सम्बन्धी अत्यधिक लेखहरू विभिन्न पत्रपत्रिका तथा पुस्तकका भूमिकाहरूमा प्रकाशित भएका देखिन्छन् । ती फुटकर लेखहरू विभिन्न विधासँग सम्बन्धित रहेका छन् । खासगरी कविता केन्द्री, निबन्ध केन्द्री, कथा केन्द्री, उपन्यास केन्द्री, नाटक केन्द्री, समालोचनाकै समालोचना, जीवनी केन्द्री, भूमिका केन्द्री र पत्रपत्रिका केन्द्री समालोचना यस अन्तर्गत देखिएकाले उक्त विषयसँग सम्बन्धित ती फुटकर समालोचनाहरूको अलग अलग रूपमा चर्चा गरिन्छ ।

#### (क) कथा केन्द्री समालोचना

गोपीकृष्ण शर्माको समग्र समालोचना यात्रामा कथा केन्द्री समालोचना लेखन अन्य विधाहरूका सापेक्षतामा कम देखिन्छ भने उनको समालोचना यात्राको प्रथम चरणमा पनि कथा केन्द्री समालोचना प्रकाशित भएको देखिँदैन । द्वितीय चरणको समालोचना यात्रामा वि.सं. २०४९ मा आएर मात्र उनको पहिलो कथा केन्द्री समालोचना प्रकाशित भएको देखिन्छ ।

'दायित्व र यसमा कथाहरू' शीर्षकमा लेखिएको समालोचक शर्माको पहिलो कथा केन्द्री फुटकर समालोचना 'दायित्व' (वर्ष ६, पूर्णाङ्क १७, २०४९) मा प्रकाशित

भएको छ । यस लेखमा समालोचक शर्माले वि.सं. २०४४ मा स्थापना भएको साहित्यिक मासिक पत्रिका 'दायित्व' का हरेक अङ्कमा कथाहरू प्रकाशित भएका र ती प्रत्येक कथाहरू माथि सङ्क्षिप्त समीक्षा प्रस्तुत गरेका छन् । यसै प्रसङ्गमा शर्माले दायित्वले कविता विधालाई विशेष प्राथमिकता दिई हरेक अङ्कमा प्रकाशित गरेको र ६ वर्षको यात्रामा ५९ वटा कथाहरू प्रकाशित भएका त्यसमा ८ वटा अनुवाद कथाबाहेक बाँकी सबै मौलिक कथाहरू रहेको कुरा प्रस्ट पारेका छन् । यस पत्रिकामा कथा लेख्ने कथाकारहरूमा ८० प्रतिशत जति नयाँ नयाँ प्रतिभाहरू रहेका छन् र उनीहरूका कथामा प्रायः गरेर प्रेम समस्याको विषयवस्तुलाई उठाइएको पाइन्छ भने समसामयिक समस्यालाई पनि कतिपय कथाहरूले विषयवस्तु बनाएको कुरा यसै प्रसङ्गमा शर्माले उल्लेख गरेका छन् । यसै गरी शर्माले दायित्वमा प्रकाशित कथाहरूलाई प्रवृत्तिगत रूपमा, विषय र प्रस्तुतिका संयोजनका पक्षबाट पनि शर्माले अध्ययन गरेका छन् र यस भित्र लघु कथा, हास्य कथा र यात्रा कथाहरूको प्रस्तुति भएको कुरा उनले उल्लेख गरेका छन् । दायित्व पत्रिकाका तर्फबाट समालोचक शर्मालाई हालसम्म प्रकाशित कथाहरू मध्येबाट प्रथम, द्वितीय तथा तृतीय उत्कृष्ट कथाहरूको छनोट गर्नलाई दिइएको अभिभारा सम्पन्न गर्दै शर्माले यस समालोचनात्मक लेखको अन्त्यमा रुद्र ज्ञवालीको समसामयिक समस्याको परिवेश चित्रणमा प्रथम उत्कृष्टता रहेको त्यसै गरी ज्ञानेन्द्र गदालको नारी चरित्रको उपस्थापन पक्षमा दोस्रो उत्कृष्टता र खीला तुम्वाहाम्फेको नारी अस्मिताको प्रतिपादनमा विशिष्ट सन्देश दिने सामर्थ्यका कारण तृतीय स्थानको उत्कृष्टता प्रदान गर्न सकिने उल्लेख गरेर उत्कृष्ट कथाहरूको स्तर निर्धारण पनि यसमा समालोचक शर्माले गरेको देखिन्छ । प्रस्तुत समालोचनामा शर्माको वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक तथा निर्णयात्मक समीक्षा प्रस्तुत भएको समालोचना हो । कथाको अध्ययन गर्नेहरूका लागि यो महत्त्वपूर्ण समालोचना रहेको देखिन्छ ।

समालोचक शर्माको कथा केन्द्री समालोचना अन्तर्गत रहेको 'केही कथाकार र तिनका कथा सङ्ग्रह' शीर्षकको फुटकर समालोचना 'गोधूलि' अङ्क ११ (२०५७) मा प्रकाशित भएको छ । चार पृष्ठको आयाम रहेको प्रस्तुत लेखमा समालोचक शर्माले तिन जना कथाकारका तिनवटै कथा सङ्ग्रह माथि समीक्षा प्रस्तुत गरेका छन् । जसमा कथाकार कन्हैया नासननी र उनको मुटुका कथाहरू त्यसै गरी

कथाकार कपिल लामिछाने र भोकयुद्ध कथा सङ्ग्रह अनि ललिता दोषी र उनको प्रेमको परिभाषा कथा सङ्ग्रह माथि समालोचकीय दृष्टि प्रस्तुत गरेका छन् । यस क्रममा नेपाली कथाका क्षेत्रमा विविध विषयलाई अलग अलग कथामा कलात्मक बान्की सहित प्रस्तुत गरिएको कथा सङ्ग्रह मुटुका व्यथाहरू हो भन्ने चर्चा गरेका छन् । यसमा नौवटा कथाहरू सङ्ग्रहित रहेका छन् । यसमा वर्ग चरित्रको संस्कार बोकेका केही व्यक्ति चरित्र पनि छन् भन्ने चर्चा गर्दै अनावश्यक कथा विस्तार यसको कमजोरी पक्ष रहेको शर्माले औंल्याएका छन् । यसै क्रममा शर्माले अर्का कथाकार कपिल लामिछानेका कथाहरूमा सुधारवादी चेतना पाइने कुरा उल्लेख गर्दै उनका कथाहरूले यथास्थितिमा परिवर्तन ल्याई सामाजिक न्यायको वकालत गर्ने कथा प्रवृत्ति पाइने र 'भोकयुद्ध' कथा सङ्ग्रह समाजको शोषित पीडित व्यक्तिहरूको सामाजिक व्यथाको दारुण कथा भएको निष्कर्ष शर्माले दिएका छन् । यसै लेखमा शर्माले अर्की कथाकार ललिता दोषीको कथा सङ्ग्रह 'प्रेमको परिभाषा' का कथाहरूको बुनोटमा कौतूहलता, थोरै पात्र, वर्ग चरित्रको अङ्कन, घटना क्रमको सरल प्रस्तुति, नेपाली समाजको यथार्थ चित्रका कारण उनका कथाहरू बढी आस्वाद्य रहेको टिप्पणी समालोचक गरेका छन् । उनको प्रस्तुत समालोचनामा कृतिपरक अध्ययन गरी वर्णनात्मक, विश्लेषणात्मक तथा निर्णयात्मक पद्धतिमा गरिएको बहुलवादी भएर पनि प्रभावपरक किसिमको समालोचना मानिन्छ ।

शर्माको कथा विषयक अर्को समालोचनात्मक फुटकर लेख 'कवीन्द्रमान सिंह : जीवन पथको घुम्तीबाट' शीर्षकमा 'प्रतिभा' सामयिक सङ्कलन २०५७ मा प्रकाशित भएको छ । तानसेन पाल्पाका चर्चित साहित्यकार तथा कथाकार कवीन्द्रमान सिंह विशेषगरी कविता तथा कथा विधामा कलम चलाउने स्रष्टा भएको शर्माले अठोट गरेका छन् । उनको प्रस्तुत जीवनपथको घुम्तीबाट कथा सङ्ग्रह वि.सं. २०३३ देखि २०५२ सम्म रचिएका कथाहरूका सङ्ग्रह हो । यसमा जम्मा १० कथाहरू सङ्कलित रहेको चर्चा गर्दै शर्माले उनका कथाहरू विषयवस्तुका दृष्टिले अलग अलग किसिमका रहेको उल्लेख गरेका छन् । यसै गरी उनका प्रायः सबै कथाहरूले नारी केन्द्रित समस्याको चित्रण गरेका छन् । सरल बोलचालको भाषा प्रयोग, वर्गीय पात्र प्रयोग, शुद्ध सामाजिक यथार्थतालाई अँगाल्ने र वस्तु सत्यको चित्रात्मक प्रस्तुति दिने प्रवृत्ति उनका कथाहरूमा पाइन्छ भन्ने शर्माले यस

प्रसङ्गमा उल्लेख गरेका छन् । कवीन्द्रमान पाल्पा जिल्लाकै कथा लेखनमा पथ प्रदर्शक व्यक्ति भएको कुरा पनि शर्माले यस क्रममा निष्कर्ष निकालेका छन् ।

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा प्रस्तुत भएको कथा विधाको भूमिका परक समालोचना 'नौलो परिवेश र रोचक शैली' शीर्षकमा देखिन्छ । कथाकार सुबिसुधा आचार्यको कथा सङ्ग्रह 'रहस्यमय भोगाइ' को भूमिका लेखन स्वरूप शर्माको समालोचना आएको देखिन्छ । आचार्यको 'अग्नियुद्ध' नामक प्रथम कथा सङ्ग्रह पछि दोस्रो सङ्ग्रहका रूपमा देखापरेको प्रस्तुत सङ्ग्रहमा जम्मा ८ कथाहरू समावेश रहेको चर्चा शर्माले गरेका छन् । उनका प्रायः कथाहरू समाजका यथार्थ भोगाइहरूसँग सम्बन्धित रहेका छन् भन्दै यस क्रममा आचार्यको कथा कथनको शैली रैखिक र चक्रीय दुवै प्रकारको रहेको पनि शर्माले यसमा उल्लेख गरेका छन् । उनका कथाले एकल प्रेम, अनमेल विवाह, दशवर्षे जनयुद्ध, कपिलवस्तुको आगलागीकाण्ड जस्ता समसामयिक विषयहरूलाई टिपेर अघि बढेका छन् भन्ने शर्माको दृष्टिकोण पाइन्छ । बोलचालको सरल, सहज र सम्प्रेष्य भाषा प्रयोग गरेर लेखिएका उनका कथाहरूले समाजका विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य प्रस्तुत गरेको हुन्छ भन्ने शर्माको दृष्टिकोण रहेको छ ।

कथा विधामाथि नै समालोचक शर्माले दिएको समीक्षाको अर्को लेख 'जीवनका घुम्तीहरूमा भ्रमण गर्दा' शीर्षकको रहेको छ । प्रस्तुत लेख कथाकार राजनविक्रम थापाको कथा सङ्ग्रह 'जीवनका घुम्तीहरू' को भूमिका स्वरूप शर्माले प्रस्तुत गरेका हुन् । प्रस्तुत कथा सङ्ग्रहमा १५ वटा कथाहरू समावेश रहेका र प्रायः सम्पूर्ण कथाहरू लघु आयामका रहेको कुरा शर्माले चर्चा गरेका छन् । यस सङ्ग्रहका कतिपय कथाहरू यस अघि नै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् भने कतिपय कथाहरू अप्रकाशित रहेका पनि समावेश यसमा गरिएको कुरा गर्दै शर्माले यस सङ्ग्रहका कथाहरू वर्तमान युगका सामाजिक यथार्थ हुनुका साथै समसामयिक जीवनका जटिलताहरूलाई प्रस्तुत गर्ने किसिमका रहेका देखिन्छन् । यसमा कथाकारले कथाको बुनोट र परिवेशलाई विशेष ध्यान दिएको देखिन्छ भन्ने उल्लेख गर्दै शर्माले यस सङ्ग्रहका केही कथाहरू उत्कृष्ट रहे पनि केही कथाहरू निबन्धात्मक शैलीमा रचना भएकाले तिनमा कथाकारिताको राम्रो छाप नपाइने कुरा उल्लेख गरेका छन् । विषयलाई नयाँ ढङ्गले प्रस्तुत गर्ने र

कथामा नाटकीयता ल्याउने अनि कथामै निबन्धात्मकताको स्पर्श दिने प्रवृत्ति यसका कथाकारमा पाइन्छ भन्ने निष्कर्ष शर्माले यस क्रममा प्रस्तुत गरेका छन् ।

यसरी गोपीकृष्ण शर्माले कथाका क्षेत्रमा प्रस्तुत गरेको समालोचनालाई हेर्दा उनका कथा केन्द्री समालोचनाहरू सङ्ख्यात्मक तथा गुणात्मक दुवै किसिमले कम रहेका देखिन्छन् । भूमिका स्वरूप आएका समालोचनाहरू पाठात्मक र प्रभावपरक देखिन्छन् भने अन्य समीक्षात्मक र केही बहुलवादी चिन्तन सहितका निर्णयात्मक प्रवृत्तिका पनि देखिन्छन् । जे होस् अन्य विधामा भन्दा उनको कथा विधाका समालोचनाले खासै उचाइ प्राप्त गर्न सकेको देखिँदैन ।

समालोचक शर्माको कथा विषयसँग सम्बन्धित अर्को समालोचना 'सूर्य सुवेदी र उनका कथाहरू' शीर्षकमा रहेको छ । प्रस्तुत लेख 'अभिव्यक्ति' (२०६८) वर्ष ४२ पूर्णाङ्क १५६ मा प्रकाशित भएको हो । वि.सं. २००५ मा तेह्रथुम जिल्लामा जन्मिएका सूर्य सुवेदी सिर्जनशील साहित्यिक व्यक्तित्व हुन् भन्ने चर्चा गर्दै शर्माले उनी राजनीतिक चिन्तन, पत्रकारिता, समाजसेवा र साहित्य सिर्जनामा संलग्न रहेको कुरा उल्लेख गरेका छन् । साहित्यिक क्षेत्रमा पनि खासगरी कथाकारका रूपमा चिनिने सुवेदीका विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा कथाहरू प्रकाशित भएका छन् । वि.सं. २०६८ मा सुवेदीका ३० कथाहरू समेटेर प्रकाशित भएको 'सूर्य सुवेदीका कथाहरू' कथा सङ्ग्रहमा पूर्वी नेपालको पहाडी जनजीवनलाई परिवेश बनाएर लेखिएका कथाहरू समाविष्ट रहेको उल्लेख शर्माले गरेका छन् । यस सङ्ग्रह भित्रका कथाहरूले नेपाली सांस्कृतिक सन्दर्भ झल्काउने, सामाजिक विकृति दर्शाएर सुधारतर्फ उन्मुख गराउने, नेपालको दशवर्षे सशस्त्र द्वन्द्वको काल खण्डलाई आधार बनाउने, मानव प्रेम र पशु प्रेम दर्शाउने भन्सार क्षेत्रमा भएको विकृति दर्शाउने, अड्डा अदालतमा भएको ढिलासुस्ती र भ्रष्ट आचरणलाई उदाङ्गो पार्ने, विकास निर्माणको पक्षलाई प्रस्तुत गर्ने आदि काम गरेको हुनाले यी सम्पूर्ण कथाहरूलाई सामाजिक यथार्थवादी कथा भन्न सकिने कुरा शर्माले उल्लेख गरेका छन् । सुवेदीका कथामा अनावश्यक वर्णन नभएर दिनुपर्ने सन्देश छोटो रूपमा प्रस्तुत गर्ने प्रवृत्ति पाइन्छ भन्दै यस क्रममा छोटो आयाम, सरल कथावस्तु, समसामयिक परिवेश र कलात्मक प्रस्तुतिका कारण सुवेदीका कथाहरू पठनीय रहेको शर्माले उल्लेख गरेका छन् । केही कतै

विश्लेषणात्मक प्रवृत्तिले बौद्धिकता हावी भएको पाइए पनि आञ्चलिक लेखन र समाज पर्यवेक्षण सुवेदीका कथाकारिताको महत्त्वपूर्ण पक्ष रहेको निष्कर्ष शर्माको रहेको छ । वर्णनात्मक र विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको प्रस्तुत समालोचना प्रभावपरक किसिमको कथा केन्द्री समालोचना हो ।

### (ख) नाटक केन्द्री समालोचना

समालोचक गोपीकृष्ण शर्माले आफ्नो समालोचना यात्राको प्रथम चरणदेखि नै नाटक केन्द्री समालोचनाहरू प्रस्तुत गर्दै आएको देखिन्छ । उनको समालोचना यात्राको दोस्रो चरणमा नाटक केन्द्री थुप्रै फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । तिनै नाटक केन्द्री समालोचनाहरू बारे यहाँ चर्चा गरिन्छ ।

समालोचक शर्माको नाटक केन्द्री समालोचना 'सहनशीला सुशीलाको रङ्गमञ्च विधान' शीर्षकमा 'गरिमा' (२०४५) वर्ष ६ अङ्क ५ पूर्णाङ्क ६५ मा प्रकाशित भएको हो । प्रस्तुत लेखमा शर्माले पाँच उपशीर्षकहरू दिएर प्रस्तुत गरेका र यो नौ पृष्ठको आयाममा रहेको लेख हो । यस लेखको पृष्ठभूमिमा शर्माले नाटकको सैद्धान्तिक स्वरूपको चर्चा गर्दै पाश्चात्य नाट्य चिन्तन पछि नेपाली साहित्यमा प्रवेश भएको कुरा उल्लेख गरी नेपाली नाट्य चिन्तनमा भीमनिधि तिवारी र उनको 'सहनशीला सुशीला' नाटकको सन्दर्भलाई जोडेका छन् र दोस्रो उपशीर्षकमा भीमनिधि तिवारीको नाट्यकारितालाई प्रस्तुत गरेका छन् । शर्माले यस क्रममा सहनशीला सुशीला नाटक नेपाली नाट्यजगत्को नैतिक आदर्शोन्मुख यथार्थको प्रस्थान विन्दु मान्दै यस नाटकले उत्तरवर्ती नाटकहरूलाई प्रभावित पारेको कुरा दर्शाएका छन् । रङ्गमञ्चका लागि नै नाटक लेखिनु पर्छ भन्ने मान्यता राख्ने तिवारी पात्र अनुसारको संवाद र परिवेश अनुकूल चरित्रचित्रण गरेर नाटकीय आस्वाद दिने नाटककार हुन् भन्ने उनको धारणा रहेको छ । दरबारिया समाजको चित्रण र भोग विलासको र कुत्सित आचरणको यथार्थलाई बोलचालको गद्य भाषामा उपस्थापन गर्ने प्रवृत्ति प्रस्तुत नाटकमा पनि पाइने निष्कर्ष शर्माले दिएका छन् ।

समालोचक शर्माको नाटक केन्द्री अर्को समालोचना तिवारी साहित्य समितिद्वारा प्रकाशित २०५४ सालमा प्रकाशित पुस्तकमा सङ्ग्रहित भएको शर्माको प्रस्तुत समालोचना नौ पृष्ठको आयाममा विस्तारित रहेको छ । यसमा शर्माले

नाटककार तिवारीको जीवनीगत सन्दर्भहरूलाई पृष्ठभूमिका रूपमा प्रस्तुत गरी तिवारीका नाट्यकारितालाई क्रमिक रूपमा प्रस्तुत गरेका छन् । नाटककार तिवारी आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिलाई अँगालेर नाटकको सिर्जना गर्ने उल्लेख गर्दै प्रारम्भमा सामाजिक नाटकको लेखन गर्ने तिवारी पछि गएर आंशिक रूपमा ऐतिहासिक र पूर्ण रूपमा पौराणिक नाटक लेख्ने नाटककार भएको कुरा शर्माले उल्लेख गरेका छन् । तिवारीका नाटकहरूमा वास्तविकताको आभास पाइने र उनका सामाजिक नाटकहरूमा सरल रेखीय कथानक ढाँचा पाइने उल्लेख शर्माले गरेका छन् । कथानकको सुगठनका हिसाबले तिवारीका सामाजिक नाटकभन्दा ऐतिहासिक नाटकहरू बढी सफल भएको भन्ने शर्माको ठनाइ छ । खास गरी सामाजिक ऐतिहासिक नाट्यधारालाई लिएर नाट्य लेखनमा अघि बढ्ने तिवारीका नाटक आदर्शोन्मुख यथार्थतर्फ अभिमुख रहेका हुन्छन् भन्ने शर्माको निष्कर्ष देखिन्छ । वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक पद्धतिमा प्रस्तुत गरिएको यो समालोचना नाटक सम्बन्धी अध्येताहरूका लागि महत्त्वपूर्ण रहेको छ ।

नाटक केन्द्री समालोचनाहरूमा नै पर्ने शर्माको 'लक्ष्यहीन एकाङ्की वस्तु र प्रस्तुति' शीर्षकमा 'कुञ्जिनी' वर्ष ५ अङ्क ३ (२०५४) मा प्रकाशित भएको देखिन्छ । एकाङ्कीकार पुष्कर शमशेरको एकाङ्की लक्ष्यहीन माथि गरिएको समालोचना आफैमा महत्त्वपूर्ण रहेको छ । यस क्रममा लक्ष्यहीन एकाङ्की परिवेश प्रधान रहेको चर्चा गर्दै यहाँका पात्रहरूले पारिवारिक र सामाजिक परिवेशलाई प्रस्तुत गरेका छन् भन्ने शर्माले उल्लेख गरेका छन् । भाषाशैलीका दृष्टिले पनि सरल, सहज र व्यञ्जनात्मक एकाङ्की रहेको उनले यसमा उल्लेख गरेका छन् । द्वन्द्वका दृष्टिमा पात्रहरूमा आन्तरिक द्वन्द्व मात्रै देखिएको र बाह्य द्वन्द्व नभएर पात्रहरू यथार्थकै सेरोफेरोमा घुमेको यसमा शर्माले चर्चा गरेका छन् । मध्यम वर्गीय जीवन परिवेश, विभिन्न पृष्ठभूमिका पात्रहरू, बाध्यतामा अल्झि रहेको जीवन यात्रा, राम्रो पथ प्रदर्शन नपाएर बिग्रँदै गएको नयाँ पुस्ता र सामाजिक विकृतिले डस्तै गएको बौद्धिक जीवन सबै मिलेर यस एकाङ्कीमा एउटा कालखण्डको पारिवारिक परिवेशको उद्घाटन भएको कुरा शर्माले यसमा उल्लेख गरेका छन् । यो नै लक्ष्यहीन एकाङ्कीको मूल पक्ष हो भन्ने निष्कर्ष उनले प्रस्तुत गरेका छन् ।

'ध्रुवचन्द्र गौतम र भस्मासुरको नलीहाड नाटक' शीर्षकको नाटक केन्द्री समालोचना वि.सं. २०५८ को 'पुष्पाञ्जली' मा प्रकाशित भएको समालोचना हो । समालोचक शर्माले नेपाली साहित्यका आख्यान र नाटकका क्षेत्रमा चर्चित साहित्यकार ध्रुवचन्द्र गौतमको प्रस्तुत नाटक पुराणप्रसिद्ध कथावस्तुलाई लिएर लेखिएको भन्ने यसमा उल्लेख गरेका छन् । स्वैरकल्पनालाई अँगाल्दै विसङ्गत जीवन चर्याको चित्रण प्रस्तुत नाटकमा पाइने उनले चर्चा गरेका छन् । यस क्रममा समाजमा देखिएको राजनीति र प्रशासनमा देखिएका विकृति र विसङ्गतिप्रति ठट्यौलो व्यङ्ग्य, प्रयोगशील ढाँचा र स्वैरकल्पनाको मिश्रण जस्ता यस नाटकका खास विशेषताहरू रहेको शर्माले उल्लेख गरेका छन् । प्रशासनमा देखिने चाकडीवृत्ति, रुग्ण मनोदशा, दासमनोवृत्ति, अन्धविश्वासको संस्कार साथै समाजमा चलेका कुरीति र खराब आचरणको व्यङ्ग्यमय चित्रण यस नाटकले गरेको हुँदा यसलाई प्रयोगवादी उल्लेख्य नाटक मान्न सकिने निष्कर्ष शर्माले प्रस्तुत गरेका छन् । वर्णनात्मक शैलीको प्रयोग गरिएको प्रस्तुत समालोचना प्रभावपरक रहेको र नाटकको अध्येताहरूका लागि महत्त्वपूर्ण रहने देखिन्छ ।

'सरुभक्त र विज्ञान नाटक 'इथर'' शीर्षकको समालोचना 'पुष्पाञ्जली' (२०५८) मा प्रकाशित समालोचक शर्माको अर्को नाटक केन्द्री समालोचना हो । नेपाली साहित्यको समसामयिक युगका सशक्त साहित्यकार सरुभक्त कविता, नाटक र उपन्यास लेखनबाट साहित्यमा परिचित रहेका छन् । उनी प्रयोगवादी साहित्यकार हुन् । उनले साहित्यमा चिन्तन र बौद्धिकतालाई महत्त्व दिएका छन् । मध्यमार्गी साहित्यका पक्षपाती सरुभक्तले परम्परा र प्रयोग दुवैलाई साथै लैजानु पर्ने धारणा राखेका छन् भन्ने यस प्रसङ्गमा शर्माले उल्लेख गरेका छन् । यसै गरी विज्ञानको चिन्तन र उपलब्धिलाई समेत साहित्यमा प्रयोग गर्ने प्रवृत्ति यिनमा पाइने चर्चा शर्माले गरेका छन् । सरुभक्तको 'इथर' नाटक सङ्ग्रह २०४४ मा प्रकाशित भएको र यसका ४ नाटकहरू मध्ये 'इथर' पहिलो नाटक भएको शर्माले उल्लेख गरेका छन् । विशुद्ध विज्ञान नाटक यसमा विज्ञानको प्रयोग गरेर नयाँ विषयको भावभूमि प्रदान गरिएको छ । संरचनामा नयाँ ढाँचा, पात्रहरू (मानव र कृत्रिम मानव) को प्रयोग गरी प्रस्तुत गरिएको इथरमा जम्मा तिन दृश्य रहेको चर्चा गर्दै शर्माले नाटकको कथावस्तुलाई पनि सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् भने उनले यस लेखको अन्त्यमा निष्कर्ष प्रस्तुत

गरेका छन् भने उनले यस लेखको अन्त्यमा निष्कर्ष प्रस्तुत नगरेकाले प्रस्तुत समालोचनामा उनको कुनै निर्णयात्मक अभिव्यक्ति नभएकाले समालोचनाले कुनै महत्त्व नराखेको देखिन्छ । प्रभावपरक समीक्षाका रूपमा यसलाई लिन सकिन्छ ।

नाटक केन्द्री अर्को समालोचना 'भवभूतिको नाट्यकला' शीर्षकमा 'कुञ्जिनी' वर्ष ९ अङ्क ६ (२०५८) मा प्रकाशित भएको देखिन्छ । संस्कृत शास्त्रीय नाट्य धाराका प्रवर्तक भवभूति व्याकरण न्यायशास्त्र र मीमांसाका पनि विद्वान् भएको कुरा यस क्रममा शर्माले व्यक्त गरेका छन् । उनका तिन नाटक महावीरचरित, मालतीमाधव र उत्तररामचरित रहेका छन् । महावीर चरित ६ अङ्कको नाटक हो । त्यस्तै मालतीमाधव दस अङ्कको तथा उत्तररामचरित सात अङ्कको नाटक भएको उल्लेख गर्दै शर्माले नाट्यकलामा भवभूतिका नाटक उत्कृष्ट रहेका भनी यस क्रममा चर्चा गरेका छन् । संस्कृत नाट्यजगत्मा कालिदास पछि भवभूतिको नाम उल्लेख रहेको चर्चा गर्दै कुनै कुरा व्यक्त गर्दा भवभूति व्यापक र ओजस्वी रूपमा प्रकट हुने कुरा पनि शर्माले चर्चा गरेका छन् । संसारले भोगेको घात प्रतिघातलाई रूपायित गर्न सक्षम हुने र उनको नाट्यकला गम्भीर प्रकृतिको मानिने निष्कर्ष यस क्रममा समालोचक शर्माले दिएका छन् । यसरी पूर्वीय नाट्य साहित्यका प्रसिद्ध नाटककार भवभूतिको नाट्यकलाबारे शर्माले गहन अध्ययन गरी यसमा प्रस्तुत गरेका हुँदा यो पाठकवर्गका लागि महत्त्वपूर्ण समालोचना मानिन्छ ।

शर्माका नाटक केन्द्री समालोचनाहरूकै चर्चा गर्ने क्रममा वि.सं. २०६० मा कविवर माधवप्रसाद घिमिरेको अभिनन्दन ग्रन्थमा समालोचक शर्माले 'अश्वत्थामा गीतिनाटकमा मानवतावादी स्वर' शीर्षकमा समालोचकीय दृष्टि प्रस्तुत गरेका छन् । जम्मा ७ पृष्ठको आयामको प्रस्तुत समालोचना गहन र वास्तविकतालाई बोल्ने समालोचना रहेको कुरा स्वयं राष्ट्रकवि घिमिरेले शर्मासँगको कुराकानीमा व्यक्त गरेबाट स्पष्ट हुन्छ ।

प्रस्तुत लेखमा समालोचक शर्माले घिमिरेको गीतिनाटक 'अश्वत्थामा' लाई पाश्चात्य कविता सनेटसँग तुलनीय ठानेका छन् । प्रस्तुत गीतिनाटक शास्त्रीय छन्दको लयमा सिर्जना गरिएकाले गेय दृष्टिमा पनि मिठास पूर्ण र आनन्दप्रद रहेको कुरा यस प्रसङ्गमा शर्माले उल्लेख गरेका छन् । यस गीतिनाटकमा प्रस्तुत भएको मानवतावादी स्वरलाई प्रस्ट पार्न उक्त कृतिको बिच बिचबाट विभिन्न पंक्तिहरू

साभार गरी प्रस्तुत गरेका छन् र तिनले व्यञ्जित गर्ने अर्थलाई स्पष्टसँग चित्रण गरेका छन् । यस गीतिनाटकमा प्रस्तुत अश्वत्थामा पौराणिक पात्र मात्रै नभएर विश्व मानव पात्र हो भन्ने शर्माको दृष्टिकोण रहेको देखिन्छ । नेपाली समाजमा हुर्केको एक युवक (जो लडाइँमा घायल भएको) सँग पनि शर्माले तुलना गरेका छन् । विश्व आणविक विभीषिका भित्र रुमल्लिएको अवस्थामा घिमिरेले अश्वत्थामा गीतिनाटकका माध्यमबाट मानवतावादी सन्देश दिन चाहेको कुरा शर्माले यसमा उल्लेख गरेका छन् । यसरी कविवर घिमिरेको गीतिनाटक अश्वत्थामाले आणविक सन्त्रासमा बाँचेको आजको विश्वलाई मानवताको सन्देश सम्प्रेषण गरेको छ र वर्तमान नेपालको अन्योल ग्रस्त वातावरणमा मानवतावादी स्वर अझ सान्दर्भिक बन्न पुगेको छ भन्ने निष्कर्ष दिँदै शर्माले कविहरू क्रान्ति दर्शी हुन्छन् र देश दुखेको पनि उनीहरूलाई चाँडै थाहा हुने साथै उनीहरू युग युगसम्म कविता मार्फत् मानवतावादी सन्देश सम्प्रेषण गरेको बताएका छन् । सोही क्रममा अश्वत्थामा गीतिनाटकमा पनि मानवातावादी स्वर झल्किएको छ भनी समालोचक शर्माले प्रस्तुत समालोचनामा निष्कर्ष दिएका छन् । शर्माको प्रस्तुत समालोचना व्यावहारिक समालोचनाको उत्कृष्ट नमुना हो । वर्णनात्मक र विश्लेषणात्मक शैलीमा प्रस्तुत भएकाले यो आफैमा महत्त्वपूर्ण रहेको छ ।

समालोचक शर्माको नाटक केन्द्री अर्को समालोचना 'भूसको आगोले देखाएको नारी आक्रोश' शीर्षकमा रहेको छ । 'दोभान' वर्ष ५ अङ्क २ (२०६१) मा प्रकाशित प्रस्तुत लेख शर्माको महत्त्वपूर्ण समालोचनाहरू मध्ये एक हो । गोविन्द बहादुर मल्ल गोठालेको नाटक 'भूसको आगो' (२०१६) माथि शर्माले समीक्षा प्रस्तुत गर्दै नारी आक्रोशका सन्दर्भहरूलाई अङ्कन गर्ने काम गरेका छन् । प्रस्तुत नाटक ४ अङ्कमा संरचित पूर्णाङ्की नाटक हो । यसका अङ्कहरू नै सिङ्गो दृश्यका रूपमा रहेका छन् । यसको कथावस्तु यथार्थ घटनामा आधारित रहेको छ भने भूसको आगो शीर्षक यहाँ प्रतीकात्मक ढङ्गले आएको कुरा शर्माले यस सन्दर्भमा प्रस्तुत गरेका छन् । कथावस्तुको निर्माण पात्रहरूको संवादबाट गराइएको छ । बाहिर आँच नदेखिए पनि भित्रभित्रै पुतपुताइ रहने भूसको थुप्राको आगो जस्तै यहाँ उर्मिलाको मानसिक छटपटीलाई लिइएको छ र विधवा राधाको मानसिक व्यथा पनि त्यस्तै छ । नाटकको अन्त्यमा पुगेर उर्मिला भित्रको क्रान्तिज्वाला एकाएक विस्फोट भएर

सामाजिक विसङ्गतिप्रति व्यक्त नारी आक्रोशलाई भूस नै खतम पार्ने भर्भराउँदो आगाको प्रतीकका रूपमा आएकाले शीर्षक पनि सार्थक भएको छ भन्ने निष्कर्ष शर्माको रहेको छ । यो नाटक नारी जगत्ले समाज परम्परा र आफ्नै पुरुषबाट प्रताडित हुनुपर्ने अवस्थाको विद्रोह हो । नारीलाई आफ्नै खेलौना र सन्तान पैदा गर्ने मेसिनका रूपमा सम्झिने सामन्ती मान्यताका विरुद्ध उर्लेको नारी आक्रोशका रूपमा यस नाटकलाई लिन सकिन्छ भन्ने शर्माले उल्लेख गरेका छन् । वर्णनात्मक, विश्लेषणात्मक तथा निर्णयात्मक शैलीमा प्रस्तुत गरिएको यो समालोचना गोठालेका नाटक अध्ययन गर्नेहरूका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ ।

नाटक केन्द्री शर्माको अर्को समालोचना ‘बालकृष्ण सम र माटोको ममता एकाङ्की’ शीर्षकमा रहेको छ । ‘पुष्पाञ्जली’ (२०६२) मा प्रकाशित प्रस्तुत समालोचनामा समालोचक शर्माले बालकृष्ण समको जीवनीगत सन्दर्भलाई पृष्ठभूमिका रूपमा प्रस्तुत गरेर सम एकाङ्कीकारका रूपमा पनि प्रसिद्ध रहेको सन्दर्भ उल्लेख गरेका छन् । समको ‘माटोको माया’ एकाङ्की (२०२६) मा प्रकाशित भएको ५२ पृष्ठको आयाममा रहेको प्रस्तुत एकाङ्कीलाई मिश्रित नाटक पनि भनिन्छ । वीर पुर्खाको गरिमामय योगदानका पृष्ठभूमिमा देशप्रेम, राष्ट्रिय भावना जगाउने उद्देश्यले रचिएको यस एकाङ्कीको शीर्षक विषय अनुकूलको रहेको कुरा यस क्रममा शर्माले उल्लेख गरेका छन् । ऐतिहासिक महिमा बोकेको प्रस्तुत एकाङ्की शाहवंशीय राजाहरूको गरिमा, देशप्रेम र राष्ट्रिय एकताको अभिवृद्धि गराउने नाट्यकृति रहेको शर्माले चर्चा गर्दै प्रस्तुत एकाङ्की देशभक्तिको महत्त्वपूर्ण एकाङ्की रहेको निष्कर्ष प्रस्तुत गरेका छन् । समालोचक शर्माको प्रस्तुत समालोचना वर्णनात्मक, वस्तुवादी र निर्णयात्मक किसिमको रहेकाले एकाङ्कीको अध्येताहरूका लागि महत्त्वपूर्ण रहेको छ ।

नाटक केन्द्री समालोचनाकै चर्चा गर्दा शर्माको अर्को ‘सिरुमारानीको वस्तु विधान’ शीर्षकको समालोचना पनि महत्त्वपूर्ण रहेको छ । नेपाली साहित्यको प्रयोगवादी धाराका उल्लेख्य प्रतिभा सरुभक्त परम्परा र प्रयोगलाई सँगसँगै लिएर साहित्य साधना गर्ने व्यक्तित्व हुन् । नाटक, कविता, कथा र उपन्यास विधामा उत्तिकै सफलता प्राप्त गरेका उनले दार्शनिक चिन्तन र बौद्धिक उचाइ भएका नाटकहरू सिर्जना गरेका छन् । उनले इतिहास, समाज, पुरा कथा आदि विविध विषयलाई स्रोत बनाएर नाटक रचना गरेका छन् भनी समालोचक शर्माले यसमा

उल्लेख गरेका छन् । वस्तुविन्यासमा विविधता पनि सरुभक्तका नाटकमा पाइने उनले चर्चा गरेका छन् । ‘सिरुमारानी’ उनको दोभान प्रकाशनबाट २०६१ सालमा प्रकाशित भएको नाटक हो । यसमा दुई भाग रहेका र पूर्व भागमा सहज नाट्यवस्तु रहेको छ भने उत्तर भागमा कथावस्तुले नयाँ मोड लिई कथा दुःखान्तमा टुङ्गिएको कुरा पनि शर्माले उल्लेख गरेका छन् । प्रस्तुत नाटकको कथावस्तु लोकगाथाबाट लिइएको र यो एक दुःखान्त नाट्य रचना भएको शर्माले उल्लेख गर्दै यसमा द्वन्द्वको पनि सफल प्रयोग भएको उनले उल्लेख गरेका छन् । सिरुमारानी नाटकमा मनोद्वन्द्व सबभन्दा सशक्त रहेकोले पनि यो नाटक परम्परा र प्रयोग दुवै मिश्रित भएको पाइएबाट यो नेपाली नाट्य परम्पराको उल्लेख्य उपलब्धि हुन पुगेको शर्माले चर्चा गरेका छन् । कृतिगत समीक्षा तथा प्रवृत्तिलाई पनि चर्चा गरिएको प्रस्तुत समालोचना वस्तुवादी र विश्लेषणपरक रहेको छ । नाटकको अध्ययनमा यो महत्त्वपूर्ण रहेको देखिन्छ ।

शर्माको समालोचनाको दोस्रो चरणमा देखिएको नाटक केन्द्री अर्को समालोचना ‘वर्गद्वन्द्व र प्रगतिशीलताको गीतिनाट्य कृषिवाला’ शीर्षकमा रहेको छ । दायित्व वर्ष २३ अङ्क ६६ (२०६६) मा प्रकाशित प्रस्तुत लेखमा समालोचक शर्माले देवकोटाको जीवनीगत सन्दर्भ र काव्यगत सन्दर्भलाई प्रस्तुत गर्दै उनको ‘कृषिवाला’ गीतिनाट्य माथि समीक्षा प्रस्तुत गरेका छन् । यस नाट्यमा अङ्क विभाजन रहेको छैन । जम्मा ५६ परिच्छेदमा रहेको प्रस्तुत नाट्यमा वर्गद्वन्द्वलाई प्रस्तुत गरिएको शर्माले चर्चा गरेका छन् । यसमा झोपडी र महलको सङ्घर्ष प्रस्तुत गरिएको छ । धनीले गरिबहरूलाई विभिन्न बहाना गरेर सताएको र गरिबले पनि धनीवर्गका विरुद्ध क्रान्ति गरेर आफ्नो हक अधिकार लिएको सामाजिक सन्देश कृषिवालामा रहेको शर्माले उल्लेख गरेका छन् । यस नाटकको थालनीमा प्रकृतिको महिमागान गरिएको र प्रस्तुत नाटक गीतिलयमा संरचना गरिएको उनले उल्लेख गरेका छन् । आलङ्कारिक भाषाशैली, टेढोमेढो गतिमा हिँडेको कथावस्तु, सुखान्त र प्रकृतिका बहुविध प्रयोग जस्ता पक्ष यसका निजी विशेषता भएको चर्चा शर्माले यस लेखमा गरेका छन् । शोषक फटाहा ठालुहरूले धेरै समय गरिबहरूलाई सताएका हुन्छन् । अन्तमा किसानहरू एक ढिक्का भई ठालुहरूको हुर्मत लिन्छन् । बेइज्जत गर्छन् र लछार पछार गरी त्यस्ता फटाहाहरूलाई गाउँ निकाला गर्छन् । यसबाट देवकोटाको

प्रगतिशील चेतना प्रकटित भएको देखिन्छ र प्रगति चेतना र प्रकृति प्रयोगका दृष्टिले प्रस्तुत कृति कालजयी बन्न पुगेको निष्कर्ष समालोचक शर्माले प्रस्तुत गरेका छन् । वैचारिक दृष्टि, वर्णनात्मक शैली र कृतिपरक अध्ययनले प्रस्तुत समालोचना गहन र चिन्तनशील बन्न पुगेको देखिन्छ ।

समालोचक शर्माको समालोचना यात्रामा दोस्रो चरणको पछिल्लो समयमा देखिएको अर्को समालोचना 'विजय मल्ल र उनको नाट्यकारिता' शीर्षकमा रहेको छ । वि.सं. २०६६ को 'विजय मल्ल स्मृति ग्रन्थ' मा प्रकाशित प्रस्तुत लेख शर्माको जीवनीपरकता र नाटक विषयको मिश्रित व्यावहारिक समालोचना हो । १० पृष्ठको आयाममा विस्तार भएको प्रस्तुत लेखमा मल्लको जीवनीगत सन्दर्भलाई प्रारम्भमा प्रस्तुत गरी पारिवारिक स्थिति उनको जन्म समयको राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, अध्ययन प्रारम्भ र विकास, उनले भोगेको यातना, त्यस समयमा मल्लले देखाएको संस्थागत संलग्नता जस्ता पक्षलाई जोडिएको छ भने पछिल्लो भागमा मल्लको नाट्यकारिता सम्बन्धी विषयलाई प्रस्तुत गरेका छन् । मल्लका नाट्य प्रवृत्ति नाटकहरूको विवरण र नाट्यगत वैशिष्ट्यलाई नियाल्ने काम शर्माले यसमा गरेका छन् । मल्लका नाट्य कृतिहरूकै सापेक्षतामा उनका नाट्यगत वैशिष्ट्यलाई शर्माले औंल्याएका छन् । विजय मल्ल र उनका नाटक सम्बन्धी अध्येताका लागि महत्त्वपूर्ण सामग्री बन्ने प्रस्तुत समालोचनामा वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक शैलीको प्रस्तुति रहेको छ । शर्माका उत्कृष्ट प्रायोगिक समालोचनाहरू मध्ये यो पनि एक महत्त्वपूर्ण रहेको छ ।

यसरी समालोचक शर्माको समालोचना यात्राको दोस्रो चरणमा नाटक केन्द्री १८ वटा जति समालोचना लेखहरूको सूचना प्राप्त भए पनि १४ वटा लेखहरू मात्र प्राप्त हुन सकेको र दोस्रो चरणमा ती मध्ये १२ वटा लेखहरूलाई चर्चा गरिएको छ । उनका अधिकांश नाटक केन्द्री समालोचना व्यावहारिक नै रहेका देखिन्छन्, केही उत्कृष्ट रहे पनि केही प्रभावपरक र सतही किसिमका देखिन्छन् ।

**(ग) निबन्ध केन्द्री समालोचना**

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा निबन्ध केन्द्री समालोचनाहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको

समालोचना यात्राको प्रथम चरणमा ‘नेपाली निबन्ध परिचय’ पुस्तकाकार कृति प्रकाशित भए पनि दोस्रो चरणमा फुटकर लेखहरू मात्रै प्रकाशित भएका देखिन्छन् । उनले यस चरणमा एक दर्जन भन्दा बढी निबन्ध केन्द्री फुटकर समालोचनाहरू लेखेको भए पनि केही मात्र उत्कृष्ट र गहन किसिमका देखिन्छन् । शर्माका निबन्ध केन्द्री समालोचनाहरूको अध्ययन निम्न अनुसार गरिन्छ ।

‘खै खै का पिँडाली’ शीर्षकको समालोचना समालोचक शर्माको दोस्रो चरणमा देखिएको एक महत्त्वपूर्ण समालोचना हो । ‘उन्नयन’ अङ्क १३ (२०५०) मा प्रकाशित प्रस्तुत लेख ६ पृष्ठको आयामको रहेको छ । केशवराज पिँडालीको कथा र निबन्धको सङ्ग्रह ‘खै खै’ लाई मुख्य केन्द्रविन्दु बनाएर प्रस्तुत गरिएको यो समालोचना प्रवृत्ति केन्द्री देखिन्छ । खै खैमा पिंडालीका २० वटा रचनाहरू सङ्कलित रहेको जसमा ६ वटा कथा र १४ वटा निबन्धहरू रहेका कुरा यसमा शर्माले उल्लेख गरेका छन् । पिंडाली आत्मपरक निबन्धकारका रूपमा रहेको चर्चा गर्दै शर्माले उनी सामाजिक यथार्थको धरातलमा टेकेर विडम्बना पूर्ण जीवन शैलीको चित्रण गर्ने कथाकार पनि हुन् भन्ने यस क्रममा उल्लेख गरेका छन् । उनका खै खैका कथाहरूलाई हेर्दा वर्तमान जीवन भोगाइका कारुणिक पक्षका प्रतिच्छवि हुन् । काल्पनिक भइकन वर्तमान युगको तीतो सत्यको उदघाटन गर्नमा उनका यी कथा सक्षम देखिन्छन् भन्ने उल्लेख शर्माले गरेका छन् । यसै गरी निबन्धका फाँटमा पिंडालीले हास्य र व्यङ्ग्य पक्षलाई बढी प्रश्रय दिएको कुरा यसमा उल्लेख गर्दै रमरम हास्य तथा तीखो व्यङ्ग्य, दिने प्रवृत्ति पिंडालीका निबन्धमा पाइने चर्चा शर्माले गरेका छन् । उनका यी निबन्धहरू सामाजिक, राजनैतिक व्यङ्ग्य साहित्यिक परिवेश, विकास निर्माण सम्बन्धी, पारिवारिक स्थिति र यात्रासँग सम्बन्धित रहेको चर्चा गर्दै पिंडाली हास्य व्यङ्ग्यका विशिष्ट साहित्यकार भएको निष्कर्ष शर्माले यस सन्दर्भमा उल्लेख गरेका छन् ।

शर्माको निबन्ध केन्द्री अर्को फुटकर समालोचना ‘पहाड र खोलामाथि नियाल्दा’ शीर्षकमा रहेको छ । ‘दायित्व’ वर्ष ७ पूर्णाङ्क २१ (भारतीय नेपाली साहित्य विशेषाङ्क) २०५० मा प्रकाशित प्रस्तुत समालोचना इन्द्रबहादुर राईका २० वटा गद्य रचनाहरूको सँगालो ‘पहाड र खोलामाथि’ मा केन्द्रित रहेको देखिन्छ । राईका गहन अध्ययन, बौद्धिकता र चमत्कार पूर्ण भाषामा रचिएका प्रस्तुत कृति भित्रका

रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका र पछि यस कृतिमा सङ्ग्रहित गरिएको शर्माले उल्लेख गरेका छन् । इ. १९७६ देखि १९९३ सम्म इन्द्रबहादुर राईले रचेका विभिन्न समीक्षा, चिठी र सामयिक लेखहरू यसमा सङ्कलित छन् र विषयगत विविधताका कारण यी लेखहरू आस्वाद्य रहेको पनि शर्माले यहाँ उल्लेख गरेका छन् । यसमा स्थानीय बोलचालको भाषा प्रयोग पाइने हुँदा आञ्चलिकताको नजिक पनि यी लेखहरू पुगेको र खास गरी भारतीय नेपाली समाजकै सेरोफेरोमा प्रस्तुत सङ्ग्रह उभिएको शर्माले उल्लेख गरेका छन् । यस भित्रका रचनाहरूलाई समाज र संस्कृति, साहित्य र साहित्यकार, धर्म र दर्शन, भाषा व्याकरण र नेपाली जाति र दार्जिलिङ गरी पाँच भागमा शर्माले वर्गीकरण गरेका छन् । राईको सूक्ष्म समाज निरीक्षण प्रौढता र मौलिक गद्य शैलीले युक्त गहकिलो कृति पहाड र खोलामाथि रहेको निष्कर्ष यस क्रममा शर्माले दिएका छन् । वर्णनात्मक, वस्तुवादी र विश्लेषणात्मक शैलीमा प्रस्तुत यो समालोचना शर्माको गहन र चिन्तनशील किसिमको रहेको छ ।

'नवरत्न कथ्य र प्रस्तुति' शीर्षकको अर्को समालोचना शर्माको निबन्ध केन्द्री रहेको छ । 'भारती खरेल सृजना र समीक्षा' कृति (२०५२) मा प्रकाशित प्रस्तुत समालोचना 'नवरत्न' निबन्ध सङ्ग्रह माथि गरिएको समालोचना हो । 'नवरत्न' खरेलका ९ वटा निबन्धहरूको सङ्गालो हो । यसका निबन्धहरू अधिकांश आध्यात्मिक विषयवस्तुसँग सम्बन्धित रहेका छन् भन्ने शर्माले यस क्रममा उल्लेख गरेका छन् । आध्यात्मिक जगमा वर्तमान जीवनको व्याख्या खरेलले निबन्धका माध्यमबाट गरेको शर्माले चर्चा गर्दै यस सङ्ग्रहका निबन्धलाई मोटामोटी ४ वर्गमा विभाजन गरेका छन् । ती हुन् ईश्वर केन्द्री, आत्म केन्द्री, सांसारिक अनित्यता सम्बन्धी र विषय भोगको दुष्परिणाम सम्बन्धी निबन्धहरू रहेका छन् । यस सङ्ग्रहको प्रस्तुति प्रबन्ध ढाँचाको रहेको र शैली सरल र बोधगम्य रहेको उल्लेख गर्दै नेपाली साहित्यमा अध्यात्म केन्द्री निबन्ध रचना गरेर निबन्धकार खरेलले नयाँ आयाम प्रस्तुत गरेको निष्कर्ष शर्माले प्रस्तुत गरेका छन् । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत समालोचना शर्माको प्रभावपरक किसिमको रहेको छ ।

शर्माको निबन्ध केन्द्री समालोचनाहरू मध्ये 'जीवन र जगत्को साँध उखान मिलेन' शीर्षकको रहेको छ । कमल दीक्षित कालो अक्षरदेखि सग्लो अक्षरसम्म

पुस्तक (२०६०) मा प्रकाशित प्रस्तुत लेख शर्माको उत्कृष्ट समालोचना हो । कमल दीक्षित नेपाली भाषा साहित्यको संवर्द्धन, संरक्षण र भाषिक साहित्यिक अनुसन्धानमा निरन्तर लागि रहने व्यक्तित्व भएको चर्चा गर्दै दीक्षितको 'उखान मिलेन' आत्मपरक शैलीमा लेखिएको निजात्मक निबन्ध सङ्ग्रह हो भन्ने चर्चा गर्दै यस कृतिमा कतै आत्म संस्मरण कतै जीवनका उल्लेख्य घटनाको अङ्कन अनि कतै खोजखबर कतै साहित्यिक चिठी, कतै स्वदेशकै यात्रामा केन्द्रित रहेका निबन्धहरू छन् । दीक्षितका २२ निबन्धहरू यसमा सङ्ग्रहित रहेका छन् । यी मध्ये ११ वटा निबन्ध विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका हुन् भने ११ वटा चाहिँ प्रथम पटक प्रकाशित भएका निबन्धहरू हुन् । लेखक स्वयंले उखान मिलेनलाई प्रबन्धबाट निबन्धमा झरेको उदाहरणको रूपमा लिएको भए पनि यसमा वस्तुपरकता भन्दा आत्मपरकताको प्रदर्शन प्रभावशाली बन्न पुगेको निष्कर्ष यसमा शर्माले प्रस्तुत गरेका छन् । दीक्षितको भाषाशैली नितान्त नौलो र निजी तहको रहेको टिप्पणी गर्दै विषयमा आफूलाई मिसाएर रोचक ढाँचामा वर्णन गर्ने निजी शैलीलाई दीक्षितले आत्मसात् गरेको शर्माले उल्लेख गरेका छन् । प्रस्तुतिमा चुट्किला र प्रवाहमा कुतूहल जगाउने खालका दीक्षितका निबन्धमा छोटो वाक्य गठन, बोलचालका शब्द, तद्भव र झर्रा नेपाली शब्द प्रयोग र ठाउँ ठाउँमा संवादको प्रयोग जस्ता निबन्धगत विशेषता रहेको उल्लेख गर्दै 'उखान मिलेन' मूलतः निजी अनुभूति र अंशतः खोज र अनुसन्धानको विशिष्ट रचना भएको निष्कर्ष यस क्रममा शर्माले प्रस्तुत गरेका छन् । वर्णनात्मक, विश्लेषणात्मक र प्रवृत्तिगत प्रस्तुतिको शैलीले प्रस्तुत समालोचना उत्कृष्ट व्यावहारिक समालोचना बन्न पुगेको देखिन्छ । कमल दीक्षित र उनका निबन्धका अध्येताहरूका लागि यो महत्त्वपूर्ण रहेको छ ।

निबन्ध केन्द्री शर्माको अर्को समालोचना 'प्रशान्तका छालहरूबाट नेपाल चियाउँदा' शीर्षकमा रहेको छ । 'गरिमा' वर्ष २३ अङ्क ८ पूर्णाङ्क २७२ (२०६२) मा प्रकाशित प्रस्तुत लेख ७ पृष्ठको आयाममा विस्तारित रहेको छ । नियात्राकार चन्द्रप्रसाद भट्टराईले आफ्नो युरोप भ्रमणका क्रममा गरेका अनुभव र अनुभूतिहरूलाई समेटेर लेखिएका ७ वटा संस्मरण लेखहरू यस कृतिमा सङ्कलन गरिएका छन् । भट्टराईले सुविधा सम्पन्न देशहरूमा बस्दा पनि नेपालप्रतिको राष्ट्रियता झल्कने किसिमका नियात्राहरू प्रस्तुत गरेका छन् भनी समालोचक गोपीकृष्ण शर्माले उल्लेख

गरेका छन् । राजा गगनी राजको यात्रा १५५० बाट प्रारम्भ भएको यात्रा साहित्य जंगबहादुरको बेलायत यात्रा, बेलायततिर बरालिँदा, विदेशको यात्रा स्वदेशको सम्झना हुँदै निकै लामो फड्को मारिसकेको अवस्थामा यो कृति पनि यात्रा साहित्यकै निरन्तरताका क्रममा आएको र भट्टराईले निकै आकर्षक शिल्प विधानबाट यात्रा विवरणको मनमोहक प्रस्तुति दिन सफल रहेका छन् भन्ने समालोचक शर्माले निष्कर्ष दिएका छन् । वर्णनात्मक शैलीमा प्रस्तुत समालोचना शर्माको प्रभावपरक किसिमको रहे पनि यात्रा साहित्यको अध्ययन गर्नेहरूका लागि महत्त्वपूर्ण रहेको छ ।

शर्माको निबन्ध केन्द्री अर्को समालोचना 'घनश्याम राजकर्णिकारका दुई कृति' शीर्षकमा 'दायित्व' वर्ष २१ पूर्णाङ्क ६० (२०६४) मा प्रकाशित भएको हो । यो समालोचना प्रतिष्ठित उद्योग व्यवसायी घनश्याम राजकर्णिकारका दुई कृति 'बौद्ध तीर्थयात्रा नालन्दादेखि लुम्बिनीसम्म' र 'बुद्धज्योतिका केही रश्मि' माथि समालोचक शर्माले प्रस्तुत गरेको समीक्षा हो । ६ पृष्ठको आयाम रहेको प्रस्तुत लेखमा शर्माले प्रभावपरक समालोचकीय दृष्टि प्रस्तुत गरेका छन् । राजकर्णिकारको पारिवारिक सदस्य सहितको सात दिनको तीर्थयात्राको संस्मरणमा आधारित कृति 'बौद्ध तीर्थयात्रा : नालन्दादेखि लुम्बिनीसम्म' रहेको उल्लेख गर्दै शर्माले यसमा एकातिर विभिन्न स्थलहरूको परिचय सहित लेखकीय अनुभूतिलाई आस्वादात्मक रूपमा प्रस्तुत गरिएको छ भने अर्कोतिर बुद्धको महिमा र योगदानको चर्चा गरिएको छ भन्ने उल्लेख गरेका छन् । भगवान् बुद्धसँग सम्बन्धित पौराणिक आख्यानहरूको सङ्ग्रह जस्तो लाग्ने यो कृति साहित्यिक कलात्मकताले गर्दा संस्मरणात्मक साहित्यको एक उत्कृष्ट नमुना बन्न पुगेको निष्कर्ष शर्माले दिएका छन् । यसै गरी राजकर्णिकारको अर्को कृति 'बुद्ध ज्योतिका केही रश्मि' (२०६४) मा बुद्धसँग सम्बन्धित १६ वटा लघु आयामका चिन्तनहरू समाविष्ट रहेको कुरा शर्माले उल्लेख गर्दै बुद्ध धर्म, बुद्धका उपदेश, बुद्धसँगका सामाजिक आख्यान र बुद्धसँगका दिनचर्याहरूसँग केन्द्रित प्रस्तुत कृति साहित्यिक दृष्टिबाट अध्ययन गर्ने पाठकहरूका लागि नयाँ ज्ञानको सूचना दिने निबन्ध सङ्ग्रह बन्न पुगेको धारणा उनले यस क्रममा व्यक्त गरेका छन् । बुद्ध दर्शनका विद्वान् घनश्याम राजकर्णिकारलाई यिनै दुई कृतिका आधारमा समालोचक शर्माले प्रशंसा गरेका छन् । शर्माको वर्णनात्मक, विश्लेषणात्मक र विवरणात्मक शैलीमा प्रस्तुत समालोचना निबन्ध केन्द्री व्यावहारिक समालोचना हो ।

समालोचक शर्माको समालोचना यात्राको दोस्रो चरणमा देखिएको अर्को निबन्ध केन्द्री समालोचना 'हातको तकियामा विचरण गर्दा' शीर्षकमा रहेको छ । कविवर भरतराज पन्त स्मृतिग्रन्थ (२०६६) मा प्रकाशित प्रस्तुत लेख भरतराज पन्तकै गद्य लेखहरूको सङ्ग्रह 'हातको तकिया' माथि गरिएको समालोचना हो । शर्माले यस कृतिमा १२ लेखहरू सङ्कलन गरिएको तीमध्ये केही विवेचनात्मक, केही परिचयात्मक र केही संस्मरणात्मक प्रकृतिका रचनाहरू रहेका भनी उल्लेख गरेका छन् । यी रचनाहरू यस अघि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका हुन् भनी शर्माले जानकारी दिएका छन् । शर्माले यस सङ्ग्रहका १२ वटा रचनाहरूलाई छुट्टाछुट्टै शीर्षकमा राखेर चर्चा गरेका छन् र भरतराज पन्तको जीवनीको महत्त्वपूर्ण पक्षलाई यस कृतिले पनि प्रकारान्तरबाट प्रस्तुत गरेको निष्कर्ष प्रस्तुत गरेका छन् । ११२ पृष्ठको आयाममा विस्तारित प्रस्तुत कृति पन्तको गद्य लेखनको उदाहरण हो भन्ने शर्माले उल्लेख गरेका छन् ।

'देश दर्शन भाग दुई एक दृष्टि' शीर्षकको समालोचना पनि समालोचक शर्माको निबन्ध केन्द्री अर्को समालोचना हो । प्रस्तुत समालोचना शर्माले 'सुब सेनका प्रवृत्ति' नामक पुस्तक (२०६७) मा प्रकाशित गरेका हुन् । १७ पृष्ठको आयाम रहेको प्रस्तुत लेखमा 'सूर्यबहादुर सेन ओली' साहित्यिक नाम सुब सेनबाट चिनिएका र उनको साहित्य क्षेत्र कथा, कविता, उपन्यास र नियात्रामा बढी सक्षम र सफल रहेको चर्चा गरेका छन् । सुब सेनको देश दर्शन भाग १ कृति वि.सं. २०३३ मा प्रकाशित भएको र दोस्रो भाग वि.सं. २०४२ मा विराटनगरबाट प्रकाशित भएको हो र यसमा लेखकले आफ्नो भ्रमणको रोचक वर्णन प्रस्तुत गरेका छन् । दशवटा उपशीर्षक दिएर प्रस्तुत गरिएको यस फुटकर समालोचनामा दशवटै सन्दर्भका यात्रा विवरणहरूलाई समावेश गरिएको छ । खास गरी यस कृतिले लिएको भौगोलिक क्षेत्र भने लुम्बिनी, रापती अञ्चलका केही पहाडी जिल्लाहरू रहेका छन् । सरसर्ती यस भित्रका सन्दर्भहरूलाई हेर्दा यो एक यात्रा साहित्य हो भन्न सकिन्छ (शर्मा, २०६७ : ३९) । यसै कृतिलाई समसामयिक समाजशास्त्रीय अध्ययन भन्दै यात्रा अवधिका झिना मसिना कुराहरूलाई मानवीय संवेदनाले टिपेर सरल भाषामा सम्प्रेषण गर्ने सेनको कौशलताको समालोचक शर्माले प्रशंसा गर्दै यो साहित्यका फाँटमा एउटा राम्रो नियात्रा साहित्य रहन गएको निष्कर्ष दिएका छन् । शर्माको प्रस्तुत समालोचना

कृति प्रभाववादी रहे पनि वर्णनात्मक र विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको समालोचना हो ।

यसरी समालोचक गोपीकृण शर्माले आफ्नो समालोचना लेखनका क्रममा निबन्ध केन्द्री एक दर्जन जति फुटकर लेखहरू लेखेका र ती मध्ये केही भूमिका लेखनका रूपमा रहेकाले तिनीहरूलाई भूमिका केन्द्री समालोचना शीर्षकमा राखेर चर्चा गरिने कुरा यहाँ जानकारी गराइएको छ ।

**(घ) जीवनी केन्द्री समालोचना**

समालोचक गोपीकृष्ण शर्माले आफ्नो समालोचना लेखन यात्राको अवधिमा एक दर्जन भन्दा बढी जीवनीपरक समालोचनाहरू प्रस्तुत गरेका छन् । ती लेखहरूलाई यस सन्दर्भमा चर्चा गर्ने काम गरिन्छ ।

शर्माको जीवनीपरक तथा प्रवृत्ति केन्द्री पहिलो फुटकर समालोचना 'कवि व्यथित र काव्यसाधना' शीर्षकमा रहेको छ । 'उन्नयन' अङ्क २० (२०५३) मा प्रकाशित प्रस्तुत लेखमा समालोचक शर्माले कवि केदार मान व्यथितको काव्यसाधना बारे ६ उपशीर्षकहरू राखेर चर्चा गरेका छन् । ती ६ उपशीर्षकहरू हुन् । पृष्ठभूमि, साहित्य साधनाका संस्थागत प्रयासहरू, काव्य सृजना, भाव संयोजन, शिल्प विधान र उपसंहार । यसै क्रममा शर्माले व्यथित राजनीति र साहित्य दुवै विधामा त्यतिकै चर्चित रहेको कुरा उल्लेख गर्दै व्यथितका काव्यहरूमा प्रकृति, मानव र कर्मवादका बहुपक्षीय स्वरहरू पनि उद्घाटित भएको पाइन्छ भन्ने चर्चा गरेका छन् (शर्मा, २०५३ : १७) । मानवतावादी कवि व्यथित आफ्नो धर्तीलाई सर्वस्व ठान्छन् । उनका कवितामा पाइने शिल्पगत विशेषताहरूमा अलङ्कार, बिम्ब र प्रतीकहरूको संयोजन राम्रोसँग पाइने, भावका दृष्टिले स्वच्छन्दतावादी प्रवृत्ति र हिन्दी छायावादको प्रभाव अनि सङ्गीत मधुर मात्रिक छन्द प्रयोग आदि विशिष्ट देखिन्छन् भनी शर्माले यसमा उल्लेख गरेका छन् । गद्य कवितामा पनि अन्तःसङ्गीत प्रबन्धन सूत्रले आबद्ध गरेर भावसृष्टि गर्ने काव्य साधक व्यथित हुन् भन्ने शर्माले निष्कर्ष दिएका छन् । यसरी कवि व्यथितको काव्य प्रवृत्तिलाई उनकै काव्यहरूका सापेक्षतामा समालोचक शर्माले निर्क्योल गरेकाले यो एक महत्त्वपूर्ण समालोचना बन्न पुगेको देखिन्छ । जीवनी र प्रवृत्ति दुवैलाई समेटेको यसमा शर्माको वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक

शैलीले युक्त रहेको र यसले व्यथितको काव्यकारितालाई अध्ययन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ ।

'पाल्पाका केही साहित्यकार र तिनका प्रवृत्ति' शीर्षकमा 'पाल्पादर्पण' अङ्क ४ (२०५३) मा प्रकाशित समालोचना पनि शर्माको जीवनी केन्द्री र प्रवृत्ति केन्द्री रहेको छ । प्रस्तुत समालोचनात्मक लेखमा शर्माले पाल्पामा रहेका विभिन्न साहित्यकारहरू मध्ये कथा विधाका शिवभक्त शर्मा र भागीरथी श्रेष्ठ, कविता विधाका चेतबहादुर कुँवर र कृष्णप्रसाद बस्याल र प्रगतिशील साहित्यिक चिन्तनका दृष्टिले विष्णु प्रभातलाई मुख्य विषय बनाई उनीहरूका साहित्यिक प्रवृत्ति र गतिविधिलाई समीक्षात्मक रूपमा प्रस्तुत गरेका छन् । यसै क्रममा आदिकवि भानुभक्त आचार्यको प्रत्यक्ष सम्पर्कमा आएका र भानुभक्त आचार्य एवंले कविका रूपमा नाम लिएका पाल्पाली कवि छविलाल नेपालबाट पाल्पामा नेपाली साहित्यको जग बसालिएको हो भन्ने पनि शर्माले यसमा उल्लेख गरेका छन् । यसरी ऐतिहासिकतालाई समेत समेटेर वर्णनात्मक तथा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको प्रस्तुत समालोचना साहित्यकारहरूको अध्ययनलाई महत्त्वपूर्ण सामग्री बन्ने देखिन्छ ।

'उपन्यासकार रुद्रराज पाण्डे र उनका प्रवृत्ति' शीर्षकको अर्को जीवनीपरक समालोचना शर्माका गहन समालोचनाहरू मध्ये एक हो । रुद्रराज पाण्डे सृष्टि र दृष्टि (२०५४) मा प्रकाशित प्रस्तुत समालोचनामा शर्माले पाँच उपशीर्षकहरू दिएर समालोचना प्रस्तुत गरेका छन् । पाँच उपशीर्षकहरू रुद्रराज पाण्डे जीवनीका आलोकमा, बहुआयामिक व्यक्तित्व, रुद्रराज पाण्डेको उपन्यासकारिता, रुद्रराज पाण्डेका औपन्यासिक प्रवृत्ति र उपसंहार हुन् । शर्माले यस क्रममा साहित्य र शिक्षा क्षेत्रमा योगदान दिने पाण्डे साहित्यका विविध विधामा कलम चलाउने व्यक्ति भए पनि मूलतः उपन्यास विधाबाटै प्रसिद्धि कमाएका व्यक्तित्व हुन् भन्ने उल्लेख गरेका छन् (शर्मा, २०५४ : १४३) । पाण्डेको 'रूपमती' कालजयी उपन्यास भएको चर्चा गर्दै शर्माले यही कृतिले पाण्डेलाई अमर बनाएको उल्लेख गरेका छन् । पाण्डेका उपन्यासमा समसामयिक समाजको चित्रण पाइने उल्लेख गर्दै मानवीय कमजोरी र दुर्बलताबाट हुने दुष्परिणामको अङ्कन, सरल, सुबोध र बोलचालको भाषा प्रयोग, कथात्मक अन्तर सम्बन्धको निर्वाह, घटना विवरणबाट चरित्रको समुद्घाटन, आध्यात्मिक

जीवन शैली र नैतिकताप्रति आग्रह, समाजलाई आदर्शतातर्फ डोऱ्याउने चेष्टा अनि नैतिक र आध्यात्मिक शिक्षा दिने प्रवृत्ति जस्ता उनका औपन्यासिक विशेषताहरू रहेको कुरा यसमा शर्माले उल्लेख गरेका छन् । शिक्षाका क्षेत्रमा पाण्डेको योगदान अतुलनीय रहेको चर्चा गर्दै शर्माले उपन्यासकारको धार्मिक जीवन चर्याको पक्ष पनि महत्त्वपूर्ण रहेको टिप्पणी गरेका छन् । साहित्य, शिक्षा, समाजसेवा र धार्मिक उत्थानका क्षेत्रमा नै पाण्डे एक उल्लेख्य व्यक्तित्व रहेको निष्कर्ष यस क्रममा शर्माले दिएका छन् । वर्णनात्मक, विश्लेषणात्मक र विषयवस्तुगत प्रस्तुति शैलीले प्रस्तुत समालोचना गहन, चिन्तनशील र अनुसन्धानमूलक रहेको देखिन्छ र यो आफैमा महत्त्वपूर्ण समालोचना मानिन्छ ।

जीवनीपरक समालोचनाकै चर्चा गर्दा शर्माको अर्को समालोचना ‘कला साहित्यकी जीवन्त प्रतिभा भद्रकुमारी घले’ शीर्षकमा ‘वनिता’ वर्ष ६ अङ्क २४ (२०६२) मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत समालोचना ११ पृष्ठको आयाममा विस्तार भएको छ । चार उपशीर्षक दिएर लेखिएको प्रस्तुत समालोचनामा नेपाली समाजसेवा, राजनीति, चित्रकारिता र साहित्य सिर्जनामा काम गर्ने नारी प्रतिभा सुश्री भद्रकुमारी घले स्मरणीय व्यक्तित्व भएको शर्माले चर्चा गरेका छन् । वि.सं. १९८८ चैत्र १९ गते काठमाडौंको डिल्ली बजारमा जन्मिएकी घलेको पुर्ख्यौली घर ओखलढुङ्गाको आमबोट घले गाउँ हो भन्ने उल्लेख गर्दै घलेले साहित्य सिर्जनाका क्रममा १२ वटा पुस्तकाकार कृति प्रकाशित गरिसकेको कुरा शर्माले चर्चा गरेका छन् । ६ वटा कविता सङ्ग्रह, २ वटा निबन्ध सङ्ग्रह, ३ वटा कथा सङ्ग्रह र १ गीतिनृत्य विधाका उनका कृति उत्तिकै महत्त्वपूर्ण रहेका छन् भन्ने यसमा शर्माले उल्लेख गरेका छन् । कला साहित्यमा चित्रकारिता पनि घलेको स्मरणीय पाटो भएको चर्चा गर्दै समाज कल्याणका क्षेत्रमा पनि घले उत्तिकै सक्रिय देखिएको उल्लेख समालोचक शर्माले गरेका छन् । घलेका साहित्यले नारी वर्गलाई चेतना र जागृतिको सन्देश दिने र नारी उत्थानका पक्षमा व्यावहारिक रूपमा लागि पर्ने उनको योगदान अनुकरणीय रहेको शर्माले निष्कर्ष दिएका छन् । प्रवृत्ति र जीवनी दुवै पक्षलाई समेटेर लेखिएको प्रस्तुत समालोचना जीवनीपरक रहेको र आफैमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

'साहित्यकार दधिराज सुवेदी' शीर्षकको अर्को फुटकर समालोचना शर्माको जीवनीपरक समालोचनाको चर्चाका क्रममा स्मरणीय रहेको छ । 'वनिता' प्रकाशनले २०६५ मा प्रकाशित गरेको प्रस्तुत समालोचना ४ पृष्ठको आयामको रहेको छ । कथा, कविता र निबन्धका क्षेत्रमा चर्चा गरिए पनि सुवेदीको प्रमुख क्षेत्र समालोचना भएको शर्माको दृष्टिकोण रहेको छ । समालोचनामा पनि प्रभाववादी समालोचनाका द्रष्टा व्यक्तित्व सुवेदी साहित्यिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा सक्रिय स्रष्टा र द्रष्टा व्यक्तित्व हुन् भन्ने धारणा शर्माले प्रस्तुत गरेका हुन् । नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य समेत बनेका सुवेदी अथक परिश्रमी व्यक्तित्व हुन् । पत्रिकाको सम्पादन, अध्यापन, कृति सम्पादन, साहित्यिक संस्थाहरूको स्थापना, राजनीतिमा वी.पी. ले अँगालेको प्रजातान्त्रिक पद्धतिका समर्थक र समाजसेवामा उत्तिकै सक्रिय सुवेदी अभाव, पारिवारिक बोझ र जीवन सङ्घर्षका माझबाट अगाडि बढेका सफल व्यक्तित्व भएको निष्कर्ष यसमा समालोचक गोपीकृष्ण शर्माले प्रस्तुत गरेका छन् ।

जीवनीपरक समालोचनामा शर्माको अर्को 'डा. स्वामी प्रपन्नाचार्य' शीर्षकको फुटकर समालोचना 'वैजयन्ती' अङ्क ३ (२०६६) मा प्रकाशित भएको हो । साहित्य संस्कृति दर्शन र राजनीतिका क्षेत्रमा चर्चित स्वामी प्रपन्नाचार्य आफ्नो जीवनको उत्तरार्द्ध चरणमा अध्ययन कार्य प्रारम्भ गरेर पनि सफल भएका व्यक्तित्व हुन् भन्ने कुरा शर्माले प्रस्तुत गरेका छन् । जीवनको पूर्वार्द्ध खण्ड अत्यन्त गरिबी र दुःखले भोगेको सन्दर्भलाई प्रस्तुत गर्दै समीक्षात्मक रूपमा प्रपन्नाचार्यको जीवनीको उल्लेख गरिएको यसमा उनको जीवनबाट हामीले धेरै पाठ सिक्नु पर्ने र सङ्घर्षमय जीवनबाट मानिसहरू उच्च सफलता प्राप्त गर्न सक्षम हुन्छन् भन्ने निष्कर्ष शर्माले यसमा दिएका छन् । जीवनीपरक प्रस्तुत समालोचना स्वामी प्रपन्नाचार्यको जीवनलाई मुख्य लक्ष्य बनाएर प्रस्तुत गरिएको छ र हामी सम्पूर्ण सर्वसाधारण व्यक्तिहरूका लागि रोचक र अनुकरणीय जीवनको नमुना यसबाट प्रस्तुत गरिएकाले प्रस्तुत समालोचना आफैमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

यसरी समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्रामा जीवनीपरक समालोचनाहरू पनि प्रशस्त रूपमा रहेका र ती मध्ये उपलब्ध केही फुटकर समालोचनाहरूलाई यस सन्दर्भमा चर्चा गरिएको र अधिकांश उनका जीवनीपरक

समालोचनाहरू प्रभाववादी र सतही किसिमका रहेका भए पनि केही समालोचना गहन र अनुकरणीय रहेका देखिन्छन् । जीवनीपरक समालोचनाको प्रस्तुति समालोचक शर्माको समालोचनाको एक महत्त्वपूर्ण पक्ष मानिन्छ ।

**(ङ) उपन्यास केन्द्री समालोचना**

गोपीकृष्ण शर्माको समालोचना यात्रामा उपन्यास केन्द्री समालोचनाहरू निकै महत्त्वपूर्ण र अनुसन्धानमूलक बनेर देखिएका छन् । उनको समालोचना यात्राको दोस्रो चरण प्रारम्भ गर्ने आधार नै उपन्यास केन्द्री समालोचना हो र यो वस्तुवादी किसिमको देखा परेको छ । उनको समालोचना यात्राको दोस्रो चरणमा करिब एक दर्जन जति फुटकर समालोचना उपन्यास केन्द्री रहेका छन् । तिनै समालोचनाहरूलाई यहाँ सङ्क्षिप्त रूपमा अध्ययन गर्ने काम गरिन्छ ।

वि.सं. २०४१ को वाङ्मय अङ्क ५ मा गोपीकृष्ण शर्माको उपन्यास केन्द्री समालोचना 'एक पालुवा अनेकौं याम उपन्यासको पात्रविधान' शीर्षकमा प्रकाशित भएको हो । प्रस्तुत समालोचना पाश्चात्य समालोचना पद्धतिलाई आत्मसात् गरी वस्तुवादी ढङ्गले विश्लेषण गर्ने शर्माको पहिलो समालोचना भएका कारण यसैलाई आधार बनाएर शर्माको समालोचना यात्राको प्रथम र द्वितीय चरणको सीमा २०४१ लाई राखिएको हो ।

उपन्यासकार दौलत विक्रम विष्टको उपन्यास 'एक पालुवा अनेकौं याम' (२०२६) उपन्यासका पात्रहरू माथि वस्तुवादी दृष्टिकोणले विश्लेषण गरी शैली वैज्ञानिक आधारमा अध्ययन गरिएको प्रस्तुत समालोचना १५ पृष्ठको आयामको रहेको छ । विष्टको प्रस्तुत उपन्यास उनको औपन्यासिक यात्राको दोस्रो मोडमा लेखिएको र नेपाली उपन्यास जगत्मा बृहत् आकारको उपन्यास रहेको कुरा समालोचक शर्माले यस क्रममा उल्लेख गरेका छन् । प्रस्तुत उपन्यासमा सङ्क्रमणकालीन नेपाली समाजको सामन्ती मूल्यको ह्रासोन्मुखता र नयाँ विद्रोही अस्मिता पनि स्थापित नभइसकेको विसङ्गतिपूर्ण जीवन सन्दर्भको चित्रण गर्ने प्रक्रियाका लागि पात्रहरूको चयन उपन्यासकार विष्टले गरेको कुरा समालोचक शर्माले यहाँ बताएका छन् (शर्मा, २०४१ : ८०) । समालोचक शर्माले यस क्रममा प्रस्तुत उपन्यासमा अधिक पात्रहरूको प्रयोग भएको, पात्रहरू पनि प्रमुख र सहायक

भन्दा गौण पात्र अधिक रहेको र क्रियाशीलताका दृष्टिले पुरुष पात्रकै भूमिका बढी देखिएको कुरा शर्माले उल्लेख गरेका छन् । यस उपन्यासमा रहेका १०५ पात्रहरूको विश्लेषण निम्न सात आधारहरूका सापेक्षतामा गरेका छन् । ती आधारहरू हुन्- लिङ्ग, कार्य, प्रवृत्ति, जीवनचेतना, स्वभाव, आसन्नता र आबद्धता । यस क्रममा जीवन चेतनाका आधारमा प्रस्तुत उपन्यासका अधिक पात्र वर्गीय चरित्रका भएको उल्लेख शर्माले गरेका छन् (शर्मा, २०४१ : ७३) । पात्रहरूकै माध्यमबाट सामाजिक मनोवैज्ञानिक सन्दर्भलाई छुँदै विसङ्गति र अस्तित्वको अनुभवलाई पनि सूक्ष्म किसिमले अभिव्यञ्जना गर्ने उपन्यासकार विष्टको प्रवृत्ति रहेको शर्माले चर्चा गर्दै चरित्र चित्रणमा कहीँ नाटकीय विधि त कहीँ विश्लेषणात्मक विधि उपन्यासकारले अपनाएको पनि उल्लेख गरेका छन् । यसरी प्रस्तुत उपन्यासको पात्रविधान बहुआयामिक रहेको र सामाजिक संरचनाका प्रवृत्तिगत विविधतालाई बोक्ने किसिमको रहेको शर्माले निष्कर्ष दिएका छन् । यसै कारण उपन्यास पनि बृहत् आकारको रहेको र पात्रहरू पनि अधिक रहेका भन्ने शर्माले उल्लेख गरेका छन् । वस्तुवादी विश्लेषण, वर्णनात्मक शैली र अनुसन्धानमूलक प्रस्तुतिका कारण शर्माको प्रस्तुत फुटकर समालोचना गहन र महत्त्वपूर्ण बन्न पुगेको छ । पात्र विश्लेषण गर्ने महत्त्वपूर्ण आधार वर्तमान समयमा पनि यसैलाई बनाउने गरिएकाले प्रस्तुत समालोचनाको थप महत्त्व बढेको देखिन्छ ।

शर्माको अर्को उपन्यास केन्द्री समालोचना 'कथाको नौलो संयोजन सुभद्रा बज्यै' शीर्षकको रहेको छ । 'उन्नयन' २०४९ भवानी भिक्षु विशेषाङ्कमा प्रकाशित प्रस्तुत लेख ४ पृष्ठभको आयामको रहेको छ । सुभद्रा बज्यै भिक्षुको लघु उपन्यास हो । यो आवर्त (२०२४) मा सङ्ग्रहित रहेको र जम्मा २६ पृष्ठको आयामको रहेको शर्माले उल्लेख गरेका छन् (शर्मा, २०४९ : १६६) । कथातत्त्वको नितान्त नौलो संयोजन यसको मुख्य प्राप्ति भएको चर्चा गर्दै शर्माले सुभद्रा बज्यैको कथाले मानिसको रूढिग्रस्त मानसिकतालाई खलबल्याएको चर्चा गरेका छन् । चरित्र प्रधान उपन्यास र कथाले जन्माएको चरित्रबाट नै सुभद्रा बज्यैको महत्ता छर्लङ्गिने कुरा शर्माले उल्लेख गरेका छन् । सुभद्राको आन्तरिक चरित्रलाई गरिमाशाली तुल्याएर नारीको महत्त्व दर्शाउनु भिक्षुको मूल कथ्य भएको र उनले कोरेको बाङ्गो टिङ्गो रेखा नै सुभद्रा बज्यै उपन्यासको आफ्नो पन हो भन्ने शर्माले चर्चा गरेका छन् । यसमा समाज स्वीकृत

आदर्शलाई लत्याएर पनि नारीको महनीय वर्चस्व कायम राख्न सक्ने स्थितिको संयोजन गरेर भिक्षुले यहाँ कथा रेखाको नौलो प्रस्तुति गरेका छन् भन्ने शर्माको निष्कर्ष देखिन्छ।

'पागल बस्ती : वस्तु र शिल्पको नयाँ प्रयोग' शीर्षकको लेख शर्माको उपन्यास केन्द्री अर्को समालोचना हो । 'गरिमा' वर्ष १२ अङ्क ५ पूर्णाङ्क १३७ (२०५१) मा प्रकाशित प्रस्तुत लेखमा उपन्यासकार सरुभक्तको पागल बस्ती उपन्यासका केन्द्रित भएर शर्माले समालोचना प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासको मनोविज्ञान, अतियथार्थ, विसङ्गति र अस्तित्वलाई सँगै मिसाएर निर्माण गरिएको शर्माले उल्लेख गरेका छन् (शर्मा, २०५१ : २१७) । पागलवस्तीमा प्रेम सधै दुर्घटित हुन्छ, यो एक स्वैरकल्पनाको प्रयोग क्षेत्र हो र आदिम मानव संस्कारको प्रतिच्छवि पागल बस्ती हो भन्ने टिप्पणी शर्माले गरेका छन् । उपन्यासको कथावस्तुले पाठकलाई एउटा जादुको संसारमा यात्रा गरेको अनुभव हुन्छ । यसैले यसको वस्तु विन्यासमा नवीनता देखिन्छ (शर्मा, २०५० : २२१) । समालोचक शर्माले वस्तु विन्यासको नवीनतासँगै शिल्प पक्षमा देखिने नवीनताहरूलाई पनि औंल्याउने काम गरेका छन् । यस उपन्यासको कथानक योजना सुगठित किसिमको छैन भन्दै शर्माले यस उपन्यासका पात्र 'मार्था' र प्रशान्तका बिच द्वन्द्व गराई एउटा सङ्गत र अर्को विसङ्गत पात्रको द्वन्द्व भएको सेरोफेरो भित्र पागल बस्ती उपन्यास घुमेको चर्चा गरेका छन् । उपन्यास भरि नै नारीपात्र (मार्था) को चहलपहललाई देखाएर उपन्यासकारले मातृत्वको गरिमालाई उजिल्याउँदै पागलवस्ती उपन्यास चिन्तन तथा आकृति दुवै पक्षमा नयाँ र नवीन देखिएको कुरा उल्लेख गरेका छन् ।

यसै गरी शर्माको अर्को उपन्यास केन्द्री समालोचना 'सङ्कल्प जिउँदो रहने छ : शिल्प र कथ्य' शीर्षकको रहेको छ । समकालीन साहित्य वर्ष ६ अङ्क ४ पूर्णाङ्क २४ (२०५३) मा प्रकाशित प्रस्तुत लेखमा उपन्यासकार तेजप्रकाश श्रेष्ठको उपन्यास 'सङ्कल्प जिउँदो रहने छ' माथि समालोचना प्रस्तुत गर्दै यो एक सुधारोन्मुख यथार्थवादी सामाजिक उपन्यास भएको समालोचक शर्माले चर्चा गरेका छन् । लमजुङ जिल्लाको गुरुङ गाउँको कथालाई लिए पनि गुरुङहरूको भौगोलिक बनोट स्थानीय परिवेशलाई समेट्दै सामाजिक विषयवस्तुलाई कथावस्तुको स्रोत यस उपन्यासले बनाएको शर्माले उल्लेख गरेका छन् । नेपाली उपन्यास परम्परामा प्रगतिशील स्वर लिएर देखा पर्नु यसको महत्त्वपूर्ण पक्ष भएको दर्शाउँदै कुनै एक

पक्षमा मात्रै केन्द्रित भएर प्रस्तुति दिन नसक्नु, संस्कृतिको उच्च महिमा प्रदर्शित गर्न नसक्नु यस उपन्यासका दुर्बल पक्ष हुन् भनी शर्माले टिप्पणी गरेका छन् । यसरी प्रस्तुत उपन्यासका सबल र दुर्बल पक्षलाई केलाएर यसको आफ्नै महत्त्व रहेको दर्शाउनुले शर्माको यस समालोचनामा तुलनात्मक तथा निर्णयात्मक शैली झल्किएको छ । प्रगतिशील सामाजिक यथार्थवादी उपन्यासलाई चिनाउन शर्माले आफ्नो समालोचकीय कौशललाई यहाँ प्रस्तुत गरेका छन् ।

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणको उत्तरार्द्धमा लेखिएको अर्को उपन्यास केन्द्री समालोचना 'नरेन्द्र दाइ उपन्यासको समाज मनोवैज्ञानिकता' शीर्षकको रहेको छ । प्रस्तुत समालोचना 'पुष्पाञ्जली' (२०६०) मा प्रकाशित भएको हो । आख्यानकार विश्वेश्वर प्रसाद कोइरालाको चर्चित उपन्यास 'नरेन्द्र दाइ' माथि समालोचक शर्माले समाज मनोवैज्ञानिकताका दृष्टिले हेरेर विभिन्न सन्दर्भहरूलाई उल्लेख गरेका छन् । शिष्ट यौन मनोविज्ञानका साहित्यकार कोइरालाले आफ्ना आख्यानहरूमा पात्रका यौन मनस्थितिलाई केलाउने काम गर्दछन् भन्ने उल्लेख गर्दै शर्माले नरेन्द्र दाइ उपन्यास संस्मरणात्मक शैलीमा (सानुबाबु) सम्झनाका पात्रबाट यस उपन्यासको प्रमुख पात्र नरेन्द्र दाइको समाज मनोवैज्ञानिक जीवनलाई अनौठो रूपमा प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको नरेन्द्र दाइ समाज मनोवैज्ञानिक उपन्यास बन्नुमा यसकी नारी पात्र गौरीले लोग्ने बितेपछि स्वास्नीले चुरापोते छोडेर सिन्दुर पखालेर विधवा भेषमा बस्नुपर्छ भन्ने मान्यताप्रति विद्रोह गर्नु मनोवैज्ञानिक अठोट भएको कुरा उल्लेख गरेका छन् (शर्मा, २०६० : १७) । यसै गरी नरेन्द्रको मृत्युपछि बनारसमा रहेकी मुनरियाले आफ्नो पूर्णरूप मास्सिनसकेको सम्झँदै जौहरीसँग अर्को विवाह गर्ने जस्ता प्रसङ्गहरूले प्रस्तुत उपन्यास समाज मनोवैज्ञानिक बन्न गएको उल्लेख शर्माले यसमा गरेका छन् । समाजको नियन्त्रणबाट बाहिरिँदै मनोविज्ञानद्वारा शासित भएको स्थिति यस उपन्यासमा पाइन्छ । यसरी समाज र मनोविज्ञानलाई साथसाथै प्रस्तुत गरिएकाले यो एक समाज मनोवैज्ञानिक उपन्यास बन्न पुगेको शर्माको निष्कर्ष रहेको छ । वर्णनात्मक शैली तथा अभिव्यक्तिगत सरलताले गर्दा प्रस्तुत समालोचना आफैमा महत्त्वपूर्ण बनेको एक वस्तुपरक समालोचना देखिन्छ ।

'महाकवि देवकोटा र चम्पा उपन्यास' शीर्षकको समालोचना समालोचक शर्माले 'बगर' २०६६ वर्ष २८ पूर्णाङ्क ८२ मा प्रकाशित गरेका छन् । प्रस्तुत समालोचनामा शर्माले नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनीगत सन्दर्भलाई उल्लेख गर्दै उनको एक मात्र उपन्यास 'चम्पा' माथि समालोचकीय दृष्टि प्रस्तुत गरेका छन् । देवकोटाको 'चम्पा' लघु उपन्यास भएको अनि यसमा प्रस्तुत भएको कथानक ढाँचा रैखिक किसिमको र कलात्मक योजनामा प्रस्तुत भएको चर्चा शर्माले गरेका छन् । एक नारी चरित्रलाई प्रमुख बनाइएको यो उपन्यास चरित्रप्रधान उपन्यास हो भन्ने शर्माको भनाइ रहेको छ । प्रस्तुत उपन्यास यसका लेखक भाषानुवाद परिषद्मा जागिरे भएका बखतमा लेखिएको पाण्डुलिपि भेटिएको र पछि लेखकको मृत्युपश्चात् २०२४ मा साझा प्रकाशनले प्रकाशित गरेको भन्ने कुरा यसमा शर्माले उल्लेख गर्दै जम्मा ४९ पृष्ठ र आठ अध्यायको संरचनामा यो उपन्यास फैलिएको कुरा पनि शर्माले उल्लेख गरेका छन् । आठ अध्यायहरू भएर पनि उपसंहार छुटे जस्तो देखिन्छ । यद्यपि 'चम्पा' मा उपन्यासका सकारात्मक पक्षहरूको अधिकता रहेका कारण नेपाली साहित्यमा यसको विशेष महत्त्व रहेको निष्कर्ष शर्माले दिएका छन् । वर्णनात्मक र विश्लेषणात्मक शैलीमा लेखिएको शर्माको यो समालोचना प्रभावपरक समालोचनाकै निरन्तरता जस्तो देखिन्छ । उपन्यासको अध्ययन गर्नेहरूका लागि यो महत्त्वपूर्ण रहेको छ ।

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणको उत्तरार्द्धमा लेखिएको पछिल्लो उपन्यास केन्द्री समालोचना 'आज रमिता छ उपन्यास र विसङ्गतिवाद' शीर्षकको रहेको छ । 'शब्दसिन्धु' वर्ष ३ अङ्क ९ (२०६८) मा प्रकाशित प्रस्तुत लेख आठ पृष्ठको आयाममा संरचित देखिन्छ । नेपाली साहित्यका उत्कृष्ट उपन्यासहरू मध्ये 'आज रमिता छ' पनि एक हो । उपन्यासकार इन्द्रबहादुरद्वारा भारतको दार्जिलिङको भौगोलिक परिवेशलाई लिएर रचना गरेको प्रस्तुत उपन्यासमा खासगरी विसङ्गतिलाई नै स्पष्ट रूपमा देखाउने प्रयास गरिएको कुरा शर्माले यसमा चर्चा गरेका छन् । उपन्यासकारले उपन्यासको भूमिकामा नै मान्छेको जीवन ठिक्क ठिक्कसँग मिलेको नहुने र त्यही नमिलेको पक्षलाई नै यसमा देखाउने प्रयास गरिएको छ भन्ने भनाइलाई आधार बनाएर पनि यो उपन्यास विसङ्गतिपूर्ण रहेको शर्माले चर्चा गरेका छन् । यस उपन्यासमा प्रस्तुत भएका

पात्रहरूका नाममा, काममा तथा आचरण र व्यवहारमा सबैतिर विसङ्गति देखाइएको छ भन्ने शर्माले उल्लेख गरेका छन् । तत्कालीन दार्जिलिङको जीवनलाई अस्थिर र रमिते जीवन मानेर नै यसमा भएका सम्पूर्ण घटनाहरूलाई रमिता मान्दै यस उपन्यासको शीर्षक पनि विसङ्गतिपूर्ण रहेको शर्माले उल्लेख गरेका छन् । विभिन्न सन्दर्भहरू कृतिबाट उल्लेख गरी वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको यो समालोचना विसङ्गतिवादी उपन्यासको अध्ययन गर्न महत्त्वपूर्ण रहेको देखिन्छ ।

यसरी समालोचक शर्माले आफ्नो समालोचना यात्राको दोस्रो चरणमा उपन्यास केन्द्री दर्जन जति समालोचना प्रस्तुत गरेको र अधिकांश समालोचनाहरूलाई हेर्दा कृति अध्ययनका आधारमा वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएका र सबै समालोचनाहरू वस्तुपरक नभई प्रभावपरक तथा आलोचनात्मक नभई समीक्षात्मक किसिमका रहेका देखिन्छन् । आयामका आधारमा कुनै लामा रहे भने कुनै मझौला र कुनै मात्र एक पृष्ठका छोटा पनि अर्थात् तीनै किसिमको आयाममा रहेका देखिन्छन् । उपन्यासको अध्ययनका निमित्त यी समालोचनाहरू महत्त्वपूर्ण रहेका छन् ।

**(च) कविता केन्द्री समालोचना**

गोपीकृष्ण शर्माले आफ्नो समालोचना लेखनका समयमा सबभन्दा बढी समालोचना प्रस्तुत गरेको विधा कविता नै हो । यसका महाकाव्य, खण्डकाव्य, कविता सङ्ग्रह तथा अन्य गीत र मुक्तकहरू माथि शर्माले समालोचना प्रस्तुत गरेका छन् । उनका कविता केन्द्री समालोचना अन्तर्गत रहेका विभिन्न उपविधाका लेखहरूलाई अलग अलग उपविधामा राखेर चर्चा गरिन्छ ।

**(अ) महाकाव्य केन्द्री समालोचना**

समालोचक गोपीकृष्ण शर्माका महाकाव्य केन्द्री समालोचनाहरू मध्ये यहाँ पाँच समालोचनाहरू उपलब्ध भएका र ती मध्ये एक लेख भूमिका स्वरूप रहेकाले बाँकी चार लेखहरूको यहाँ चर्चा गरिन्छ । महाकाव्यको भूमिका स्वरूप आएको एक लेखलाई भूमिका केन्द्री शीर्षकमा चर्चा गरिएको छ ।

उनको महाकाव्य केन्द्री पहिलो समालोचना 'शाकुन्तल महाकाव्यमा प्रकृति' शीर्षकको रहेको छ । वि.सं. २०५० मा 'समीक्षा शोध मर्म' वर्ष १ अङ्क २ मा प्रकाशित प्रस्तुत लेखमा समालोचक गोपीकृष्ण शर्माले पाँच उपशीर्षकहरू दिएर ७ पृष्ठ लामो लेख प्रस्तुत गरेका छन् । देवकोटाको जीवनीगत सन्दर्भहरूलाई समेत प्रस्तुत गर्दै शाकुन्तल महाकाव्यको संरचना, यसको कथावस्तुगत सङ्क्षिप्त प्रस्तुति आदि उल्लेख गरी यस महाकाव्यमा निहित प्रकृति प्रयोगका सन्दर्भहरू महाकाव्य भित्रकै विभिन्न सन्दर्भ तथा उदाहरणहरूबाट प्रस्ट पारेका छन् । प्रकृतिको विराट् चित्रण गरिएको प्रस्तुत महाकाव्य स्वच्छन्दतावादी रहेको चर्चा गर्दै स्वच्छन्दतावादी कविहरू प्रकृतिको मन्मय चित्रण गर्ने गर्दछन् र यस महाकाव्यमा पनि देवकोटाले प्रकृतिको मन्मय चित्रण गरेको कुरा समालोचक शर्माले उल्लेख गरेका छन् ।

शर्माको महाकाव्य केन्द्री अर्को समालोचना 'पासाङल्हामु महाकाव्यको वस्तु संयोजन' शीर्षकमा रहेको छ । 'जनमत' वर्ष १५ अङ्क ११/१२ (२०५५) मा प्रकाशित प्रस्तुत लेख दुई पृष्ठको आयामको रहेको छ । कवि ओमवीर सिंह बस्न्यातद्वारा लिखित प्रस्तुत महाकाव्य एउटी नेपाली वीराङ्गनालाई चरित्रनायक बनाएर रचना गरिएको कुरा शर्माले उल्लेख गरेका छन् । प्रस्तुत महाकाव्य पन्ध्र सर्गहरूमा विस्तारित रहेको प्रख्यात कथावस्तु तथा वीर रसप्रधान अनि मङ्गलाचरणबाट प्रारम्भ, प्रकृतिको चित्रण वर्णन र सिङ्गो जीवनको वर्णन आदिको प्रस्तुतिले पूर्वीय महाकाव्य मान्यताकै आधारको नजिक रहेको शर्माले उल्लेख गरेका छन् (शर्मा, २०५५ : ११) । प्रस्तुत महाकाव्यमा काव्यकारले मानवीय संवेदनाको भित्री तहलाई राम्रोसँग उद्घाटन गरेका छन् भन्ने चर्चा गर्दै पासाङ ल्हामु समग्र नेपाली नारीकी प्रतिनिधि चरित्र भएकी र वीरतापूर्ण अभियानमा नेपाली नारीहरू कम छैनन् भन्ने यथार्थलाई यस महाकाव्यमा व्यक्त गरिएको छ भन्ने शर्माले उल्लेख गरेका छन् । यसरी पासाङल्हामु महाकाव्यको विषयवस्तुलाई काव्यकारले कतिसम्म सफल रूपमा काव्य मान्यताका आधारमा समेटेका छन् र यो कति सफल या कति असफल महाकाव्य बन्न पुगेको छ भन्ने अध्ययन प्रस्तुत फुटकर समालोचना मार्फत् शर्माले गरेका छन् । उनका महत्त्वपूर्ण समालोचनाहरू मध्ये यो पनि एक हो । कृतिगत अध्ययनका आधारमा वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत यो समालोचना शर्माको वस्तुपरक समालोचना हो । महाकाव्य अध्ययन गर्नेहरूका लागि यो महत्त्वपूर्ण मानिन्छ ।

समालोचक शर्माको अर्को फुटकर समालोचना 'दुई कविका दुई महाकाव्य' शीर्षकको रहेको छ । 'सुनकोसी' ४ (२०४७) मा प्रकाशित प्रस्तुत लेख ६ पृष्ठ लामो रहेको छ । महाकाव्य केन्द्री प्रस्तुत समालोचनामा शर्माले पूर्णप्रकाश नेपाल यात्रीको 'वसन्तपल्लव' महाकाव्य तथा भुवनहरि सिग्देलको 'मेनुका' महाकाव्य माथि समीक्षा प्रस्तुत गरेका छन् ।

यस क्रममा शर्माले पूर्णप्रकाश नेपाल यात्रीको 'वसन्तपल्लव' काव्य आशु लेखनको उपज भएको, यसमा ऋतुचक्रको प्राकृतिक छटाको वर्णन पाइने साथै यो एक ध्वनि काव्यस्वरूप सहज सम्प्रेष्य भाव व्यक्त गर्ने पदावली पद्य लयद्वारा उक्तिमा सङ्गीत भर्ने र संस्कृति र प्रकृतिप्रतिको राष्ट्रभाव व्यक्त गर्ने उत्कृष्ट काव्य रहेको भनी उल्लेख गरेका छन् । अन्त्यमा यो काव्य प्रकृतिको उत्कृष्ट चित्रण र वर्णन गरिएको काव्य भएको निष्कर्ष शर्माले प्रस्तुत लेखमा दिएका छन् ।

यसैगरी सिग्देलको काव्य 'मेनुका' १७ सर्गहरूमा संरचना गरिएको प्रबन्धकाव्य, कम्तीमा ३१ श्लोक तथा बढीमा ८६ श्लोकसम्म विस्तारित जम्मा १४४ श्लोकहरूमा संरचना भएको काव्य भनी शर्माले चर्चा गरेका छन् । यस काव्यमा क्षीण कथावस्तु र स्मृतिमा रहेका पूर्व घटनाहरूको विवरण पाइन्छ भन्ने चर्चा गर्दै यस काव्यको प्रथम सर्ग पुरै मङ्गलाचरणका रूपमा प्रस्तुत भएको पनि शर्माले टिप्पणी गरेका छन् । कथाको यात्रालाई कवि कल्पनाले ठाउँ ठाउँमा विशृङ्खलित तुल्याएको र यसको शिल्प संयोजन उल्लेख्य रहेको भनी शर्माले यसमा निष्कर्ष दिएका छन् । यसरी दुई काव्यकारका दुई महाकाव्यलाई मुख्य विषयवस्तु बनाएर वर्णनात्मक शैली र विश्लेषणात्मक पद्धतिमा प्रस्तुत समालोचना शर्माका बहुल चिन्तनमा आधारित भए पनि प्रभावपरक किसिमको देखिन्छ । महाकाव्य सम्बन्धी अध्ययनमा यसको विशेष महत्त्व रहने देखिन्छ ।

गोपीकृष्ण शर्माको कविता केन्द्री समालोचना अन्तर्गत महाकाव्यमा आधारित भएर गरिएको अर्को समालोचना 'महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको शाकुन्तल महाकाव्य' शीर्षकमा रहेको छ । प्रस्तुत समालोचना 'शब्दसिन्धु' वर्ष १ अङ्क २ (२०६६) मा प्रकाशित भएको हो । ६ पृष्ठ लामो प्रस्तुत लेखमा शर्माले महाकवि देवकोटाको जीवनीगत सन्दर्भलाई पहिले चर्चा गरी पछि उनको शाकुन्तल महाकाव्यको कृतिगत सन्दर्भलाई प्रस्तुत गरेका छन् । 'शाकुन्तल' महाकाव्य

देवकोटाको कवित्वको विस्फोट हो (शर्मा, २०६६ : ४३) । छोटो समयमा लेखिएको र नेपाली महाकाव्य परम्परामा नै यो उत्कृष्ट महाकाव्य ठहरिनुले शर्माले शाकुन्तल महाकाव्यलाई यसो भनेका हुन् । स्वच्छन्दतावादी कवि देवकोटालाई प्राचीनताप्रति मोह छ । यसर्थ प्रस्तुत महाकाव्यमा दुष्यन्त शकुन्तलाको प्रेम कथाका माध्यमबाट अतीत तर्फको सांस्कृतिक यात्रा गरिएको छ भनी शर्माले यसमा उल्लेख गरेका छन् । प्रस्तुत महाकाव्यको पूर्वार्द्धमा सांस्कृतिक स्वरको अधिकता रहेको छ भने पुरै महाकाव्य भरि प्रकृतिको मन्मय प्रस्तुति पाइन्छ भन्ने उल्लेख शर्माले यहाँ गरेका छन् । विविध शास्त्रीय छन्दले सिङ्गारिएको प्रस्तुत महाकाव्य देवकोटाको भाव प्रवणमा उत्कृष्ट काव्य भए पनि आशुलेखनका कारण आत्मसंयम र शैल्पिक सचेतता भने खस्किनु यस काव्यको दुर्बल पक्ष रहेको शर्माले टिप्पणी गरेका छन् । देवकोटाले आफ्नो जीवनकालमा ७ वटा प्रकाशित महाकाव्य लेखे तापनि सबभन्दा उत्कृष्ट महाकाव्य चाहिँ शाकुन्तल नै बन्न पुगेको हुँदा यो नेपाली महाकाव्य जगत्कै कालजयी रचना बनेको शर्माले निष्कर्ष दिएका छन् । यसरी समालोचक शर्माले प्रस्तुत समालोचना मार्फत् देवकोटाको 'शाकुन्तल' महाकाव्यलाई विभिन्न दृष्टिबाट नियालेर यसका सफल पक्ष र दुर्बल पक्षहरूको आँकलन गरी अन्त्यमा आफ्नो प्रसंसनीय निष्कर्ष प्रस्तुत गरेका छन् । वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको यो समालोचना देवकोटा र उनको शाकुन्तल महाकाव्यको अध्ययनका लागि महत्त्वपूर्ण रहेको छ । शर्माका उत्कृष्ट समालोचनाहरू मध्ये प्रस्तुत फुटकर समालोचनालाई पनि लिन सकिन्छ ।

**(आ) खण्डकाव्य सम्बन्धी समालोचना**

समालोचक गोपीकृष्ण शर्माले आफ्नो समालोचना यात्राको दोस्रो चरणमा कविता केन्द्री समालोचनाहरू सबभन्दा बढी प्रस्तुत गरेका छन् । यस क्रममा उनले खण्डकाव्य सम्बन्धी विभिन्न समालोचनाहरू प्रस्तुत गरेका छन् । तिनै खण्डकाव्य सम्बन्धी समालोचनाको यहाँ सङ्क्षिप्त चर्चा गरिन्छ ।

समालोचक शर्माको 'कुञ्जिनी खण्डकाव्यमा वस्तु संयोजन' शीर्षकको लेख 'दायित्व' वर्ष २ अङ्क ५ (२०४५) मा प्रकाशित भएको हो । दुई पृष्ठ लामो प्रस्तुत लेख शर्माका खण्डकाव्यात्मक कृति माथि गरिएको प्रथम समालोचना भएकाले यो खासै महत्त्वपूर्ण देखिँदैन । पाँच अनुच्छेदमा प्रस्तुत समालोचना देवकोटाको वि.सं.

२००२ मा रचना गरिएको खण्डकाव्य कुञ्जिनीलाई केन्द्रविन्दु बनाएर प्रस्तुत भएको लेख हो । देवकोटाको प्रेम र प्रकृतिको समन्वयात्मक काव्यका रूपमा प्रस्तुत कुञ्जिनीमा लोकलयको भाका पाइने चर्चा शर्माले गरेका प्रयोजनपरक पात्र संयोजन, ग्रामीण परिवेश र प्राकृतिक वातावरणको पृष्ठभूमिमा अमर प्रेमको सन्देशलाई विभिन्न घुम्ती र मोडहरूबाट खारेर कञ्चन पार्ने प्रयास यस काव्यको मूलभूत कथ्य हो (शर्मा, २०४५ : ३५) । यसरी शर्माले प्रस्तुत लेखमा दुःखान्त कथावस्तुलाई नेपाली गाउँले समाजको परिवेशमा पुऱ्याएर देवकोटाले प्राकृतिक तथा कारुणिक खण्डकाव्यको रचना गरेको कुरा उल्लेख गरेका छन् । वर्णनात्मक शैलीमा प्रस्तुत लेख शर्माको आभ्यासिक लेखनमा देखिएको निरन्तरता हो र प्रभावपरकता यसको प्रकृति हो ।

शर्माको खण्डकाव्य सम्बन्धी दोस्रो समालोचना 'रम्भापानी खण्डकाव्य' शीर्षकको रहेको छ । 'दायित्व' वर्ष ३ अङ्क ७ (२०४६) मा प्रकाशित प्रस्तुत समालोचना ३ पृष्ठको आयामको रहेको छ । खण्डकाव्यकार निलकण्ठ न्यौपानेको प्रकाशनका हिसाबले दोस्रो खण्डकाव्य 'रम्भापानी' संस्कृतिपरक खण्डकाव्य भएको शर्माले उल्लेख गरेका छन् । आयामका हिसाबले हेर्दा लघुकाव्य जस्तो देखिए पनि यसलाई खण्डकाव्य भन्न सकिने कुरा यस सन्दर्भमा शर्माले उल्लेख गरेका छन् । न्यौपानेका रचनामा समाजका जीर्ण रूपमा रहेका अन्धविश्वास र रुढीबुढीलाई जरैदेखि मिल्काउने किसिमको प्रवृत्ति पाइन्छ । यसै गरी उनका काव्यकृतिहरूमा आञ्चलिकताको स्पष्ट प्रभाव पनि पाइने उल्लेख गर्दै शर्माले रम्भापानी खण्डकाव्यको थालनी प्रकृति पूजाबाट गरिएको र कविले प्रकृतिलाई नै सर्वस्व ठानी खण्डकाव्यको सिर्जना गरेका छन् भनी यसमा उल्लेख गरेका छन् । धर्मलाई अन्ध परम्पराबाट होइन जीवनवादी दृष्टिले हेर्नु पर्दछ र कर्मयोगी बन्नु पर्दछ भन्ने काव्यकारले सन्देश दिएका छन् भन्ने शर्माको हेराइ रहेको छ । पाँच टेको र एक विश्राम दिइएको अनि अनुष्टुप् छन्दका करिब दुई सय श्लोक रहेको यस काव्यमा काव्यकार न्यौपानेको वस्तुचयन र काव्यशिल्पको राम्रो चिनारी पाइने कुरा शर्माले निष्कर्ष निकालेका छन् । वर्णनात्मक तथा विश्लेषणात्मक शैलीबाट कृतिपरक अध्ययन गरी प्रस्तुत गरिएको यो समालोचना शर्माको बहुलवादी चिन्तनमा आधारित प्रभावपरक व्यावहारिक समालोचना हो ।

खण्डकाव्य सम्बन्धी समालोचनाहरूको चर्चा गर्ने क्रममा शर्माको अर्को समालोचना 'गंगाप्रवास संक्षिप्त चर्चा' शीर्षकमा वि.सं. २०५३ साल 'कुञ्जिनी' वर्ष ४ अङक २ मा प्रकाशित भएको छ । प्रस्तुत समालोचनामा समालोचक शर्माले कवि मोहन कोइराला र उनको लामो कविता (खण्डकाव्य स्तरको) गंगा प्रवास माथि समीक्षात्मक विश्लेषण गरेका छन् । जम्मा चार उपशीर्षकहरू दिएर प्रस्तुत गरिएको यो फुटकर समालोचनामा नेपाली गद्य कविताका शिखर पुरुष गद्य कवि मोहन कोइरालाका काव्य प्रवृत्ति र गंगाप्रवाससँग त्यसको तुलनात्मक अध्ययन शर्माले प्रस्तुत गरेका छन् । गद्य कवि कोइरालाको निजी विशेषता क्लिष्टता हो । यति भएर पनि प्रस्तुत काव्यमा आनुपातिक रूपमा क्लिष्टता कम देखिएको र कोइरालाको कवित्वलाई यस काव्यले केही सरल कवितर्फ मोडेको शर्माले चर्चा गरेका छन् । कोइरालाको लेखनको परिपक्वताको निसानी प्रस्तुत गंगाप्रवास लामो कविता रहेको उल्लेख गरेका छन् (शर्मा, २०५३ : ३९) । नेपाली समाजको चित्रण तथा निम्न वर्गीय जनताको जीवन गाथा रहेको यस कवितामा मातृभूमि प्रति पनि उत्तिकै माया ममता प्रकट गरिएको निष्कर्ष समालोचक शर्माले दिएका छन् । यसरी शर्माको कविता केन्द्री समालोचना भित्र खण्डकाव्यको समीक्षा प्रस्तुत गरिएको यो समालोचना कृति केन्द्री व्यावहारिक र प्रभावपरक समालोचना रहेको देखिन्छ ।

'चन्द्रप्रसाद न्यौपानेका दुई खण्डकाव्य' शीर्षकको अर्को समालोचना शर्माको खण्डकाव्य सम्बन्धी समालोचना हो । 'जनमत' (२०५३) वर्ष १३ अङ्क ११/१२ मा प्रस्तुत भएको समालोचनामा न्यौपानेका दुई काव्य 'आँसुको थोपा' (२०५१) र 'विद्रोही' (२०५२) लाई केन्द्रविन्दु बनाएर गरिएको समालोचनामा दीनहीन गरिबहरूको आँसु टिपेर कविताको घैला भर्ने प्रयास गरिएको कुरा शर्माले उल्लेख गरेका छन् । यसका पात्रहरू प्रगतिशील रहेका र आठ सर्गहरूमा संरचना भएको प्रस्तुत काव्यमा प्रारम्भका तिन सर्गमा झ्याउरे तथा बाँकी सर्गहरूमा वर्णमात्रिक शार्दूलविक्रीडित छन्द अनि सातौँ सर्गका अन्तिम चार श्लोकमा उपजाति छन्दको प्रयोग गरिएको कुरा शर्माले उल्लेख गरेका छन् । लयात्मक प्रस्तुतिले शोषित वर्गका आँसु प्रतिबिम्बित गर्ने हुँदा यो काव्य मानवकै सुस्केराको शब्द चित्र हो भन्ने शर्माले निष्कर्ष दिएका छन् । यसै गरी न्यौपानको दोस्रो काव्य 'विद्रोही' लामो कविताका रूपमा देखिन्छ । छरिएका अनुभूतिहरूलाई विद्रोहात्मक स्वरले एकैठाउँ पंक्तिबद्ध

गरी प्रस्तुत गरिएको र प्रायः शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको पनि शर्माले यस क्रममा चर्चा गरेका छन् । राम राज्यमाथि आक्रमण गरेर लेखिएको यस काव्यमा अध्यात्मवादका नाममा निरीह साधारण जनता माथि दमनको कुचक्र चलाइएको आक्रोश कविको छ भन्ने शर्माको ठनाइ छ । राम, कृष्ण, इसुखिष्ट, मोहम्मद पैगम्बर आदिलाई ढाल बनाएर शोषक सामन्तवर्गले र प्रशासक समुदायले साधारण जनता माथि चलाएको शासनप्रति कविलाई विद्रोह जागेको र त्यसैको उपज स्वरूप 'विद्रोह' खण्डकाव्य रचिएको कुरा समालोचक शर्माले निष्कर्ष दिएका छन् ।

समग्रमा न्यौपानेका दुवै काव्य वैचारिक चिन्तनबाट निर्मित रहेका कुरा व्यक्त गर्दै शर्माले काव्यकार न्यौपानेलाई प्रगतिवादी चिन्तनका पक्षपाती रहेका र उनको एकनिष्ठता र प्रतिबद्धता नै सबल पक्ष रहेको हो भने शिल्पगत कमजोरी उनका काव्यमा देखिने दुर्बलता हुन् भन्ने निष्कर्ष समालोचक शर्माले दिएका छन् । वर्णनात्मक, तुलनात्मक र प्रवृत्तिगत रूपलाई वरण गरी प्रस्तुत गरिएको यो समालोचना खण्डकाव्यको अध्ययन गर्नेहरूका लागि महत्त्वपूर्ण रहेको देखिन्छ ।

समालोचक शर्माको खण्डकाव्य सम्बन्धी समालोचना प्रस्तुत गर्ने क्रममा अर्को समालोचना 'देवकोटाको तिप्लिङ्गी खण्डकाव्य' शीर्षकको 'सुनकोसी' ५ (२०६१) मा प्रकाशित भएको देखिन्छ । सात पृष्ठ लामो प्रस्तुत लेखमा देवकोटा र उनको 'तिप्लिङ्गी' सँगको जीवनीगत सन्दर्भलाई जोडेर प्रस्तुत गरेका छन् । गीतिलयमा रचना गरिएको लघु प्रकृति काव्य जसमा नेपाली लोक जीवनलाई आधार बनाइएको कुरा शर्माले यसमा चर्चा गरेका छन् । देवकोटाको स्वच्छन्दतावादी काव्य लेखनको सशक्त उदाहरण स्वरूप यो काव्य देखिन्छ भन्ने चर्चा गर्दै शर्माले यसमा सुमधुर प्रणय मिलनको गीति गाथा प्रस्तुत भएको चर्चा गरेका छन् । सरल गतिमा बगेको यस काव्यमा तिप्लिङ्गी र मेहेनसिंह दुई मञ्चीय प्रमुख पात्र रहेका र यसमा नागर र ग्रामीण सभ्यताका बिच द्वन्द्व देखाएर ग्रामीण र प्राकृतिक परिवेशप्रतिको मोह देवकोटाले देखाएको भित्री विचार हो भन्ने शर्माको दृष्टिकोण रहेको छ । आख्यानको तन्तुलाई बिच बिचको प्रकृति चित्रणले एकछिन अवरोध पुऱ्याएको जस्तो देखिन्छ भन्ने शर्माको निष्कर्ष रहेको छ । वर्णनात्मक तथा विश्लेषणात्मक प्रस्तुति शैलीमा लेखिएको यो शर्माको उत्कृष्ट कविता केन्द्री

समालोचना हो र देवकोटा र उनको प्रकृतिपरक लघुकाव्य तिप्लिङ्गीको अध्ययन गर्नेहरूका लागि यो महत्त्वपूर्ण सामग्री बन्ने देखिन्छ ।

समालोचक गोपीकृष्ण शर्माका खण्डकाव्य सम्बन्धी समालोचनाहरूको चर्चा गर्दा 'लक्ष्मीप्रसाद देवकोटा र लुनी गीतिकाव्य' शीर्षकको फुटकर समालोचनालाई पनि सम्झिनु पर्ने देखिन्छ । 'शब्दयात्रा' साहित्यिक त्रैमासिक २०६६ मा प्रकाशित प्रस्तुत समालोचना सात पृष्ठ लामो रहेको छ । वि.सं. २००१ मा लेखिए पनि २४ वर्ष पछि अर्थात् २०२५ मा साझा प्रकाशन मार्फत् प्रकाशित भएको प्रस्तुत काव्यलाई लेखक स्वयंले गीतिकाव्य भनेका छन् । प्रेमको अमरताको वर्णन, शेर्पा संस्कृति र हिमाली प्रकृतिको वर्णन गरिएको प्रस्तुत काव्यको अन्त्य सुखमा हुन्छ । यसमा तामाङ सेलो नजिकको लयको प्रयोग रहेको छ । शेर्पा जीवनशैली र संस्कृतिको चर्चा र कतिपय शब्द शेर्पा भाषाबाटै लिइएका छन् भन्ने शर्माले यसमा चर्चा गरेका छन् । खास गरी पात्र र ठाउँको नाममा यस किसिमको भाषाको प्रयोग रहेको प्रस्तुत काव्य देवकोटाको मुनामदन पछि म्हेन्दु र लुनी दोस्रो उत्कृष्ट दर्जाको काव्य रचनाहरू हुन् भनी समालोचक शर्माले मूल्याङ्कन गरेका छन् । वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक तथा निर्णयात्मक शैलीमा प्रस्तुत गरिएको प्रस्तुत समालोचना शर्माको खण्डकाव्य सम्बन्धी महत्त्वपूर्ण समालोचना मानिन्छ । खण्डकाव्यको अध्ययनका लागि यसको आफ्नै महत्त्व रहेको छ ।

समालोचक गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणको पछिल्लो समयमा प्रकाशित खण्डकाव्य सम्बन्धी समालोचना 'अर्धनारीश्वर काव्य : भाव र विचारको अनुपम सङ्गम' शीर्षकमा रहेको 'रश्मि' वर्ष २६ अङ्क ४ पूर्णाङ्क १३ (२०६८) मा प्रकाशित प्रस्तुत लेख चार पृष्ठको आयाममा रचना भएको छ । नेपाली साहित्य समालोचना र अनुसन्धान अध्ययनका क्षेत्रमा विशेष सम्मान प्राप्त व्यक्ति वासुदेव त्रिपाठीको खण्डकाव्य 'अर्धनारीश्वर' तिन थुँगा काव्य सङ्ग्रहमा सङ्ग्रहित रहेको कुरा यसमा शर्माले उल्लेख गरेका छन् । प्रस्तुत काव्यमा ४६ परिच्छेदहरू रहेको र प्रत्येक परिच्छेदमा ४ कविता गुच्छ रहेको जनाएका छन् । जम्मा १८४ कविता गुच्छ जसमा अनुष्टुप् छन्दका ३६८ श्लोकहरू रहेको प्रस्तुत काव्य कवि हृदयमा प्रस्फुरित कलात्मक ईश्वरीय युगल मूर्तिको आद्यबिम्ब हो भन्ने समालोचक शर्माको ठनाइ रहेको छ । प्रसाद गुण, परिष्कृत भाषा र प्रवाहमान

शैलीका कारण प्रस्तुत काव्य उच्च रहेको चर्चा गर्दै शर्माले साङ्ख्य दर्शनका अनुसार प्रकृति र पुरुषको साहचर्यले सृष्टि सम्भव भए जस्तै नरनारीको प्रणयपूर्ण सङ्गममा सिर्जना सल्बलाउँछ भन्ने सन्देश प्रस्तुत काव्यले सम्प्रेषण गरेको छ भन्ने निष्कर्ष दिएका छन् । कृति केन्द्री रहेको प्रस्तुत समालोचनामा वर्णनात्मक तथा विश्लेषणात्मक शैली पाइन्छ । प्रस्तुत समालोचना शर्माको पछिल्लो समयको चरणको प्राप्ति हो । कविता केन्द्री रहेको यो समालोचना आफैमा महत्त्वपूर्ण रहेको छ ।

यसरी समालोचक गोपीकृष्ण शर्माले कविता केन्द्री समालोचनाहरू प्रस्तुत गर्ने क्रममा खण्डकाव्य सम्बन्धी पनि धेरै समालोचनाहरू प्रस्तुत गरेका छन् । ती मध्ये कतिपय उत्कृष्ट रहेका छन् भने कति सामान्य र प्रभावपरक किसिमका पनि देखिन्छन् । जे होस् खण्डकाव्यको अध्ययनका निमित्त यी समालोचनाहरूको महत्त्वपूर्ण स्थान रहने देखिन्छ ।

माथि उल्लेख गरेदेखि बाहेक कविता विधामा नै केन्द्रित भएर गरिएका शर्माका केही समालोचनाहरूलाई निम्नअनुसार अध्ययन गरिन्छ ।

समालोचक शर्माको कविता विधामा नै केन्द्रित भई गरिएको समालोचना 'कवि पराजुलीका गीत र मुक्तकहरू' शीर्षकको रहेको छ । 'कवि कृष्णप्रसाद पराजुली आस्थाका आयाम' पूर्णाङ्क १५, २०४६ मा प्रकाशित प्रस्तुत समालोचना १३ पृष्ठ लामो आयामको रहेको छ । कवि तथा गीतकार कृष्णप्रसाद पराजुली र उनका गीत र मुक्तकलाई केन्द्रीय विषय बनाई प्रस्तुत गरिएको यो समालोचना जीवनी केन्द्री तथा कृति केन्द्री दुवैको मिश्रित जस्तो देखिन्छ । कृष्णप्रसाद पराजुलीको जीवनीगत सन्दर्भलाई प्रारम्भमा उल्लेख गरी उनका गीत तथा मुक्तकहरूमा देखिएका सबल र दुर्बल पक्षको तुलनात्मक समीक्षा प्रस्तुत गरी अन्त्यमा ती गीत तथा मुक्तकले पाएका सफलता र तिनमा पाइने मौलिकताको प्रशंसा शर्माले यसमा प्रस्तुत गरेका छन् । कृष्णप्रसाद पराजुली गीत र मुक्तक लेखनका अतिरिक्त पत्रपत्रिका तथा शब्दकोशको सम्पादन तथा सहसम्पादनमा, नेपाली भाषा व्याकरणका लेखनमा, बालसाहित्यको लेखनमा र सम्पादनमा सक्रिय व्यक्तित्व हुन् भन्ने यस क्रममा शर्माले उल्लेख गरेका छन् (शर्मा, २०४६ : २७४) । शर्माले पराजुलीलाई एक कुशल प्राध्यापक तथा आफ्ना सहकर्मी मित्र भनी यसै प्रसङ्गमा

उल्लेख गरेबाट पनि कृष्णप्रसाद पराजुली बहुआयामिक व्यक्तित्व हुन् भन्ने कुरा प्रस्ट हुन्छ । यस क्रममा शर्माले पराजुलीको 'आँखाभरि सपना मुटुभरि गीत' कृतिमा लय र भाषाको संयोजनको पनि चर्चा गरेका छन् भने 'सय थुँगा फूल' भाव र भाषाको सङ्गमको पनि चर्चा गरेका छन् । पराजुलीका गीतमा सुललित पदावली, गेयात्मक लय, प्राकृतिक सौन्दर्य उत्कृष्ट बनेर रहेका छन् भन्ने निष्कर्ष समालोचक शर्माले प्रस्तुत गरेका छन् । वर्णनात्मक तथा विश्लेषणात्मक शैली, उदाहरण सहितका तर्क र सबल र दुर्बल पक्षको तुलनात्मक समीक्षाका कारण प्रस्तुत समालोचना शर्माको आफैमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

समालोचक शर्माको कविता केन्द्री अर्को फुटकर समालोचना 'भूपिको कवित्वमा लय संयोजन' शीर्षकमा रहेको छ । 'भूपि स्मृति ग्रन्थ' (२०४७) मा प्रकाशित प्रस्तुत समालोचना ३ पृष्ठ लामो रहेको छ । तीन उपशीर्षकहरू दिई प्रस्तुत गरिएको प्रस्तुत लेखको प्रारम्भमा भूपि शेरचनलाई नेपाली साहित्यका क्षेत्रमा चिनाउने काम गरेका छन् । मध्य भागमा शर्माले भूपिका कवितामा पाइने लय पक्षलाई चर्चा गरी उनका कविताका लयले प्रसाद गुणलाई बढी महत्त्व दिएको कुरा उल्लेख गरेका छन् । भाव अनुकूल स्वरको आरोह हुन्छ र वीरताको ओजगुणले युक्त नभएर प्रसाद गुणले नै युक्त रहेका अधिकांश कविताहरू भएको चर्चा गर्दै भाव अनुसारी लयको निर्वाह गरेर भूपिले नेपाली गद्य कविताका क्षेत्रमा श्रुति सुखद स्वर लहरीलाई आत्मसात् गरेको निष्कर्ष प्रस्तुत गरेका छन् । यसरी शर्माले नेपाली कविताका फाँटमा एउटा छुट्टै र महत्त्वपूर्ण स्थान बनाइसकेका कवि भूपि शेरचनलाई उनका कवितामा प्रयुक्त लयका आधारमा थप चिनाउने काम गरेका छन् । प्रभावपरक समालोचना भए पनि वर्णनात्मक तथा विश्लेषणात्मक शैलीले गर्दा यो महत्त्वपूर्ण समालोचना बन्न पुगेको देखिन्छ ।

शर्माको कविता केन्द्री अर्को समालोचना 'यात्री कविताको भाव भूमि' शीर्षकको रहेको छ । यो समालोचना सनराइज स्मारिका (भरतपुर चितवन) २०५६ मा प्रकाशित भएको हो । देवकोटाका गद्य कविताहरूमध्ये 'यात्री' लयात्मक गीति कविता हो भन्ने शर्माले राणाकालीन समयमा रचिएको प्रस्तुत कवितामा मूर्ति पूजाको नामबाट देखावटी धार्मिक आडम्बर गर्ने तथाकथित धर्मान्धहरू प्रति व्यङ्ग्य गरिएको उल्लेख गरेका छन् । लयात्मक ढाँचामा रचिएको प्रस्तुत कविताको प्रारम्भ

एकल कथनात्मक ढाँचा अँगाल्दै प्रश्नात्मक रूपमा भएको छ भन्ने शर्माले उल्लेख गरेका छन् (शर्मा, २०५२ : ६७) । कविताको मध्य भागमा ईश्वरीय रहस्यलाई बताउँदै मानवतावादी स्वर अँगालेर कविता अन्त्य भएको यस क्रममा शर्माले चर्चा गरेका छन् । प्रस्तुत कवितामा तिन पक्ष रहेको र ती पक्ष भनेको प्रश्न, वस्तुयथार्थ र सल्लाह हुन् भन्ने ठहर शर्माले गरेका छन् । निर्जीव मूर्तिपूजा भन्दा सजीव मानवको सेवा गर्नु नै राम्रो भन्ने मानवतावादी स्वर पनि यसमा पाइने चर्चा शर्माले गरेका छन् । उनले यस क्रममा पूर्वीय दर्शन अनुकूल नै आत्मारूपी ईश्वरको सेवा गर्ने सल्लाह देवकोटाले कवितामा दिएका छन् भन्ने निष्कर्ष दिएका छन् र बाहिरी आडम्बर र देखावटी धर्मप्रति देवकोटाको विद्रोह छ भन्ने पनि यसमा उल्लेख गरेका छन् । यसरी शर्माको प्रस्तुत समालोचना देवकोटाको उत्कृष्ट कविता 'यात्री' प्रति गरेको समीक्षा स्वरूप रहेको छ । यो कविता केन्द्री समालोचना प्रभावपरक रहे पनि वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको छ र यो आफैमा महत्त्वपूर्ण रहेको छ ।

समालोचक शर्माको यस्तै कविता केन्द्री अर्को समालोचना 'धुस्वाँ सायमि र शब्दों का आकाश' शीर्षक रहेको छ । 'जनमत' वर्ष १७ अङ्क ३ (२०५६) मा प्रकाशित प्रस्तुत लेख दुई पृष्ठ लामो रहेको छ । धुस्वाँ सायमि मूलतः नेपाली साहित्यका उपन्यासकार हुन् तापनि उनको शब्दोंका आकाश कविता सङ्ग्रह धेरै लामो साहित्य साधना यात्रापछि देखा परेको कृति हो भन्ने यसमा शर्माले उल्लेख गरेका छन् । चर्चित नेपाली उपन्यास गंकीका सर्जक गोविन्दबहादुर मानन्धर नै साहित्यमा धुस्वाँ सायमिका नामले चिनिएका र उनी साहित्यमा मानवीय संवेदनाका शब्दचित्रकार भएको कुरा यस सन्दर्भमा शर्माले उल्लेख गरेका छन् । सायमिको प्रस्तुत कविता सङ्ग्रहका हरेक कविता आफ्नो कष्टमय जीवनका क्षणमा रचना गरिएका साथै वियोग वेदना, जीवन दर्शन, विकृति, विसङ्गति, मानवता, साहित्यिक संचेतना, प्रकृति र जीवनप्रति आकर्षणको पुष्पहारका रूपमा यस कविता सङ्ग्रहलाई लिन सकिने कुरा पनि शर्माले उल्लेख गरेका छन् । प्रकृतिको निश्छल वर्णन र प्राकृतिक बिम्बहरूको प्रयोग नै प्रस्तुत कविताको मौलिक पहिचान भएको शर्माले उल्लेख गरेका छन् । यसरी सायमि जीवनप्रति वितृष्णा जगाउने सम्पूर्ण व्यवहारप्रति आक्रोश व्यक्त गर्दै साहित्य साधनालाई एकमात्र विश्राम स्थलका रूपमा चित्रण गर्ने

साहित्यकार भएको शर्माले निष्कर्ष निकालेका छन् । वर्णनात्मक तथा विश्लेषणात्मक शैली प्रस्तुतिका कारण उनको यो समालोचना आफैमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

यसरी गोपीकृष्ण शर्माका व्यावहारिक समालोचना अन्तर्गत कविता विधामा केन्द्रित भएर गरिएका समालोचनाहरू सबभन्दा बढी सङ्ख्यामा रहेका र उपलब्ध भएका कविता केन्द्री समालोचनाहरू हेर्दा उनले कविता विधा भित्र पनि महाकाव्य सम्बन्धी, खण्डकाव्य सम्बन्धी, कविता सङ्ग्रह सम्बन्धी, गीत मुक्तक सम्बन्धी तथा फुटकर कविता सम्बन्धी समालोचनाहरू प्रस्तुत गरेको पाइन्छ । उनका अधिकांश कविता केन्द्री समालोचनाहरू बहुल चिन्तनमा आधारित नै रहेका छन् र पूर्वीय समालोचना पद्धतिको पनि वरण गरेको पाइन्छ । कतिपय समालोचना आयाम तथा गुणका दृष्टिले गहन छन् भने कतिपय सतही किसिमका देखिन्छन् । कविता केन्द्री समलोचना लेखनमा शर्मा अन्य विधाका तुलनामा सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले अगाडि रहेको देखिन्छ ।

### ४.३.२.३ मिश्रित समालोचनाहरूको अध्ययन

गोपीकृष्ण शर्माका सैद्धान्तिक तथा व्यावहारिक समालोचना सम्बन्धी चर्चा गर्दा उनका कतिपय समालोचना सैद्धान्तिक र व्यावहारिक दुवैको मिश्रित किसिमका पनि देखिन्छन् । ती मिश्रित किसिमका देखिने उनका समालोचना लेखहरूलाई यहाँ अलग्गै शीर्षक राखेर चर्चा गरिएको छ ।

गोपीकृष्ण शर्माको समालोचना यात्राको दोस्रो चरणमा पाँचवटा मिश्रित किसिमका समालोचनाहरू देखिएका छन् । ती समालोचना सबै कविता विधासँग सम्बन्धित रहेका छन् ।

'नेपाली गद्य कविताको भाषा' शीर्षकको समालोचना 'प्रज्ञा' वर्ष २२ पूर्णाङ्क ७८ (२०५०) मा प्रकाशित भएको एक अनुसन्धानमूलक फुटकर समालोचना हो । चौध पृष्ठ लामो प्रस्तुत समालोचनामा समालोचक शर्माले पाँच उपशीर्षकहरू सहित प्रस्तुति दिएका छन् । प्रारम्भमा पृष्ठभूमिका रूपमा प्रस्तुत लेखको औचित्यलाई प्रस्तुत गरेका छन् । दोस्रो प्रसङ्गमा गद्य कविता के हो यसको रूप के कस्तो हुन्छ भन्ने चर्चा गर्दै गद्य कवितालाई चिनाउने काम गरेका छन् । गद्य

कवितामा प्रयोग गरिने भाषा सम्बन्धी चर्चा उनले प्रस्तुत समालोचनाको मध्य भागमा गरेका छन् । वि.सं. २०१७ को रूपरेखाको प्रकाशनदेखि गद्य कविता प्रकाशित हुन थालेको प्रसङ्गलाई यस क्रममा शर्माले जोडेका छन् । भाषागत रूपमा गद्य कविता र पद्य कविताको तुलनात्मक समीक्षा प्रस्तुत गर्दै नेपाली गद्य कविताको भाषा बिम्बमय रहेको पनि उनले चर्चा गरेका छन् । प्रतीकका माध्यमबाट भावको उद्दीपन गराउने प्रक्रियालाई बढी मात्रामा अँगाल्ने गद्य कविताको भाषा वि.सं. २०३५ अघि बढी अमूर्त र क्लिष्ट रहेको र २०३६ पछि सरल र स्पष्ट हुन थालेको हुनाले यसले नयाँ पुस्तामा जोस, जाँगर र उत्साह थप्ने काम गरेको कुरा यस सन्दर्भमा शर्माले उल्लेख गरेका छन् । करिब आधा शताब्दी पार गरिसकेको नेपाली गद्य कविताले भाषा र भावमा नव नव प्रयोग गर्दै अघि बढेको र भाव सापेक्ष भाषा गद्य कवितामा पाइने, मितव्ययी भाषाका माध्यमबाट प्रतीकात्मक बिम्बमय विचित्रतापूर्ण भाव प्रस्तुत गर्ने नेपाली गद्य कविताको भविष्य अझ अगाडि मौलाउँदै जाने निष्कर्ष समालोचक शर्माले यस क्रममा प्रस्तुत गरेका छन् । वर्णनात्मक तथा विश्लेषणात्मक अभिव्यक्ति शैली, निर्णयात्मक निष्कर्ष र तुलनात्मक अध्ययनका कारणले शर्माको प्रस्तुत समालोचना उत्कृष्ट, गहन, चिन्तनशील र महत्त्वपूर्ण रहेको छ । गद्य कविताको अध्ययन गर्नेहरूका लागि पनि यो समालोचना उत्तिकै महत्त्वपूर्ण रहेको देखिन्छ ।

शर्माको अर्को समालोचना 'समसामयिक नेपाली कविताका प्रवृत्तिहरू' शीर्षकमा 'सुनकोसी' १ (२०५१) मा प्रकाशित भएको छ । दश पृष्ठको आयाममा विस्तार भएको प्रस्तुत लेखमा ऐतिहासिकता र प्रवृत्ति दुवै कुरा पाउन सकिन्छ । नेपाली कविताको इतिहासमा वि.सं. २०३० देखि प्रारम्भ भएको समसामयिक काव्यधारा २०३६ सालको सडक कविता क्रान्तिमा पुग्दा प्रौढ बनेको अनि २०३७ सालको जनमत सङ्ग्रह पश्चात् सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा परिणाम गएपछि प्रजातन्त्रका पक्षधर कवि लेखकहरूमा ठेस लाग्न पुग्यो । फलतः उनीहरूले कविता मार्फत् समाजका कुत्सित रीति र विसङ्गति विरुद्ध आन्दोलनको आवाज उठाउने प्रवृत्ति देखाए भन्ने चर्चा शर्माले यसमा गरेका छन् । वि.सं. २०४६ को जनआन्दोलन पछि समसामयिक कवितामा अर्को किसिमको प्रवृत्ति देखा पऱ्यो भन्ने चर्चा शर्माले गरेका छन् । शर्माले समसामयिक कवितामा पाइने मूलभूत

प्रवृत्तिहरूलाई यसरी प्रस्तुत गरेका छन्- जीवनमुखी स्वर, मितव्ययी सुबोध भाषालाई सँगसँगै अँगाल्ने, छोटो आयाम, चमत्कारपूर्ण प्रस्तुति, व्यक्ति समस्या भन्दा साझा समस्यालाई उठाउने, भाव, भाषा र प्रगतिशीलतालाई आत्मसात् गर्दै मानव जीवनका प्रायः कटु अवस्थाको चित्रण गर्ने आदि । कविताको ऐतिहासिक सन्दर्भहरू सहित प्रस्तुत भएको यो समालोचना विवरणात्मक, वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत भएको छ । समसामयिक कविताको अध्ययनमा यसको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ ।

'प्राथमिक कालीन नेपाली कविता र तिनका प्रवृत्ति' शीर्षकको अर्को समालोचना 'पुष्पाञ्जली' अङ्क ३, २०५४ मा प्रकाशित भएको छ । ३ पृष्ठको आयाम रहेको प्रस्तुत लेख समालोचक शर्माको कविताको ऐतिहासिक सन्दर्भबाट प्राथमिक काललाई निर्क्योल गरी त्यसका प्रवृत्तिहरू केलाउने सन्दर्भमा प्रस्तुत भएको हो । कविता साहित्यको प्रमुख प्राचीन विधा हो । प्राथमिक कालको समय सीमा वि.सं. १८०० देखि १९३९ सम्म रहेको नेपाली कविताको प्राथमिक कालमा मुख्य कविहरूका रूपमा सुवानन्द दास, उदयानन्द अर्ज्याल, शक्तिवल्लभ अर्याल, वसन्त शर्मा, भानुभक्त आचार्य, रघुनाथ पोखऱ्याल आदि देखा परेका छन् । प्राथमिक कालीन नेपाली कवितामा उपर्युक्त कविहरूले दुई धारालाई आत्मसात् गरेका छन् भन्ने कुरा चर्चा गर्दै ती दुई धारा वीरधारा र भक्तिधारा भएको समेत शर्मा ले उल्लेख गरेका छन् । भक्तिधारामा पनि रामभक्ति, कृष्णभक्ति र निर्गुणभक्ति गरी तिन उपधारा रहेको उल्लेख गरी वीर धाराका कविहरूले वीरताको बयान र शासक स्तुति गरेका तथा भक्ति धाराका कविहरूले आ-आफ्ना आराध्य देवताप्रति स्तुति गरी कविता लेख्ने प्रवृत्ति अँगालेको निष्कर्ष यसमा शर्माले दिएका छन् । यसरी ऐतिहासिकता र तिनका समयसँगै देखिएका कविहरूका कविताहरूका आधारमा प्रवृत्ति नियाल्ने काम प्रस्तुत समालोचनामा भएको छ ।

'समसामयिक नेपली कविता अपेक्षा र प्राप्ति' शीर्षकको अर्को लेख शर्माको 'जनमत' वर्ष १४ अङ्क १२ (२०५४) मा प्रकाशित फुटकर समालोचना हो । प्रस्तुत समालोचनामा समालोचक शर्माले समसामयिक नेपाली कविताले गरेका अपेक्षा र प्राप्ति दुवैलाई विवरणात्मक शैलीमा प्रस्तुत गरेका छन् । उनका अनुसार समसामयिक नेपाली कविताका अपेक्षाहरू नेपाली समाजमा व्याप्त अन्याय, शोषण

र उत्पीडनलाई जरैदेखि उखेलेर निर्मूल पार्ने, अप्रजातान्त्रिक निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गर्ने, जीवनका मूल्यमान्यताको प्रतिष्ठापन गर्ने, सम्प्रेष्य शैलीमा युगबोधको अङ्कन गर्ने, मानव मानव बिच भ्रातृत्व भावना र प्रेममय वातावरणको स्थापना गर्ने आदिलाई जनाउँदै शर्माले समसामयिक नेपाली कविताका प्राप्तिलाई पनि यससँगै प्रस्तुत गरेका छन् । ती प्राप्तिहरूमा बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थाको पुनर्वहाली, नागरिक अधिकारप्रति सचेतता, अभिव्यक्तिमा बन्देजको अभाव, समसामयिक जीवनका पृष्ठभूमिमा उन्नत समाजको निर्माण प्रति जनचासो आदि रहेका छन् । यसरी समसामयिक कविता एकातिर कला जीवनका लागि भन्ने पक्षमा उभिएको छ भने अर्कातिर सत्यम् शिवम् सुन्दरम्को स्वरमा कवि भावनाहरूलाई प्रतिबिम्बित गरेको छ भन्ने जनाउँदै शिल्पगत दृष्टिले सम्प्रेष्य, सरल, सहज शब्द योजना गर्नु पनि समसामयिक नेपाली कविताको प्राप्ति भएको गहकिलो निष्कर्ष शर्माले प्रस्तुत गरेका छन् । यसरी वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको यो समालोचना शर्माको निर्णयात्मक समालोचनाको उदाहरणीय प्राप्ति रहेको छ । कविताको अध्ययनका लागि यो अत्यन्त महत्त्वपूर्ण र सार्थक समालोचना हुने देखिन्छ ।

कविता विषयसँग सम्बन्धित शर्माको अर्को समालोचना 'समसामयिक नेपाली कवितामा शिल्प र कथ्य' शीर्षकको रहेको छ । 'मधुपर्क' (२०५५) मा प्रकाशित प्रस्तुत लेख चार पृष्ठको आयाममा विस्तार भएको देखिन्छ । यस फुटकर समालोचनामा समालोचक शर्माले नेपाली कविताको आधुनिक काल वि.सं. १९७० को दशकपछि प्रारम्भ भएको हो भने आधुनिक नेपाली कवितामा समसामयिकता वि.सं. २०३० पछि देखा परेको कुरा उल्लेख गर्दै समसामयिक नेपाली कविताको समयलाई दुई खण्डमा विभाजन गरेका छन् र तिनका प्रवृत्तिमा देखिएका भिन्नतालाई औंल्याउने काम गरेका छन् । वि.सं.२०४६ पूर्वको समयलाई समसामयिक नेपाली कविताको पूर्वार्द्ध चरण मानेर यस समयका कवितामा संवेदनशील अनुभूति व्यक्त गर्न प्रतीकात्मक तथा व्यञ्जनाधर्मी शैली उपयोग भएको तथा २०४६ पछिको उत्तरार्द्ध समयका कवितामा खुल्ला वातावरणमा सामाजिक विकृतिका आक्रोशहरू लगभग खुल्ला रूपमा व्यक्त हुन थालेको कुरा शर्माले किटान गरेका छन् । यसरी कथ्य अनुकूल शिल्प प्रयोग र शिल्प अनुकूल भाव

संयोजन समसामयिक नेपाली कवितामा देखिने निष्कर्ष शर्माले प्रस्तुत समालोचनात्मक लेखमा दिएका छन् । कविताको ऐतिहासिकताबाट समसामयिक चरणलाई छुट्याई तिनमा देखिएका प्रवृत्तिहरूलाई निर्क्योल गरिएको प्रस्तुत समालोचना शर्माको मिश्रित किसिमको देखिन्छ। यो आफैमा महत्त्वपूर्ण पनि रहेको छ।

समालोचक गोपीकृष्ण शर्माले आफ्नो समालोचना यात्राको दोस्रो चरणमा सैद्धान्तिक, व्यावहारिक र मिश्रित तिन किसिमका समालोचनादेखि बाहेक पत्रिका केन्द्री समालोचना, समालोचनाकै समालोचना र भूमिका केन्द्री समालोचनाहरू पनि प्रस्तुत गरेका छन्।

### ४.३.२.४ समालोचनाको सिद्धान्त सम्बन्धी समालोचना

गोपीकृष्ण शर्माको समालोचनामा देखिएको समालोचना सम्बन्धी लेख 'आलोचना र आलोचक' शीर्षकमा 'गोधूलि' पूर्णाङ्क ७ (२०५३) मा प्रकाशित भएको छ । तिन पृष्ठ लामो प्रस्तुत समालोचनामा शर्माले समालोचना के हो भन्ने विषयलाई पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका समालोचना सम्बन्धी भनाइहरूका सापेक्षतामा प्रस्ट पार्ने काम गरेका छन् । पूर्वीय साहित्य शास्त्रका विद्वान्हरूले काव्यका लागि भाषा र छन्द, रस, अलङ्कार, ध्वनि, रीति र गुणलाई आवश्यक तत्त्व मानेको यसै गरी पाश्चात्य विद्वान्हरूले चाहिँ कतै वाग्मितालाई कतै स्वस्फूर्ततालाई र कतै मूल्यलाई विशेष महत्त्व दिएको र यही कुरा समालोचनाका क्षेत्रमा पनि कार्यान्वयन हुने कुरा शर्माले उल्लेख गरेका छन् (शर्मा, २०५३ : ९२) । समालोचक शर्माले पूर्वीय तथा पाश्चात्य दुवै दृष्टिकोणलाई समीकरण गरी आफ्नो मौलिक दृष्टिकोण समालोचनाका सन्दर्भमा प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेका तिन दृष्टिकोणहरू हुन्- शास्त्रीय, कलामीमांसा विषयक र विषयवस्तु विषयक । यिनै धारणाका केन्द्रीयतामा आलोचना साहित्य अगाडि बढ्दै गएको कुरा समालोचक शर्माले प्रस्तुत गरेका छन्। आलोचकको मूल्य पनि उसको इमानदारी तथा विद्वत्ताले निर्धारण वा मापन गर्ने कुरा शर्माले यस क्रममा प्रस्तुत गरेका छन्। समालोचना भनेको कुनै कृति वा कृतिकार बारे सैद्धान्तिक वा प्रभावपरक आधारमा प्रतिक्रिया व्यक्त गर्नु हो (शर्मा, २०५३ : ९३)। यसरी समालोचनालाई शर्माले परिभाषित गर्दै साहित्यका क्षेत्रमा समालोचनाका तिन चरण हुने बताएका छन् । ती तिन चरणहरूमा कृतिको अध्ययन र स्वतन्त्र प्रतिक्रिया, आलोचकले कृतिको समग्र ज्ञान प्राप्त गर्ने र कृतिको

मूल्यका बारेमा आफ्नो निर्णय दिने रहेको बताउँदै समालोचकमा पनि केही गुणहरू निहित हुनु पर्ने उल्लेख गरेका छन् । शर्मा समालोचकमा कलाको विस्तृत अनुभव हुनु पर्ने, दर्शन, सौन्दर्य शास्त्र र आलोचनाको सिद्धान्तको सर्वाङ्गीण अध्ययन हुनु पर्ने र यिनै अनुभवका आधारमा मूल्याङ्कनको मानदण्ड ठम्याउन सक्ने क्षमता हुनु पर्ने कुरा बताएका छन् । शर्माले यस्तो धारणा विशेषगरी पाश्चात्य समालोचना सिद्धान्तका विद्वान्हरूका धारणामा टेकेर नै व्यक्त गरेको बुझिन्छ । वर्णनात्मक र विश्लेषणात्मक शैलीमा प्रस्तुत यो लेख समालोचनाको अध्ययनका लागि महत्त्वपूर्ण रहेको देखिन्छ ।

समालोचक शर्माको समालोचना सिद्धान्तसँग सम्बन्धित अर्को फुटकर समालोचनात्मक लेख 'आधुनिक नेपाली समालोचना शिक्षण' शीर्षकमा रहेको छ । 'वाङ्मय' पूर्णाङ्क ९ (२०५६) मा प्रकाशित प्रस्तुत लेख शर्माको समालोचकीय व्यक्तित्वलाई झल्काउने सबभन्दा महत्त्वपूर्ण र चिन्तनशील सैद्धान्तिक समालोचना हो । चौध पृष्ठको आयाम रहेको प्रस्तुत लेखमा आधुनिक नेपाली समालोचनाको शिक्षणका सन्दर्भमा आवश्यक पर्ने पूर्वीय तथा पाश्चात्य सिद्धान्तका आधारभूत ज्ञानको सूचना दिने वाद, प्रणाली र धारा उपधाराहरूको ज्ञान आर्जन गर्दै नेपाली समालोचनाको उठान, समालोचनाको विकास प्रक्रिया, चरण विभाजन, प्रवृत्ति र परम्परा अनि समालोचनाका क्षेत्रमा थपिन आएका नयाँ मान्यताहरूको सङ्क्षिप्त सूचना दिँदै निष्कर्ष दिने काम भएको देखिन्छ । शर्माले यस क्रममा समालोचनाका वर्णनात्मक, तुलनात्मक र निर्णयात्मक पद्धति हुने उल्लेख गर्दै साहित्यिक कृतिको समालोचना गर्दा प्रायः अन्तरङ्ग र बहिरङ्ग दुई पक्षबाट हेरिने कुरा पनि उल्लेख गरेका छन् । अन्तरङ्ग पक्षमा साहित्यिक कृतिको भाषा, विचार, भाव, रूप र संरचना जस्ता कुराहरू समेटिन्छन् भने बहिरङ्ग पक्षमा चाहिँ कृतिमा प्रयुक्त दर्शन, मान्यता, मनोविश्लेषण तथा समाज चित्रण जस्ता पक्षहरूलाई हेर्ने गरिन्छ भनी शर्माले चर्चा गरेका छन् । नेपाली साहित्यको समालोचना गर्ने प्रवृत्तिका सन्दर्भमा भने प्रायः बहुलवादी समालोचना प्रणाली र प्रभाववादी समालोचना प्रणाली विकसित भएका छन् (शर्मा, २०५६ : २०) । यसका अतिरिक्त पाठात्मक समालोचना पनि हुन्छ । त्यसलाई सामान्य समालोचकले धेरैजसो प्रयोग गर्छ र शिक्षण प्रक्रियामा पनि यही पाठात्मक समालोचनाकै प्रयोग गरिने कुरा पनि शर्माले अगाडि चर्चा गरेका छन् । यस क्रममा बहुलवादी समालोचनालाई थप प्रस्ट्याउँदै शर्माले साहित्य

सिद्धान्तका मर्मलाई कृतिले कसरी आत्मसात् गरेको छ र समाजमा कृति कुन रूपमा प्रस्तुत भएको छ भन्ने मूल प्रश्नमा केन्द्रित हुँदै बहुआयामिक रूपबाट गरिने यस खालको समालोचना बहुलवादी हुने र यसले सिद्धान्त र प्रयोग दुवैलाई सम्मिश्रण गरी प्रस्तुत गर्ने गर्दछ भन्ने उल्लेख गरेका छन् । यसरी समालोचक शर्माले आफ्नो समालोचना यात्राका क्रममा केही महत्त्वपूर्ण र अनुसन्धानमूलक समालोचनाहरू प्रस्तुत गरेका छन् । शर्माका गहन समालोचनाहरू मध्ये प्रस्तुत समालोचनात्मक लेख पनि एक हो । समालोचनाको अध्ययन तथा अध्यापन दुवै कार्यलाई सहयोग पुऱ्याउने र सैद्धान्तिक पक्षमा ज्ञान लिनेहरूका लागि पनि प्रस्तुत समालोचना महत्त्वपूर्ण रहेको छ । यसले शर्मालाई समालोचक व्यक्तित्वका रूपमा थप पुष्टि गरेको छ ।

यसरी शर्माले सैद्धान्तिक समालोचनामा पनि समालोचनाकै सिद्धान्तको प्रस्तुति दिनु उनका समालोचनामा देखिने थप नयाँ प्रवृत्ति हो । उनका समालोचना सिद्धान्त सम्बन्धी प्रस्तुत दुई समालोचनाले शर्मालाई सिद्धान्तका आधारमा समालोचना गर्ने समालोचक व्यक्तित्वका रूपमा स्थापित गरेको छ ।

#### ४.३.२.५ पत्रिका केन्द्री समालोचना

समालोचक शर्माले आफ्नो समालोचना यात्राका क्रममा पत्रिका माथि समालोचना प्रस्तुत गरेको पनि पाइन्छ । यस क्रममा उनले पत्रिकाको समीक्षा सम्बन्धी चारवटा समालोचना प्रस्तुत गरेका छन् । यिनमा एक लेख भूमिकाका रूपमा देखिन्छ बाँकी तिनवटा लेख पत्रिकामा केन्द्रित भएर प्रस्तुत गरेका छन् । तिनै फुटकर लेखहरूलाई यहाँ सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ ।

'हाम्रो पुरुषार्थ गुल्मी परिचयाङ्क' शीर्षकको फुटकर लेख 'हाम्रो पुरुषार्थ' वर्ष २५ अङ्क २ पूर्णाङ्क ३६ (२०५५) मा प्रकाशित भएको छ । प्रस्तुत लेखमा समालोचक शर्माले गुल्मीबाट प्रकाशित हुने अग्रणी साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ विगत अढाइ दशकदेखि देखा पर्दै आएको उल्लेखनीय पत्रिका हो भन्ने प्रशंसनीय चर्चा गरेका छन् । प्रस्तुत अङ्क गुल्मी परिचयाङ्क यस पत्रिकाको अझ बढी स्मरणीय अङ्क रहेको छ किनकि समग्र गुल्मी जिल्लालाई आर्थिक, भौगोलिक, सामाजिक, साहित्यिक, सांस्कृतिक आदि विभिन्न पक्षहरूबाट चिनाउनु यसको मुख्य

लक्ष्य रहेको र मोफसलमा बसेर नियमित रूपमा प्रकाशित हुनु पनि यसको महत्त्वपूर्ण पक्ष भएको चर्चा गर्दै उक्त पत्रिकाको सुन्दर भविष्यको कामना सहित प्रस्तुत समालोचना प्रकाशित भएको देखिन्छ । शर्माको गुण पक्षलाई केलाउने काम गरेको यो एक प्रभावपरक र पत्रिका केन्द्री समालोचना हो ।

यसैगरी शर्माको पत्रिकामा नै केन्द्रित भएर गरिएको अर्को समालोचना 'दायित्वको साहित्यिक यात्रा : स्वर्ण अङ्कसम्म' शीर्षकमा रहेको छ । 'दायित्व' वर्ष १८ पूर्णाङ्क ५० (२०६१) मा प्रकाशित प्रस्तुत लेख १३ पृष्ठ लामो रहेको छ । साहित्यिक मासिक पत्रिका दायित्वको वि.सं. २०४४ वैशाखमा प्रवेशाङ्क प्रस्तुत गरी पचासौं अङ्कसम्म निरन्तर रूपमा आउँदा स्वर्ण अङ्क पूरा गरेको र यसले साहित्यका क्षेत्रमा लेखिरहने (नयाँ नयाँ) स्रष्टाहरू जन्माउने महत्त्वपूर्ण काम गरी नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरा उल्लेख गरेका छन् । प्रस्तुत समालोचना शर्माको पृथक् विषय र सन्दर्भमा गरिएको अनुसन्धानमूलक लेखका रूपमा रहेको छ । साहित्य सेवाको काम गर्ने पत्रिकाले यति लामो बाटो (समय) पार गरेको अवस्थामा यसका साहित्यका क्षेत्रमा भए गरेका कामहरूको लेखाजोखा गरी तिनको महत्त्वपूर्ण भूमिका रहन पुगेको चर्चा यस क्रममा उनले गरेका छन् । शर्माको बहुलवादी चिन्तनको समालोचना यात्रामा प्रस्तुत लेख पनि एक महत्त्वपूर्ण उपलब्धि बनेर देखिएको छ । यसमा शर्माले विश्लेषणात्मक शैली र निर्णयात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । यो आफैमा महत्त्वपूर्ण विषय भएको समालोचना हो ।

गोपीकृष्ण शर्माले समालोचना गर्दा विभिन्न विषयवस्तुहरूमा केन्द्रित भई गर्ने क्रममा पत्रिकाहरूमा केन्द्रित भएर गरेको तेस्रो समालोचनात्मक लेख 'शब्दसिन्धु' महाकवि देवकोटा शतवार्षिकी विशेषाङ्क' शीर्षकको हो । प्रस्तुत समालोचना 'वैजयन्ती' अङ्क १३ (२०६८) आषाढ-श्रावणमा प्रकाशित भएको हो । शर्माले शब्दसिन्धु पत्रिकाको देवकोटा विशेषाङ्कलाई आफ्नो समालोचनाको केन्द्रीय विषय बनाएर प्रस्तुत गरेको यस समालोचनाले साहित्य क्षेत्रमा कलम चलाउने विभिन्न विद्वान्हरू र उनीहरूका लेख रचनाहरूको नापतौल गरी निष्कर्ष दिने काम गरेको छ । महाकवि देवकोटा र उनका रचनाहरूमा केन्द्रित भएर लेखिएका समालोचनात्मक लेखहरूको सङ्ग्रहका रूपमा प्रस्तुत कृति आएको र उक्त कृति माथि शर्माले समीक्षा प्रस्तुत गर्दै नेपाली साहित्य र महाकवि देवकोटाका लेखनलाई अध्ययन गर्न चाहनेहरूका लागि प्रस्तुत कृति

कोसेढुङ्गो साबित हुने उल्लेख गरेका छन् । वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत यस समालोचनाको छुट्टै महत्त्व रहेको छ ।

यसरी समालोचक शर्माले समालोचना प्रस्तुत गर्ने क्रममा नयाँ नयाँ विषयवस्तुहरू माथि पनि समालोचना प्रस्तुत गरेको देखिन्छ । नेपालमा प्रकाशित हुने विभिन्न पत्रपत्रिका र तिनले साहित्यमा खेलेको भूमिकालाई समीक्षात्मक रूपमा प्रस्तुत गरी उनले समालोचनात्मक लेखहरू प्रकाशित गरेका हुन् । यी लेखहरूले पनि समालोचक शर्मालाई उनी विविध विषय माथि समालोचना प्रस्तुत गर्ने द्रष्टा व्यक्तित्व हुन् भन्ने पहिचान दिलाउँछ ।

### ४.३.२.६ अन्य विषय केन्द्री समालोचनाहरू

समालोचक गोपीकृष्ण शर्माले यस क्रममा एउटा लोकसाहित्य सम्बन्धी फुटकर समालोचना पनि लेखेको पाइन्छ । 'लोकनाट्यको एक झलक' शीर्षकको प्रस्तुत लेख शर्माले 'मिर्मिरे' (२०६५) पत्रिका वर्ष ३७ अङ्क ८ पूर्णाङ्क २७९ मा प्रकाशित गरेका छन् । ४ पृष्ठ लामा प्रस्तुत लेखमा नेपाली लोक साहित्यलाई सङ्क्षिप्त रूपमा चिनाउँदै यसै विधाभित्र लोकनाटक रहेको कुरा शर्माले यस क्रममा दर्शाएका छन् । लोकमा प्रचलित आदिम नाटकहरू लोकनाट्य हुन् र यिनमा अभिनय र गीतको प्रधानता रहन्छ (शर्मा, २०६५ : ३५) । यसरी लोक नाटकलाई शर्माले परिभाषित गरी लोक नाटकका तत्त्वहरूलाई नाटकका तत्त्वहरूसँग तुलना गरी दुवै बिच साम्य रहने पनि उल्लेख गरेका छन् । लोकनृत्य र लोकनाट्यलाई पनि सँगै राखेर हेर्न सकिने चर्चा गर्दै तिनमा पाइने फरकलाई शर्माले औंल्याएका छन् । लोक नृत्यमा नाट्य तत्त्व नहुने तर लोकनाट्यमा नाट्य तत्त्व हुने फरक उनले बताएका छन् । यस क्रममा नेपाली लोकनाट्यमा प्रचलित दुई लोकनाट्य 'बालुन' तथा 'सोरठी' लाई पनि शर्माले सङ्क्षिप्त रूपमा चिनाउने काम गरेका छन् । यी दुईमा नृत्य पक्ष कायम रहने र 'नृत्य' लोकनाट्यको आवश्यक तत्त्व भएकाले यिनलाई लोकनाट्यका रूपमा चर्चा गर्ने गरिएको निष्कर्ष यसमा शर्माले प्रस्तुत गरेका छन् । वर्णनात्मक शैलीमा प्रस्तुत समालोचना लोक साहित्य क्षेत्रको शर्माको एक मात्र समालोचना भएकाले यो आफैमा महत्त्वपूर्ण रहेको छ ।

'नेपाली भाषामा वर्णविन्यासको स्थिति' शीर्षकको लेख शर्माको भाषा व्याकरणसँग सम्बन्धित रहेको छ । प्रस्तुत लेख 'गुरुकुल' वर्ष १ अङ्क १ (२०६८, तानसेन पाल्पा) मा प्रकाशित भएको छ । एक पृष्ठको आयाममा रहेको प्रस्तुत लेखमा शर्माले विचार र भावनालाई उच्चार्य ध्वनिबाट अरूछेउ पुऱ्याउने माध्यम भाषा हो भन्ने चर्चा गरेका छन् । यस क्रममा उनले विश्वमा धेरै भाषाहरू प्रचलित रहेका छन् र ती मध्ये नेपाली पनि एक भएको उल्लेख गर्दै यो नेपालको सरकारी काम काजको भाषा हो भन्ने चर्चा गरेका छन् । भाषा र व्याकरणमा जनक जन्य सम्बन्ध रहेको हुन्छ भन्दै पहिलो भाषा जन्मेपछि त्यसैको व्याकरण बन्ने कुरा पनि शर्माले उल्लेख गरेका छन् । नेपाली भाषा भारोपेली परिवारबाट विकसित हुँदै आएको ऐतिहासिक सन्दर्भलाई पनि जोड्दै नेपाली भाषाका व्याकरण सम्बन्धी सामग्रीको पनि चर्चा शर्माले गरेका छन् । वर्णविन्यासका प्रचलित नियमहरू पछिल्लो समयमा परिवर्तन भएर नयाँ क्षितिज तर्फ नेपाली भाषा लम्किएको उनले निष्कर्ष दिएका छन् । मिश्रित किसिमको प्रस्तुत समालोचना शर्माको एक मात्र भाषासँग सम्बन्धित लेख हो । भाषाको अध्ययनमा यसको आफ्नै महत्त्व रहने देखिन्छ ।

**४.३.२.७ भूमिका केन्द्री समालोचना**

गोपीकृष्ण शर्माले समालोचना लेखनका क्षेत्रमा देखाएको एक प्रवृत्ति विभिन्न पुस्तककार कृतिहरू माथिको भूमिका लेखन पनि रहेको देखिन्छ । वि.सं. २०५८ पछि उनी भूमिका लेखनमा सक्रिय रूपमा लागेका देखिन्छन् । उनका भूमिकापरक समालोचनाहरूको सङ्ख्या साढे दुई दर्जनको हाराहारीमा रहेका देखिन्छन् । ती मध्ये कतिपय भूमिकाहरू महत्त्वपूर्ण र चिन्तनपरक रहेका छन् भने कतिपय सतही तथा प्रभावपरक किसिमका रहेका छन् । उनका भूमिका केन्द्री समालोचनाहरूको चर्चा गरी शर्माका समालोचनात्मक प्रवृत्तिहरूलाई नियाल्न सकिन्छ ।

शर्माको भूमिका केन्द्री पहिलो समालोचना 'जय भ्रष्टाचार सामाजिक विकृतिको चिरफार' शीर्षकमा रहेको छ । वि.सं. २०५८ मा रमेश गौतम पाल्पालीद्वारा लिखित 'जय भ्रष्टाचार' हास्यव्यङ्ग्य सङ्ग्रह कृतिको भूमिकामा समालोचक शर्माले हास्यव्यङ्ग्यका क्षेत्रमा लेखन कार्य कम विकास भएको परिप्रेक्ष्यमा प्रस्तुत कृति देखा परेको र यसको महत्त्वपूर्ण स्थान रहन गएको चर्चा गर्दै प्रस्तुत कृतिमा रमरम हाँसो जगाउने र ढड्नेसो भाँचिने गरी विकृति र

विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको हुँदा यस कृतिलाई हास्यव्यङ्ग्य सङ्ग्रह नै भन्न सकिने शर्माले उल्लेख गरेका छन् । यसमा समाजको पर्यवेक्षण, विषयगत विविधता, सहज सरल प्रस्तुति कौतूहल सिर्जना, भाषा र विषयको शृङ्खलित संयोजन आदि विशेषता भएका कारणले कृति आस्वाद्य बन्न पुगेको शर्माले उल्लेख गरेका छन् । वर्णनात्मक, समीक्षात्मक तथा विश्लेषणात्मक प्रस्तुतिले शर्माको यो समालोचना महत्त्वपूर्ण बन्न पुगेको छ र शर्माले हास्यव्यङ्ग्य सङ्ग्रह माथि गरेको यो एकमात्र समालोचना हो ।

शर्माको भूमिका केन्द्री अर्को समालोचना 'भेटेका पुस्तक टिपेका कुरा बारे' शीर्षकमा रहेको छ । डा. विष्णुराज आत्रेयद्वारा लिखित गद्य लेख सङ्ग्रह माथि समीक्षा गर्दै शर्माले डा. आत्रेय साहित्यका गद्य र पद्य दुवै क्षेत्रमा कलम चलाउने व्यक्तित्व हुन् र प्रस्तुत कृतिलाई समालोचक शर्माले समालोचनाधर्मी लेखहरूको सङ्ग्रह मान्दै विभिन्न साहित्यिक कृतिको तुरुन्त अध्ययन गरी समीक्षा गर्दै कुशल समीक्षक हुन् भन्ने उल्लेख गरेका छन् । उनका यस कृति भत्रिका लेखहरू विभिन्न साहित्यिक कार्यक्रमबाट लेखकको पुस्तक उपहारबाट र कृतिकै भूमिकाबाट समीक्षा गर्ने तिन थरी स्रोतबाट यो पुस्तक तयार पारेका हुन् भन्ने शर्माले निष्कर्ष दिएका छन् । कृतिपरक समालोचना भएर पनि केही निर्णयात्मक प्रस्तुति यसमा भएको छ ।

शर्माको भूमिकापरक अर्को समालोचना 'रापती किनारको रात' (२०६५) शीर्षकमा रहेको छ । १० पृष्ठ लामो प्रस्तुत समालोचनामा साहित्यकार हेमराज पाण्डे अभागीको निजात्मक स्पर्श र आत्मपरक अनुभूतिले घटना या यात्रा सन्दर्भलाई उचालेर रोचक ढङ्गमा प्रस्तुत गरिएको संस्मरण सङ्ग्रह हो भनिएको छ । जम्मा चौधवटा संस्मरणहरूको सङ्ग्रह रहेको प्रस्तुत कृति भित्रको एक संस्मरण 'रापती किनारको रात' शीर्षकमा रहेको छ । यस लेखमा समालोचक शर्माले पाण्डेको साहित्य लेखन र यसैको उपलब्धि स्वरूप प्रस्तुत कृति प्रकाशनमा आएको र नेपाली साहित्यमा यो एक रोचक संस्मरणका रूपमा रहेको चर्चा गरेका छन् । समीक्षात्मक टिप्पणी, वर्णनात्मक प्रस्तुति शैली र प्रभावपरक लेखन भएको शर्माको प्रस्तुत लेख पाठात्मक समालोचनाको एउटा स्वरूप हो ।

यसै गरी शर्माको अर्को भूमिकापरक लेख 'वालाराजा काशिराम महाकाव्य' शीर्षकमा रहेको छ । वि.सं. २०६५ मा अभिनव साहित्य समाजले प्रकाशनमा ल्याएको

प्रस्तुत महाकाव्य काव्यकार गोविन्दप्रसाद घिमिरेको कृति हो । यसको भूमिका लेखनमा शर्माले समीक्षात्मक टिप्पणी दिँदै घिमिरेको महाकाव्यिक उचाइको स्तर निर्धारण गर्ने काम गरेका छन् । यस अघि विभिन्न फुटकर कविता तथा खण्डकाव्यको लेखन गरिसकेका घिमिरेको प्रस्तुत कृति लेखनगत परिपक्वताको उदाहरण स्वरूप आएकाले यो उत्कृष्ट काव्य रहेको शर्माले चर्चा गरेका छन् । कौतूहलपूर्ण र आकर्षक शैलीको प्रस्तुत काव्य एक मिथकीय काव्य भएको र यसले पुराकथालाई विषयवस्तुका रूपमा ग्रहण गरेको हुँदा यसको गरिमा अझ बढेको उनले निष्कर्ष दिएका छन् । विश्लेषणात्मक तथा वर्णनात्मक शैलीको यो भूमिका शर्माको महाकाव्यमा प्रस्तुत भएको पहिलो भूमिका हो र यो आफैमा महत्त्वपूर्ण रहेको छ ।

यसैगरी शर्माको अर्को भूमिकापरक समीक्षा लेख रहस्यमय भोगाइ (२०६५) कथा सङ्ग्रहमा 'नौलो परिवेश रोचक शैली' शीर्षकमा रहेको छ । नेपाली साहित्यका क्षेत्रमा कथा लेखन गर्ने कथाकार सुविसुधा आचार्यको 'रहस्यमय भोगाइ' दोस्रो कथा सङ्ग्रह रहेको, यस अघि 'अग्नियुद्ध' कथा सङ्ग्रह मार्फत् कथाकारका रूपमा स्थापित भइसकेकी हुनाले प्रस्तुत कथा सङ्ग्रह उत्कृष्ट रहेको शर्माले चर्चा गरेका छन् । यस सङ्ग्रह भित्रका कथाहरू समाजका यथार्थ भोगाइसँग सम्बन्धित रहेका, एकल प्रेम, अनमेल विवाह, दशवर्षे जनयुद्ध, कपिलवस्तुको अगालागी काण्ड जस्ता समसामयिक यथार्थ विषयहरूलाई टिपेका हुँदा आस्वाद्य रहेका छन् भन्ने शर्माको देखाइ रहेको छ । सरल सम्प्रेष्य बोलचालको भाषा प्रयोग, समाजका विकृति विसङ्गतिप्रति तीखो व्यङ्ग्य जस्ता पक्ष यस कथा सङ्ग्रहका मौलिक विशेषताहरू भएको शर्माले चर्चा गरेका छन् । कृतिपरक अध्ययन र वर्णनात्मक शैलीमा प्रस्तुत समीक्षा प्रभावपरक किसिमको रहेको छ ।

यसैगरी अर्को भूमिका केन्द्री समालोचना 'अनुभूतिका तरङ्गहरू' (२०६६) कविता सङ्ग्रह माथि 'मेनुकाका अनुभूतिहरू' शीर्षकमा समालोचक शर्माले प्रस्तुत गरेका छन् । कवयित्री मेनुका पोखेल/आचार्यको कविता सङ्ग्रहमा भूमिका स्वरूप प्रस्तुत भएको शर्माको समीक्षा जीवन जसरी भोगिन्छ यस कृतिका कविताहरू त्यसैगरी प्रस्तुत गरिएको छ, अर्थात् सुख, दुःख, हाँसो, रोदन, उकाली, ओराली, तीता मीठा अनुभूतिहरूको दस्तावेज नै प्रस्तुत कविता सङ्ग्रह भएको चर्चा शर्माले यसमा गरेका छन् । काव्यकारको प्रथम कविता सङ्ग्रह भएकाले यसमा अनुभूतिका

सूक्ष्मता र समस्याका स्थूलताहरू प्रशस्त रहेको पनि शर्माले यस क्रममा टिप्पणी गरेका छन् । कविता सङ्ग्रह माथि भूमिका स्वरूप प्रस्तुत गरिएको समीक्षा यो आफैमा महत्त्वपूर्ण रहेको छ ।

'सुरभि स्रष्टा परिचय : एक सार्थक प्रकाशन' (२०६६) शीर्षकको शर्माको अर्को भूमिकापरक समालोचना महत्त्वपूर्ण रहेको छ । सुरभि स्रष्टा परिचय सुरभि साहित्य प्रतिष्ठानद्वारा प्रकाशित एक महत्त्वपूर्ण ग्रन्थ हो । प्रस्तुत ग्रन्थको भूमिकामा समालोचक शर्माले नेपाली साहित्यका बढीभन्दा बढी साहित्यकारहरूलाई समेटेर स्रष्टा परिचय दिने महान् अभियान स्वरूप यो सुरभि स्रष्टा परिचय प्रस्तुत भएको कुरा उल्लेख गर्दै ओझेलमा परेका स्रष्टाहरूलाई प्रकाशनमा ल्याएर यसले उल्लेखनीय कार्य गरेको छ भन्दै प्रशंसा गरेका छन् । यस ग्रन्थले साहित्यिक व्यक्ति वृत्तका बहुआयामिक कोणहरूलाई समेटेको र ती स्रष्टाहरूका नमुना रचना पनि प्रस्तुत गरी यसले एउटा छुट्टै गोरेटो पहिल्याएको कुरा यसमा शर्माले उल्लेख गरेका छन् । स्रष्टा परिचयको अभियानमा सर्वप्रथम देखापरेको सुरभि स्रष्टा परिचय यस क्षेत्रकै सार्थक प्रकाशन हो भन्ने निष्कर्ष शर्माले यसमा दिएका छन् । पत्रिका केन्द्री रहेर पनि उत्कृष्ट रूपमा प्रस्तुत गरिएको शर्माको प्रस्तुत भूमिका आफैमा महत्त्वपूर्ण रहेको प्रभावपरक समालोचना हो ।

'रामशरण शर्मा अर्याल र केही संस्मरण' (२०६७) शीर्षकको अर्को भूमिका केन्द्री समालोचना निबन्ध विधासँग निकट रहेको छ । ८ पृष्ठ लामो प्रस्तुत लेखमा अर्यालको निबन्धात्मक कृति 'केही संस्मरण' (२०६७) लाई समीक्षात्मक आँखाले हेरिएको छ । अर्यालको प्रस्तुत कृति ३० परिच्छेदहरूमा विस्तारित रहेको र लेखकका जीवन यात्रासँगै गाँसिएका प्रासङ्गिक विवरणहरू यसमा समाविष्ट रहेको शर्माले चर्चा गरेका छन् । यस कृतिमा मुख्य तिन पक्षको संयोजन रहेको छ । ती तिन पक्ष अर्यालको आत्मजीवनीको विवरण, उनले विदेश भ्रमण गर्दा प्राप्त अनुभूति र उनी स्वयंले कल्पना गरेर प्रस्तुत गरेका लघु कथाहरू पर्छन् । यसरी अर्यालका संस्मरणहरू पढ्दा पाठकको अनुभूतिसँग साइनो गाँस्ने, पाठक मनमा कौतूहल जगाउने विशेषता पाइने निष्कर्ष समालोचक शर्माले यस क्रममा प्रस्तुत गरेका छन् । वर्णनात्मक, विश्लेषणात्मक र निर्णयात्मक प्रस्तुतिका कारण शर्माको प्रस्तुत निबन्ध केन्द्री भूमिका आफैमा महत्त्वपूर्ण रहेको छ ।

गोपीकृष्ण शर्माले आफ्नो समालोचना लेखन यात्राको लामो अवधिमा विभिन्न विषयहरूमा केन्द्रित भएर समालोचना प्रस्तुत गर्ने क्रममा पछिल्लो समयमा उनको लेखन भूमिका केन्द्री तर्फ बढी सक्रिय देखिन्छ । यस क्रममा वि.सं. २०५८ देखि करिब एक दशकको अवधिमा उनले विभिन्न पुस्तकाकार कृतिमा लेखेको भूमिकापरक समालोचना सबभन्दा बढी सङ्ख्यामा रहेको देखिन्छ । यी मध्ये कतिपय लेखहरू चिन्तनपरक रहे पनि अधिकांश भूमिकाहरू प्रभावपरक र पाठात्मक समालोचना जस्ता देखिन्छन् ।

माथि प्रस्तुत भएदेखि बाहेक गोपीकृष्ण शर्माले आफ्नो समालोचना लेखनलाई सम्पादक व्यक्तिका सन्दर्भबाट पनि प्रस्तुत गरेका छन् । उनले वि.सं. २०४५ मा कवि झपटबहादुर राणाका कविताहरूलाई सङ्ग्रह गरी ‘सम्झनाका छालहरू’ शीर्षकमा कविता सङ्ग्रहको सम्पादन गरेका छन् । यस क्रममा राणाका कविता माथि उनले करिब ३७ पृष्ठ लामो समीक्षात्मक लेख तथा ३ पृष्ठ लामो सम्पादकीय लेख प्रस्तुत गरेका छन् । त्यो पनि उनको समालोचना लेखनको एउटा स्मरणीय पक्ष रहेकाले यहाँ उक्त लेख ‘कवि झपटबहादुर राणा र उनका कविता’ माथि केही चर्चा गरिन्छ ।

यस क्रममा समालोचक शर्माले कवि झपटबहादुर राणाको व्यक्तित्वगत सन्दर्भलाई चर्चा गरी उनी साहित्यका विभिन्न विधाहरूमा कलम चलाउने बहुआयामिक व्यक्तित्व भएको उल्लेख गरेका छन् । माध्यमिक कालको अन्तिम चरणमा नेपाली साहित्यमा प्रवेश गरेका राणाले वीरता, स्तुति र प्रेम प्रणयका कविताहरू प्रारम्भिक चरणमा लेखेका छन् भनी शर्माले उल्लेख गरेका छन् । लगभग ७७ वर्षको जीवन अवधि बाँचेका राणाले ५८ वर्ष साहित्य साधनामा समर्पित गरेको यस क्रममा शर्माले चर्चा गरेका छन् । राणाको ५८ वर्षको साहित्य यात्रालाई शर्माले वि.सं. २००२ पूर्व पूर्वार्द्ध तथा २००२ पछि उत्तरार्द्ध चरण गरी वर्गीकरण समेत गरेका छन् (शर्मा, २०४५ : ट) । झपटबहादुर राणाका प्रकाशित अन्य कृतिहरूको उल्लेख गरी शर्माले ‘सम्झनाका छालहरू’ कृति माथि पनि समीक्षा प्रस्तुत गरेका छन् । प्रस्तुत कृतिमा जम्मा ४ खण्डहरू रहेका र ती सैनिक जीवन, प्रेम प्रणय, देशभक्ति र ईश्वर नीति र धर्म रहेको पनि यस लेखमा शर्माले उल्लेख गरेका छन् । माथि प्रस्तुत प्रत्येक खण्डहरू

माथि अलग अलग रूपमा समीक्षा प्रस्तुत गर्दै शर्माले राणाको उत्तरार्द्धको लेखनमा ईश्वर भक्ति र धार्मिक चेतना बढी पाइने कुरा उल्लेख गरेका छन् । उनका काव्यशिल्पमा लयको प्रधानता पाइन्छ । वर्णमात्रिक र लोकलयमा कविता लेख्ने कवि राणा श्रुतिसौन्दर्यका पक्षपाती देखिन्छन् (शर्मा, २०४५ : त्र) । प्राथमिककालीन नेपाली कविताका काव्य प्रवृत्तिलाई आत्मसात् गर्ने कवि राणा साहित्य सिर्जनामा निरन्तर साधना गर्ने व्यक्तित्व हुन् भनी शर्माले यसमा उल्लेख गरेका छन् । यसरी साहित्य साधनारत राणाको अर्को कृति 'सम्झनाका छालहरू' (२०४५) को सम्पादन गरी प्रकाशित गरेपछि उनको (राणाको) साहित्यिक व्यक्तित्वले उचाइ प्राप्त गरेको देखिन्छ भने झपट पुरस्कार व्यवस्था समितिले समालोचक शर्मालाई उक्त कविता सङ्ग्रह प्रकाशित र सम्पादित गरेकोमा प्रशंसा गर्दै २०४५ सालको झपट पुरस्कारबाट समेत सम्मान गरेको देखिन्छ । यसबाट पनि समालोचक शर्माको समालोचकीयताले थप सम्मान प्राप्त गरेको प्रस्ट हुन्छ । फुटकर समालोचनाहरू मध्ये सबैभन्दा लामो आयाममा प्रस्तुत लेखमा शर्माले झपटबहादुरको परिचयात्मक आलोकका साथै उनका कविताहरूको चयन, परिमार्जन, वर्गीकरण र संयोजन समेत गरेका र कवित्व मूल्यका दृष्टिले ती रचनाहरूको विवेचना पनि प्रस्तुत गरेका छन् । वर्णनात्मक तथा विश्लेषणात्मक शैलीमा प्रस्तुत भएको यो समालोचना प्रभावपरक तथा पाठात्मक किसिमको देखिन्छ । झपटबहादुर राणाको अध्ययन गर्नका लागि यो महत्त्वपूर्ण रहेको देखिन्छ ।

समालोचक गोपीकृष्ण शर्माले आफ्नो समालोचना लेखन यात्रामा विविध विषयहरूलाई लिएर समालोचना प्रस्तुत गरेका छन् । उनका सम्पूर्ण समालोचनाहरूलाई सरसर्ती हेर्दा मुख्य गरी सैद्धान्तिक र व्यावहारिक दुवै प्रकृतिका समालोचना प्रस्तुत गरेको पाइन्छ । व्यावहारिक समालोचनामा पनि विविध रूपहरूका समालोचना पाइएका छन् । खास गरी उनले व्यावहारिक समालोचना प्रस्तुत गर्दा कथा केन्द्री, कविता केन्द्री, उपन्यास केन्द्री, निबन्ध केन्द्री, समालोचना केन्द्री, पत्रपत्रिका केन्द्री, भूमिका केन्द्री, जीवनी केन्द्री, भाषा व्याकरण केन्द्री तथा लोक साहित्य (लोक नाट्य) केन्द्री आदि रूपमा रहेको निष्कर्ष निकाल्न सकिन्छ । समालोचक शर्माले करिब ४० वर्ष लामो समालोचना यात्रामा विविध विषय क्षेत्रमा

केन्द्रित भएर करिब १७० जति फुटकर लेखहरू तथा तीनवटा पुस्तकाकार कृति प्रकाशित गरेका छन्, जो समालोचनासँग सम्बन्धित रहेका छन् । उनका समालोचनाहरूमा सैद्धान्तिक समालोचनाहरू भन्दा व्यावहारिक समालोचनाहरू सङ्ख्यात्मक रूपमा बढी भए पनि गुणात्मक रूपमा भने सैद्धान्तिक समालोचनाको स्थान पनि राम्रै रहेको देखिन्छ ।

## ४.४ गोपीकृष्ण शर्माका द्वितीय चरणका समालोचनाहरूको प्रवृत्तिगत वैशिष्ट्य

वि.सं. २०४१ देखि हालसम्मको समयावधि समालोचक गोपीकृष्ण शर्माको समालोचना लेखनको दोस्रो चरण हो । सङ्ख्यात्मक रूपमा पनि धेरै तथा गुणात्मक उचाइका समालोचनाहरू पनि प्रस्तुत गरेका शर्माको समालोचना लेखनको यस अवधिलाई उर्वर चरणका रूपमा लिइन्छ । उनको करिब २७ वर्षे समालोचना अवधिका समालोचनाहरूलाई सरसर्ती हेरेपछि उनका निम्नलिखित समालोचना प्रवृत्तिहरू ठम्याउन सकिन्छ :

- गोपीकृष्ण शर्माले सैद्धान्तिक र व्यावहारिक दुवै किसिमका समालोचनाहरू प्रस्तुत गरी आफूलाई समालोचनाका क्षेत्रमा स्थापित गराएका छन् । उनले समालोचना यात्राको दोस्रो चरणमा केही सैद्धान्तिक समालोचना र अन्य व्यावहारिक समालोचना प्रस्तुत गरेका छन् ।
- सैद्धान्तिक समालोचनामा पनि शर्मा पूर्वीय समालोचना सिद्धान्तबाट प्रभावित भएर समालोचना प्रस्तुत गर्ने समालोचक हुन् । यस क्रममा उनका 'पूर्वीय काव्य लाक्षणिक सन्दर्भमा', 'काव्यगुण र काव्यदोष सैद्धान्तिक चर्चा', 'अलङ्कार सिद्धान्त र काव्यको सौन्दर्य चिन्तन' जस्ता समालोचनाहरू पूर्वीय समालोचना सिद्धान्त अन्तर्गतका रहेका देखिन्छन् ।
- शर्माले पाश्चात्य समालोचना सिद्धान्तसँग सम्बन्धित भएर पनि केही समालोचना प्रस्तुत गरेका छन् । अभिव्यञ्जनावाद र विसङ्गतिवाद अत्याधुनिक नाटकका सन्दर्भमा उनको यस किसिमको समालोचनाको उदाहरण हो ।
- नेपाली साहित्य तथा यसका विभिन्न विधासँग नजिक भएर पनि शर्माले सैद्धान्तिक समालोचनाहरू प्रस्तुत गरेका छन् । उनको नेपाली निबन्ध परिचय (२०४०) मा 'निबन्धको स्वरूप' नेपाली गद्य कविताको स्वरूप

(२०६८), नाटक साहित्य (२०२१), कविता र यसका तत्त्वहरू (२०५३) आदि समालोचनाहरू नेपाली साहित्यका विभिन्न विधा निकट रहेका सैद्धान्तिक समालोचनाहरू हुन् ।

- सैद्धान्तिक समालोचना अन्तर्गत नेपाली समालोचनाको सैद्धान्तिक स्वरूप पनि शर्माले प्रस्तुत गरेका छन् । उनी सैद्धान्तिक समालोचना अन्तर्गत समालोचना विधामा पनि सैद्धान्तिक समालोचना प्रस्तुत गर्ने समालोचक हुन् । उनको 'नेपाली समालोचनाको शिक्षण' (२०५६) यस किसिमको समालोचना हो ।
- उनको सैद्धान्तिक समालोचनाको क्षेत्र कविता, नाटक समालोचना र निबन्ध विधामा फैलिएको देखिन्छ ।
- समालोचक गोपीकृष्ण शर्माको व्यावहारिक समालोचना अन्तर्गत कविता, कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना, जीवनी, भाषा व्याकरण, पत्रपत्रिका आदि विविध विधाहरूमा केन्द्रित भएर समालोचना गर्ने प्रवृत्ति पाइन्छ ।
- समालोचक शर्माले व्यावहारिक समालोचना प्रस्तुत गर्दा सबैभन्दा बढी कविता विधामा केन्द्रित भएर गरेको पाइन्छ । यस क्रममा उनले कविता विधाभित्रै रहेर पनि महाकाव्य केन्द्री, खण्डकाव्य केन्द्री, फुटकर कविता केन्द्री, कविता सङ्ग्रह केन्द्री र गीत मुक्तक केन्द्री भएर समालोचना प्रस्तुत गरेका छन् ।
- शर्माले कविता विधाभित्रै पनि सिद्धान्त र अन्य पक्षलाई समेटेर मिश्रित किसिमका समालोचनाहरू प्रस्तुत गरेका छन् । यसर्थ उनमा मिश्रित समालोचना प्रस्तुत गर्ने प्रवृत्ति पनि पाइन्छ ।
- शर्माका कविता केन्द्री समालोचना भित्र पनि कृति केन्द्री र प्रवृत्ति केन्द्री प्रवृत्तिहरू पाउन सकिन्छ ।
- शर्माका कविता केन्द्री अधिकांश समालोचनामा वस्तुपरक विश्लेषण भन्दा प्रभावपरक तथा पाठात्मक विश्लेषण गर्ने प्रवृत्ति पाइन्छ ।
- शर्माले उपन्यास विधामा केन्द्रित भएर गरेका समालोचनामा वस्तुपरक समालोचना प्रवृत्ति पाइन्छ । उनको 'एक पालुवा अनेकौं याम उपन्यासमा पात्रविधान' (२०४१) समालोचना वस्तुपरक प्रकृतिको समालोचना मानिन्छ ।

- शर्माका कविता केन्द्री समालोचनाहरूको अध्ययन गर्दा आयामका हिसाबले सबभन्दा लामो फुटकर समालोचना (कवि भ्रूपटबहादुर राणा र उनका कविता ३७ पृष्ठ) र सबभन्दा छोटो (कुञ्जिनी खण्डकाव्यमा वस्तु संयोजन, २ पृष्ठ) समालोचना पनि कविता केन्द्री समालोचना भित्रै लेख्ने प्रवृत्ति पाइन्छ ।
- गोपीकृष्ण शर्माले समालोचना यात्राको दोस्रो चरणमा पत्रपत्रिका माथि समीक्षा प्रस्तुत गरी व्यावहारिक समालोचनामा नयाँपन प्रस्तुत गरे । यसबाट उनको पत्रिका केन्द्री समालोचना पनि एक महत्त्वपूर्ण पाटो बनेको छ ।
- समालोचनाको प्रस्तुतिमा भूमिका लेखनलाई पछिल्लो समयमा आत्मसात् गर्ने प्रवृत्तिले उनका भूमिका केन्द्री समालोचनाहरू पनि एक विषय बनेर रहेको देखिन्छ ।
- भूमिकापरक समालोचनामा पनि विषयवस्तुगत विविधता पाइन्छ । शर्माले कविता, खण्डकाव्य, महाकाव्य, कथा सङ्ग्रह, निबन्ध सङ्ग्रह, संस्मरण आदि विधाका कृतिहरूमा भूमिका प्रस्तुत गरेका छन् ।
- शर्माको समालोचना प्रायः वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक र निर्णयात्मक पद्धतिमा आधारित रहेको पाइन्छ भने वस्तुपरक पद्धतिमा पनि केही समालोचनाहरू प्रस्तुत भएको पाइन्छ ।
- कृति केन्द्री समालोचनाहरूमा शर्माको अन्तरङ्ग र बहिरङ्ग दुवै पद्धतिमा समालोचना प्रस्तुत गर्ने प्रवृत्ति पाइन्छ । सङ्ख्यात्मक रूपमा पनि उनका कृतिमा केन्द्रित भएर गरिएका समालोचनाहरू अधिक रहेका र तिनको कृतिपरक अध्ययनद्वारा समालोचना प्रस्तुत गर्ने प्रवृत्ति उनमा पाइन्छ ।
- पूर्वीय साहित्यको अध्ययन ऐतिहासिक विकासक्रम कृतिगत सन्दर्भ व्यक्तिहरूको प्रवृत्तिगत आधारमा गर्दै पूर्वीय साहित्यको गहकिलो समालोचना प्रस्तुत गर्ने प्रवृत्ति पनि शर्मामा पाइन्छ । उनको संस्कृत साहित्यको 'रूपरेखा' (२०५३) यसको उत्कृष्ट उदाहरण हो ।
- समालोचक गोपीकृष्ण शर्माको समालोचना लेखनमा पुस्तकाकार कृतिमा पनि छुट्टाछुट्टै विशेषता पाइन्छ । उनको नेपाली निबन्ध परिचय (२०४०) मा पहिलो खण्डमा मात्रै समालोचना प्रस्तुत भएको छ । यसमा निबन्ध विधाको

सैद्धान्तिक मान्यतालाई प्रस्तुत गरी सैद्धान्तिक प्रवृत्तिको समालोचना स्वरूप आएको देखिन्छ । त्यसै गरी 'अवलोकन र विवेचन' (२०४४) मा पहिले विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका र केही अप्रकाशित फुटकर लेखहरूलाई सङ्कलन गरी सङ्ग्रहका रूपमा प्रकाशित गरिएको र अधिकांश व्यावहारिक स्वरूपको समालोचना प्रस्तुत भएको कृति मानिन्छ । उनको संस्कृत साहित्यका रूपरेखा (२०५३) समालोचना क्षेत्रकै गहन उपलब्धि हो । यसमा साहित्येतिहास, व्यक्ति र प्रवृत्ति अनि कृति आदि सम्पूर्ण पूर्वीय साहित्यको चिन्तनपरक अध्ययन सहित प्रस्तुत भएको कृति मानिन्छ । यसर्थ तिनवटा पुस्तकाकार कृतिमा तिन किसिमकै विशेषता रहेको देखिन्छ । यस्तो लेखनगत पहिचान पनि शर्माको समालोचनामा पाउन सकिन्छ ।

### ४.५ गोपीकृष्ण शर्माको समालोचनात्मक योगदानको मूल्याङ्कन

वि.सं. २०२१ को पाल्पा बहुमुखी क्याम्पसको मुखपत्र 'आलोक' मा 'नाटक साहित्य' नामक समालोचनात्मक लेखको प्रकाशन गरी औपचारिक रूपमा समालोचनाका क्षेत्रमा प्रवेश गरेका समालोचक गोपीकृष्ण शर्माले वि.सं. २०६८ सम्म आइपुग्दा समालोचनाका क्षेत्रमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै रूपमा उच्च किसिमको योगदान पुऱ्याएको देखिन्छ । शर्माका समालोचनाहरूले समालोचनाको सैद्धान्तिक पक्षलाई र व्यावहारिक पक्षलाई सँगसँगै अगाडि बढाएको देखिन्छ । सैद्धान्तिक स्वरूपका समालोचनाको सङ्ख्यात्मक मूल्याङ्कन कम देखिए तापनि गुणात्मक मूल्याङ्कन उच्च किसिमको रहेको देखिन्छ । यसै गरी व्यावहारिक समालोचनाका क्षेत्रमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै फाँटमा उनका समालोचनाहरू समृद्ध रहेका छन् । गहन अध्ययन र अनुसन्धानमूलक लेखनदेखि लिएर कृति प्रकाशन पूर्व लेखिएका भूमिका लेखनसम्म शर्माका समालोचनाहरू देखिन्छन् भने अध्ययन र अध्यापन कार्य गर्नका लागि अत्यन्त व्यावहारिक र उपयोगी हुने किसिमका समालोचनाहरू पनि महत्त्वपूर्ण रहेका छन् । विषयगत विविधतालाई उनका समालोचनाले आफ्नो क्षेत्र बनाए पनि सबै विधामा लेखिएका उनका समालोचनाहरू सफल र गुणस्तरीय छन् भन्न सकिँदैन । उनका समालोचनाहरू गुणस्तरीयताका आधारमा हेर्दा उच्च, मध्यम र निम्न तिन किसिमका रहेका छन् । यस क्रममा शर्माका पुस्तकाकार कृतिहरूमा पछिल्लो

समयमा प्रकाशित पुस्तक 'संस्कृत साहित्यको रूपरेखा' (२०५३) उच्च गुणस्तरको समालोचनात्मक प्राप्ति हो । उनको समालोचना लेखनको परिपक्व अवस्थामा प्रकाशित प्रस्तुत कृतिले उठान गरेको जटिल विषयवस्तु र त्यसमा शर्माको समालोचकीय दृष्टिलाई मूल्याङ्कन गर्दा उक्त कृति उच्च कोटिको प्राप्ति मान्न सकिन्छ । यसै गरी शर्माका फुटकर समालोचनाहरूमा पनि केही उच्चकोटीका समालोचनाहरू रहेका छन् । त्यस किसिमका समालोचनाहरूमा 'जीउँदो लास नाटकको विभिन्न पक्षीय अध्ययन' (२०३७), 'एक पालुवा अनेकौं याम उपन्यासको पात्रविधान' (२०४१), 'वैकुण्ठ एक्सप्रेसको वस्तु संयोजन' (२०४४), 'नेपाली गद्य कविताको भाषा' (२०५०), 'उपन्यासकार रुद्रराज पाण्डे र उनका प्रवृत्ति' (२०५४), 'आधुनिक नेपाली समालोचना शिक्षण' (२०५६), 'कालिदासको काव्यकला' (२०६२), 'अश्वत्थामा गीतिनाटकमा मानवतावादी स्वर' (२०६०), 'महाकवि देवकोटा र उनको शाकुन्तल महाकाव्य' (२०६६), 'भूसको आगोले देखाएको नारी आक्रोश' आदि रहेका छन् । यी समालोचनाहरूमा शर्माको गहन चिन्तन र अनुसन्धानात्मक र विश्लेषणात्मक शैली, वस्तुपरक प्रस्तुति, सरल, सहज र विषय अनुकूल सन्दर्भ, गुणात्मक र विशिष्ट निष्कर्ष आदिका कारण उत्कृष्ट अथवा उच्चकोटीका बन्न पुगेका छन् ।

शर्माले लेखेका अन्य समालोचनाहरूमा विशिष्टताको केही कमी देखिए पनि तिनीहरू कम गुणस्तरका नभई मध्यम किसिमका गुणस्तरका रहेका छन् । उनका मध्यम गुण भएका केही समालोचनाहरू मध्ये दुई पुस्तकारका कृति 'अवलोकन र विवेचन' (२०४४) र 'नेपाली निबन्ध परिचय' (२०४०) रहेका छन् भने फुटकर समालोचनाहरूमा 'पूर्वीय काव्य लाक्षणिक सन्दर्भमा' (२०३५), 'कवि पराजुलीका गीत र मुक्तकहरू' (२०४६), 'पागल बस्ती वस्तु र शिल्पको नयाँ प्रयोग' (२०५१), 'समसामयिक नेपाली कविताका प्रवृत्तिहरू' (२०५१), 'आलोचना र आलोक' (२०५३), 'भीमनिधि तिवारीको नाट्यकारिता' (२०५४), 'जीवन र जगत्को साँध उखान मिलेन' (२०६०), 'सहनशीला सुशीलाको रङ्गमञ्च विधान' (२०४५), 'वनकुसुम महाकाव्यमा प्रकृति प्रयोग' (२०६६), 'निबन्धको सैद्धान्तिक स्वरूप' (२०६०), 'नरेन्द्र दाइ उपन्यासको समाज मनोवैज्ञानिकता' (२०६०), 'अलङ्कार सिद्धान्त काव्यको सौन्दर्य चिन्तन' (२०५७), 'ध्रुवचन्द्र गौतम र

भस्मासुरको नलीहाड' (२०५८) आदि रहेका छन् । यी समालोचनाहरू सैद्धान्तिक तथा व्यावहारिक दुवै किसिमका रहेका छन् भने व्यावहारिक समालोचनामा पनि विविध विधासँग सम्बन्धित रहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने समालोचक शर्माको मध्यम गुणको समालोचकीय दृष्टिले विषयगत विविधतालाई समेटेको देखिन्छ । अर्थात् विभिन्न विधामा आधारित व्यावहारिक समालोचनामा र सैद्धान्तिक समालोचनामा पनि उनको मध्यम स्तरको समालोचना प्रवृत्ति प्रस्तुत भएको देखिन्छ ।

गोपीकृष्ण शर्माका उच्च तथा मध्यम स्तरका समालोचनाहरूदेखि बाहेक सामान्य गुणात्मकता भएका समालोचनाहरू पनि प्रशस्त मात्रामा पाइन्छन् । खास गरी पुस्तकाकार कृतिमा प्रस्तुत भएका भूमिका लेखहरू उनका सामान्य स्तरका समालोचना देखिन्छन् । यसै गरी विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका लेखहरूको अध्ययनबाट पनि ती लेखहरूमा गुणात्मकताको कमजोर प्रस्तुति रहेको र तिनले केवल लेखनगत निरन्तरता मात्र दर्साएको प्रतीत हुन्छ ।

यसरी समालोचक गोपीकृष्णले समालोचना लेखन क्षेत्रमा दिएको योगदानको मूल्याङ्कन गर्दा उनका समालोचनाहरू पुस्तकाकार कृतिमा तथा फुटकर समालोचनाहरूमा गरी दुई वर्गमा रहेका पाइन्छन् । पुस्तकाकार कृति ३ वटा रहे पनि एक उच्च स्तरको समालोचनात्मक प्राप्ति हो भने बाँकी दुई कृतिहरू मध्यम स्तरका समालोचनाका प्राप्ति ठहर्दछन् । यसै गरी करिब १७० को हाराहारीमा प्रस्तुत भएका उनका फुटकर समालोचनाहरूमा करिब १ दर्जन जति समालोचना उच्च गुणस्तरका रहेका छन् । त्यसै गरी करिब दुई दर्जन जति फुटकर समालोचनाहरू मध्यम गुणस्तरका रहेका अनि बाँकी समालोचनाहरू सामान्य स्तरका रहेका छन् । सङ्ख्यात्मक रूपमा उच्च र मध्यम स्तरका समालोचनाहरू कम रहे पनि शर्माको समालोचकीयतालाई सफल र उत्कृष्ट रहेको पुष्टि गर्न यी समालोचनाहरू पर्याप्त रहेका छन् ।

### पाँचौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

समालोचक गोपीकृष्ण शर्माको सामान्य परिचय, उनको समालोचना यात्राको चरण विभाजन, उनका समालोचना कृति तथा फुटकर लेखहरूको अध्ययन र समालोचनाका विभिन्न सिद्धान्त र प्रणालीहरूको आधारमा नेपाली समालोचनामा शर्माको समालोचनात्मक योगदानको मूल्याङ्कन गर्ने उद्देश्य लिएर यो शोधकार्य सम्पन्न गरिएको छ ।

प्रस्तुत शोधपत्रको प्रथम परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ भने द्वितीय परिच्छेदमा समालोचनाको विधागत प्रकृतिलाई प्रस्तुत गरिएको छ । यसै गरी परिच्छेद तिनमा समालोचक शर्माको जीवनीगत सन्दर्भ र त्यसका प्रमुख पक्षहरूलाई नियाल्दै उनको समालोचना यात्रालाई चरणगत रूपमा विभाजन गरी उनका समालोचनात्मक कृति तथा फुटकर समालोचनात्मक लेखहरूलाई विवरणात्मक रूपले प्रस्तुत गरिएको छ । शर्माको वि.सं. २०२१ देखि २०६८ सम्मको समालोचना यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध खण्डमा विभाजन गरी पूर्वार्द्धमा शर्माद्वारा लिखित एक पुस्तकाकार कृति तथा १५ जति फुटकर समालोचनात्मक लेखहरूलाई पनि क्रमिक रूपमा प्रस्तुत गरिएको छ । यसै गरी उत्तरार्द्ध खण्डमा शर्माद्वारा लिखित दुई पुस्तकाकार कृति तथा अन्य १५० भन्दा माथि फुटकर लेखहरूलाई पनि क्रमिक रूपमा प्रस्तुत गरिएको छ । शर्माको समालोचना यात्राको उत्तरार्द्ध चरण वि.सं. २०४० पछि प्रारम्भ भई २०६८ सम्म रहेको र यस क्रममा शर्माको वस्तुपरक समालोचना प्रस्तुत गर्ने एउटा मुख्य प्रवृत्ति देखिएको छ भने भूमिका लेखनको प्रवृत्ति अर्को महत्त्वपूर्ण पक्ष रहेको छ । वि.सं. २०५८ पछि उनको समालोचना लेखन भूमिका केन्द्री रहेकाले त्यसैलाई आधार बनाउँदै वि.सं. २०५८ अघिलाई प्रथम उपचरण र २०५८ पछि द्वितीय उपचरणका रूपमा पनि वर्गीकरण गरिएको छ । सङ्ख्यात्मक रूपमा फुटकर समालोचनाहरू धेरै सङ्ख्यामा रहे पनि उच्च गुणात्मकता भएका समालोचनाहरू कम सङ्ख्यामा रहेका देखिन्छन् भने पुस्तकाकार कृतिमा पनि उनको महत्त्वपूर्ण प्राप्ति 'संस्कृत साहित्यको रूपरेखा' (२०५३) यही द्वितीय चरणमा लेखिएको उच्च किसिमको समालोचनात्मक कृति हो ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा गोपीकृष्ण शर्माका समालोचना कृति तथा फुटकर समालोचनाहरूको अध्ययन र विश्लेषण गरी त्यसकै आधारमा शर्माका समालोचनात्मक प्रवृत्तिहरूलाई ठम्याउने काम गरिएको छ । खास गरी शर्माका समालोचनाहरू प्रथम चरणमा सङ्ख्यात्मक रूपमा पनि कम रहेका र गुणात्मकताका दृष्टिले पनि मध्यम किसिमका रहेका छन् । कृतिपरक अध्ययन र प्रभावपरक समीक्षा प्रस्तुत गर्ने किसिमका समालोचनाहरूले शर्मालाई समालोचना लेखनका क्रममा आधार प्रदान गरेको देखिन्छ । यसै गरी प्रथम चरणका शर्माका समालोचनाहरूले सीमित विधा र विषयवस्तु माथि समालोचना प्रस्तुत गरेको देखिन्छ । शर्माको प्रथम चरणको अवधिमा 'नेपाली निबन्ध परिचय' (२०४०) पुस्तकले सैद्धान्तिक समालोचनालाई प्रस्तुत गरेको देखिन्छ । उनका यस चरणका समालोचनाहरूमा पूर्वीय समालोचना पद्धतिको प्रभाव बढी मात्रामा देखिन्छ । शर्माका द्वितीय चरणमा प्रस्तुत भएका समालोचनाहरूलाई हेर्दा कुनै कृति वा विषय माथि वस्तुपरक समालोचना गर्ने, समालोचनाहरू गहन तथा अनुसन्धानमूलक प्रस्तुत गर्ने, विषयगत रूपमा पनि धेरै विधाहरूलाई समालोचनाको क्षेत्र बनाउने, साहित्यकार र साहित्यिक कृतिको मूल्यलाई स्थापित गर्ने, समालोचनामा गुण र दोष दुवै पक्षलाई केलाउँदै निर्णयात्मक प्रस्तुति दिने, सैद्धान्तिक तथा व्यावहारिक समालोचनामा पनि गुणात्मक रूपमा प्रस्तुति दिने विधा बाहेक पत्रपत्रिकामा केन्द्रित भई समीक्षा गर्ने तथा भूमिका लेखनलाई पनि समालोचनाको एउटा क्षेत्र बनाउने जस्ता कामहरू शर्माबाट यस चरणमा भएको देखिन्छ ।

## ५.२ निष्कर्ष

नेपाली समालोचना साहित्यमा समालोचक गोपीकृष्ण शर्माको योगदानका बारेमा गरिएको प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षहरूलाई संश्लिष्ट रूपमा निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ ।

- वि.सं. १९९७ माघ ८ मा पाल्पा जिल्लाको तानसेन नगरपालिका वडा नं. १० गौरा गाउँमा जन्मेका गोपीकृष्ण शर्माको औपचारिक शिक्षा भारतमा संस्कृत विषयमा व्याकरणाचार्यसम्म तथा नेपालमा नेपाली विषयमा स्नातकोत्तर तहसम्म हासिल गरेर पुरा भएको देखिन्छ ।

- प्राध्यापन कार्यका अतिरिक्त कविता लेखन, समालोचना लेखन, निबन्ध लेखन, सम्पादन जस्ता विभिन्न क्षेत्रमा क्रियाशील शर्मा मूलतः समालोचक हुन् ।
- 'नाटक साहित्य' शीर्षकको समालोचनात्मक लेख 'आलोक' (२०२१) पत्रिकामा प्रकाशित गरी समालोचनाका क्षेत्रमा औपचारिक प्रवेश गरेका शर्माका हाल (२०६८ चैत्र) सम्म जम्मा तिन पुस्तकाकार कृति तथा १७० वटा फुटकर समालोचनाहरू प्रकाशित भएका छन् ।
- शर्माले सैद्धान्तिक र व्यावहारिक दुवै किसिमका समालोचनाहरू लेखेका छन् । उनको 'नेपाली निबन्ध परिचय' (२०४०) सैद्धान्तिक समालोचनाको कृति हो भने 'अवलोकन र विवेचन' (२०४४) तथा 'संस्कृत साहित्यको रूपरेखा' (२०५३) व्यावहारिक समालोचनाका कृतिहरू हुन् ।
- उनका सैद्धान्तिक समालोचनामा पूर्वीय एवम् पाश्चात्य साहित्य शास्त्रीय सिद्धान्तको चर्चा पाइन्छ भने व्यावहारिक प्रकृतिका समालोचनामा कृतिहरूको समीक्षाका क्रममा ती सिद्धान्तहरूको पनि आवश्यकता अनुसार प्रयोग गरिएको पाइन्छ ।
- शर्माका प्रारम्भका समालोचनाहरू प्रभाववादी किसिमका छन् भने पछिल्ला समालोचनाहरू वस्तुवादी, यथार्थवादी र बहुलवादी चिन्तनमा आधारित रहेका छन् ।
- सैद्धान्तिक समालोचनाका तुलनामा उनका व्यावहारिक समालोचनाहरू परिमाणात्मक एवम् गुणात्मक दुवै दृष्टिले उच्च र महत्त्वपूर्ण रहेका छन् ।
- तिनवटा पुस्तकाकार समालोचना कृति र १७० फुटकर समालोचनाहरूले एकातिर नेपाली समालोचनाको भण्डारलाई परिमाणात्मक दृष्टिले समृद्ध बनाउने काम गरेका छन् भने अर्कातिर गुणात्मक दृष्टिले पनि यिनले नेपाली समालोचनालाई अनुसन्धानपरक, वस्तुपरक, कृतिपरक र पाठात्मक ढाँचामा अगि बढाउने प्राज्ञिक कार्य गरेका छन् ।

## ५.३ सम्भावित शोध शीर्षकहरू

(१) गोपीकृष्ण शर्माको साहित्य सिर्जना र समालोचनाको तुलनात्मक अध्ययन ।
(२) निबन्धकार गोपीकृष्ण शर्मा ।
(३) 'संस्कृत साहित्यको रूपरेखा' (२०५३) को कृतिपरक अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, रविलाल सम्पा. (२०५१), **नेपाली समालोचनाको रूपरेखा**, पोखरा : लेकाली प्रकाशन ।

कँडेल, घनश्याम (२०५५), **नेपाली समालोचना**, काठमाडौँ : साझा प्रकाशन ।

खनाल, यदुनाथ (२०२३), **समालोचनाको सिद्धान्त**, दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५०), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, काठमाडौँ : साझा प्रकाशन ।

चापागाईं, निनु (२०६१), **उत्तर आधुनिकता : भ्रमर वास्तविकता**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

थापा, पुष्पा (२०५८), **नेपाली समालोचना साहित्यमा कृष्ण गौतमको योगदान**, अप्रकाशिन स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र**, काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौँ : साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्र (२०५७), **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, तारानाथ (२०२७), **नेपाली साहित्यको इतिहास**, काठमाडौँ : सहयोगी प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०६१), **पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, रामकृष्ण (२०२४), **सप्त शारदीय**, ललितपुर : जगदम्बा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६१), **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, दो.सं., काठमाडौँ : त्रिकोण प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा सम्पा. (२०४९), **नेपाली साहित्यको इतिहास**, चौ.सं., काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६१), **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४९), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग १)**, दो.सं., काठमाडौँ : साझा प्रकाशन ।


**प्रमुख पुस्तक सूची**


शर्मा, गोपीकृष्ण (२०४४), **अवलोकन र विवेचन**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

-------------, (२०४५), **कवि झपटबहादुर राणा र उनका कविता 'सम्झनाका छालहरू'**, काठमाडौँ : यज्ञविक्रम राणा ।

-------------, (२०५६), **संस्कृत साहित्यको रूपरेखा**, दो.सं., काठमाडौँ : अभिनव प्रकाशन ।

------------, (२०६७), **नेपाली निबन्ध परिचय**, चौधौं सं., काठमाडौँ : रत्न पुस्तक भण्डार ।

**प्रमुख पत्रिका सूची**


शर्मा, गोपीकृण (२०४५), *कुञ्जिनी खण्डकाव्यमा वस्तु संयोजन*, **दायित्व**, वर्ष २, अङ्क ५, पृ. ३४-३५ ।

--------------, (२०४६), *कवि पराजुलीका गीत र मुक्तकहरू*, **कृष्णप्रसाद पराजुली आस्थाका आयाम**, पूर्णाङ्क १५, पृ. २७१-२८३ ।

--------------, (२०४९), *कथाको नौलो संयोजन सुभद्रा बज्यै*, (उन्नयन) **भिक्षु विशेषाङ्क**, अङ्क १०, पृ. १६६-१६९ ।

-------------, (२०४९), *दायित्व र यसका कथाहरू*, **दायित्व**, वर्ष ६, पूर्णाङ्क १७, पृ. १४-२० ।

-------------, (२०५१), *पागलवस्ती : वस्तु र शिल्पको नयाँ प्रयोग*, **गरिमा**, वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, पृ. २१६-२२३ ।

-------------, (२०५३), *आलोचना र आलोचक*, **गोधूलि**, अङ्क ७, पृ. ९२-९४ ।

-------------, (२०५३), *कविता र यसका तत्वहरू*, **नवमञ्जरी**, वर्ष १, अङ्क १, पृ. ९४-१०३ ।

-------------, (२०५३), *कवि व्यथित र काव्य साधना*, **उन्नयन**, अङ्क २०, पृ. १६-३१ ।

-------------, (२०५३), *गंगा प्रवास संक्षिप्त चर्चा*, **कुञ्जिनी**, वर्ष ४, अङ्क २, पृ. ३७-३९ ।

-------------, (२०५४), *प्रथामिक कालीन नेपाली कविता र तिनका प्रवृत्ति*, **पुष्पाञ्जली**, अङ्क ३, पृ. २१-२३ ।

-------------, (२०५५), *कविता परम्परा र वर्तमान*, **कुञ्जिनी**, वर्ष ६, अङ्क ४, पृ. ४०-४५ ।

-------------, (२०५५), *पासाङल्हामु महाकाव्यको वस्तु संयोजन*, **जनमत**, वर्ष १५, अङ्क ११-१२, पृ. ११-१२ ।

-------------, (२०५६), *आधुनिक नेपाली समालोचना शिक्षण*, **वाङ्मय**, वर्ष ९, अङ्क ९, पृ. १६-२९ ।

-------------, (२०५६), *काव्यगुण र काव्यदोष सैद्धान्तिक चर्चा*, **गवेषण**, वर्ष १, अङ्क १, पृ. १८-२२ ।

-------------, (२०५७), *केही कथाकार र तिनका कथासङ्ग्रह*, **गोधूलि**, अङ्क ११, पृ. ४९-५२ ।

-------------, (२०६०), *निबन्धको सैद्धान्तिक स्वरूप*, **कुञ्जिनी**, वर्ष ११, अङ्क ८, पृ. १२-१३ ।

-------------, (२०६५), *लोकनाट्यको एक झलक*, **मिर्मिरे**, वर्ष ३७, अङ्क ८, पूर्णाङ्क २७९, पृ. ३५-३८ ।

-------------, (२०६६), *मरुभूमिका पोथ्राहरू संक्षिप्त चर्चा*, **जुही**, वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६०, पृ. १०९-११२ ।